# सामाजिक अध्ययन

## कक्षा ९

नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# सामाजिक अध्ययन

## कक्षा ९

लेखक

ज्ञानबहादुर अधिकारी

ध्रुवराज थापा

तोयानाथ अधिकारी

माधवप्रसाद दाहाल

माला के.सी.

नेपाल सरकार

शिक्षा मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

ISBN: 978-9937-601-31-3

© **प्रकाशकमा**

**प्रथम संस्करण :** वि. सं. २०७३

**मुद्रक :** जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर

**मूल्य :** रु.

पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्य पुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकवान्, अनुशासित र स्वावलम्बी, सिर्जनशील, चिन्तनशील भई समावेशी समाज निर्माणमा योगदान दिन सक्ने, भाषिक तथा गणितीय सिपका साथै विज्ञान, सूचना तथा सञ्चार प्रविधि, वातावरण, स्वास्थ्य र जनसङ्ख्या सम्बन्धी ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण तथा संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ । समतामूलक समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा समाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७१ लाई मूल आधार मानी शिक्षा सम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाका निष्कर्ष र विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषण समेतलाई समेटी यो पाठ्य पुस्तक तयार पारिएको हो ।

पाठ्य पुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा केन्द्रका कार्यकारी निर्देशक श्री दिवाकर ढुङ्गेल तथा प्रा. डा. राजाराम सुवेदी, प्रा.डा.विनय कुसियत, प्रा.डा. जीवनाथ धिताल, लक्ष्मीकुमारी माली, कमालदिन मिया, देवेन्द्र महर्जन, बाबुराम गौतमलगायतका महानुभावको विशेष योगदान रहेको छ । यस पाठ्य पुस्तकको विषय वस्तु सम्पादन हेमराज खतिवडा र भाषा सम्पादन पुरुषोत्तम घिमिरे, चित्राङ्कन सुनिल रञ्जित र कुलदीप जङ्बहादुर गुरुङ तथा लेआउट डिजाइन भावना शर्माबाट भएको हो । यस पाठ्य पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्य पुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्य पुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्य पुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

वि. सं. २०७३

# विषय सूची


| क्रम सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| एकाइ : एक | हामी र हाम्रो समाज | १ |
| पाठ १ | समाज विकास | १ |
| पाठ २ | समाजका प्रकार | ४ |
| पाठ ३ | असल समाजका तत्त्वहरू | ७ |
| पाठ ४ | सामाजिकीकरण | ९ |
| पाठ ५ | हाम्रो पहिचान | ११ |
| पाठ ६ | राष्ट्रिय गौरव | १४ |
| एकाइ : दुई | विकास र विकासका पूर्वाधार | १९ |
| पाठ १ | विकासको अवधारणा | १९ |
| पाठ २ | विकासका पूर्वसर्तहरू | २२ |
| पाठ ३ | विकासका पूर्वाधारहरू | २७ |
| पाठ ४ | परम्परागत ज्ञान, सिप र प्रविधि तथा तिनको सिर्जनशील प्रयोग | ३६ |
| एकाइ : तिन | हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता | ३८ |
| पाठ १ | हाम्रा परम्परागत कला | ३८ |
| पाठ २ | नेपाली मूर्तिकला | ४३ |
| पाठ ३ | नेपाली वास्तुकला | ४५ |
| पाठ ४ | धार्मिक सहिष्णुता र धर्म निरपेक्षता | ४९ |
| पाठ ५ | राष्ट्रिय व्यक्तित्व तथा विभूतिहरूको योगदान | ५२ |
| पाठ ६ | समानुभूति र सहयोग | ५७ |
| पाठ ७ | शान्ति र संस्कृति | ५९ |
| एकाइ : चार | सामाजिक समस्याहरू र समाधान | ६१ |
| पाठ १ | सामाजिक समस्या पहिचान र समाधान | ६१ |
| पाठ २ | भ्रष्टाचार | ६४ |
| पाठ ३ | सामाजिक समस्याहरू : देह व्यापार, दुर्व्यसन र दुर्व्यवहार | ६७ |
| पाठ ४ | सामाजिक सुधारमा स्थानीय र राष्ट्रिय सङ्घ संस्थाको योगदान | ७० |
| पाठ ५ | नेपालमा सामाजिक सुधारका लागि भएका प्रयासहरू | ७२ |
| पाठ ६ | द्वन्द्व चक्र र निरूपण | ७५ |

| क्रम सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| एकाइ : पाँच | नागरिक चेतना | ७७ |
| पाठ १ | संविधानको परिचय | ७७ |
| पाठ २ | नेपालको संवैधानिक विकास क्रम | ७९ |
| पाठ ३ | संविधान सभा | ८३ |
| पाठ ४ | मौलिक हक | ८५ |
| पाठ ५ | मौलिक हक र नागरिक कर्तव्य | ८९ |
| पाठ ६ | सूचनाको हक | ९३ |
| पाठ ७ | सुशासन | ९७ |
| पाठ ८ | कानुनी राज्य | १०० |
| पाठ ९ | लोकतान्त्रिक आचरण | १०३ |
| पाठ १० | नागरिक समाज | १०५ |
| पाठ ११ | शान्ति सुव्यवस्था | १०८ |
| पाठ १२ | विविधतामा एकता | १११ |
| पाठ १३ | राष्ट्रियता र राष्ट्रिय सरोकारका विषय | ११३ |
| एकाइ : छ | हाम्रो पृथ्वी | ११७ |
| पाठ १ | देशान्तर र समय | ११७ |
| पाठ २ | नेपालको धरातलीय स्वरूप | १२१ |
| पाठ ३ | नेपालको हावापानी | १२५ |
| पाठ ४ | नेपालको भौगोलिक विविधता र वनस्पति | १२८ |
| पाठ ५ | धरातलीय विविधता र जनजीवन | १३० |
| पाठ ६ | नेपालको जलस्रोतको अवस्था र उपयोग | १३२ |
| पाठ ७ | नक्सा कार्य | १३५ |
| पाठ ८ | दुरी सम्बन्धी ज्ञान | १३८ |
| पाठ ९ | एसिया : भौगोलिक तथा प्राकृतिक वातावरण | १४० |
| पाठ १० | एसिया : आर्थिक क्रियाकलाप र सामाजिक जीवन | १४३ |
| पाठ ११ | युरोप : भौगोलिक तथा प्राकृतिक वातावरण | १४८ |
| पाठ १२ | युरोप : आर्थिक तथा सामाजिक जीवन | १५१ |
| पाठ १३ | अस्ट्रेलिया महादेशको भौगोलिक तथा प्राकृतिक वातावरण | १५३ |
| पाठ १४ | अस्ट्रेलिया : आर्थिक क्रियाकलाप र सामाजिक जनजीवन | १५६ |
| पाठ १५ | एसिया, युरोप, अस्ट्रेलिया र नेपाल | १५८ |

| क्रम सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| एकाइ : ७ | हाम्रो विगत | १६० |
| पाठ १ | ऐतिहासिक स्रोतहरूको खोजी, अध्ययन र तिनीहरूको संरक्षण | १६० |
| पाठ २ | बुद्धको जन्मभूमि कपिलवस्तुको शाक्यवंशीय इतिहास | १६४ |
| पाठ ३ | पृथ्वीनारायण शाह र नेपालको एकीकरण अभियान | १६८ |
| पाठ ४ | नेपाल एकीकरणको प्रभाव | १७४ |
| पाठ ५ | नेपाल अङ्ग्रेज युद्धमा वीर वीरङ्गनाहरूको योगदान | १७६ |
| पाठ ६ | नेपाल अङ्ग्रेज युद्ध र नेपाली वीरताको गाथा | १८० |
| पाठ ७ | राणा शासनको उदय र पतनका कारणहरू | १८३ |
| पाठ ८ | राणा शासनका प्रभावहरू | १८७ |
| पाठ ९ | औद्योगिक क्रान्ति र प्रभाव | १८९ |
| पाठ १० | लक्की नानीको वंशावली | १९२ |
| पाठ ११ | हाम्रा पूर्वज : वर्तमानका मार्ग दर्शक | १९५ |
| एकाइ : आठ | आर्थिक क्रियाकलाप | १९७ |
| पाठ १ | कृषि | १९७ |
| पाठ २ | आधुनिक कृषि प्रणाली | १९९ |
| पाठ ३ | कृषिको व्यवसायीकरण | २०२ |
| पाठ ४ | उद्योग | २०४ |
| पाठ ५ | मझौला तथा ठुला उद्योग | २०८ |
| पाठ ६ | व्यापार | २१२ |
| पाठ ७ | नेपालमा वैदेशिक व्यापारको ढाँचा | २१४ |
| पाठ ८ | नेपालमा व्यापार विविधीकरण | २१६ |
| पाठ ९ | व्यापार प्रवर्धन र बजारीकरण | २१८ |
| पाठ १० | कृषि, उद्योग र व्यापारमा आपसी सम्बन्ध | २१९ |
| पाठ ११ | आर्थिक योजना | २२२ |
| पाठ १२ | गरिबी निवारण र रोजगार प्रवर्धनमा आर्थिक योजनाको योगदान | २२५ |
| पाठ १३ | उद्यमशीलता | २२७ |
| पाठ १४ | कामको सिर्जना र व्यवस्थापन | २३० |
| पाठ १५ | श्रम | २३२ |
| एकाइ : नौ | हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | २३५ |
| पाठ १ | नेपालका दातृ राष्ट्र तथा संस्थाहरू | २३५ |
| पाठ २ | संयुक्त राष्ट्र सङ्घमा नेपाल | २४० |
| पाठ ३ | अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान | २४२ |
| पाठ ४ | कुटनीतिक नियोग | २४४ |
| पाठ ५ | समसामयिक घटना | २४६ |

**एकाइ : एक** हामी र हाम्रो समाज

पाठ १

# समाज विकास

(सञ्जय र सञ्जीव घनिष्ठ साथी हुन् । उनीहरू कक्षा ९ मा अध्ययन गर्छन् । आज उनीहरू समाज र यसको विकासका बारेमा एकअर्काबिच छलफल गरिरहेका छन् । उनीहरू बिचको छलफललाई तल प्रस्तुत गरिएको छ ।)

सञ्जय : सञ्जीव, मैले आजको कक्षामा समाज विकासको अर्थ राम्रोसँग बुझ्न सकिनँ । यसको अर्थ स्पष्ट पारिदिनुहोस् न ।

सञ्जीव : समाज विकासको अवधारणा स्पष्ट हुनका लागि पहिले समाजका बारेमा थाहा पाउनुपर्छ । के तपाईं समाजको अवधारणामा स्पष्ट हुनुहुन्छ ?

सञ्जय : हामीले तल्लो तहका कक्षामा समाजका बारेमा अध्ययन गरेको हो तर म स्पष्ट हुन सकेको छैन । स्पष्ट हुने गरी बताइदिनुहोस् न !

सञ्जीव : सञ्जय, समाजलाई अङ्ग्रेजी भाषामा 'सोसाइटी' (society) भनिन्छ । 'सोसाइटी' शब्द ल्याटिन भाषाको 'सोसिओस' (socious) शब्दबाट बनेको हो । ल्याटिन भाषामा 'सोसिओस' शब्दको अर्थ मित्रता वा मेलमिलाप हुन्छ । यसरी शाब्दिक अर्थमा हेर्दा समाज मित्रता र परस्पर मेलमिलापको सङ्गठित रूप हो ।

सञ्जय : समाजमा कस्ता कस्ता व्यक्तिहरू सङ्गठित हुन्छन् त ?

सञ्जीव : साझा लक्ष्य र उद्देश्य प्राप्तिका लागि निश्चित भौगोलिक क्षेत्रमा एकीकृत भई बसोबास गर्ने मानव समूहलाई समाज भनिन्छ । साझा उद्देश्य प्राप्तिका लागि समाजका सबै व्यक्तिहरू सचेत एवम् क्रियाशील रहेका हुन्छन् । वास्तवमा व्यक्ति व्यक्तिबिचको सम्बन्धको सञ्जाल नै समाज हो ।

सञ्जय : व्यक्ति र समाजबिचको सम्बन्धका बारेमा केही बताइदिनुहोस् न ।

सञ्जीव : व्यक्ति चेतनशील, विवेकशील र सामाजिक प्राणी हो । व्यक्ति समाजमा रहन्छ । समाजमा नै उसको अस्तित्व पनि रहेको हुन्छ । समाजबिना न व्यक्तिको अस्तित्व छ न त व्यक्तिबिना समाजको नै कल्पना गर्न सकिन्छ । समाजमा व्यक्ति व्यक्ति तथा व्यक्ति र समाजबिच घनिष्ट सम्बन्ध रहेको हुन्छ ।

सञ्जय : समाजका विशेषता के के हुन् ?

सञ्जीव : हरेक समाजमा केही साझा विशेषताहरू हुन्छन् । आज सरले कक्षामा पढाउँदा भन्नुभएका समाजका विशेषताहरू मैले कापीमा सारेको छु, हेरौँ है त ।

**समाजका विशेषताहरू**

(क) निश्चित उद्देश्यसहित निर्धारित नीति र नियमका आधारमा संस्थागत विकासमा आबद्ध भएको हुन्छ ।

(ख) सदस्यहरूबिच पारस्परिक सम्बन्ध रहेको हुन्छ ।

(ग) व्यक्तिको आवश्यकता परिवर्तन भइरहने हुनाले समाज पनि परिवर्तनशील हुन्छ ।

(घ) व्यक्तिहरूको साझा उद्देश्य र आवश्यकता हुन्छ ।

(ङ) प्रत्येक व्यक्तिले आफ्नो अधिकारको संरक्षण गर्छन् ।

(च व्यक्तिहरूबिच आफ्नोपन, पारस्परिक अन्तरक्रिया, जागरुकता र एकता हुन्छ ।

(छ) एक संस्कृतियुक्त सामाजिक सम्बन्धको सञ्जाल निर्माण हुन्छ ।

(ज) सामाजिक विकासलाई प्रमुख लक्ष्य निर्धारण गरिएको हुन्छ ।

सञ्जय : समाज विकासका बारेमा केही बताइदिनुहोस् न ।

सञ्जीव : कुनै पनि वस्तु वा प्रक्रियामा आउने सकारात्मक र प्रगतिमूलक परिवर्तनलाई विकास भनिन्छ । अर्थात् कुनै पनि वस्तुमा आउने नयाँपन नै विकास हो । सामाजिक घटना, प्रक्रिया, संरचना आदिमा आउने सकारात्मक परिवर्तनले समाज विकासको सङ्केत गर्छ ।

सञ्जय : अब, मैले बुझेको कुरा भन्छु ल । समाज विकासले समाजका आन्तरिक वा बाह्य स्वरूप सहितको समग्र परिवर्तनलाई बुझाउँछ, होइन र ?

सञ्जीव : त्यति मात्र होइन । सामाजिक संरचना, सामाजिक सम्बन्ध, सामाजिक सङ्गठन आदिमा रूपान्तरण वा परिवर्तन हुने प्रक्रिया नै समाज विकास हो । प्रत्येक समाज सरलबाट जटिलतिर, समानताबाट असमानतातिर, एकताबाट विविधतातिर, असभ्यताबाट सभ्यतातिर र प्राचीनबाट आधुनिकतातिर अगाडि बढेको हुन्छ ।

सञ्जय : अन्त्यमा समाज विकासको विशेषताहरू बताइदिनुहोस् न ।

सञ्जीव : समाज विकास सर्वव्यापी प्रक्रिया हो । यो सामूहिक परिवर्तन पनि हो । समाजको गति समान हुँदैन । यसको भविष्यवाणी गर्न सकिँदैन । समाज रूपान्तरणको प्रक्रिया हो । यो योजना बद्ध र स्वाभाविक हुन्छ ।

सञ्जय : सञ्जीव, तपाईंले समाजका बारेमा धेरै कुरा बताउनुभयो । यस किसिमका छलफलबाट धेरै विषय वस्तु सिकिँदो रहेछ । मैले धेरै बुझेँ । त्यसका लागि तपाईंलाई धेरै धन्यवाद !

**क्रियाकलाप**

१. तपाइँ बसोबास गरेको क्षेत्रका व्यक्तिहरू कुन कुन पेसामा संलग्न रहेको पाउनुभएको छ ? उनीहरूबिचको पारस्परिक सहयोगको अवस्था खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाइँको समुदायका विशेषता झल्कने चार्ट तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. तलको तालिकामा दिइएका विशेषता अध्ययन गरी आफ्नो समाजमा ती विशेषता छन् वा छैनन्, विचार प्रस्तुत गर्नुहोस् :

| क्र. सं. | विशेषता | प्रतिबिम्ब |
|---|---|---|
| १. | समाज विकास सामूहिक परिवर्तन हो । | |
| २. | समाज विकासको गति समान हुँदैन । | |
| ३. | समाज विकासको भविष्यवाणी गर्न सकिँदैन । | |
| ४. | समाज विकास रूपान्तरणको प्रक्रिया हो । | |
| ५. | समाज विकास योजना बद्ध र स्वाभाविक हुन्छ । | |

**अभ्यास**

१. समाजको परिचय दिनुहोस् ।

२. समाज र व्यक्तिबिचको सम्बन्ध उल्लेख गर्नुहोस् ।

३. समाजका विशेषताहरूको सूची तयार गर्नुहोस् ।

४. समाज विकासका विशेषताहरूको व्याख्या गर्नुहोस् ।

**सामुदायिक कार्य**

दिइएका अलग अलग विषयमध्ये कुनै एक विषय छनोट गर्नुहोस् । त्यसपछि उक्त विषयका बारेमा तपाइँको समुदायमा बिस वर्षअघि र अहिलेको समयमा भएका समाज विकास सम्बन्धी गतिविधि समाजका ज्येष्ठ नागरिकलाई सोधी तयार पारिएको विवरण कक्षाकोठामा प्रस्तुत गर्नुहोस् :

(क) आर्थिक अवस्था

(ख) भौतिक संरचनाहरू

(ग) लवाइ खवाइ

(घ) सामाजिक व्यवहार

(ङ) सोचाइ

पाठ २

# समाजका प्रकार

समाजलाई विभिन्न आधार र तरिकाका आधारमा वर्गीकरण गरिएको छ । समाजशास्त्री टेलरले समाज विकासका चरणहरू जस्तै गरी समाजको वर्गीकरण गरेका छन् । यसर्थ उनले समाजलाई पनि जङ्गली समाज, बर्बर समाज र सभ्य समाजका रूपमा बाँडेका हुन् । कार्लमार्क्सले समाजलाई सिकारी, पशु पालन, सामन्ती, पुँजीवादी र समाजवादी भनी प्रस्तुत गरेका छन् । समाजका प्रकारलाई विकासको स्तर, असमानता, सहरीकरण, समाजको स्तर र राजनीतिक सङ्गठनका आधारमा वर्गीकरण गरिन्छ । साथै प्रविधि, जीवन निर्वाहको आधार तथा सांस्कृतिक तत्त्वहरूका आधारमा पनि समाजको प्रकार छुट्याइन्छ ।

### समाजको वर्गीकरण र तिनका आधारहरू

**आर्थिक आधार**

- पुँजीवादी समाज
- समाजवादी समाज
- मिश्रित समाज

**भाषिक आधार**

- एक भाषिक समाज
- द्विभाषी समाज
- बहुभाषी समाज

**धार्मिक आधार**

- हिन्दु समाज
- बौद्ध समाज
- मुस्लिम समाज
- क्रिस्चियन समाज आदि

**बसोबासको आधार**

- ग्रामीण समाज
- सहरी समाज

**समयको आधार**

- प्राचीन समाज
- मध्यकालीन समाज
- आधुनिक समाज

### समाजशास्त्री र मानवशास्त्रीहरूका अनुसार समाजको वर्गीकरण

#### १. सिकारी र कन्दमूल सङ्कलक समाज

मानव समाज विकासका क्रममा सिकारी समाजलाई प्रथम अवस्था मान्न सकिन्छ । यो सबैभन्दा सरल प्रकारको समाज हो । यस प्रकारको समाजमा मानवको भूमिका सिकार तथा कन्दमूल सङ्कलनमा केन्द्रित थियो । यस समयमा मानवको स्थायी र निश्चित बसोबास थिएन । परिवार, विवाह, नातेदार जस्ता सामाजिक सम्बन्ध थिएनन् । जीवित रहनका लागि मानवले यस्तो सामाजिक व्यवस्था अपनाएका थिए । सिकार गर्ने तथा फलफुल, कन्दमूल सङ्कलन गर्ने क्रममा मानवले विभिन्न खालका ढुङ्गाका हतियार र औजारहरूको प्रयोग गर्न सुरु गरेको पाइन्छ । हतियारको प्रयोग

जनावर तथा चराहरूको सिकार गर्न गरिन्थ्यो । यस समाजमा मानव वास्तविक रूपमा उत्पादक नभई उपभोक्ता थियो । समाजमा स्पष्ट रूपमा श्रम विभाजनको सुरुआत भएको थिएन । तर यस कालखण्डमा पुरुषहरू सिकार गर्ने र महिलाहरू सिकार सङ्कलन गर्ने कार्यमा संलग्न हुन्थे । नेपालका राउटेहरूको समाजलाई यस प्रकारको समाजका रूपमा लिन सकिन्छ । भारत, अस्ट्रेलिया र दक्षिण अफ्रिकामा समेत यस प्रकारको समाज अझै अस्तित्वमा रहेको पाइन्छ ।

## २. पशु पालक समाज

पशुहरू पालन गरेर जीविकोपार्जन गर्ने समाजलाई पशु पालक समाज भनिन्छ । सिकार र कन्दमूल सङ्कलनले मात्र मानवको आवश्यकता पुरा हुन छोडेपछि यस प्रकारको समाजको स्थापना भएको पाइन्छ । पछि बिस्तारै पशु पालन बढी मात्रामा गर्ने लहर चल्न थाल्यो । यस प्रकारको समाजमा पशु बढी हुने र पशु नहुने वा कम हुने गरी मानव समाज दुई वर्गमा विभाजित भएको पाइन्छ । यस प्रकारको समाजमा जीवन निर्वाहका आवश्यकताहरू पशु पालनका माध्यमबाट पुरा गरिन्छ । अहिले पनि मध्यपूर्व, अफ्रिका, तिब्बत, मध्य एसिया र नेपालको उत्तरी भेगमा पशु पालक समाज अस्तित्वमा रहेको छ ।

## ३. फलफुल खेती गर्ने समाज

यस प्रकारको समाजमा विविध प्रकारका फलफुल उत्पादन गरेर जीविकोपार्जन गर्ने गर्छन् । यस्तो समाज केन्या र न्युगिनीमा रहेको पाइन्छ । नेपालमा थोरै मात्रामा फलफुल खेती गरी जीविकोपार्जन गर्ने समाज रहेका छन् ।

## ४. कृषि समाज

खेतीपाती गरेर जीविकोपार्जन गर्ने समाजलाई कृषि समाज भनिन्छ । यस समाजमा जमिनदार र कृषक दुई वर्ग रहेको हुन्छ । कृषि समाज इजिप्टबाट सुरु भएको मानिन्छ । नेपालको ग्रामीण क्षेत्रमा कृषिमा आधारित समाजको बाहुल्य पाइन्छ । नेपालमा करिब दुई तिहाइ व्यक्ति यस प्रकारको समाजमा आधारित छन् ।

## ५. औद्योगिक समाज

उद्योग धन्दाका माध्यमबाट जीविकोपार्जन गर्ने तथा व्यापारका लागि वस्तु धेरै मात्रामा उत्पादन गर्ने कार्यमा संलग्न समाजलाई औद्योगिक समाज भनिन्छ । यस प्रकारको समाज अठारौँ शताब्दीबाट सुरुआत भएको मानिन्छ । समाजमा उद्योगपतिहरूलाई पुँजीपति र उद्योगमा काम गरी जीविका निर्वाह गर्नेहरूलाई सर्वहारा वा कामदार भनिन्छ । औद्योगिक समाजमा धनी र गरिब बिचको अन्तर बढी हुन्छ । यस्तो समाज अमेरिका, जापान, दक्षिण कोरिया आदि विकसित देशहरूमा पाइन्छ । नेपालको औद्योगिक क्षेत्र र सहरी क्षेत्रमा पनि यस प्रकारको समाजको विकास हुन थालेको छ । यस्तो समाजमा सांस्कृतिक विविधता हुन्छ ।

## क्रियाकलाप

१. तपाईंलाई कस्तो प्रकारको समाज राम्रो लाग्छ ? कारण दिनुहोस् ।

२. तपाईं कुन प्रकारको समाजमा बसोबास गर्नुहुन्छ ? समाजका अगुवाहरूको मत सङ्कलन गरी निष्कर्ष निकाल्नुहोस् ।

## अभ्यास

१. समाजका प्रकारहरूको व्याख्या गर्नुहोस् ।

२. समाजको प्रकार र विशेषताहरूको सूची तयार गर्नुहोस् ।

३. कृषि र औद्योगिक समाजबिच तुलना गर्नुहोस् ।

४. तलको तालिकामा उल्लेख भएअनुसार समाजका विशेषताहरू लेख्नुहोस् :

| क्र. सं. | समाजको प्रकार | समाजका विशेषताहरू |
|---|---|---|
| १. | सिकारी तथा कन्दमूल सङ्कलक समाज | |
| २. | पशु पालक समाज | |
| ३. | कृषि समाज | |
| ४. | फलफुल खेती गर्ने समाज | |
| ५. | औद्योगिक समाज | |

पाठ्यक्रम विकास केन्द्र

पाठ ३

# असल समाजका तत्त्वहरू

समाजका लागि आवश्यक पक्षहरू नै समाजका तत्त्वहरू हुन् । ती तत्त्वहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**निश्चित भूभाग :** प्रत्येक समाजको निश्चित भूगोल हुन्छ । समाजको क्षेत्र निश्चित हुनाले नै सदस्यहरू एकअर्काबिच निकट रहन्छन् । समाजका सदस्यहरूले विचारहरूको आदान प्रदान गर्ने अवसर प्राप्त गर्छन् ।

**सामान्य जीवन :** समाजका प्रत्येक सदस्यहरूको जीवन प्राय: सामान्य हुन्छ । समाजका सबै सदस्यहरूले आफ्नै समाजभित्रबाट नै जीवनयापन, मनोरञ्जन, शिक्षा र सुरक्षा जस्ता आवश्यकता पुरा गर्छन् । समाजको स्वरूपअनुसार व्यक्तिको जीवन पद्धति निर्धारित हुन्छ ।

**नियमको सामान्य व्यवस्था र पालना :** समाजका सबै सदस्यहरूको व्यवहार समान नियमद्वारा नियन्त्रण गरिएको हुन्छ । यस्तो नियम पालना गर्नु अनिवार्य तत्त्वभित्र पर्छ ।

**सामूहिक भावना :** समाजमा सामूहिक भावना हुनुपर्छ । समाजका सदस्यहरूले एकअर्काका सुखदु:खमा रुचि राख्छन् र एक आपसमा समान अनुभूति गर्छन् । कुनै उत्सव र चाडपर्वमा सहभागी हुन्छन् । यसैका आधारमा व्यक्तिहरू एकअर्कामा नजिक हुँदै जान्छन् ।

**विशिष्ट नाम :** प्रत्येक समाजको एक निश्चित नाम हुन्छ । यही विशेष नामले गर्दा नै समाजका सदस्यहरू एक आपसमा निकट हुन्छन् ।

**स्वतः जन्म वा विकास :** समाजको जन्म वा विकास स्वत: हुन्छ । जब केही व्यक्तिहरू कुनै स्थानमा आएर स्थायी रूपमा बस्न थालेपछि उनीहरूमा हामी भन्ने भावनाको विकास हुन्छ, त्यसपछि समाजको विकास वा जन्म हुन थाल्छ ।

**स्थायित्व :** समाज स्थायी हुन्छ । समाजमा रहने व्यक्तिहरूको आफ्नो भूमिसँग घनिष्ठ सम्बन्ध रहन्छ ।

**ऐतिहासिकताप्रति गर्वको भावना :** कुनै पनि समाजमा ऐतिहासिक महत्त्वका घटनाहरू घटेका हुन्छन् । अघिल्ला पुस्ताले गरेका राम्रा कामको गर्व गर्ने भावना समाजमा रहन्छ ।

**समाजको आकार वा जनसङ्ख्या :** समाजको आकार निश्चित हुँदैन । ठुलो वा सानो जस्तो पनि हुन सक्छ ।

## असल समाजका तत्त्वहरू

**अपनत्व :** समाजप्रतिको दायित्व बोध, समाज मेरा लागि र म समाजका लागि भन्ने भावनाले अपनत्वको भावना बढाउँछ । अपनत्व बढ्दा स्वत:स्फूर्त रूपमा सक्रियता बढ्छ । सक्रियताले गतिशीलता र विकासलाई मदत गर्छ ।

**सामूहिक भावना :** सामूहिक भावनाले समाजलाई गतिशील र जिम्मेवार बनाउँछ ।

**सुरक्षा :** हरेक समाजका सदस्यहरूका बिचमा सामूहिक हकहित र सुरक्षाको भावना प्रबल हुन्छ । व्यक्तिगत, पारिवारिक र सामाजिक सुरक्षातर्फ उनीहरूको चासो रहन्छ ।

**एकता :** समाजको भलाइका लागि एकता बद्ध भई निर्णय गर्ने, एकताबाटै सामूहिक कार्य गर्ने र सामर्थ्य प्राप्त गर्नेतर्फ समाज अघि बढ्छ ।

**सहयोग र सहकार्य :** सहयोग र सहकार्यबाट साझा लक्ष्य प्राप्त गर्न सकिन्छ । यसैबाट साथी बढ्छन् र आफ्नोपनको भावना सिर्जना हुन्छ ।

**मेलमिलाप :** आपसमा मिलेर बस्नु, मिलेर कार्य गर्नु एवम् अप्ठेरामा परेकालाई मदत गर्नु नै मेलमिलाप हो । यो समाजको महत्त्वपूर्ण तत्त्व हो ।

**सद्भाव र प्रेम :** सबैप्रति समभाव प्रकट गर्ने, आपसी प्रेम र विश्वास गर्ने जस्ता व्यवहार असल समाजका महत्त्वपूर्ण तत्त्व हुन् । व्यक्ति सानो छँदा आमाबाबु र पछि परिवार तथा समुदायको सद्भाव र प्रेम चाहिन्छ । सद्भाव र प्रेमले पारस्परिक सम्बन्ध बढाउँछ, आपसी सहयोग र मेलमिलापको आदानप्रदान गराउँछ र सुरक्षा, समर्थन र विश्वास पैदा गराउँछ ।

**नियमको पालना :** सामाजिक नियमको पालना र उल्लङ्घन गर्नेलाई व्यवहार सुधार्न आग्रह गर्दा समाज सुधारमा सहयोग गर्छ ।

**जिम्मेवारी :** असल समाजमा व्यक्तिगत र सामूहिक जिम्मेवारी बोध तथा जिम्मेवारी निर्वाहलाई महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

## क्रियाकलाप

१. तपाईं बसोबास गर्ने समाजमा के कस्ता असल समाजका तत्त्वहरू पाउनुभएको छ ? सूची बनाउनुहोस् ।

## अभ्यास

१. समाजका तत्त्वहरूको सूची तयार गर्नुहोस् ।

२. सामूहिक भावनाले असल समाज बनाउन कसरी सहयोग पुर्‍याउँछ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

## सामुदायिक कार्य

समूह बनाई तपाईंको समाजमा एकता, सहकार्य, मेलमिलापको भावना र नियमको पालना कसरी भएको छ, खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् । यस कार्यमा समुदायका अगुवा वा ज्येष्ठ नागरिकहरूको सहयोग लिनुहोस् ।

पाठ ४

# सामाजिकीकरण

मानव सामाजिक प्राणी हो । समाजबिना मानव जीवन अर्थहिन हुन्छ । मानवमा जन्मदेखि नै सामाजिक गुणहरू विकसित भएका हुँदैनन् । मानवलाई सामाजिक प्राणी बनाउने काम शिक्षाले नै गर्छ । मानव मानवबिचको पारस्परिक सहयोगबिना कुनै पनि व्यक्तिको जीवनले सफलता प्राप्त गर्न सक्दैन । समाजले चाहेका व्यवहार, स्वीकार गरेका मूल्यहरू र प्रचलित सिद्धान्तहरूलाई आत्मसात् गर्न नसकेसम्म कुनै पनि समाजमा मिलेर बाँच्न व्यक्तिलाई मुस्किल पर्छ । समाजमा बसेर जीवनयापन गर्दागर्दै व्यक्तिले सामाजिक मूल्य, मान्यता, सिद्धान्त र विचारहरूलाई आत्मसात् गर्न थाल्छ । त्यसपछि ऊ सामाजिक प्राणीमा विकसित हुन्छ । समाजको योग्य नागरिक हुनका लागि उसले सामाजिक मूल्यहरू र आदर्शहरूसँग परिचित हुनुपर्छ । व्यक्तिलाई जन्मेदेखि नै उसको सामाजिक संस्कार युक्त व्यवहार गर्न सिकाइन्छ । हरेक व्यक्तिले अनिवार्य रूपमा गर्ने सिकाइको यही प्रक्रियालाई नै सामाजिकीकरण भनिन्छ । समाजले स्वीकार गरेका मूल्य मान्यता, सिद्धान्त एवम् आदर्श ग्रहण गर्नु र त्यसै अनुसारको जिम्मेवारी पूर्ण रूपमा निभाउनु नै सामाजिकीकरण हो । मानवले समाजमा आफ्नो के स्थान छ र आफूले अरूसँग कसरी व्यवहार गर्नुपर्छ भन्ने कुरा सामाजिकीकरणबाट सिक्छन् । सामाजिकीकरणबाट बाल बालिकाहरूले आआफ्नो समाजको मूल्य, मान्यता, विश्वास र आदर्श प्राप्त गर्छन् । यसबाट मानवको व्यक्तित्व विकास गर्न सहयोग पुग्छ ।

## सामाजिकीकरणका तत्त्वहरू

भाषा : अन्य व्यक्तिका अभिव्यक्ति बुझ्न र आफ्ना कुरा अरूलाई बुझाउनका लागि उपयुक्त दोहोरो सञ्चारको आधार भाषा हो । सञ्चार भएन भने सामाजिकीकरण हुँदैन र संस्कृतिको हस्तान्तरण पनि हुँदैन ।

प्रेम, स्नेह र सहयोग : प्रेमपूर्ण वातावरणमा एकअर्काले आफ्नो भावना, विचार र आफ्ना समस्याहरू निर्धक्कसाथ अर्कासँग प्रस्तुत गर्न सक्छन् । समाजमा एकअर्काप्रति घृणा, ईर्ष्या विद्यमान रहेमा राम्रो अन्तरक्रिया र सामाजिकीकरण पनि सम्भव हुँदैन । एकअर्काको प्रेम, विश्वास र सहयोगको भावनाले सामाजिकीकरण राम्रो हुन्छ ।

सामाजिक अन्तरक्रिया : एउटा व्यक्तिले अर्को व्यक्ति वा समूहसँग सम्पर्क कायम र एक आपसमा सहयोग आदान प्रदान गर्नुपर्छ । यसैलाई सामाजिक अन्तरक्रिया भनिन्छ । दोहोरो सामाजिक अन्तरक्रियाबाट मात्र सामाजिकीकरण सम्भव हुन्छ ।

सामाजिकीकरणका लागि समाजमा घर, परिवार, दौँतरी समूह, विद्यालय, समुदाय र सञ्चारका साधनहरू सक्रिय रहेका हुन्छन् । यिनहरूलाई सामाजिकीकरणका निकाय पनि भनिन्छ ।

सामाजिकीकरणको महत्त्व : सामाजिकीकरणका माध्यमबाट व्यक्तिले सामाजिक मूल्य, मान्यता र आदर्शहरू सिक्छ । यसबाट व्यक्तिले सामाजिक सिपको विकास र बाँच्नका लागि आवश्यक

पर्ने आधारभूत ज्ञान प्राप्त गर्छ । सामाजिकीकरणले हरेक व्यक्तिलाई समाजको अनुशासित सदस्य बन्नबाट व्यक्तिमा सामाजिक कर्तव्यको बोध भई उसको पूर्ण व्यक्तित्वको विकास गर्न सहयोग पुग्छ । सामाजिकीकरणले मानवलाई सामाजिक भावनाले भरिपूर्ण असल व्यक्तित्व निर्माण गर्न सहयोग गर्छ ।

### क्रियाकलाप

१. घर परिवार र दौँतरी समूहले सामाजिकीकरणमा भूमिका निर्वाह कसरी गर्छन् ? उल्लेख गर्नुहोस् ।

२. तलको तालिका पुरा गर्नुहोस् :

| क्र. सं. | तत्त्व | विशेषताहरू |
|---|---|---|
| १. | भाषा | |
| २. | प्रेम, स्नेह र सहयोग | |
| ३. | सामाजिक अन्तरक्रिया | |

### अभ्यास

१. सामाजिकीकरणको अर्थ लेख्नुहोस् ।

२. 'व्यक्ति जन्मजात रूपमा जैविक प्राणी हो', यस भनाइलाई आफ्नो तर्कसहित प्रमाणित गर्नुहोस् ।

३. व्यक्ति जैविक प्राणीबाट कसरी सामाजिक प्राणीमा रूपान्तरण हुन्छ, लेख्नुहोस् ।

४. सामाजिकीकरणको महत्त्व लेख्नुहोस् ।

५. सामाजिकीकरणका तत्त्वहरूको व्याख्या गर्नुहोस् ।

६. सामाजिकीकरणका निकायको सूची तयार गर्नुहोस् ।

७. वर्तमान समाजमा कुन कुन सामाजिकीकरणका निकायहरूले बढी भूमिका निर्वाह गरेको पाउनुभएको छ, आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

### सामुदायिक कार्य

विद्यार्थी सङ्ख्याको आधारमा चार वा पाँच समूह बनाई प्रत्येक समूह स्थानीय समुदायको एउटा एउटा स्थानमा गई त्यहाँ बसोबास गर्ने व्यक्तिहरूमा सामाजिकीकरण कसरी भइरहेको छ, सूचनाहरू सङ्कलन गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

**पाठ ५**

# हाम्रो पहिचान

## १. राष्ट्रिय पहिचान

नेपाल भौगोलिक बनावटका आधारमा हिमाल, पहाड र तराई प्रदेशमा विभक्त छ । हिमाली प्रदेशलाई सीमावर्ती हिमाल, भोटबैँसी र मुख्य हिमालय गरी तिन भागमा विभाजन गर्न सकिन्छ । पहाडी प्रदेशलाई पनि मध्यभूमि, महाभारत शृङ्खला र चुरे पर्वत गरी तिन भागमा विभाजन गर्न सकिन्छ । यसैगरी तराई प्रदेश पनि मुख्य तराई, भावर र भित्री मधेस गरी तिन भागमा विभक्त छ । यति सानो मुलुक भौगोलिक रूपमा यति धेरै विभक्त हुनु पनि हाम्रो राष्ट्रिय पहिचान हो । विश्वको सर्वोच्च शिखर सगरमाथा पनि हाम्रो पहिचान बोकेर रहेको छ ।

नेपाल बहु जातीय, बहु भाषिक, बहु सांस्कृतिक, बहु धार्मिक र भौगोलिक विविधतायुक्त मुलुक हो । यहाँ १२३ ओटा भाषाहरूको पहिचान गरिएको छ । धार्मिक हिसाबले यहाँ हिन्दु, बौद्ध, इस्लाम, किरात, क्रिश्चियन, जैन, शिख लगायत दस ओटा धर्म प्रचलनमा छन् । नदी प्रणालीका हिसाबले पनि प्रमुख तिन नदी (कोशी, गण्डकी र कर्णाली) र अन्य स्वतन्त्र जलाधार क्षेत्रले समृद्ध छ । नेपालमा छ हजारभन्दा बढी नदीनाला रहेका छन् । यी पनि हाम्रा राष्ट्रिय पहिचान हुन् ।

*राष्ट्रिय पहिचानका सन्दर्भमा कक्षाकोठामा छलफल गर्नुहोस् र विद्यार्थीलाई राष्ट्रिय पहिचानको महत्त्व समेटी एक एक अनुच्छेत तयार पार्न लगाउनुहोस् ।*

## २. जातीय पहिचान

नेपालको पछिल्लो जनगणनाअनुसार नेपालमा पहिचान गरिएका जातजातिको सङ्ख्या १२५ रहेको छ । नेपालमा दस लाखभन्दा बढी जनसङ्ख्या भएका छ ओटा जातीय समूहहरू रहेका छन् ।

विविधतामा एकता हाम्रो पहिचान हो । आआफ्नो जातीय पहिचान कायम राख्दै एकता बद्ध र समृद्ध राष्ट्र निर्माणमा लाग्नु हामी सबैको दायित्व हो । आफ्नो लिपि, भाषा र संस्कृतिको संरक्षण र संवर्धन गर्दै सबल राष्ट्रिय एकता कायम राख्नु आजको आवश्यकता हो ।

**पूर्वमा राई, लिम्बु, मध्यमा छन् नेवार**

**कोही मान्छन् धान नाच यहाँ, कोही घेवा छेवार**

**पश्चिमको गुरुङ रोदी हाम्रो पहिचान**

**बाहुन, क्षेत्री देशैभरि छरिएका छन् ।**

**कौरा नाच मगर संस्कार हेर कति राम्रो**

**धोती, टोपी, बख्खु आदि पहिचान हाम्रो ।**

## ३. भाषिक पहिचान

नेपालमा भाषिक विविधता रहेको छ । सन् २०११ को जनगणनामा नेपालमा १२३ ओटा भाषाहरू मातृभाषाका रूपमा पहिचान गरिएका छन् । सरकारी कामकाजको भाषाका रूपमा प्रचलनमा रहँदै आएको नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्नेहरूको सङ्ख्या बढी छ ।

सन् २०११ को जनगणनाअनुसार भारोपेली समूहका मातृभाषा बोल्नेहरू कुल ७९.१ प्रतिशत, भोट बर्मेली समूहका १८.४ प्रतिशत, आग्नेय समूहका ०.२ प्रतिशत र द्रविड समूहका मातृभाषा बोल्नेहरू ०.१ प्रतिशत रहेको छ । अन्य मातृभाषा बोल्नेहरू २.२ प्रतिशत रहेका छन् ।

मातृभाषाका रूपमा प्रचलनमा रहेका अन्य भाषाहरूमा मैथिली, भोजपुरी, थारू (डँगौरा राना), तामाङ, नेवार, मगर, अवधि, गुरुङ, बज्जिका, उर्दु, राजवंशी, शेर्पा, लिम्बु र हिन्दी भाषा उल्लेख्य रहेका छन् । भाषिक विकासका दृष्टिले यसमध्येका कतिपय भाषाहरू निकै समृद्धसमेत छन् । नेपाली भाषा र नेपालमा प्रचलित अन्य सबै मातृभाषालाई राष्ट्र भाषाका रूपमा मान्ने संवैधानिक व्यवस्था रहेको छ ।

## ४. धार्मिक पहिचान

नेपाल बहु धार्मिक र बहु सांस्कृतिक पहिचान युक्त मुलुक हो । नेपालमा हिन्दु, बौद्ध र अन्य प्रकृति धर्मका उपासकहरूमा एकअर्को धर्मप्रति सकारात्मक सद्भाव राख्छन् । सबै प्रकारका धार्मिक क्रियाकलापमा संलग्न हुने प्रवृत्तिसमेत रहेको छ । आफूलाई कुनै पनि धर्ममा नराख्ने वा निरपेक्ष रहनेहरूको सङ्ख्या पनि दिन प्रतिदिन बढ्दै गएको छ ।

**नेपालमा धार्मिक सम्प्रदायको विवरण**

| क्र. सं. | धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दु | २,१५,५१,४९२ | ८१.३४ |
| २. | बौद्ध | २३९६०९९ | ९.०४ |
| ३. | इस्लाम | ११६२३७० | ४.३९ |
| ४. | किरात | ८०७१६९ | ३.०५ |
| ५. | क्रिस्चियन | ३७५६९९ | १.४२ |
| ६. | प्रकृति | १२११९८२ | ०.५ |
| ७. | बोन | १३००६ | ०.०४ |

*स्रोत : राष्ट्रिय जनगणना, २०६८*

*नेपालमा रहेको धार्मिक विविधताभित्रको एकताले विश्व समुदायलाई उत्कृष्ट दृष्टान्त प्रस्तुत गरेको छ । यो नेपालको पहिचान हो भन्ने विषयमा कक्षाकोठामा छलफल गर्नुहोस् ।*

## ५. लैङ्गिक पहिचान

लिङ्ग भन्नाले जन्मजात रूपमा छोरा वा छोरी भन्ने बुझिन्छ । लिङ्गका आधारमा गरिने पृथक् व्यवहार नै लैङ्गिक व्यवहार हो जसलाई पहिचानका रूपमा पनि ग्रहण गर्न सकिन्छ । अहिले तेस्रो लिङ्गीलाई समेत लैङ्गिक पहिचानका रूपमा उल्लेख गर्न थालिएको छ । हिन्दु समाजमा लैङ्गिक पहिचानको विश्लेषण गर्दा धनकी देवी लक्ष्मीलाई उच्च सम्मानका साथ पूजा गरिन्छ । विद्याकी देवी सरस्वतीलाई श्रीपञ्चमीका दिनमा पुजिन्छ । त्यस्तै नवदुर्गा भवानीलाई त्यत्तिकै सम्मानका साथ पुजिन्छ । अन्य धर्ममा पनि लैङ्गिक समानतालाई महत्त्व दिएको पाइन्छ ।

**क्रियाकलाप**

१. नेपाली समाजमा बौद्ध, मुस्लिम, किरात, क्रिस्चियन लगायतका धार्मिक पहिचान र लैङ्गिक पहिचान सम्बन्धी उत्कृष्ट दृष्टान्तहरू सङ्कलन गरी वा गर्न लगाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईँले आफ्नो घर परिवार र समाजमा कस्तो लैङ्गिक अवस्था पाउनुभएको छ, कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. तपाई बसोबास गर्ने समाजमा रहेका जातिहरूको सूची तयार पारी ती जातिहरूको समाजमा रहेको पहिचान र तिनीहरूको पहिचानले समाजलाई पुऱ्याएको फाइदा वा योगदानका बारेमा उल्लेख गर्नुहोस् ।

**अभ्यास**

१. राष्ट्रिय पहिचानमा के के कुरा पर्छन्, सूची तयार गरी कक्षाकोठामा छलफल गर्नुहोस् ।

२. 'नेपाल एक बहुजातीय बहुभाषिक मुलुक हो ।' यस तर्कमा आफ्ना विचारहरू प्रकट गर्नुहोस् ।

३. नेपालमा के कस्ता धर्महरू प्रचलनमा रहेका छन् ? नाम उल्लेख गर्दै धार्मिक सहिष्णुता कसरी कायम हुन सफल भएको छ, उल्लेख गर्नुहोस् ।

४. लैङ्गिक पहिचान भन्नाले के बुझ्नुहुन्छ ? हाम्रो समाजमा कसरी लैङ्गिक पहिचान कायम रहेको छ, उल्लेख गर्नुहोस् ।

५. नेपालमा लैङ्गिक पहिचानमा देखिएका समस्याहरूको सूची बनाई लैङ्गिक पहिचानका निम्ति भएका प्रयासहरू उल्लेख गर्नुहोस् ।

६. नेपालका विविध क्षेत्रमा भएका पहिचानलाई कक्षाकोठामा छलफल गरी एक प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

पाठ ६

# राष्ट्रिय गौरव

## १. सांस्कृतिक पहिचान

नेपाल बहु सांस्कृतिक पहिचान भएको मुलुक हो । यहाँ विभिन्न जातजातिका आफ्नै खाले सांस्कृतिक पहिचान र परम्परा रहेका छन् । त्यस अतिरिक्त विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने विभिन्न जातीय समूहको आपसी सम्मिलनबाट साझा सांस्कृतिक परम्परा र पहिचानको विकास भएको छ । नेपालमा जातीयताका आधारमा मात्र नभई भौगोलिक क्षेत्रमा आधारित सांस्कृतिक परम्परा र पहिचानहरू पनि विकास भएका छन् ।



सहरीकरणको विकास सँगसँगै एउटै समुदायका व्यक्तिहरू भिन्न भिन्न भौगोलिक क्षेत्रमा अन्य समुदायका व्यक्तिहरूसँग घुलमिल भएर बस्न पुग्छन् । यस क्रममा अन्तर्जातीय परिवारहरूको निर्माण हुन पुग्छ । फलस्वरूप आफ्नो सांस्कृतिक मूल्य र मान्यतामा व्यापक मिश्रण तथा परिवर्तन गरेको पाइन्छ । कर्णालीको खस, काठमाडौँको नेवार, मध्य तराईको मिथिला, सुदूर पश्चिमको देउडा संस्कृतिको प्रभाव अन्य समुदायका व्यक्तिहरूमा समेत विस्तार हुँदै गएको पाइन्छ । नेपालको अनेक भूक्षेत्रमा विभिन्न जातिहरूको आपसी सम्मिलनका आधारमा भिन्न सांस्कृतिक विशेषता बोकेका अनेकौँ सांस्कृतिक समूह र क्षेत्रहरू रहेका छन् ।

## २. राष्ट्रिय झन्डा



प्रत्येक राष्ट्रको पहिचान त्यस देशको राष्ट्रिय झन्डाले प्रकट गरेको हुन्छ । राष्ट्रिय झन्डा नै विश्वलाई चिनाउने प्रतीक मानिन्छ । विभिन्न कार्यक्रममा जाँदा हाम्रा विशिष्ट अतिथिहरूले आफ्नो राष्ट्रिय झन्डालाई स्वाभिमानका साथ कुनै न कुनै रूपमा प्रकट गरेका हुन्छन् । राष्ट्रिय झन्डा हाम्रो राष्ट्रको गौरव हो । औपचारिक कार्यक्रममा, सरकारी कार्यालयहरूमा, राज्यका विशिष्ट व्यक्तिहरूको सवार गाडीमा समेत राष्ट्रिय झन्डा राख्ने गरिन्छ । विद्यालयको प्राङ्गणमा राष्ट्रिय झन्डा फहराइरहेको हुन्छ । राष्ट्रिय झन्डाले हामी समग्र नेपालीहरूको प्रतिनिधित्व साङ्केतिक रूपमा गरिरहेको हुन्छ ।

हाम्रो राष्ट्रिय झन्डा दुई ओटा त्रिकोण जोडिएर बनेको छ । भुइँमा सिम्रिक रङ र किनारमा गाढा निलो रङयुक्त झन्डाको माथिल्लो भागमा चन्द्रमा र तल्लो भागमा सूर्य छ । झन्डामा भएको रातो रङले नेपालीहरू कसैका सामु पनि नझुक्ने र साहसी हुन् भन्ने पहिचान दिएको छ । झन्डामा रहेको निलो रङले नेपालीहरूको शान्तिप्रेमी स्वभाव र अहिंसाको भावना विश्वलाई चिनाएको छ । चन्द्र र सूर्यले ब्रह्माण्डमा जबसम्म चन्द्र र सूर्य अटल भएर रहन्छन् तबसम्म यस संसारमा नेपाल पनि कसैको सामु नझुकी आफ्नो अस्तित्वलाई सदा बचाएर राख्छ भन्ने कुराको सन्देश दिएको छ ।

## ३. राष्ट्रिय गान

प्रत्येक राष्ट्रले आफ्नो गौरवका रूपमा राष्ट्रिय गानलाई लिएको हुन्छ । राष्ट्रिय गानले देशको गौरव र सम्मान बढाउँछ । हाम्रो देश नेपालमा पनि समयको अन्तरालसँगसँगै राजनीतिक परिवर्तनले राष्ट्रिय गानमा समेत समय सापेक्ष परिवर्तन गरिएको छ । राष्ट्रिय गानले राष्ट्रप्रतिको सम्मान प्रकट गर्छ । त्यसैले राष्ट्रिय गान वा धुन बज्दा सबैले आआफ्नो ठाउँबाट उठ्नुपर्छ । राष्ट्रिय गानले राष्ट्रप्रतिको दायित्व र जिम्मेवारीको बोध गराउँछ । नेपालको राष्ट्रिय गानका रचयिता प्रदीपकुमार राई (व्याकुल माइला) हुन् । दोस्रो जनआन्दोलन २०६२/६३ ले उठाएको समावेशीका मुद्दालाई ध्यानमा राखी राष्ट्रिय गान रचना गरिएको छ । नेपालमा भौगोलिक, धार्मिक, आर्थिक, सांस्कृतिक, जातिगत रूपले विविधता भएता पनि एकताको मालामा गाँस्न राष्ट्रिय गानले विशेष भूमिका निर्वाह गरेको छ ।

सयौँ थुङ्गा फुलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली

प्रकृतिका कोटि कोटि सम्पदाका आँचल
वीरहरूका रगतले स्वतन्त्रता र अटल

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

## ४. जानकी मन्दिर

जानकी मन्दिर नेपालकै सबैभन्दा ठुलो र मुगल शैलीमा निर्मित मन्दिर हो । यो मन्दिर राजस्थानी वास्तुकलाको एक उत्तम नमुना पनि हो । यसको मध्यभागमा जानकीको मुख्य मन्दिर छ । जानकी मन्दिरको पछाडिपट्टिको भागमा जनक मन्दिर छ । यस मन्दिरमा दुई प्रवेशद्वारहरू छन् । उत्तर पूर्वी ढोकामाथि दुई ओटा सिंहका मूर्तिहरू छन् । ढुङ्गाले बनाइएका यी मूर्तिहरू मूर्तिकलाका उत्कृष्ट नमुना हुन् ।

आजभन्दा सय वर्षपूर्व टिकमगढकी महारानी वृषभानु देवीले यस मन्दिरको निर्माण गराएकी थिइन् । मन्दिर निर्माणमा नौ लाख रुपियाँ खर्च भएको थियो । त्यस कारण यसरलाई 'नौलाखा' मन्दिर पनि भनिन्छ । यस मन्दिरको नजिकै राम मन्दिर पनि रहेको छ ।



*जानकी मन्दिर*

मन्दिरको उत्तर पूर्वमा लक्ष्मण मन्दिर तथा दक्षिण पश्चिममा एउटा मस्जिद छ । यो मस्जिद श्री जानकी मन्दिरको हातामा रहेकाले यी दुवैले जनकपुरमा धार्मिक सामञ्जस्यताको एउटा अनौठो नमुना प्रस्तुत गरेका छन् । मुस्लिम कालिगढद्वारा मन्दिर निर्माण गरिँदा उनीहरूलाई 'नमाज' (प्रार्थना) पढ्नका लागि मस्जिदको व्यवस्था गरिएको थियो । यो नै हाम्रो राष्ट्रिय पहिचान हो ।

## ५. पशुपतिनाथ मन्दिर

हिन्दु धर्मावलम्बीका आराध्य देव पशुपतिनाथको मन्दिरको ऐतिहासिकता अति प्राचीन छ । यस मन्दिरको निर्माण राजा धर्मदत्तले गराएका थिए । साथै शिव सिंह मल्लकी रानी र प्रताप मल्लले यसको जीर्णोद्धार गराएका हुन् । यस मन्दिर परिसरलाई विश्व सम्पदा सूचीमा पनि सूचीकृत गरिएको छ । हिन्दुहरूलाई मात्र प्रवेश गर्ने अनुमति रहेको यस मन्दिरमा पर्यटकहरू उल्लेख्य रूपमा आउने गर्छन् । यो मन्दिर प्यागोडा शैलीमा निर्माण गरिएको छ । सुनौला छाना र चाँदीका ढोकाहरू रहेको यस मन्दिरमा शिवरात्री र बाला चतुर्दशीमा ठुलो मेला लाग्छ ।


*पशुपतिनाथ मन्दिर*

आकर्षक गजुर, ध्वजा पताका, विशाल बसाहा, कलात्मक टुँडालहरू र सेरोफेरोमा रहेका अन्य मन्दिरहरूले यस मन्दिरको शोभा बढाएका छन् ।


*सगरमाथा*

## ६. सगरमाथा

नेपाल हिन्दुकुश हिमालयका गगनचुम्बी विश्व विख्यात हिम शृङ्खला र पर्वतमालाहरूले सुसज्जित देश हो । विश्वमा हाल ८००० मिटरभन्दा अग्ला हिम शिखरहरू १४ ओटा छन् । तीमध्ये आठ ओटा हिम शिखरहरू नेपालमा नै पर्छन् । नेपालको पहिचानका रूपमा सगरमाथालाई लिइन्छ । सगरमाथा २७° (डिग्री) ५९' (मिनेट) ३१" (सेकेन्ड) पूर्वी देशान्तरमा अवस्थित छ । यसको उचाइ ८,८४८ मिटर (२९,०२९ फिट) रहेको छ । सर्भेयर एन्ड्यु बाँको सिफारिसमा रोयल जियोग्राफिकल सोसाइटीका ब्रिटिस सर्भेयर कर्णेल सर जर्ज एभरेस्टका नाममा यसको नाम सन् १८६५ मा माउन्ट एभरेस्ट राखिएको हो । इतिहास शिरोमणि बाबुराम आचार्यले सन् १९५६ (वि. सं. २०१३) मा माउन्ट एभरेस्टको नेपाली नामकरण गरी सगरमाथा राखेका हुन् । उत्तरी ध्रुव र दक्षिणी ध्रुवप्रति व्यक्तिको

आकर्षण रहेको छ । त्यहाँको कठोर जीवन शैली सगरमाथामा समेत रहेकाले माइकल कर्जले सगरमाथालाई विश्वको तेस्रो ध्रुव (Third Pole) भनी नामकरण गरका हुन् ।

सगरमाथा चढ्न र हेर्न पर्यटकहरू नेपाल भ्रमणमा आउने गरेकाले देशको आर्थिक विकासमा विशेष योगदान पुगको छ । सगरमाथा नेपालीको गौरव हो, पहिचान हो ।

## क्रियाकलाप

१. राष्ट्रिय गौरवमा के के कुरा पर्छन्, सूची तयार गरी कक्षाकोठामा छलफल गर्नुहोस् ।

२. सगरमाथाले कसरी हाम्रो पहिचानलाई जोगाएको छ, कारणसहित व्याख्या गर्नुहोस् ।

३. पशुपतिनाथ र जानकी मन्दिर राष्ट्रिय गौरवका रूपमा रहनुको कारणहरू लेख्नुहोस् ।

## अभ्यास

१. हाम्रा सांस्कृतिक पहिचानका सूची तयार गर्नुहोस् ।

२. राष्ट्रिय झन्डालाई किन राष्ट्रिय गौरव मानिन्छ, कारण दिनुहोस् ।

३. 'सगरमाथा नेपालीको गौरव हो ।' यस भनाइलाई व्याख्या गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईँको समुदायमा गर्व गर्न लायक के कस्ता सांस्कृतिक वैभवहरू छन्, सोको खोजी गरी एक प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

**एकाइ : दुई** **विकास र विकासका पूर्वाधार**

पाठ १

# विकासको अवधारणा

सकारात्मक परिवर्तन र प्रगतिमूलक परिवर्तनको प्रक्रिया विकास हो । कुनै पनि कुरामा हुने सकारात्मक परिवर्तन नै विकास हो । व्यक्ति, परिवार, समुदाय, सहर र गाउँहरू परिवर्तनशील हुन्छन् । समाजका हरेक पक्षहरू परिवर्तन र गतिशील हुन्छन् । सुगम, सहज र राम्रो बनाउने उद्देश्यले पाइरहेको सुविधामा परिवर्तन गर्न खोजिन्छ । यसर्थ सुविधा युक्त ठाउँमा बस्ने व्यक्तिको जीवनमा सुधार आउँछ । सुविधा वृद्धि, जीवन शैलीको सकारात्मक परिवर्तन, सुरक्षा, भौतिक पक्षको उन्नत अवस्था लगायतका पक्षले विकासको गतिलाई प्रतिबिम्बित गर्छन् ।

संयुक्त राष्ट्रसङ्घको बडापत्रमा उल्लेख भएअनुसार "विकासले व्यक्तिको भौतिक चाहनासँग मात्र नभई सामाजिक अवस्थाको सुधार सम्बन्धी कुराहरूसँग पनि सरोकार राख्छ । तसर्थ विकास भनेको आर्थिक विकास मात्र होइन । यो त सामाजिक, सांस्कृतिक तथा संस्थागत प्रगति पनि हो ।" राष्ट्रिय रूपमा जीवन शैलीमा सुधारात्मक परिवर्तन आएपछि देशको विकास भएको मानिन्छ । विश्वका केही मुलुकहरूले तीव्र रूपमा विकास गरिरहेका छन् । त्यस्ता मुलुकहरूलाई विकसित मुलुक भनिन्छ । सामान्यतया आर्थिक तथा प्राविधिक विकास दर कम भएको र प्रतिव्यक्ति आम्दानी कम भएको मुलुकलाई विकासोन्मुख देश भनिन्छ ।

*माथिका दुई अनुच्छेदका आधारमा विकास भन्नाले के बुझ्नुभयो, शिक्षक र साथीसँग छलफल गर्नुहोस् र छलफलको सार कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।*

कुनै मुलुकमा एक वर्षभित्र उत्पादन गरिएका सबै वस्तु र सेवाको मूल्यलाई कुल राष्ट्रिय उत्पादन (Gross National Product - GNP) भनिन्छ । तर राष्ट्रिय आय (Gross National Income - GNI) मा त्यस्ता सबै वस्तु र सेवाको मूल्यका साथै वैदेशिक व्यापार, सहायता र वैदेशिक रोजगारबाट प्राप्त रकम पनि जोडिन्छ । जिएनआइलाई आर्थिक विकास मापन गर्ने एक मुख्य आधार मानिन्छ ।

कुनै निश्चित क्षेत्रको कुल घरेलु आम्दानी (Gross Domestic Income - GDI) लाई त्यस क्षेत्रको जनसङ्ख्याले भाग गर्दा आउने रकम नै प्रतिव्यक्ति आय (Per Capita Income) हो ।

प्रतिव्यक्ति आयले मात्र विकासको यथार्थ अवस्था देखाउन सक्दैन । केही धनी व्यक्तिहरूको उच्च आयले प्रतिव्यक्ति आय बढी देखिएको पनि हुन सक्छ जहाँ अत्यधिक व्यक्ति गरिबीको रेखामुनि पनि हुन सक्छन् ।

*कुल राष्ट्रिय उत्पादन (GNP), कुल राष्ट्रिय आय (GNI), कुल घरेलु आम्दानी (GDP), प्रतिव्यक्ति आय (PCI) बिच के कस्तो सम्बन्ध रहेको छ, कक्षाकोठामा छलफल गर्नुहोस् ।*

**विकासको पूर्वाधारका लागि आवश्यक पर्ने स्रोत र साधनहरू**

| स्रोत | साधन |
|---|---|
| कच्चा पदार्थ | खेतीपाती तथा जङ्गलबाट प्राप्त हुने वस्तुहरू, प्राकृतिक खनिज वस्तुहरू |
| श्रमशक्ति | दक्ष तथा अदक्ष जनशक्ति |
| पुँजी | विभिन्न किसिमका बचत, लगानी, व्यापार र उद्योगहरू |
| बजार | स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय |
| सञ्चार | टेलिभिजन, रेडियो, भूउपग्रह, फ्याक्स, हुलाक, इमेल, इन्टरनेट, टेलिफोन आदि साधनहरू |
| यातायात | सडक, हवाईमार्ग, रेलमार्ग, रज्जुमार्ग, जलमार्ग |
| शिक्षा | विद्यालय, प्राविधिक शिक्षा, विश्व विद्यालय, कलेज, सिपमूलक तालिम आदि |
| स्वास्थ्य | उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र, अस्पताल, औषधी, स्वास्थ्यकर्मी |
| ऊर्जा | जल विद्युत्, ग्यास तथा तेलको आपूर्ति, आणविक शक्ति, भौगर्भिक तापशक्ति (thermal power), सौर्यशक्ति, बायोग्यास, वायुशक्ति आदि । |
| वाणिज्य | बैङ्किङ प्रणाली, विमा, सहकारी संस्थाहरू आदि । |
| सिँचाइ सुविधा | नहर, कुलो, पैनी, ट्युबवेल, पम्पसेट, आकासे पानी सङ्कलन आदि । |

**क्रियाकलाप**

१. 'म बस्ने ठाउँमा भएका परिवर्तनहरू' भन्ने शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् । यसमा तपाईँले पहिले देखेका र अहिले देखेका भवनहरू, व्यक्तिको जीवन शैली र विचारहरूका सम्बन्धमा तुलना गर्नुहोस् ।

२. तपाईँको अभिभावकसँग सोधी आफ्नो घरको आम्दानी पत्ता लगाउनुहोस् र प्रतिव्यक्ति आय निकाल्नुहोस् ।

३. कुनै मुलुकको विकासको अवस्था झल्कने चित्र वा तस्बिरहरू स्वयम् वा दौँतरीको सहयोगमा सङ्कलन गरी एउटा ठुलो कागजमा टाँसेर पोस्टर बनाउनुहोस् र उपयुक्त शीर्षक दिनुहोस् ।

**अभ्यास**

१. विकास भनेको के हो ?

२. 'प्रतिव्यक्ति आयले मात्र विकासको यथार्थ अवस्था देखाउन सक्दैन ।' यस भनाइका बारेमा धारणा प्रस्तुत गर्नुहोस् ।

३. कुल राष्ट्रिय उत्पादन (GNP) र कुल राष्ट्रिय आय (GNI) बिचको भिन्नता उल्लेख गर्नुहोस् ।

**सामुदायिक कार्य**

अबको २० वर्षपछि हामी बसेको ठाउँमा धेरै परिवर्तनहरू हुने छन् । यहाँ नयाँ नयाँ घर, सडक र विद्यालयहरू बन्ने छन् । त्यस बेला खाना पकाउने, आय आर्जन गर्ने र फुर्सदका क्षणहरू बिताउने तरिकाहरू बेग्लै किसिमका हुने छन् । ती परिवर्तनहरू के के हुन सक्लान् ? समुदायमा रहेका योजनासँग सम्बन्धित व्यक्तिलाई सोधेर एउटा लेख तयार गर्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ २

# विकासका पूर्वसर्तहरू

विकासको पूर्वसर्त भन्नाले विकासका लागि अनिवार्य रूपमा चाहिने सकारात्मक र अनुकूल अवस्थालाई बुझाउँछ । विकासका पूर्वसर्तहरू धेरै हुन सक्छन् । यस पाठमा साक्षरता, जनसहभागिता, उद्यमशीलता र शान्ति जस्ता विकासका पूर्वसर्तहरूबारे चर्चा गरिन्छ ।

## १. साक्षरता

साक्षर भन्नाले अक्षर चिनेको वा जानेको, लिपि चिनेको, अलिकति लेखपढ गर्न सक्ने अल्प शिक्षित भनी परिभाषित गरिएको पाइन्छ । आफ्नो मातृभाषा वा भाषामा लेखिएका दैनिक जीवनसँग सम्बन्धित छोटा र साधारण वाक्यहरू बुझेर लेखपढ गर्न सक्छन् । उनीहरूले बुझेका कुरा एक आपसमा राम्ररी सञ्चार गर्न सक्ने क्षमता विकास गर्छन् । साथै साक्षरलाई साधारण हरहिसाब गर्न सक्ने बनाइन्छ ।

हिजोआज साक्षरताको परम्परागत धारणामा व्यापक परिवर्तन भइसकेको छ । पहिले 3R's (Reading, Writing and Arithmetic) को प्राप्तिलाई साक्षरता मानिन्थ्यो । हिजोआज साक्षर हुनका लागि हरेक व्यक्तिमा 7 R's प्राप्ति हुनुपर्छ भन्ने ठानिएको छ ।

**7R's भन्नाले पढाइ (Reading), लेखाइ (writing), अङ्क गणित (Arithmetic), अधिकार (Rights), उत्तरदायित्व (Responsibilities), अन्तरसम्बन्ध (Relationship), मनोरञ्जन (Recreation) पर्छन् ।**

यसर्थ साक्षरता सामान्य लेख्ने र पढ्ने कार्यमा मात्र सीमित नभएर व्यक्तिको अन्तरनिहित क्षमता विकसित हुने अवसर प्राप्तिसँग सम्बन्धित हुन्छ । साक्षरतालाई सशक्तीकरणको माध्यमका रूपमा लिनुपर्छ । नेपालमा साक्षरता कार्यक्रमको सुरुआत गुरुकुल शिक्षा प्रणालीबाट भएको अनुमान गर्न सकिन्छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल साक्षरता प्रतिशत ६५.९ प्रतिशत रहेको छ । साक्षरता भनेको पढाइ लेखाइका सिप मात्र नभएर नागरिकको दैनिक जीवन र व्यवहारको पद्धति पनि भएकाले यसमा सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक पक्षहरू समेत जोडिएर रहेको हुन्छ । साक्षरताले चेतना जागरण, सामाजिक मूल्यप्रति सचेतना, विकासमा जनसहभागिता, सामाजिक सद्भाव र सहयोग बढाई विकासात्मक कार्य अघि बढाउन मदत गर्छ । साथै यसले उद्यमशीलता, आय आर्जनमा वृद्धि, अधिकारप्रति सचेत तथा कर्तव्य र दायित्व बोध गर्न सहयोग गर्छ ।

## २. जनसहभागिता

पोखराको दक्षिणी भेगका कृषकहरूले यथेष्ट जग्गा जमिन भए पनि सिँचाइको अभावमा राम्रोसँग अन्नबाली उब्जाउन सकेका थिएनन् । यसर्थ त्यहाँका स्थानीय बासिन्दाहरूले फेवातालको पानीबाट

सिँचाइ गर्न एउटा उपभोक्ता समूह बनाए । स्थानीय श्रम जुटाई सिँचाइको प्रबन्ध मिलाए । उपलब्ध भएको सम्पूर्ण पानी समूहका सदस्यहरूलाई बराबर बाँडियो । सदस्यहरूले प्राप्त सुविधाको सदुपयोग गरे अहिले तिनीहरू बारै महिना खेतीबाली लगाउँछन् र त्यसबाट प्रशस्त आम्दानी गर्छन् । त्यस आम्दानीबाट उनीहरू ऋण तिर्न, आयोजनाको लागत खर्च बेहोर्न र आयोजनाको सुधारका लागि योगदान दिन सक्ने भएका छन् ।

गोरखा जिल्लाका केही महिलाहरूले पैसा जम्मा गरी पुस्तकहरू किने । उनीहरूले उपभोक्ता समूह पनि गठन गरे । समूहको सदस्यता शुल्क उठाए । त्यसबाट पुस्तकालय स्थापना गरे । पुस्तकालयका लागि थप पुस्तक र पत्र पत्रिका सङ्कलन तथा खरिद गरी पुस्तकालयलाई व्यवस्थित गरेका छन् । यस किसिमको जनता स्वयम् आफ्नो गाउँ टोलको विकास निर्माणमा सहभागी भई निर्णय गर्ने, कार्यक्रम बनाउने तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्य नै जनसहभागिता हो ।

विकास निर्माणका लागि उचित निर्णय लिन, स्रोत जुटाउन, जिम्मेवारी बोध गर्न र कामप्रति अपनत्व ग्रहण गर्न जनसहभागिताको महत्त्वपूर्ण भूमिका हुन्छ ।

### ३. उद्यमशीलता

विकासका पूर्वसर्तमध्ये उद्यमशीलता पनि एक हो । उद्यमशीलताबिना उद्योग, व्यापार, कृषि आदि क्षेत्रमा संलग्न भएर पनि अपेक्षित विकास गर्न सकिँदैन । उद्यमशीलता व्यक्तिले जोखिम उठाएर उत्पादनका प्रक्रियामा संलग्न रहने व्यावसायिक गतिविधि हो । यसबाट उपलब्ध स्रोत र साधनको अधिकतम सदुपयोग हुन्छ । उद्यमशीलताले समाजमा स्वरोजगारको अवसर सिर्जना हुन्छ । रोजगारीका अवसर वृद्धि हुन्छ । व्यक्तिगत तथा राष्ट्रिय अर्थतन्त्र सबल र सुदृढ हुन्छ । यसर्थ देश र समाजको विकासका लागि नागरिकमा उद्यमशीलताको भावना वृद्धि गर्नु आवश्यक छ । यसले राष्ट्रिय अर्थतन्त्रको विकास र विस्तारमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।

राष्ट्रको अर्थतन्त्र उद्योग वाणिज्य क्षेत्रको विकास एवम् विस्तारमा निर्भर रहेको हुन्छ । उद्योग वाणिज्यको विकास एवम् विस्तार उद्यमीहरूको उद्यमशीलतामा नै भर पर्छ । उद्यमीहरूको उद्यमशीलताले गर्दा आज विश्व अर्थतन्त्रको तीव्र रूपमा विकास भएको छ । विश्वमा नयाँ नयाँ उद्योग व्यापारका क्षेत्रहरू विस्तार भएका छन् । आधुनिक यन्त्र र सरसामानले आज मानव जीवन स्तरीय र सुविधा युक्त भएको छ । यसरी मानव जीवन शैली र व्यवहारमा परिवर्तन आउनुमा उद्यमशीलताको विशेष भूमिका रहेको छ ।

### ४. शान्ति

विकासका पूर्वसर्तहरूमा शान्ति पनि महत्त्वपूर्ण सर्त हो । यस सम्बन्धमा सरस्वती माध्यमिक विद्यालय, कल्लेरी, धादिङमा अध्ययनरत कक्षा ९ का विद्यार्थी र शिक्षक वासुदेवबिच भएको संवादलाई तल प्रस्तुत गरिएको छ :

नवराज : सर, शान्ति भनेको के हो ?

शिक्षक : हरेक व्यक्तिहरूले एकअर्काबिचमा द्वेष, कलह, मनमुटाव, ईर्ष्या, बेमेल जस्ता भावना नराखी सामूहिक रूपमा मिलेर बस्नु नै शान्ति हो ।

कमला : सर, विकास र निर्माण सम्बन्धी कार्यहरूमा कसरी शान्तिले प्रभाव पार्छ ?

शिक्षक : विकास त्यति बेला सम्भव हुन्छ जति बेला समाजमा शान्ति कायम हुन्छ । अशान्तिको अवस्थामा समाजका प्रत्येक सदस्यहरूबिच असझदारी रहन्छ । विकास असमझदारीमा हुन सक्दैन किनभने उनीहरूबिच एकअर्कामा मनमुटाव हुन्छ । विकास एक्लै सम्भव छैन । त्यसका लागि सबैले शान्ति, समझदारी र सहमतिमा रहेर कार्य गर्नुपर्छ । समाजमा पनि समाजका प्रत्येक व्यक्तिहरूबिच समझदारी, सहमति र एकता भएमा मात्र विकास सम्भव हुन्छ ।

पद्म : रेडियो, टेलिभिजन, पत्र पत्रिकामा सामाजिक नेतृत्व कर्ताहरूले दिगो शान्ति ल्याउनुपर्छ भन्ने कुरालाई जोड दिएका छन् । दिगो शान्ति भनेको के हो नि सर ?

शिक्षक : दिगो शान्ति भनेको भविष्यमा समाजका व्यक्तिहरूबिच असमझदारी नहुने अवस्था हो । द्वन्द्वका कारणहरूलाई समयमै पहिचान गरी न्यूनीकरण वा अन्त्य गरी शान्ति कायम गर्नु नै दिगो शान्ति हो । दिगो शान्तिले वर्तमानको क्षणिक शान्तिलाई मात्रै नजनाई दीर्घकालीन शान्तिलाई प्रतिबिम्बित गर्छ ।

दुर्गा : एउटा पत्रिकामा द्वन्द्व विकासको पूर्वाधार हो भन्ने लेखिएको थियो । तर यहाँ त शान्तिलाई पूर्वाधारका रूपमा प्रस्तुत गरिएको छ । दुवैलाई कसरी विकासका पूर्वाधारका रूपमा हेर्न सक्छौँ, सर ?

शिक्षक : यसले भौतिक द्वन्द्व र झैझगडालाई भन्न खोजेको होइन । अन्तरक्रिया मन्थनले नयाँ विचार उत्पन्न गर्छ । यस्तो द्वन्द्वले विकासको नयाँ बाटो खोलिदिन्छ भनेको हो । त्यस्तै शान्तिपूर्ण अवस्थामा मात्र विकासका गतिविधिले तीव्रता पाउने र बिना अवरोध कार्य सम्पन्न हुने अवस्था रहन्छ ।

बाबुराम : शान्ति स्थापना गर्न के गर्नुपर्छ, सर ?

शिक्षक : समाजमा रहेका व्यक्तिहरूबिच एक आपसमा प्रभावकारी तरिकाले संवाद हुनुपर्छ । संवादले नै एकअर्कालाई बुझ्न सहयोग गर्छ । समानुभूति पनि शान्ति स्थापना गर्ने एक माध्यम हो । भनाइ र गराइमा एकरूपता, गर्न लागेको कामले गर्ने असर वा प्रभावको पूर्वानुमान, सकारात्मक चिन्तन र सेवाभाव जस्ता पक्षहरू पनि शान्ति स्थापनाका प्रमुख तत्त्व हुन् । यस बेला आफ्नो सोच र कार्यका बारेमा स्वमूल्याङ्कन गर्नु नै धेरै राम्रो हो ।

## क्रियाकलाप

१. 'साक्षरता नै देश विकासको मुख्य आधार हो' भन्ने शीर्षकमा वक्तृत्व कला प्रतियोगिता आयोजना गर्नुहोस् ।

२. अनौपचारिक शिक्षा कार्यक्रमबाट तपाईँको समुदायमा साक्षर भएका व्यक्तिलाई भेटी साक्षरता कार्यक्रमले उनीहरूलाई पुऱ्याएको फाइदाहरू टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. के माथि उल्लेख गरिएको साक्षरताको परिभाषा फरक क्षमता भएका विद्यार्थीहरूको सन्दर्भमा उपयुक्त होला ? समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

४. उद्यमशीलताका विशेषताहरूका बारेमा कक्षामा छलफल गरी चार्ट बनाउनुहोस् ।

५. 'उद्यमशीलता विकासको पूर्वसर्त हो ।' यस भनाइलाई आफ्नो गहकिला तर्कसहित प्रमाणित गर्नुहोस् ।

६. 'विद्यालयलाई शान्ति क्षेत्र बनाउनुपर्छ' भन्ने विषयमा कुनै दुई व्यक्तिबिचको संवाद तयार गर्नुहोस् ।

७. तल दिइएको अनुच्छेद पढी प्रश्नहरूको जवाफ दिनुहोस् :

सन् १९५५ मा अमेरिकाको वासिङ्टन (Washington) मा जन्मेका बिल गेट्स (Bill Gates) कम्प्युटर सफ्टवेयर एक व्यवसायी हुन् । माइक्रोसफ्ट कम्पनी (Micrfosoft Company) का मालिक गेट्स १३ वर्षको कलिलो उमेरदेखि नै कम्प्युटर प्रोग्राममा अभिरुचि राख्थे । गेट्सको सिर्जना, व्यावसायिक रणनीति र आक्रामक प्रतिस्पर्धात्मक जुक्तिले गर्दा उनी एक सफल उद्यमी बन्न सफल भए । सफ्टवेयर व्यवसायबाट धनी भएका उद्यमी बिल गेट्स एक प्रतिभाशाली व्यवसायी, आविष्कारक तथा माइक्रोसफ्ट कम्पनीका संस्थापक अध्यक्ष हुन् । सन् २०१२ मा विश्वमा दोस्रो धनी उद्यमी बन्न सफल बिल गेट्सको त्यस बेलाको कुल सम्पत्ति ६७० खर्ब डलर रहेको थियो ।

**प्रश्नहरू**

(क) बिल गेट्स कुन क्षेत्रका उद्यमी हुन् ?

(ख) उल्लिखित अनुच्छेदको अध्ययनबाट के सिक्नुभयो, उल्लेख गर्नुहोस् ।

(ग) बिल गेट्सलाई सफल उद्यमी बनाउने कारक तत्त्वहरू के के हुन्, चर्चा गर्नुहोस् ।

(घ) बिल गेट्स जस्तै कुनै एक उद्यमीका बारेमा तथ्य सङ्कलन गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

८. पूर्वाधार निर्माणमा स्थानीय सहभागिता र वैदेशिक सहायताका सम्बन्धमा तलका भनाइहरू ठिक छन् वा छैनन्, कारण दिनुहोस् :

| | |
|---|---|
| हो, हामी सानै रूपमा भए पनि सेवा उपलब्ध गराउँछौं । गाउँप्रति हाम्रो जिम्मेवारी छ । | होइन, हामीलाई त ठुला ठुला कार्यका लागि अन्तर्राष्ट्रिय सहयोग चाहिन्छ । |
| हो, तर तिनीहरूले नाफा कमाउने मात्र नभई सेवा पनि उपलब्ध गराउनुपर्दछ । | तिनीहरूको सहयोग महत्त्वपूर्ण छ तर हामी सधैँ तिनीहरूमाथि भर पर्नुहुँदैन । |
| हो, तर धेरै गरिब जनता तिर्न सक्दैनन् । | हो, तर तिनीहरूले कर वृद्धि गर्नुपर्ने आवश्यकता रहन्छ । |

## अभ्यास

१. साक्षरता भन्नाले के बुझ्नुहुन्छ, लेख्नुहोस् ।

२. वि. सं. २०३८, २०४८, २०५८ र २०६८ बिचको साक्षरताको अवस्था र वृद्धिदर बिच तुलना गर्नुहोस् ।

३. जनसहभागिताको महत्त्व उल्लेख गर्नुहोस् ।

४. उद्यमशीलता भन्नाले के बुझ्नुहुन्छ, उल्लेख गर्नुहोस् ।

५. शान्ति स्थापना कसरी गर्न सकिन्छ ?

५. शान्ति र विकासबिचको सम्बन्धबारे चर्चा गर्नुहोस् ।

## सामुदायिक कार्य

आफ्नै विद्यालयको सम्बन्धमा अभिभावक र अन्य आगन्तुकका लागि पनि उपयोगी हुने एउटा परिचय पुस्तिका तयार पार्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ ३

# विकासका पूर्वाधारहरू



मुलुकको आर्थिक तथा सामाजिक विकासका निम्ति उपलब्ध गराइने आधारभूत सेवा सुविधालाई विकासका पूर्वाधार भनिन्छ । देश विकासका लागि विकासका पूर्वाधार निर्माण गर्न स्रोत र साधनका अतिरिक्त उपयुक्त जनशक्ति चाहिन्छ । समुदायमा बस्ने व्यक्तिहरूको सचेतना बढाउन र स्वस्थ राख्न शिक्षा र स्वास्थ्य सुविधाहरू उपलब्ध हुनुपर्छ । मुलुकको आर्थिक तथा सामाजिक विकासका लागि यस्ता आधारभूत सेवा तथा सुविधाहरूको विशेष महत्त्व हुन्छ । प्राकृतिक साधन स्रोतको सदुपयोग गर्न तालिम प्राप्त प्राविधिक जनशक्तिको खाँचो पर्छ । यसका लागि शिक्षा नै सशक्त माध्यम हो ।

**नेपालको पूर्वाधार विकासमा रहेका समस्याहरू**

(क) पुँजीको अभाव हुनु ।

(ख) प्राविधिक दक्ष जनशक्तिको कमी भएका कारण पूर्वाधार निर्माण कार्यले गति लिन नसक्नु ।

(ग) उपकरणहरूको अभावका कारण पूर्वधार विकास र सञ्चालनमा कठिनाइ हुनु ।

(घ) जनचेतनाको कमीका कारणले उपलब्ध स्रोत र साधनको प्रयोग गर्न नसक्नु ।

(ङ) कठिन र कमजोर भूधरातल भएका कारण निर्माण भएका पूर्वाधारहरू बिग्रने र नष्ट हुने क्रम जारी रहनु ।

(च) बाढी, पहिरो, भूकम्प जस्ता दैवी प्रकोपको मार निरन्तर परिरहनु ।

(छ) धार्मिक र सांस्कृतिक व्यवधानका कारण भएका स्रोत र साधनको उपयोग गर्न नसक्नु ।

(ज) आवश्यक्ताभन्दा बढी परनिर्भरता बढ्नु र आफ्नै देशभित्र पुँजी निर्माण गर्न नसक्नु ।

## १. शिक्षा

व्यक्तिको शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक र नैतिक विकासका लागि शिक्षा अत्यावश्यक हुन्छ । शिक्षा जीवन पर्यन्त चलिरहने प्रक्रिया हो । व्यक्तिले शिक्षा विभिन्न तरिकाबाट प्राप्त गर्छ । सामान्यत: व्यक्तिले औपचारिक, अनौपचारिक वा अनियमित माध्यमबाट शिक्षा हासिल गरिरहेको हुन्छ ।

कुनै पनि देशको महत्त्वपूर्ण स्रोत भनेको त्यस देशका बासिन्दाहरू नै हुन् । तर तिनीहरू सहज, सक्रिय र सुझबुझपूर्ण ढङ्गले काम गर्न शिक्षित भएको हुनुपर्छ । शिक्षाले चेतनाको स्तर वृद्धि गर्छ । चेतनाले व्यक्तिको चौतर्फी विकासमा टेवा पुऱ्याउँछ । शिक्षाले सिप र व्यवहार सिकाउँछ । शिक्षाले गुणात्मक जीवनयापन गर्न सक्षम बनाउँछ । शिक्षाले अन्य क्षेत्रका विकासका ढोकाहरू खोल्ने हुँदा यसलाई विकासको महत्त्वपूर्ण पूर्वाधारका रूपमा लिन सकिन्छ । शिक्षाले विभिन्न विकासका क्षेत्रलाई ज्ञान, सिपयुक्त जनशक्ति उत्पादन गर्न सहयोग गर्छ । यसले अधिकार र कर्तव्यप्रति सचेत भई व्यक्ति, परिवार, समाज र राष्ट्रप्रति दायित्व बोध भएको जिम्मेवार नागरिक तयार गर्छ ।

शिक्षाले नागरिकलाई सिर्जनशील बनाउन सहयोग गर्ने हुनाले यसको विशेष महत्त्व छ । आर्थिक विकासमा टेवा पुऱ्याउन, समस्याको समाधान गर्न र उद्यमशील तथा स्वावलम्बी बन्न पनि यसले सहयोग पुऱ्याउने हुँदा यसको महत्त्व अझ बढ्दै गएको छ । भाषिक व्यवहारमा सक्षम हुन, घर व्यवहार सफलतापूर्वक सञ्चालन गर्न, समाजमा परिवर्तनको लागि भूमिका खेल्न, सही समयमा उचित निर्णय लिन, नैतिकवान् एवम् चरित्रवान् बन्न पनि शिक्षाको महत्त्व रहन्छ । चेतना अभिवृद्धि, जिम्मेवारी बहन, सहयोगी भावना विकास गर्न शिक्षाको महत्त्व रहन्छ ।

## २. स्वास्थ्य

हाम्रो देशमा व्याप्त गरिबी, अशिक्षा र जनचेतनाको अभावमा व्यक्तिहरूको स्वास्थ्यमा अपेक्षाकृत सुधार हुन सकेको छैन । सबै ठाउँमा अस्पताल खोल्न र डाक्टर पठाउन सरकार लागिपरेको छ । तर अझै पनि कहीँ अस्पताल छन् त डाक्टर छैनन्, कहीँ अस्पताल र डाक्टर छन् भने आवश्यक उपकरण र औषधी छैनन् । यस अवस्थालाई परिवर्तन गरी जनताको स्वास्थ्यमा सुधार ल्याउनु जरुरी छ ।

पर्याप्त पोषण, रोगको सङ्क्रमणको कमी, औषधी उपचारको सुविधा, व्यायाम आदिका कारण व्यक्ति निरोगी हुन्छ । उसको औसत आयु पनि बढी हुन्छ । जुन देशको औसत आयु बढी हुन्छ, त्यस देशका जनताको स्वास्थ्यको अवस्था राम्रो मानिन्छ । हाम्रो देशका जनताहरूको औसत आयु विकसित मुलुकका व्यक्तिहरूको तुलनामा निकै कम रहेको छ । हाम्रो देशमा पनि सहरी जनसङ्ख्या निकै बढेर गएको छ । तर नियमित व्यायाम, सन्तुलित भोजन र शारीरिक श्रमको अभावले गर्दा उनीहरूमा स्वास्थ्य सम्बन्धी समस्याहरू देखिएका छन् । नेपालमा हाल आधारभूत स्वास्थ्य सुविधा प्रदान गर्न गाउँ सहरमा उपस्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र तथा अस्पताल सञ्चालित छन् । हरेक टोल र वडामा स्वास्थ्य स्वयम् सेविकाहरू परिचालित छन् ।

स्वास्थ्य विकासको अर्को महत्त्वपूर्ण पूर्वाधार हो । स्वास्थ्य जनशक्तिले देश विकासमा प्रभावकारी भूमिका खेल्न सक्छ । स्वस्थ जनशक्तिले बढी श्रम र मिहिनेत गर्न सक्छन् ।

## ३. विद्युत्

धेरै वर्षअघि पेमा दुर्गम जिल्लाबाट काठमाडौँमा पढ्न आएकी थिइन् । कहिले सहर नदेखेकी पेमाका लागि विद्युत् र टेलिफोन नौला वस्तु थिए । स्विच थिच्ने बित्तिकै कोठा उज्यालो हुने, हिटर बाले कोठा न्यानो हुने, पङ्खा घुम्ने भएकाले विद्युत् शक्तिका बारेमा उनलाई जान्न मन लागेको थियो । यी सबै कार्य गर्दा स्विच थिचेको देख्दा उनलाई अचम्म लाग्थ्यो । टाढा टाढाका व्यक्तिहरूसँग कुराकानी गर्न पाउँदा उनी छक्क परेकी थिइन् ।

शारदा इलेक्ट्रिकल इन्जिनियर हुन् । तिनीबाट पेमाले विद्युत्को प्रयोग गर्ने सम्बन्धमा धेरै कुरा सिकेकी थिइन् । त्यसै बेला आफू भविष्यमा इन्जिनियर हुने अठोट गरेकी हुन् । पेमाले धेरै मिहिनेत गरेर पढिन् र तिनको सपना साकार भयो । हाल पेमा पनि विद्युत् इन्जिनियर भएर काम गरिरहेकी छन् । पेमाले पहाडी क्षेत्रमा कार्यरत रहँदा स्थानीय स्तरमा जनसहभागिता जुटाएर स्थानीय खोल्सा र खोलाको पानीद्वारा विद्युत् निकाली धेरै ओटा गाउँलाई उज्यालो पारिन् । हिमाली क्षेत्रमा हावाद्वारा पङ्खा घुमाएर विद्युत् उत्पादन गरी अस्पताल, साना कारखानाहरू र जनताका घर घरमा बिजुलीको उज्यालो पुऱ्याउन नेतृत्व लिइन् । उनले जल विद्युत् नपुगेको ठाउँमा सौर्य शक्तिको उपयोगद्वारा विद्युत् उत्पादन गर्न सहयोग गरिन् । सौर्य शक्तिबाट विद्युत् उत्पादन गर्ने काम महँगो भएकाले अझै पनि गरिब जनताले विद्युत्को उपभोग गर्न पाएका छैनन् । पेमा सौर्य शक्तिबाट कम लागतमा विद्युत् शक्ति कसरी निकाल्न सकिन्छ भनी अनुसन्धान गरिरहेकी छिन् । तिनले आफ्नो देशलाई विद्युत्को उज्यालोले जगमग बनाउने सपना देखेकी छन् ।

**नेपालका केही जल विद्युत् आयोजनाहरू**

| जल विद्युत् आयोजना | रहेको स्थान | उत्पादन |
|---|---|---|
| मर्स्याङ्दी जल विद्युत् आयोजना | तनहुँ | ६९ मेगावाट |
| कुलेखानी जल विद्युत् आयोजना (प्रथम) | मकवानपुर | ६० मेगावाट |
| त्रिशुली जल विद्युत् आयोजना | नुवाकोट | २१ मेगावाट |
| सुनकोसी जल विद्युत् आयोजना | सिन्धुपाल्चोक | १००५ मेगावाट |
| भोटेकोसी जल विद्युत् आयोजना | सिन्धुपाल्चोक | ४२ मेगावाट |
| काली गण्डकी 'ए' जल विद्युत् आयोजना | स्याङ्जा | १४४ मेगावाट |
| चिलिमे जल विद्युत् आयोजना | रसुवा | २० मेगावाट |
| मोदीखोला जल विद्युत् आयोजना | पर्वत | १४ मेगावाट |
| माथिल्लो तामाकोसी जल विद्युत् आयोजना | दोलखा (निर्माणाधीन) | ४५६ मेगावाट |
| झिमरुक जल विद्युत् आयोजना | प्युठान | १२ मेगावाट |

## ४. सञ्चार

विद्यार्थी जीवनमा पेमाले घर पठाएको चिठी पुग्न एक महिना लाग्थ्यो । तर अचेल टेलिफोनबाट जुनसुकै ठाउँमा चाहेको बेलामा कुरा गर्न सकिन्छ । उनी स्काइप र भाइबरका माध्यमले प्रत्यक्ष रूपमा हेर्दै कुराकानी गर्न सक्छिन् । मोबाइलमै फेसबुक चलाउँछिन् र हरदम संसारभरि सम्पर्कमा रहन्छिन् । उनका दुई छोरीहरू छन् । उनीहरू इन्टरनेट प्रयोग गरी कम्प्युटरबाट धेरै कुरा सिक्छन् । पेमाका बुबा पनि स्थानीय विद्यालयमा प्रधानाध्यापक छन् । पेमा रेडियो र टेलिभिजनबाट ज्ञान विज्ञान सम्बन्धी समाचार सुन्ने गर्छिन् । उनी विदेशमा आफ्ना अनुसन्धानहरू फ्याक्स र इमेलका माध्यमबाट पठाउने र विदेशबाट सूचनाहरू पाउने गर्छिन् । ताररहित फोन र मोबाइल फोनका माध्यमबाट देशमा कुनाकाप्चासम्म सञ्चार सुविधा पुगेको छ । एफ्एम रेडियोहरूले हरेक घण्टा समाचार प्रसारण गर्छन् । निजी तथा सरकारी टेलिभिजन संस्थाहरूले थुप्रै कार्यक्रमहरू प्रसारण गर्छन् । यसबाट सर्वसाधारणले पर्याप्त सूचना लिनुका साथै मनोरञ्जन प्राप्त गरेका छन् । विद्युत्बिना आधुनिक सञ्चारका साधनहरू नचल्ने हुँदा यसलाई आधुनिक जीवनको अभिन्न अङ्ग मानिन्छ ।

## ५. यातायात

नेपालमा आ. व. २०७१/०७२ को अन्त्यसम्म डोल्पा र हुम्ला बाहेकका सबै जिल्लामा सडक यातायात जोडिएका छन् । नेपालमा सबैभन्दा पुरानो राजमार्ग त्रिभुवन राजपथ हो । यो वि. सं. २०१३ सालमा भारतको सहयोगमा निर्माण भएको हो ।

**घटना नं. १ :**

हुम्लाकी मीना लामा अध्ययनका लागि काठमाडौँमा बस्छिन् । उनलाई बेला बेलामा घर जानुपर्छ तर सडक यातायातको सुविधा छैन । हवाईजहाजमा गए पनि धेरै दिन नेपालगञ्जमा कुर्नुपर्ने र खर्चिलो पनि हुने हुन्छ । त्यसैले मीना समस्यामा परेकी छिन् ।

**घटना नं. २ :**

मुस्ताङ निवासी पेम्बा पोखरा बजारमा स्याउ किन्न परमेश्वर साहको पसलमा गए । प्रतिकिलो स्याउको मूल्य एक सय रुपियाँ तिर्दा उनलाई नराम्रो लाग्यो । मुस्ताङमा बिस रुपियाँमा प्रतिकिलो स्याउ बेचेका पेम्बालाई प्लेनमा स्याउ ल्याउनु परेका कारण यस्तो भएको हो जस्तो लाग्यो । उनले सडकलाई सुचारु गर्न पहल गर्ने निधो गरे ।

नेपालमा हिमाली र पहाडी भूभाग धेरै भएकाले सडक सञ्जाल विकास गर्न कठिन र खर्चिलो छ । यदि सडक सञ्जाल विकास गरे सडक यातायात नै नेपालका लागि तुलनात्मक रूपमा सुलभ, सस्तो एवम् भरपर्दो यातायात हो । यसर्थ चालु तेरौँ योजनाले सडक यातायातको क्षेत्रमा निम्न लिखित रणनीतिहरू लिएको छ :

(क) जिल्ला सदरमुकाम तथा महत्त्वपूर्ण सिमानाको नाकालाई जोड्ने सामारिक सडक सञ्जाल निर्माण कार्यलाई निरन्तरता दिने लगायत सहरी सडकको निर्माण, स्तरोन्नति एवम् विकासलाई प्राथमिकता दिने,

(ख) काठमाडौँ उपत्यकालाई तराईसँग जोड्ने वैकल्पिक राजमार्गको निर्माण कार्य थालनी गर्ने,

(ग) घना बस्ती र सिमाना क्षेत्रको विकासका साथै कृषि एवम् औद्योगिक पैदावारको व्यापारिक केन्द्र एवम् बजारसम्मको पहुँच सहज बनाउने । यसका लागि तराई र पहाडी क्षेत्रमा पर्ने सामरिक महत्त्वका सडकहरूको स्तरोन्नति गर्ने,

(घ) दुर्गम क्षेत्रमा सेवामा पहुँच नभएका र आर्थिक दृष्टिकोणले सम्भावना बोकेका क्षेत्रहरू जोड्ने पूर्व पश्चिम, उत्तर दक्षिण, मध्य पहाडी सडक कोरिडोरको विकास गर्ने,

(ङ) पूर्व पश्चिम राजमार्गलाई एसियाली राजमार्ग तथा क्षेत्रीय व्यापार मार्गका रूपमा विकास गर्ने,

(च) विद्यमान सडकहरूको मर्मत सम्भार, पुन:निर्माण तथा प्रभावकारी रूपमा सञ्चालन गर्न योजनाबद्ध सडक सम्पत्ति व्यवस्थापन प्रणालीको विकास गर्ने,

(छ) विकेन्द्रीकरणको नीतिअनुरूप स्थानीय सडकहरूको सञ्चालन र मर्मत सम्भारको जिम्मा सम्बन्धित स्थानीय निकायहरूलाई हस्तान्तरण गर्ने,

(झ) सडक सुरक्षा, वातावरण र अन्य अध्ययन कार्यलाई निरन्तरता दिने,

(ञ) जलमार्ग, रेलमार्ग तथा रज्जुमार्ग जस्ता यातायातका वैकल्पिक प्रविधि युक्त साधनहरूको विकासका लागि कार्यक्रम सुरु गर्ने,

(ट) सडकलगायत वैकल्पिक यातायातको विकासमा निजी क्षेत्रको संलग्नता आकर्षित गर्न कानुनी एवम् नियमनको व्यवस्थालाई समय सापेक्ष परिमार्जन गरी व्यावहारिक तथा सरल बनाउने ।



नेपालका केही राजमार्ग र कोड नं.

| क्र. सं. | कोड | जोड्ने स्थान | राजमार्गको नाम | लम्बाइ |
|---|---|---|---|---|
| १. | H01 | मेची-महाकाली | महेन्द्र राजमार्ग | १२७.६७ कि. मि. |
| २. | H02 | वीरगञ्ज-काठमाडौँ | त्रिभुवन राजपथ | १८८.७९कि. मि. |
| ३. | H03 | काठमाडौँ-कोदारी | अरनिको राजमार्ग | ११२.८३ कि. मि. |
| ४. | H0b\w | नौबिसे-पोखरा | पृथ्वी राजमार्ग | १७३.४३ कि. मि. |
| ५. | H05 | नारायणघाट-मुग्लिङ | मदन आश्रित राजमार्ग | ३६.१६ कि. मि. |
| ६. | H06 | भिट्टामोड-सिन्धुली धुलिखेल | विपी राजमार्ग | १९८ कि. मि. |
| ७. | H07 | केचना-ताप्लेजुङ | मेची राजमार्ग | २६७ कि. मि. |
| ८. | H08 | रानी-हिले | कोसी राजमार्ग | १११ कि. मि. |
| ९. | H09 | कदमाह-सल्लेरी | सगरमाथा राजमार्ग | २६५ कि. मि. |
| १०. | H10 | सुनौली-पोखरा | सिद्धार्थ राजमार्ग | १८३ कि. मि. |
| ११. | H11 | अमेलिया-मुसिकोट | राप्ती राजमार्ग | १९६ कि. मि. |
| १२. | H12 | नेपालगञ्ज-सुर्खेत | रत्न राजमार्ग | ११३ कि. मि. |
| १३. | H13 | सुर्खेत-जुम्ला | कर्णाली राजमार्ग | २१० कि. मि. |
| १४. | H114 | मोहनापुल-दार्चुला | महाकाली राजमार्ग | ३२० कि. मि. |
| १५. | H15 | स्याउले बजार | सेती राजमार्ग | ६४ कि. मि. |

### ६. खाने पानी

पिउने पानी मानव जीवनका लागि नभई नहुने वस्तु हो । यसको अभावमा व्यक्ति बाँच्न सक्दैन । नेपालमा हालसम्म पनि एक तिहाइभन्दा बढी जनतालाई पिउने पानीको सुविधा पुऱ्याउन सकिएको छैन । बढ्दो सहरीकरण, औद्योगीकरण र बढ्दो जनसङ्ख्याको चापले गर्दा पिउने पानीको माग बढ्न गई पिउने पानीको स्रोत खोज्न टाढा जानुपर्ने बाध्यता छ । पिउने पानीको स्रोतहरू बसोबास क्षेत्रभन्दा भौगोलिक रूपमा टाढा हुनाले परियोजनाको खर्च वृद्धि हुने समस्या रहेको छ । निर्माण सामग्रीहरूको स्तर वृद्धि, दक्ष जनशक्तिको उत्पादन, प्रशोधन प्रणालीको स्थापना, सूचना व्यवस्थापन

प्रणालीको विकास गरी यसमा सुधार गर्न सकिन्छ । साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूको सहयोगमा आधुनिक प्रविधिको उपयोग गरी पिउने पानीको शुद्धता र वितरण प्रणालीमा सुधार गर्न सकिन्छ ।

पिउने पानीको चुहावट, स्रोतको संरक्षण तथा पानीको समुचित प्रयोगमा उपभोक्ताहरूलाई सजग गराउनुपर्छ । पिउने पानीको आयोजना निर्माणदेखि सञ्चालन कार्यसम्ममा सहभागी बनाउनुपर्छ ।

पिउने पानीले वैयक्तिक स्वास्थ्यका माध्यमबाट उद्योग, होटेल, व्यवसाय सञ्चालनमा विशेष भूमिका खेल्छ । त्यसैले राज्यले जनताको स्वास्थ्यलाई पहिलो प्राथमिकता दिँदै पिउने पानीको व्यवस्थालाई विकासको महत्त्वपूर्ण पूर्वाधारका रूपमा लिएको हो ।

विश्वभर सहरीकरण अभियान चलिरहेको छ । यसर्थ सहरी क्षेत्रमा तीव्र गतिमा बढेको जनसङ्ख्याका कारण पिउने पानीको अभाव दिनदिनै बढ्दै छ । फलस्वरूप पानीको शुद्धता तर्फभन्दा आपूर्तितर्फ सबैको ध्यान गएको पाइन्छ । पहाडी क्षेत्रमा पनि पानीको मूलबाट उचित वितरण गर्ने व्यवस्थित प्रणाली सञ्चालनमा आउन सकेको छैन । मुलबाट प्रशोधित र शुद्ध पानी उपलब्ध गराउनेतर्फ ध्यान पुग्न सकेको छैन । तराई क्षेत्रमा भूमिगत जलको अत्यधिक प्रयोग हुन्छ । भूमिगत पानीमा पनि आर्सेनिक जस्तो विषाक्त पदार्थ पाइने र त्यसबाट जनस्वास्थ्यमा नकारात्मक प्रभाव परिरहेको हुँदा शुद्ध पानीको वितरण आवश्यक देखिन्छ ।

नेपालमा वर्षायाममा आकाशबाट पर्ने पानी पिउन योग्य हुन्छ । छाना वा कौसीमा परेको आकासे पानीलाई जमिनमुनि ट्याङ्की राखेर जम्मा गर्न सके सुख्खायामको पानीको अभावलाई धान्न सकिन्छ ।

### क्रियाकलाप

**१. 'शिक्षा विकासको महत्त्वपूर्ण पूर्वाधार हो ।' यस विषयमा कक्षामा वक्तृत्व कला प्रतियोगिताका निम्ति वक्तृत्व तयार गर्नुहोस् ।**

**२. नेपालमा विकासका पूर्वाधारहरूको अपेक्षित विकास हुन नसक्नुका कुनै चार कारणहरू उल्लेख गर्नुहोस् ।**

**३. आफ्नो गा. वि. स. वा नगरपालिकाको शैक्षिक स्थिति गा. वि. स. सचिव वा वडा सचिवलाई सोधी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**४. आफ्नो समुदाय वा विद्यालयको शैक्षिक समस्या उल्लेख गरी त्यसको समाधानका लागि विद्यालय व्यवस्थापन समिति वा जिल्ला शिक्षा कार्यालयको नाममा एक सुझाव पत्र लेख्नुहोस् र हुलाकमार्फत पठाउनुहोस् ।**

**५. सुरुको अवस्थामा धामीझाँक्रीबाट उपचार गराउने र अन्तिम समयमा अस्पताल आउँदा बिरामी मरेमा डाक्टरलाई दोष दिने व्यक्तिलाई तपाईँ कसरी सम्झाउनुहुन्छ ?**

६. स्थानीय अस्पताल वा स्वास्थ्य चौकीको अवस्थाको विवरण तलको तालिकामा भर्नुहोस् :

| विवरण | सङ्ख्या |
|---|---|
| (क) डाक्टर | |
| (ख) नर्स | |
| (ग) बेड सङ्ख्या | |
| (घ) नि:शुल्क वितरणका औषधी (किसिम) | |
| (ङ) सरदर बिरामीको सङ्ख्या (दैनिक) | |

७. आफ्नो समुदायमा स्वास्थ्य स्थिति सुधार गर्न के कस्ता उपायहरू अपनाउनुपर्ला, कुनै चार उपायहरू लेख्नुहोस् ।

८. नेपालमा सञ्चारको विकास सम्बन्धमा एउटा लेखको नमुना तयार पार्नुहोस् ।

९. 'विद्युत् सही रूपमा प्रयोग गर्न सकेमा असल मित्र र गर्न नसकेमा खराब शत्रु हो' भन्ने सम्बन्धमा आफ्ना विचारहरू प्रस्तुत गर्नुहोस् ।

१०. रेडियो वा एफएमबाट प्रसारित कुन कार्यक्रम तपाईँलाई राम्रो लाग्छ ? कारण दिनुहोस् ।

११. तपाईँ बसेको ठाउँमा मोबाइलको नेटवर्क पुगेन भनी गोरखा पत्रमा प्रकाशन गर्न सम्पादकलाई चिठी लेख्नुहोस् ।

१२. तपाईँ बसेको ठाउँमा विद्युत् जडान गरिदिन अनुरोध गर्दै स्थानीय नोलाइट शाखा वा विद्युत् कार्यालयमा प्रमुखलाई एउटा निवेदन लेख्नुहोस् ।

१३. नेपालमा अपार जल विद्युत्को सम्भावना छ । यसमध्ये केही अंश उत्पादन गरेर छिमेकी मुलुकमा बेच्न सके नेपालको आर्थिक उन्नति हुन सक्छ । तपाईँको विचारमा यसका निम्ति कसले के काम गर्नुपर्ला, समूहमा छलफल गरी प्रस्तुत गर्नुहोस् ।

१४. सडकको अभावमा कुन कुन कुराहरूमा समस्या सिर्जना हुन सक्छ, जोडी जोडीमा छलफल गरी जोडीको निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

१५. हाम्रो देशमा यातायातको विकास हुन नसक्नुका कारणहरूको सूची तयार गर्नुहोस् ।

१६. विकसित मुलुकहरूमा सडकको स्थिति कस्तो छ ? विकसित मुलुकमा गएका आफूले चिनेका कुनै व्यक्तिको भनाइ, टेलिभिजन, इन्टरनेट वा पत्र पत्रिकामा पढेको देखेको वा सुनेको आधारमा लेख्नुहोस् ।

१७. 'नेपालको परिवेशमा विकासका निमित्त सडक यातायात सबैभन्दा उपयुक्त साधन हो ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

१८. पानीका स्रोतहरू देखाउने चित्रहरू निर्माण गर्नुहोस् ।

१९. पानी शुद्ध गर्ने उपायहरू के के छन्, तिनको विवरण दिनुहोस् ।

२०. खाने पानी सम्बन्धी जनचेतना जगाउन एक ओटा पम्प्लेट वा पोस्टर तयार गर्नुहोस् ।

## अभ्यास

१. शिक्षाको महत्त्व उल्लेख गर्नुहोस् ।

२. स्वस्थ जनशक्ति देशको विकासका आधारशिला हो, कसरी ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

३. हाम्रो देशमा यातायातको विकास नहुनुका कारणहरूको सूची बनाउनुहोस् ।

४. तेरौँ योजनाले लिएका सडकसँग सम्बन्धित कुनै पाँच ओटा रणनीति उल्लेख गर्नुहोस् ।

५. सडक निर्माण कठिन र खर्चिलो काम हो, किन ?

६. शुद्ध खाने पानीको महत्त्वबारे उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

१. तपाईँ बसेको ठाउँमा विकासका पूर्वाधारहरू के के हुन सक्छन्, एउटा सूची तयार पार्नुहोस् । अब ती सबै किसिमका पूर्वाधारहरू बाढी र भूकम्पजस्ता प्राकृतिक प्रकोपले विनाश भएको कल्पना गर्नुहोस् । अब ती पूर्वाधारलाई पहिलेकै अवस्थामा ल्याउन के गर्नुपर्ला, समाजका जेष्ठ नागरिकलाई सोधी सोका आधारमा र आफ्ना विचारसमेत समेट्दै एउटा लेखको नमुना तयार पार्नुहोस् ।

२. मोबाइलको प्रयोग सम्बन्धमा तल दिइएका जस्ता प्रश्नावली तयार गर्नुहोस् । ती प्रश्नावली कुनै व्यक्तिलाई भर्न दिनुहोस् र प्राप्त जवाफ समेटेर एक प्रतिवेदन तयार गर्नुहोस् :

   (क) के तपाईंले मोबाइलको प्रयोग गर्नुभएको छ ? छैन भने तपाईंले सबैभन्दा पहिले मोबाइल कोसँग देख्नुभयो ?

   (ख) ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

   (ग) ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

३. तपाईँ तराई, पहाड वा हिमाली क्षेत्रमध्ये कहाँ बस्नुहुन्छ ? यदि ग्रामीण समुदायमा बस्नुहुन्छ भने सहरी क्षेत्रमा जाँदा यातायात सम्बन्धी परेका बाधाहरू जानकार व्यक्तिको सूचनाका आधारमा प्रतिवेदन तयार गर्नुहोस् । यदि तपाईं सहरी क्षेत्रमा बस्नुहुन्छ भने अन्य कुनै क्षेत्रको भ्रमण गर्दा आफूले अनुभूत गरेका यातायात सम्बन्धी बाधा व्यवधान समेटी सूचनामूलक विवरण तयार गर्नुहोस् र सुधारका उपाय प्रस्तुत गर्नुहोस् ।

पाठ ४

# परम्परागत ज्ञान, सिप र प्रविधि तथा तिनको सिर्जनशील प्रयोग



परम्परादेखि नै मानिसले आफ्नो जीवनलाई सरल बनाउन प्रयोग गर्दै आएका कुनै स्थान विशेषको स्थानीय ज्ञान, सिप र प्रविधिलाई नै परम्परागत ज्ञान, सिप र प्रविधि भनिन्छ । यस्ता प्रविधिहरू खास स्थान र समय विशेषमा एउटा जीवन पद्धतिका रूपमा विकसित भएका पाइन्छन् । गुन्द्रुक बनाउन कतै बाँसको ढुङ्ग्रा, कतै जमिनमा गाड्ने त कतै माटाका भाँडामा राख्ने फरक फरक प्रविधिले हाम्रा परम्परागत मूल्य मान्यतामा विविधता झल्किन्छ । मधेसमा गोबरबाट गुइँठा बनाउनु एउटा परम्परागत ज्ञान सिप हो भने पहाडमा पानी घट्टको उपयोगमा अर्को स्थानीय प्रविधि जोडिन्छ । हाम्रा दैनिकीसँग सम्बन्ध र सरोकार राख्ने हुनाले यस्ता प्रविधिहरूलाई आधुनिक प्रविधिसँग जोड्दै सुधार गर्दै जानुपर्छ ।

फलामको धार लगाउन वा भाँडाकुँडा बनाउन प्रयोग हुने आरनदेखि ससाना खोल्साखोल्सी र ठुला नदीसमेत तर्न प्रयोग हुने तुइनसम्म परम्परागत प्रविधि हुन् । घरमा मकै पिँध्न प्रयोग हुने जाँतो, धान कुट्न प्रयोग हुने ढिकी, तोरी पेल्ने कोल सबै परम्परागत रूपमा चल्दै आएका हाम्रा स्थानीय प्रविधिका उदाहरणहरू हुन् ।

## परम्परागत ज्ञान, सिप र प्रविधिको प्रयोगको महत्त्व

१. आफ्नो परम्परागत पहिचान कायम हुने ।
२. स्थानीय साधन स्रोत र सिपमा आधारित हुने ।
३. वातावरणमैत्री हुनुका साथै टिकाउ हुने ।
४. परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण र संवर्धन कार्यमा टेवा पुग्ने ।
५. हराउन लागेका वा लोप भएका प्रविधिहरूको खोजी गर्ने ।
६. आफ्ना पुर्खाका विरासतमा गर्व गर्न पाइने ।
७. समय सापेक्ष सुधार गर्दै श्रम र शक्तिको वचत गर्न ।

## परम्परागत ज्ञान, सिप र प्रविधिलाई कसरी सुधार गर्न सकिन्छ ?

१. जाँतो, घट्टको सट्टा सुधारिएको पानीघट्टको प्रयोग
२. गुइँठाको प्रयोगको सट्टा थोरै दाउरा प्रयोग हुने धुवाँरहित चुलोको प्रयोग

### क्रियाकलाप

**तपाईँको समुदायमा कस्ता कस्ता प्रविधिहरू प्रयोग भइरहेका छन्, तिनीहरूको अवलोकन गरी कक्षामा छलफल गर्नुहोस्**

### अभ्यास

१. स्थानीय प्रविधि भनेको के हो, यसको परिचय दिनुहोस् ।
२. स्थानीय प्रविधिको कुनै तिन ओटा महत्त्व उल्लेख गर्नुहोस् ।
३. आरन प्रविधिको सामान्य परिचय दिनुहोस् ।
४. परम्परागत प्रविधि भनेको के हो ? उदाहरणसहित प्रस्ट पार्नुहोस् ।
५. परम्परागत ज्ञान, सिप र प्रविधिको प्रयोगको महत्त्व उल्लेख गर्नुहोस् ।
६. परम्परागत ज्ञान, सिप र प्रविधिमा कसरी सुधार गर्न सकिन्छ ?
७. जाँतो भनेको के हो ? यसको कार्य सिद्धान्त लेख्नुहोस् ।

### प्रयोगात्मक क्रियाकलाप

१. तपाईँको गाउँघरका स्थानीय स्तरमा के कस्ता प्रविधिहरू प्रयोग गरिन्थ्यो वा गरिन्छ, त्यसको बनावट र कार्य प्रणाली सोधखोज गरी सूची तयार पार्नुहोस् ।

२. तपाईँको समुदायमा पहिले पहिले प्रयोग गरिएका स्थानीय प्रविधिहरू के के थिए ? अहिले के के प्रयोगमा छन्, कक्षामा छलफल गरी प्रतिवेदन तयार गर्नुहोस् ।

**एकाइ : तिन** हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता

पाठ १

# हाम्रा परम्परागत कला

नेपालमा कला र संस्कृतिको निकै लामो र समृद्ध परम्परा रहिआएको छ । नेपालको प्रमाणिक इतिहास इस्वी संवत् पाँचौं शताब्दी अर्थात् लिच्छवि कालदेखि सुरु भएको पाइन्छ । तर हालसम्म उपलब्ध प्रमाणहरूका आधारमा मनन गर्दा नेपाली कलाको प्रामाणिक समय इस्वी संवत् पहिलो शताब्दी वा सोभन्दा केही अगाडिलाई मान्न सकिन्छ ।

नेपाली कला परम्परागत धर्म र संस्कारसँग सम्बन्धित रहिआएको छ । तसर्थ हाम्रो कलामा देवी, देवता र यहाँका संस्कृति प्रतिबिम्बित भएका छन् । नेपाली कालिगढहरूले वेद, पुराण, धर्मशास्त्र, बौद्ध ग्रन्थ आदिमा वर्णित देवी देवताहरूलाई आफ्ना कुशल सिपद्वारा माटो, काठ, ढुङ्गा, धातु, भित्ता, कपडा, कागजमा उतारेर साकार रूप दिँदै आएका छन् ।

नेपाली कलाअन्तर्गत मूर्तिकला, वास्तुकला र चित्रकला पर्छन् । यस पाठमा चित्रकलाका बारेमा सङ्क्षेपमा केही चर्चा गरिन्छ :

## १. नेपाली चित्रकला

लिच्छवि कालमा बनेका अनेकौं उत्कृष्ट मूर्तिहरू पाइएता पनि तत्कालीन चित्रकलाका कुनै नमुना हाल उपलब्ध छैनन् । चित्राङ्कनको काम साधारणतया कागज, कपडा, ताडपत्र तथा घर, विहार वा मन्दिरका भित्ताजस्ता नरम सतहमाथि गरिने हुनाले स्वभावत: मूर्तिका तुलनामा चित्रकलाको आयु कम हुन्छ । फलस्वरूप त्यस बेला बनेका कैयन् चित्रहरू नष्ट भएका हुन सक्छन् । लिच्छवि कालमा बनेका उत्कृष्ट मूर्तिहरूलाई दृष्टिगत गर्दा त्यस बेला मूर्तिकला सरह नै चित्रकलाको पनि विकास भएको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ ।



*सत्रौं शताब्दीमा बनेको श्री सिद्धिलक्ष्मी भवानीको पौभा*

नेपाली चित्रकला मूलत: धार्मिक दृष्टिकोणबाट प्रभावित भई निर्माण भएको पाइन्छ । हाम्रो परम्परा, रीति रिवाज र संस्कृतिको झलक

चित्रकलामा पाउन सकिन्छ । यहाँको चित्रकलामा तन्त्रले महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ । चित्रकलाको उद्देश्य कलाकारको स्वतन्त्र अभिव्यक्तिका लागि नभईकन धार्मिक उद्देश्य प्राप्तिका लागि थियो भन्ने बुझ्न सकिन्छ ।

नेपाली चित्रकलालाई मूलत: तिन प्रकारमा बाँडेर अध्ययन गर्न सकिन्छ – ग्रन्थचित्र, पौभाचित्र र भित्तेचित्र ।

### ग्रन्थचित्र

नेपाली चित्रकलाको सन्दर्भमा सबैभन्दा पुरानो चित्रका रूपमा ग्रन्थचित्र रहेको छ । इतिहासमा उल्लेख भएअनुसार प्राचीन कालमा नेपालका बौद्ध विहारहरूमा धर्मग्रन्थहरू लेख्ने र सार्ने काम गरिन्थ्यो । सबैभन्दा बढी सारिएका ग्रन्थहरूमा अष्टसहास्रिका 'प्रज्ञापारमिता' र 'पञ्चरक्षा' नामका ग्रन्थहरू रहेको देखिन्छ । हामीकहाँ यस्ता ग्रन्थचित्रका नमुनाहरू एघारौँ शताब्दीभन्दा पुराना पाइएका छैनन् । त्यस बेला ससाना ताडपत्रमाथि ग्रन्थचित्र लेखिन्थ्यो । यी ग्रन्थहरू १२ इन्चदेखि १८ इन्च लामा र ३ इन्चदेखि ४ इन्च चौडा हुन्थे । प्रत्येक ताडपत्रको दुवैपट्टि अक्षरहरू लेखिन्थ्यो । पत्रको मध्यभागमा वा छेउतिर विभिन्न चित्र तथा बुट्टाहरू लेखिन्थ्यो ।

हाल उपलब्ध नेपाली ग्रन्थचित्रकलाका नमुनामध्ये दसौँ शताब्दीमा लेखिएको 'अष्टसहास्रिका प्रज्ञापारमिता' ग्रन्थ सबैभन्दा पुरानो मानिएको छ । । यस ग्रन्थमा पञ्चबुद्ध, चतुस्तारा, प्रज्ञापारमिता, वज्रसत्त्व आदि देवी देवताहरू चित्रित छन् ।

प्राचीन नेपाली ग्रन्थचित्रका सन्दर्भमा एघारौँ शताब्दीको 'निस्वासतन्त्र', बारौँ शताब्दीको 'विष्णु धर्मग्रन्थ', तेरौँ शताब्दीको 'पञ्चरक्षा ग्रन्थ' लगायत उल्लेखनीय छन् । पञ्चरक्षा ग्रन्थ भक्तपुर चित्र सङ्ग्रहालयको सङ्कलनमा रहेको छ । यो ग्रन्थ पनि ताडपत्रमा लेखिएको छ । यस ग्रन्थमा पञ्चबुद्ध र तिनका शक्तिरूपका पञ्चताराका चित्रिहरू अङ्कित छन् ।



*अष्टसहास्रिका प्रज्ञापारमिता ग्रन्थचित्र*

## पौभाचित्र

नेपाली चित्रकलाका परम्परामा कपडामा लेखिने चित्रको विशिष्ट स्थान रहेको छ । काठमाडौँ उपत्यकाका यस्ता चित्रलाई पौभाचित्र वा पटचित्र भन्छन् भने नेपालको उत्तरी भेगमा लेखिने यस्ता चित्रलाई थाङ्का भन्ने गरिन्छ ।



*इ. सं. १८१२ मा लेखिएको बौद्ध दर्शनमा आधारित पौभा*

ग्रन्थचित्रभन्दा पौभाचित्रको आकार निकै ठुलो हुन्छ । चित्रमा मूल देवतालाई चित्रको बिच भागमा र वरिपरि सहायक देवी देवतालाई राखिन्छ । यी चित्रमा कलात्मक बुट्टाहरू तथा फुल, लहरा आदिको पनि भरमार प्रयोग गरिएको पाइन्छ । यी चित्रमा देवी देवताका अतिरिक्त खोलानाला, पहाड, पर्वत, बादल, वृक्ष जस्ता प्राकृतिक दृश्य तथा जीवजन्तु आदिका आकृतिहरू पनि रहेका हुन्छन् ।

बौद्ध धर्मका महायान सम्प्रदायमा कुनै पनि धार्मिक अनुष्ठान गर्दा पौभाचित्र लेख्न लगाउने चलन पाइन्छ । काठमाडौँ उपत्यकाका नेवार समुदायमा व्यक्तिको उमेर ७७ वर्ष पुगेपछि भीम रथारोहण संस्कार मनाउने प्रचलन रहिआएको छ । यस महत्त्वपूर्ण उत्सवका अवसरमा पौभाचित्र लेख्न लगाउने परम्परा रहिआएको छ । यस प्रकारका चित्रमा देवीदेवताहरूको आकृतिको तलपट्टि भीम रथारोहण उत्सव मनाइरहेका परिवारजनका आकृतिहरू पनि देख्न सकिन्छ । चित्रमा भीम रथारोहण गरिएका वृद्ध दम्पतीका अलग अलग खटलाई एक पङ्क्तिमा परिवारका पुरुषहरूको लहरले र अर्को पङ्क्तिमा महिलाहरूको लहरले तानिरहेको दृश्य रहेका हुन्छन् ।

व्यक्तिको मृत्युपछि दिवङ्गत आत्माको शान्तिको कामना गर्दै इष्ट देवी देवताका भव्य पौभाचित्र लेख्न लगाएर धार्मिक समारोह गरिन्छ । ती चित्र आफ्ना गुरु पुरोहित तथा आचार्यहरूलाई समर्पण गर्ने पनि चलन छ । यस प्रकारको प्रथा विशेषत: बौद्धमार्गीहरूको समाजमा पाइन्छ । ती चित्रहरूमा मृतकको नाम, ठेगाना तथा निजको जन्म र मरण मिति पनि उल्लेख गरिन्छ ।

काठमाडौँ उपत्यकाभित्र विभिन्न बहालहरूमा वर्षको एक पटक भाद्रकृष्ण प्रतिपदा (गाईजात्राको दिन) देखि अष्टमी (कृष्णाष्टमी) सम्म चित्र तथा फोटो प्रदर्शन गर्ने चलन रहिआएको छ । प्राचीन नेपाली पौभाचित्रका अनेकौँ नमुनाहरू नेपालका सङ्ग्रहालयहरूका अतिरिक्त विदेशका सङ्ग्रहालयहरूको सङ्कलनमा रहेका छन् । वर्तमानमा पनि पौभाचित्र लेखनलाई व्यवसायका रूपमा अपनाउदै आएका अनेकौँ सिद्धहस्त चित्रकारहरू नेपालमा छन् ।

## भित्तेचित्र

नेपाली चित्रकलाका परम्परामा भित्तेचित्रको महत्त्वपूर्ण स्थान रहेको छ । भित्तेचित्र निर्माण गर्दा सर्वप्रथम कुनै घर, राजप्रासाद वा मन्दिरका सर्दी नलाग्ने भित्तामा वज्र वा मसिनो लिउन लगाइन्छ । त्यसपछि सफा चुनले घोट्ने काम हुन्छ । त्यसमाथि कमेरोले पोत्ने काम हुन्छ । त्यसपछि रेखाङ्कन र रङ विन्यासको काम सुरु हुन्छ ।

विहार वा बाहालमा भित्तेचित्र लेख्ने नियमअनुसार कहाँ कस्तो चित्र बनाउनुपर्छ भन्ने कुरा तोकिएको हुन्छ । मन्दिर एवम् बहालका बाहिरको भित्तामा दायाँ बायाँ कुम्भकर्ण र रावणको चित्र लेखिन्छ । झ्यालमाथि यक्ष, बुद्ध, बोधिसत्त्व आदिको चित्र लेखिन्छ । देवगृहको मुख्य कक्षमा बोधिवृक्षको चित्र लेखिन्छ । त्यसको दायाँ बायाँ वरुणहरूको चित्र लेखिन्छ । ढोकाको भित्रपट्टि हात्ती चढेका राजाको चित्र लेखिन्छ ।

नेपालमा हालसम्म पाइएका सबैभन्दा प्राचीन भित्तेचित्रका रूपमा पन्ध्रौँ शताब्दीतिर बनेको भक्तपुरको तलेजु भवानीको मन्दिरभित्र रहेका चित्रहरू मानिन्छन् । काठमाडौँको वसन्तपुर दरबार, कुमारीघर र स्वयम्भू स्थित शान्तिपुरभित्रका भित्तेचित्रहरू पनि विशेष उल्लेखनीय छन् । नेपाली भित्तेचित्रका सन्दर्भमा काठमाडौँ कुमारी घरका भित्तेचित्रहरूको ठुलो महत्त्व छ । यी चित्र अठारौँ शताब्दीका हुन् । यहाँ अङ्कित काठमाडौँका अन्तिम मल्ल राजा जयप्रकाश मल्लको मुहार चित्र निकै घतलाग्दो छ ।



*नेपालको तराई क्षेत्रमा मैथिली समुदायमा प्रचलित भित्तेचित्रको नमुना*

नेपालको तराई क्षेत्रमा मैथिली समुदायमा घरका भित्ता, चोक, बरन्डा आदिमा धार्मिक गाथा, जनावर, चरा, फुल आदिका सुन्दर चित्रहरू लेख्ने परम्परा रहिआएको छ । सरल रेखा र चहकिला रङ विन्यास मैथिली कलाका विशेषता हुन् । थारू समुदायमा पनि घरका भित्तामा चित्र लेख्ने परम्परा पाइन्छ ।

### क्रियाकलाप

१. तपाईँले कतै भित्तेचित्र देख्नुभएको छ ? छ भने कुन ठाउँमा देख्नुभयो ? त्यस चित्रमा के देखाइएको थियो ? टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईँले पौभा चित्र देख्नुभएको छ ? त्यो चित्र उपलब्ध हुने ठाउँको खोजी गर्नुहोस् । किन त्यस ठाउँमा उक्त चित्र राखिएको रहेछ, कारण पत्ता लगाउनुहोस् । साथै पौभा चित्र बनाउन के के सामग्रीको प्रयोग हुन्छ, खोजी गर्नुहोस् ।

### अभ्यास

१. चित्रकलाको परिचय दिनुहोस् ।

२. नेपाली चित्रकलाको विकास सम्बन्धमा छोटकरीमा लेख्नुहोस् ।

३. नेपालको परम्परागत चित्रकला शैलीलाई कति भागमा बाँडेर अध्ययन गर्न सकिन्छ ? प्रत्येकको छोटो परिचय दिनुहोस् ।

४. नेपाली चित्रकलाको संरक्षण र विकासमा के के गर्नुपर्ला ? आफ्नो विचारहरू प्रस्तुत गर्नुहोस् ।

५. ग्रन्थचित्र र भित्तेचित्रमा पाइने समानता र भिन्नता उल्लेख गर्नुहोस् ।

### सामुदायिक कार्य

तपाईँको समुदाय नजिक रहेको मठ, मन्दिर, गुम्बा, सङ्ग्रहालय वा चित्रकलाको नमुना भएको ठाउँमा जानुहोस् । त्यो चित्रमा के के कुराहरू देखाइएको छ ? कसले कुन उद्देश्यले बनाएको हो ? चित्रले के कुराको प्रतिनिधित्व गरेको छ ? त्यसको संरक्षणको अवस्था कस्तो छ भन्ने जस्ता प्रश्नहरूमा आधारित भई सम्बन्धित व्यक्तिहरूसँग सोधखोज गरी विवरण सङ्कलन गर्नुहोस् र प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ २

# नेपाली मूर्तिकला



*विरुपाक्षको मूर्ति*



*त्रिविक्रमको मूर्ति*

नेपाली मूर्तिकलाको प्रामाणिक समय इस्वी संवत्को पहिलो शताब्दी वा सोभन्दा अगाडिलाई मान्न सकिन्छ । काठमाडौँ उपत्यकाभित्र किरातकालीन भनिएका मूर्तिहरू यत्रतत्र छरिएका छन् । तथापि त्यस युगको नेपाली कलाको इतिहासलाई प्रामाणिक रूपले पुष्टि गर्ने यथेष्ट प्रमाणको अभाव छैनन् । ती मूर्तिबारे आधिकारिक रूपमा विवेचना गर्न गारो छ । केही विद्वान्हरू पशुपति आर्यघाटस्थित विरुपाक्षको ढुङ्गाको मूर्तिलाई नेपालको सर्वाधिक पुरानो मूर्ति मान्छन् र यसलाई किरातकालीन मूर्ति भन्छन् ।

लिच्छवि कालमा बनेका ढुङ्गाका अनेकौँ प्रामाणिक मूर्तिहरू उपलब्ध छन् । यस कालमा नेपाली मूर्तिकलाको चरम विकास भएको थियो र यसको प्रभाव तिब्बत र चीनसम्म पनि पुगेको थियो भन्ने कुरा इतिहासले स्पष्ट गरेको छ ।



*बुढानीलकण्ठको जलशयन गरेका विष्णुको मूर्ति*

लाजिम्पाट र पशुपति तिलगङ्गामा पाइएका त्रिविक्रम अर्थात् विष्णुविक्रान्त, बुढानीलकण्ठको जलशयन गरेका विष्णु, चाँगुको गरुडनारायण, ढोकाबहालको चैत्य आदि मूर्तिलाई लिच्छविकालीन प्रस्तर मूर्तिकलाका उत्कृष्ट उदाहरणका रूपमा लिन सकिन्छ । त्यस्तै पलाञ्चोक भगवती, धुमवाराहीको वराह अवतार, फर्पिङको महिषासुरमर्दिनी, चाँगुनारायण स्थित विश्वविराट, हनुमान् ढोकाभित्रको कालीयादमन आदि मूर्तिहरू लिच्छविकालीन सुन्दर मूर्तिका रूपमा चिनिन्छन् ।

मल्लकालमा पनि मूर्तिकलाको निकै विकास भएको थियो । यस कालमा ढुङ्गाका अतिरिक्त धातु, काठ आदिमा मूर्ति बनाउने प्रचलनले व्यापकता पाएको थियो ।

**क्रियाकलाप**

**१. तपाईँले धेरै ठाउँमा मूर्तिहरू देखेको हुनुपर्छ । त्यसमध्ये दस ओटा मूर्तिको नाम, केबाट बनेको हो, त्यो कहाँ स्थापना गरिएको हो, पत्ता लगाई टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**२. नेपाल आउने पर्यटकहरूले नेपाली मूर्तिकलालाई अभिरुचिपूर्वक लिने गरेका छन् । यसबाट वैदेशिक मुद्रासमेत आर्जन हुने गरेको छ । मूर्तिकलालाई व्यावसायीकरण गर्न के गर्नुपर्ला, जानकार व्यक्तिलाई सोधी प्राप्त विचारलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**३. कुन वस्तुको मूर्ति निर्माण गर्न कुन प्रक्रिया अपनाइन्छ, खोजी गरी विवरण तयार गर्नुहोस् ।**

**अभ्यास**

**१. 'मल्लकालमा मूर्तिकलाको विकास चरम बिन्दुमा पुगेको पाइन्छ ।' उदाहरण दिएर वर्णन गर्नुहोस् ।**

**२. नेपालको मूर्तिकला कुनै न कुनै धार्मिक परम्परासँग सम्बन्धित हुनका कारणहरू उल्लेख गर्नुहोस् ।**

**३. नेपालको परम्परागत कला र संस्कृतिमा कुन कुरालाई बढी मात्रामा समेटिएको छ ? त्यस्तो किन गरिएको होला ?**

**सामुदायिक कार्य**

**तपाईंको समुदायमा रहेको कुनै एक मन्दिरमा जानुहोस् । त्यहाँको पुजारी र स्थानीय व्यक्तिलाई सोधेर निम्न लिखित शीर्षकका आधारमा विवरण तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् :**

(क) मूर्तिको नाम र निर्माण कर्ता

(ख) निर्माण भएको मिति

(ग) धार्मिक महत्त्व

(घ) मूर्ति रहेको स्थान

(ङ) वर्तमान अवस्था

पाठ ३

# नेपाली वास्तुकला



पशुपतिनाथ मन्दिर

'वास्तु' शब्दलाई वासस्थानको अर्थमा प्रयोग गरिएको पाइन्छ। यस आधारमा वासस्थान सम्बन्धी कलाकृतिलाई वास्तुकला भनिन्छ । यसमा व्यक्तिका निजी घर, दरबार, मठ मन्दिर, पाटी, पौवा, देवालय, बौद्ध स्तूप तथा अन्य स्मारकहरू पर्छन् ।

हामीसँग जति पुराना मूर्तिहरू उपलब्ध छन् त्यति पुराना मन्दिर, चैत्य वा स्तूप भेटिँदैन । एउटा ढुङ्गामा कुँदिएको कुनै देवी वा देवताका मूर्ति हजारौँ वर्षसम्म सुरक्षित रहन सक्यो । तर तिनका लागि बनाइएको मन्दिर भने माटा, काठ, इँटा जस्ता कम टिकाउ हुने सामग्रीबाट बनाइएको हुँदा त्यसले लामो समयसम्म आफ्नो अस्तित्व जोगाउन सकेन । लिच्छविकालीन वास्तुकलाका कुनै जीवित प्रमाण हाल उपलब्ध छैन । तर त्यस बेलाका उत्कृष्ट मूर्तिहरूलाई दृष्टिगत गर्दा तिनको स्थापनाका लागि निश्चय नै मन्दिरहरूको निर्माण भएको हुनुपर्छ भन्ने अनुमान सहजै गर्न सकिन्छ । यस कुराको पुष्टि राजा मानदेवको राजप्रासादका रूपमा मानगृहको नाम उल्लेख भएबाट पनि हुन आउँछ । मानगृह काठमाडौँमा कहाँ निर्माण भएको थियो, त्यो ठाउँ अहिलेसम्म पत्ता लाग्न सकेको छैन । अंशुवर्माको राजप्रासाद कैलाशकुट भवनका पनि कुनै अवशेष हाल उपलब्ध छैन ।



पनौतीको इन्द्रेश्वर मन्दिर

वास्तुकलाको विकासका दृष्टिले मल्लकाल निकै उल्लेखनीय रहेको छ । यस बेला बनेका अनेकौँ भवन तथा मन्दिरहरू नेपाली मौलिक वास्तुकलाको दर्शनीय उदाहरणका रूपमा अद्यावधि छन्। नेपाली वास्तुकलालाई मुख्यत: प्यागोडा, स्तूप वा चैत्य र शिखर शैली गरी तिन भागमा छुट्याएर अध्ययन गर्न सकिन्छ ।

## १. प्यागोडा शैली

तह तह छानायुक्त मन्दिर वास्तुकला विश्वसामु प्यागोडा शैलीका नामबाट प्रख्यात छ । एक वा एकभन्दा बढी तला रहेका यस्ता छानाहरू क्रमशः तल ठुलो भई कलात्मक अनुपातमा तलैपिच्छे माथितर्फ सानो सानो पार्दै बनाइएका हुन्छन् । काठमाडौँका तलेजुको मन्दिर, देगुतले, जगन्नाथ मन्दिर, गोरखनाथको मन्दिर, माजुदेवल, जैशीदेवल, पशुपतिनाथको मन्दिर, सेतो मत्स्येन्द्रनाथको मन्दिर तथा चाँगुको गरुडनारायणको मन्दिर प्यागोडा शैलीका उदाहरण हुन् । साथै भक्तपुरका न्यातपोल देवल, भैरव मन्दिर, पाटनको कुम्भेश्वरको मन्दिर, भीमसेन मन्दिर र रातो मत्स्येन्द्रनाथको मन्दिर पनि नेपाली वास्तुकलाका अनुपम उदाहरणका रूपमा रहेका छन् ।

## २. स्तूप वा चैत्य शैली

बौद्ध धर्मका अनुयायीहरूले आफ्नो सम्प्रदायसँग सम्बद्ध कुनै महत्त्वपूर्ण वस्तुलाई जमिनमुनि गाडी त्यसमाथि स्मारक बनाउँछन् । त्यसरी बनाएको अर्धगोलाकार तथा गर्भ भएको स्मारक स्तूप नामले चिनिन्छ । स्तूपलाई चैत्य पनि भनिन्छ । चित्तलाई सधैँ धर्ममा जागरुक राख्ने चैतन्यको प्रतीक मानिने भएकाले यसलाई चैत्य भनिएको हो । चैत्यलाई चितासँग पनि जोडिएको पाइन्छ । चैत्यको बनावट तल फुकेको र माथि साँघुरो हुँदै गएको हुन्छ । चैत्यमा एउटा मात्र गजुर रहेको हुन्छ ।



*बौद्धनाथ स्तूप*

नेपालमा प्राप्त वंशावलीअनुसार मौर्यकालीन भारतका सम्राट् अशोकले नेपालमा सर्वप्रथम यस शैलीलाई भित्र्याएका थिए । सुरुमा साधारण माटाको ढिस्काका आधारमा बनाइने गरिएको स्तुप पछि आएर अनेक रूप र प्रकारमा विकसित भएको पाइन्छ ।

गौतम बुद्धको निर्वाणपछि उनको स्मृतिमा नेपालमा अनगिन्ती स्तूपहरू बन्न थालेको पाइन्छ । लुम्बिनीको मायादेवीको मन्दिर, बौद्धनाथ, स्वयम्भूनाथ, पाटनको अशोक स्तूप, चावहिलको चारुमती विहार र टुँडीखेल नजिकको महाबौद्ध स्तूप चैत्य शैलीको उत्कृष्ट नमुना हुन् । यीमध्ये पाटनको अशोक स्तूप सबैभन्दा पुरानो स्तूपमध्येमा पर्छ ।

## ३. शिखर शैली

शिखर शैलीको मन्दिर पर्वतको शिखर जस्तै माथितर्फ चुलिँदै चुच्चो आकारमा बनाइएको हुन्छ तर यसमा छाना भने हुँदैन । यो वास्तु शैली गुप्तकालीन भारतमा चौथो शताब्दीमा विकसित भएको वास्तु शैलीका रूपमा चिनिन्छ । नेपालमा शिखर शैलीका मन्दिरहरू कहिलेदेखि बन्न सुरु भएको थियो, सोबारे कुनै ठोस प्रमाण फेला परेको छैन । यहाँका लिच्छवि शासकहरू भारतबाट नै आएका तथ्यलाई दृष्टिगत गर्दा लिच्छवि कालमा पनि शिखर शैलीका मन्दिरहरू बनेका थिए होलान् भन्ने अनुमानसम्म गर्न सकिन्छ । अहिले हाम्रासामु रहेका शिखर शैलीका मन्दिरमध्ये सर्वाधिक पुराना भनेको मल्ल कालको मध्य समयमा बनेका केही मन्दिरहरू हुन् । पाटनको कृष्ण मन्दिर र महाबौद्ध मन्दिर, भक्तपुरको बत्सलादेवीको मन्दिर, काठमाडौँको इन्द्रचोकमा रहेको शिव मन्दिर, स्वयम्भूको प्रतापपुर र अनन्तपुर मन्दिर शिखर शैलीका उत्कृष्ट नमुना हुन् ।



*पाटनको कृष्ण मन्दिर*

वास्तुकलाको सन्दर्भमा राणाकालीन समयमा आएर नेपालमा युरोपेली वास्तु शैलीमा दरबारहरू बनाउने परम्पराको थालनी भएको बुझिन्छ । सिंहदरबार, श्रीमहल, बबर महल, रानीमहल, बालुवाटार र थापाथली दरबार, केशरमहल आदिलाई युरोपेली वास्तुशैलीमा बनेका उत्कृष्ट नमुनाका रूपमा लिन सकिन्छ ।

## क्रियाकलाप

१. प्यागोडा शैली, स्तूप शैली र शिखर शैलीको एक एक ओटा नमुना चित्र कोर्नुहोस् ।

२. नेपालका मन्दिरहरूले कुनै न कुनै धार्मिक सम्प्रदायको झलक दिन्छन् । त्यसको प्रमुख कारण के हुन सक्छ ?

३. मठ, मन्दिर, गुम्बा, विहार, चैत्य, मस्जिदहरू हाम्रो धरोहरका रूपमा रहेका छन् । यसको संरक्षण संवर्धन र प्रचार गर्न के गर्नुपर्ला ? सुझाव दिनुहोस् ।

४. २०७२ साल वैशाखमा गएको शक्तिशाली भूकम्पका कारण धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक धरोहरमा धेरै क्षति पुगेको छ । विश्व सम्पदा सूचीमा समेत सूचीकृत यस्ता धरोहरको पुनर्निर्माण र संरक्षणको लागि सुझाव दिनुहोस् ।

## अभ्यास

१. वास्तुकलाको परिचय दिनुहोस् ।

२. नेपालमा विकास भएको वास्तुकला सम्बद्ध शैलीहरूको छोटकरीमा परिचय दिनुहोस् ।

३. स्तुपा र शिखर शैलीबिचको भिन्नता छुट्याउनुहोस् ।

४. नेपालमा रहेका पुराना वास्तुकलाको संरक्षण गर्न समुदायको भूमिका उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायमा रहेका पुराना घर, मठ, मन्दिर, दरबार, स्तुप, चैत्य, गुम्बा, विहार, मस्जिद, पाटी, पौवा, डबली आदिको प्रत्यक्ष अवलोकन भ्रमण गर्नुहोस् । त्यसको निर्माण कुन शैलीमा भएको रहेछ र त्यसमा कुन कुन सामग्री प्रयोग भएको रहेछ ? सोधखोज गरी विवरण तयार पार्नुहोस् ।

| क्र. सं. | नाम | शैली | प्रयोग गरिएको निर्माण सामग्री |
|---|---|---|---|
| | | | |

# पाठ ४ धार्मिक सहिष्णुता र धर्म निरपेक्षता

विभिन्न धर्म मान्ने व्यक्तिहरू एउटै थलोमा सँगै मिलेर बस्नु र एक अर्कालाई सम्मान गर्नु नै धार्मिक सहिष्णुता हो । नेपालमा परापूर्व कालदेखि नै धार्मिक सहिष्णुता रहिआएको पाइन्छ ।

> नेपालमा गोपाल वंश र किरात वंशका राजाहरू शैव धर्म मान्थे भने लिच्छवि कालमा राजा मानदेवका परिवारमा शैव र वैष्णव दुवै धर्म मानिन्थे । यस सन्दर्भलाई धार्मिक सहिष्णुताका उदाहरणका रूपमा लिन सकिन्छ । राजा मानदेवले बौद्ध धर्मप्रति श्रद्धा प्रकट गर्दै मान विहार बनाउन लगाएको उल्लेख यसको अर्को उदाहरण हो ।

मल्लकालमा प्रताप मल्लले इसाई पादरीहरूलाई काठमाडौँमा बस्ने अनुमति दिएका थिए । अझ भाष्कर मल्लले त मुस्लिमहरूलाई दरबारमा राखेका थिए भन्ने कथ्य परम्परा रहेको छ । त्यसैगरी पृथ्वीनारायण शाहले हातहतियार बनाउन र सेनालाई तालिम दिनका लागि मुस्लिम कालीगढहरूलाई दरबारमा बोलाएको ऐतिहासिक प्रमाण छ । यसका आधारमा परापूर्वकालदेखि एकले अर्को धर्मप्रति सम्मान र आस्था राखेको पुष्टि हुन्छ । वर्तमान समयमा नेपालीहरूबिच पनि धार्मिक सहिष्णुताको भाव झल्कन्छ । पशुपति र स्वयम्भूमा हिन्दु एवम् बौद्ध दुवै धर्मावलम्बीले पूजा आराधना गर्छन् ।









राज्यले कुनै धर्म र धार्मिक आस्था भएका व्यक्ति र समुदायको पक्ष नलिई सबैलाई समान व्यवहार, सम्मान र समभाव प्रकट गर्नु नै धर्म निरपेक्षता हो ।

दोस्रो जनआन्दोलनबाट पुन:स्थापित संसद्ले वि. सं. २०६३ जेठ ४ गते गरेको घोषणाले नेपाल पहिलो पटक धर्म निरपेक्ष राज्य भएको हो । यसअघि नेपाल विश्वमा एकमात्र हिन्दु राष्ट्रका रूपमा चिनिँदै आएको थियो ।

नेपालको संविधान, २०७२ मा 'नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो ।' भनी उल्लेख गरिएको छ । त्यस्तै संविधानमा नै सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक र सांस्कृतिक स्वतन्त्रताका रूपमा धर्म निरपेक्षतालाई सम्झनुपर्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी नेपालको संविधानको भाग ३ अन्तर्गत मौलिक हकको धारा २६ मा धार्मिक स्वतन्त्रताको हकको व्यवस्था गरिएको छ । धार्मिक स्वतन्त्रताअन्तर्गत धर्मप्रति आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने छ । तर कसैले कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम व्यवहार गर्न वा गराउन हुँदैन भनिएको छ ।

त्यसैले धार्मिक स्वतन्त्रताको सदुपयोग गर्नु सबै नागरिकको कर्तव्य हुनेछ । प्रत्येक धार्मिक सम्प्रदायले कानुनबमोजिम मात्र आफ्नो स्वतन्त्र गतिविधि सञ्चालन गरी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको संरक्षण गर्नुपर्छ । सबैले आफ्नो धर्म मान्नुपर्छ र अरूको धर्मको सम्मान गर्न सिक्नुपर्छ ।

### धार्मिक सहिष्णुताको ज्वलन्त उदाहरण

देशको राजधानी काठमाडौँको बागबजारमा नेवारहरूको बाक्लो बस्ती छ । त्यस स्थानमा मुसलमानहरू पनि परापूर्व कालदेखि घरजम गरी बसोबास गर्दै आइरहेका छन् । केही वर्ष यतादेखि त्यस ठाउँमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न जातजाति र धर्मावलम्बीका व्यक्तिहरू पनि स्थायी रूपमा बसोबास गरिरहेका छन् । नेवारहरूको घरमा मुस्लिम र मुस्लिमको घरमा नेवारलगायत अन्य जातिका व्यक्तिहरू भाडामा बसेर स्वतन्त्रतापूर्वक आफ्नो पेसा सञ्चालन गरेका छन् । आफ्नो धर्म तथा संस्कार अवलम्बन गरेका छन् । बागबजार नजिकै रानीपोखरीको बिचमा हिन्दुहरूको मन्दिर छ । रानीपोखरीको पूर्वपट्टि मुस्लिमहरूको दुई ओटा मस्जिदहरू पनि छन् । बागबजार आसपासमा पनि हिन्दुहरूको मठ मन्दिर, बुद्ध धर्मावलम्बीका स्तूप र चैत्यहरू रहेका छन् । यहाँ क्रिस्चियन धर्मावलम्बीका गिर्जाघर, मन्डलीहरू पनि छन् । इन्द्रचोकको पूर्वी टोललाई राकी टोल भनिन्छ जहाँ इराकी मुसलमानहरू बस्दै आएका छन् ।

बागबजारमा भिन्न जाति र धर्मावलम्बीका घरहरू एक आपसमा जोडिएका छन् । उनीहरू आआफ्नो संस्कृति निर्वाध रूपमा निर्भिकताका साथ मान्दै आएका छन् । उनीहरू एकअर्काको धार्मिक स्थल तथा कार्यक्रममा उत्सुकतापूर्वक जाने पनि गर्छन् । आजसम्म त्यस ठाउँमा धर्मको नाममा कुनै झैझगडा, कलह, मतभेद भएको छैन । बरु अर्काको धर्मप्रति सम्मान र जिज्ञासा राखेको पाइन्छ । यसलाई बहु जातीय एवम् बहु सांस्कृतिक समाजमा धार्मिक सहिष्णुताका रूपमा लिने गरिएको छ ।

**क्रियाकलाप**

१. तल दिइएका धार्मिक सहिष्णुताका उदाहरणहरू अध्ययन गर्नुहोस् । तपाईँको समुदायमा उल्लिखित उदाहरण बाहेकका अरू पनि धार्मिक सहिष्णुताका अभ्यासहरू हुन सक्छन् । त्यसको खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(क) हिन्दुहरू स्वयम्भूमा र बौद्धहरू पशुपतिनाथमा दर्शन एवम् पूजा गर्छन् ।

(ख) बौद्धमार्गी शाक्य कुलकी छोरीलाई हिन्दुहरूले कुमारी बनाई पूजा गर्ने परम्परा छ ।

(ग) कार्तिकको अष्टमी र माघ शुक्ल पक्षको चतुर्दशीमा पशुपतिलाई बुद्ध मुकुट लगाइदिने चलन छ ।

२. धर्म निरपेक्षताको सबल पक्षहरूको चार्ट बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

**अभ्यास**

१. धार्मिक सहिष्णुता भनेको के हो ?

२. नेपालमा धार्मिक सहिष्णुताको विकास कसरी हुँदै आएको छ ?

३. धर्म निरपेक्षता भनेको के हो ?

४. नेपालको वर्तमान संविधानमा धर्म निरपेक्षताको सम्बन्धमा के कस्तो व्यवस्था गरिएको छ ?

५. अहिले नेपालमा विभिन्न जाति, भाषा र धर्मका बिचमा धेरै चर्चा हुन थालेको छ । यसले सदियौँदेखि रहिआएको एकताको भावनामा आँच आउँछ कि भनेर कतिपय सशङ्कित भएका छन् । यस्तो स्थितिमा धार्मिक सहिष्णुताको भावना अझै गाढा बनाउन तपाईं के सुझाव दिन चाहनुहुन्छ ?

६. धार्मिक सहिष्णुताको महत्त्व उल्लेख गर्दै आफ्नो साथीलाई चिठी लेख्नुहोस् ।

**सामुदायिक कार्य**

तपाईं बसोबास गरेको समुदायमा कुन कुन धर्म मान्ने मान्छेहरू बसोबास गर्छन् ? उनीहरूको आपसी सम्बन्ध कस्तो रहेको पाउनुभयो ? टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ५

# राष्ट्रिय व्यक्तित्व तथा विभूतिहरूको योगदान

राष्ट्रका लागि विशेष योगदान दिने वा कसैले नगरेको प्रसंशनीय काम गर्ने व्यक्तिलाई राष्ट्रिय विभूतिमा समावेश गर्ने गरिन्छ । यसरी राष्ट्रको गौरव बढाउन आआफ्नो क्षेत्रबाट विशिष्ट योगदान दिनेहरूमध्ये नेपालमा राष्ट्रिय विभूति घोषणा गरेका व्यक्तिहरू र उनीहरूको योगदानबारे यस पाठमा चर्चा गरिने छ ।

## जनक



जनकपुरका राजा जनक आफू राजा भएर पनि ब्रह्मज्ञानी थिए । उनी देह (शरीर) भन्दा आत्मालाई बढी महत्त्व दिन्थे र राज्यमा पनि यो सन्देश फैलाउन चाहन्थे । उनी आफ्नो दरबारमा मैत्रयी, गार्गी, याज्ञवल्क्य जस्ता ऋषिहरूसँग शास्त्रार्थ गर्थे । त्यसैले राजा जनकलाई राजर्षि र विदेहको संज्ञा दिइएको थियो । उनी नेपाललाई वैदिक अभ्यास केन्द्रका रूपमा विकास गरी नेपालको नाम चम्काउन सफल भएका थिए । आजसम्म पनि राजा जनकको नाम र पौराणिक कालको मिथिलाको चर्चा छँदै छ ।

## सीता



आदर्श नारीका रूपमा परिचित सीता हिन्दु भगवान् रामकी पत्नी हुन् । रामलाई विष्णु र सीतालाई लक्ष्मीको अवतारका रूपमा मानी हिन्दु धर्मावलम्बीहरूले पूजा आराधना गर्छन् । धर्ती पुत्री र जानकी माताको नामले पनि प्रसिद्ध सीताको नामबाट नेपालको मिथिला क्षेत्रको गौरव बढेको छ ।

## गौतम बुद्ध



शाक्य मुनि गौतम बुद्ध (सिद्धार्थ गौतम) को जन्म नेपालको लुम्बिनीमा भएको थियो । उनले विश्वलाई सत्य, न्याय र अहिंसाको मार्गमा हिँड्न अभिप्रेरित गरे । उनले चोरी नगर, झुठो नबोल, हतियारले घात प्रतिघात नगर, नसालु पदार्थबाट टाढा बस, यौन दुराचार नगर भन्ने जस्ता पञ्चशीलको सन्देश दिएका छन् । गौतम बुद्धलाई विश्वले शान्तिका अग्रदूतका रूपमा मानेको छ ।

## अंशुवर्मा



लिच्छवि कालका प्रसिद्ध सम्राट् अंशुवर्मा देश परदेशमा आफ्नो नाम चम्काउन सफल भएका थिए । चिनियाँ यात्री हुयान स्याङको यात्रा वृत्तान्तमा पनि उनको योगदान उल्लेख भएको छ । अंशुवर्मा आफ्नो शब्दग्रन्थ विद्या नामको कृतिबाट चर्चित छन् । उनी कला, कौशल र साहित्यका अनुरागी थिए । उनले बनाएको भनिएको कैलाशकुट भवन अद्वितीय कलाकारिताले भरिपूर्ण थियो भन्ने इतिहासमा उल्लेख छ । यिनकै कुशल शासन व्यवस्थाले गर्दा लिच्छवि काललाई स्वर्णयुग भनिएको हो ।

## राम शाह



न्यायप्रेमी रामशाह मध्यकालीन गोरखाका लोकप्रिय राजा थिए । उनले सामाजिक, आर्थिक, न्यायिक, प्रशासनिक तथा धार्मिक सुधारहरू गरे । उनले आफ्नो शासन कालमा न्याय प्रशासनलाई मजबुत बनाएका थिए । राम शाहले गरेको सुधारले गर्दा 'न्याय नपाए गोरखा जानु' भन्ने चलन चलेको थियो । उनले त्यस बेला मानापाथी र ढक तराजुको व्यवस्था गरे । उनले ब्याजको दर निश्चित गरिदिए । कुलो सिँचाइ तथा अपराधीलाई सजाय सम्बन्धी धेरै नियमहरू बनाई लागु गरेका थिए ।

## पृथ्वीनारायण शाह



पृथ्वीनारायण शाह आधुनिक नेपालको परिकल्पनाकार थिए । उनले टुक्रा टुक्रा रहेका बाइसी र चौबिसी राज्यलाई एकीकरणको थालनी गरे । फलस्वरूप आजको नेपालको झन्डै आधा भाग एकीकरण गरी नेपालको सिमाना पूर्वमा टिस्टासम्म पुऱ्याई आधुनिक नेपालको निर्माण गरे । पृथ्वीनारायण शाहका योगदानलाई निम्न लिखित बुँदाबाट आँकलन गर्न सकिन्छ :

(क) स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न नेपाल राष्ट्रको निर्माण

(ख) महान् राजनीतिज्ञ

(ग) न्यायप्रेमी

(घ) वीर सेनानायक

(ङ) विद्वान्को कदर गर्ने व्यक्ति

(च) असंलग्न परराष्ट्र नीतिका जन्मदाता

(छ) परम्परागत संस्कृतिका रक्षक

(ज) सफल योजनाकार र दुरदर्शी

## अरनिको



कलाकार अरनिको (बलबाहु) काठमाडौँ उपत्यकाको पाटनमा जन्मिएका प्रसिद्ध कलाकार हुन् । राजा अभय मल्लको पालामा चिनियाँ सम्राट् कुँबलाखाँले कलाकार माग गरेको हुनाले कलाकार अरनिकोको नेतृत्वमा कलाकारको एक टोली तिब्बत गएको थियो । कलाकार अरनिकोको कलाकारिता देखेर चिनियाँ सम्राट् छक्क परे । यसरी उनले नेपाली कलाकारितालाई विश्वसामु परिचित गराए । यिनी कलाकार, मूर्तिकार, वास्तुविद् र वैज्ञानिक थिए । यिनले किट, माटो र सुन मिसाएर सयौँ वर्ष टिक्ने मूर्ति बनाएका थिए । यिनले बनाएका दर्जनौँ मूर्ति अहिले पनि चीनमा छन् । चीनको राजधानी बेइजिङको श्वेत प्यागोडा (पाइतास्ते) यिनैले बनाएका हुन् । अरनिकोको मृत्युपछि चीन सरकारले यिनलाई मिङहोई (तीव्र प्रतिभा) को उपाधि प्रदान गरेको थियो ।

### भीमसेन थापा



नेपालका प्रथम प्रधानमन्त्री भीमसेन थापा हुन् । उनी अङ्ग्रेज साम्राज्यसँग टक्कर लिने देशभक्त प्रधानमन्त्री (मुख्तियार) थिए । उनले आफ्नो समयमा सामाजिक, आर्थिक र सैनिक सुधारहरू गरे । उनले ३१ वर्षसम्म मुख्तियार भएर मातृभूमिको सेवा गरे । उनले नेपाल एकीकरणको बाँकी कामलाई पुरा गरी नेपालको सिमाना पश्चिममा सतलजसम्म पुऱ्याएका थिए । उनको राष्ट्रप्रेम, पवित्र हृदय र दुरदर्शिताका सम्बन्धमा श्री ५ रणबहादुर शाहले भनेका थिए, "म मरी मुलुक डुब्न्या छैन, भीमसेन मऱ्यो भने मुलुक डुब्न्या छ ।" त्यस्तै भीमसेन थापाका बारेमा चन्द्र शमशेरले भनेका थिए, "एउटा भीमसेन थापा नजन्मेको भए नेपाल उहिल्यै हिँडिसक्थ्यो ।"

### अमरसिंह थापा



राजभक्ति र देशभक्तिको भावनाले ओतप्रोत अमरसिंह थापाले नेपाल अङ्ग्रेज युद्धमा बहादुरीका साथ लडेका थिए । उनलाई सुदूरपश्चिममा नेपालको रक्षाको जिम्मा दिइएको थियो । उनले कुमाउ गढवाल हुँदै नेपालको सिमाना पश्चिममा काँगडासम्म पुऱ्याएका थिए । अङ्ग्रेज सेनाका जनरल अक्टर लोनीले अमरसिंह थापालाई अनेकौँ प्रलोभन दिए पनि कुनै लोभमा नपरी बहादुरीका साथ लडे ।

### बलभद्र कुँवर



कप्तान बलभद्र कुँवरले २० वर्षको कलिलो उमेरमा अङ्ग्रेजसँग नालापानीको खलङ्गा किल्लामा डटेर युद्ध गरेका थिए । उनले सिपाही, महिला र केटाकेटी गरी ६०० व्यक्ति लिएर आधुनिक हतियार लिएका ३५०० अङ्ग्रेज फौजसँग बहादुरीका साथ लडेका थिए । अङ्ग्रेजहरूले समेत उनको वीरताको प्रशंसा गरेका छन् । उनले अङ्ग्रेजहरूसँग आत्म समर्पण नगरी युद्धमा नै मृत्यु वरण  गर्न तयार समेत भई नेपाली वीरताको नमुना प्रदर्शन गरेका थिए ।

### भानुभक्त आचार्य



आदिकवि भानुभक्त आचार्यले संस्कृत रामायणलाई नेपाली भाषामा अनुवाद गरे । उनले नेपाली भाषामा कविता लेखन सुरु गरे । त्यसैले नेपाली भाषा र साहित्यमा उनको ठुलो योगदान रहेको छ । उनले नेपाली भाषालाई सरल र शुद्ध बनाई भाषाका माध्यमबाट नेपालीलाई भाषिक एकीकरण गरे ।

## मोतिराम भट्ट



मोतिराम भट्टले नेपाली साहित्यमा भानुभक्तलाई चिनाउने काम गरे । उनले थुप्रै कृतिहरूको रचना गरी नेपाली भाषा र साहित्यमा नयाँ आयाम थपे । उनी कवि, गजलकार एवम् गायक पनि थिए । ३० वर्षको अल्पायुमा दिवङ्गत मोतीराम भट्ट युवा कविको उपनामले चिनिन्छन् ।

## त्रिभुवन



राजा त्रिभुवनले नेपालमा १०४ वर्षीय राणा शासन विरुद्ध राजगद्दी त्यागेर जनताको क्रान्तिमा सहयोग गरे । वि. सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलन सफल पार्न राजा त्रिभुवनले सहयोग पुऱ्याएको हुनाले उनलाई राष्ट्रिय विभूतिका रूपमा लिइन्छ ।

## शङ्खधर साख्वा



शङ्खधर साख्वा नेपाल संवत्का प्रवर्तक एक समाजसेवी व्यापारी थिए । उनले गरिबहरूको ऋण तिरिदिएर उनीहरूलाई ऋणमुक्त गरिदिएका थिए । शङ्खधर साख्वालाई वि. सं. २०५६ मङ्सिर २ गते राष्ट्रिय विभूति घोषित गरिएको हो ।

## पासाङ ल्हामु शेर्पा



पासाङ ल्हामु शेर्पा प्रथम सगरमाथा आरोही नेपाली महिला हुन् । सगरमाथा आरोहणबाट फर्कने क्रममा वि. सं. २०५० वैशाख १० गते हिउँ पहिरोमा परेर उनको निधन भएको थियो । उनलाई नेपाली साहसी महिलाका रूपमा लिइन्छ । वि. सं. २०५९ वैशाख ९ गते नेपाल सरकारको निर्णयअनुसार उनलाई नेपालको पन्ध्रौँ राष्ट्रिय विभूति घोषणा गरिएको हो ।

## महागुरु फाल्गुनन्द



फाल्गुनन्दको जन्म वि. सं. १९४२ कात्तिक २५ गते इलाम जिल्लाको लिङ्देन परिवारमा भएको थियो । उनी आठ वर्षको उमेरमा बिरामी भएर चमत्कारकै रूपमा बाँच्न सफल भएपछि धार्मिक प्रवृत्तिका बन्दै गएका थिए । अहिंसा र धर्म उनको मूल बाटो थियो । उनले लिम्बुहरूको जातीय, आर्थिक, सामाजिक क्षेत्र, धार्मिक क्षेत्र सुधारको दस बुँदे धर्म मुचुल्का खडा गरेका थिए । फाल्गुनन्दका उपदेशहरूमा रिसराग, द्वैष, अहङ्कारबाट टाढा रहनु, रक्सी, चुरोट, मासु, जुवा, तास आदि कुलतबाट टाढा रहनु, झुटो नबोल्नु, हत्या नगर्नु, माता, पिता, गुरुदेवको भक्ति र सेवामा टहल गर्नु, पठन पाठन गर्नु आदि छन् । उनलाई वि. सं. २०६६ मङ्सिर १६ गते १६ औँ राष्ट्रिय विभूति घोषणा गरिएको थियो ।

**क्रियाकलाप**

१. राष्ट्रिय विभूतिको सम्मानका लागि उनीहरूका नाममा राखिएका सडक मार्ग, भवन तथा संस्थाका बारेमा खोजी गर्नुहोस् ।

२. तपाईँ राष्ट्रिय विभूतिमा कसको नाम थप्दा उपयुक्त हुने देख्नुहुन्छ ? उनलाई राष्ट्रिय विभूतिमा राख्नुपर्नाका कारण समेत लेख्नुहोस् ।

३. नेपालका राष्ट्रिय विभूतिको फोटो वा चित्र सङ्कलन गर्नुहोस् । सो चित्रलाई कार्डबोर्ड पेपरमा टाँसी उनीहरूका दुई दुई ओटा योगदान समेत उल्लेख गर्नुहोस् ।

**अभ्यास**

१. नेपालमा कस्ता व्यक्तित्वहरूलाई राष्ट्रिय विभूतिमा समावेश गरिएको छ ?

२. हाम्रा राष्ट्रिय विभूतिहरूको योगदानको विषयमा एक संवाद तयार पार्नुहोस् ।

३. राष्ट्रिय विभूतिमा कसैको नाम घोषणा गर्नु अगाडि व्यक्तिको मूल्याङ्कन गर्नुपर्ने आधारहरू के के हुनुपर्ला ? चर्चा गर्नुहोस् ।

४. हाम्रा राष्ट्रिय विभूतिहरूको अध्ययनबाट तपाईंलाई उनीहरूको कुन कुरा अनुसरण गर्नुपर्छ जस्तो लाग्यो, बुँदागत रूपमा लेख्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ ६

# समानुभूति र सहयोग

(विद्यालयको चउरमा गुरुआमा र छात्रा डाली शेर्पाबिच भएको संवाद ।)

डाली : समानुभूति भनेको के हो, गुरुआमा ?

गुरुआमा : मानव संवेदनशील प्राणी भएकाले उसले एकअर्काको भावना बुझ्छ र एकअर्कालाई साथ दिन्छ । अरूको भावना, विचार, आवश्यकता अनुभव बुझ्ने मानवीय गुणलाई हामी समानुभूति भन्छौँ । व्यक्तिमा सहानुभूतिको भावना भए अरूका पिरमर्का, भावना, समस्या वा पिडालाई आफ्नै जस्तो गरी महसुस गर्ने गर्छ ।

डाली : समानुभूति भन्ने कुरा सारै राम्रो रहेछ तर पनि किन समाजमा यस्तो पाइँदैन त ?

गुरुआमा : औद्योगीकरण र सहरीकरणको तीव्रताले व्यक्ति अत्यन्तै व्यस्त हुँदै गएको छ । आफ्नो मात्रै आवश्यक्ता पूर्ति गर्ने र आफ्नो मात्रै समस्याका बारेमा सोच्ने बानी बिस्तारै बढ्दै गएको छ । वर्तमान समयमा अरूका बारेमा पनि सोच्ने र अरूका समस्याको पनि अनुभूति गर्ने प्रवृत्ति क्रमश: घट्दै गएको छ । सबैको भलो होस् भन्ने सद्भाव पनि घट्दै गएको छ । स्वार्थी तथा लोभी प्रवृत्ति र विलासीपनले समानुभूति र सद्भाव घटाउँदै गएको छ ।

डाली : अनि सहयोग बारेमा पनि भनिदिनुहुन्छ कि ?

गुरुआमा : व्यक्तिका इच्छा, आकाङ्क्षा र आवश्यकताको सम्बोधन एक्लो प्रयासबाट मात्र सम्भव हुँदैन । त्यसैले हरेक व्यक्तिलाई अरूको सहयोग चाहिन्छ । कुनै कार्य गर्न दुई वा दुईभन्दा बढी व्यक्तिको प्रयास चाहिन्छ भने यस्तो प्रक्रिया सहयोग हो । सहयोग स्वेच्छिक, बाध्यात्मक र स्वार्थपरक गरी तिन प्रकारका हुन्छन् । स्वेच्छिक सहयोगले सम्बन्धलाई दरिलो बनाउँछ, बाध्यात्मक सहयोगले शत्रुता बढाउँछ र स्वार्थपरक सहयोगमा कपटता हुन्छ ।

डाली : सहानुभूति र सहयोगका के कस्ता फाइदा छन् ?

गुरुआमा : मानव सामाजिक प्राणी भएकाले समाजमा बस्ने सबैको भावना र अवस्था बुझी सबैसँग सद्भाव राख्नु जरुरी हुन्छ । हामीले समाजका अन्य व्यक्तिहरूबाट केही अपेक्षा राखेका हुन्छौँ । समाजका अन्य मानिसमा सहानुभूतिको भावना भयो भने उसले अरूलाई दु:ख वा पिडा दिन सक्दैन । हामीबाट पनि अरूले त्यही चाहन्छन् । सहयोगबाट समन्वय र ऐक्यबद्धता कायम हुन्छ, निकटता र सुमधुर सम्बन्ध बढ्छ । फलस्वरूप काम सहजै सम्पन्न हुन्छ । समानुभूति र सहयोगले समाजमा एकता एवम् विश्वास बढाई र एउटा सभ्य समाजको निर्माण गर्छ ।

नेपाली समाज विविधतापूर्ण छ । समग्र नेपाल र नेपालीको उन्नति एवम् प्रगतिका लागि हामीले जातीय, धार्मिक, भाषिक, लैङ्गिक तथा क्षेत्रीय सद्भाव तथा सहयोगलाई बलियो

बनाउनुपर्छ । यसबाट नै राष्ट्रिय एकता बलियो हुन्छ । जुन समाजमा यथेष्ट समानुभूति र सहयोग हुन्छ, त्यहाँ शान्ति हुन्छ । शान्ति नै सुखी जीवनको पहिलो आवश्यकता र पूर्वाधार हो । त्यसैले हामीले समाज, देश र विश्वमा समानुभूति र सहयोग जगाउनुपर्छ ।

डाली : समानुभूति र सहयोगको अभावमा के कस्ता समस्याहरू आउँछन् त ?

गुरुआमा : जहाँ समानुभूति र सहयोग हुँदैन, त्यहाँ आपसी मेलमिलाप र सद्भाव हुँदैन । यस्तो समाजमा आपसी घृणा, बेमेल र द्वन्द्व हुन्छ जसले युद्ध र विनाशलाई निम्त्याउँछ । द्वन्द्व र युद्धले मानव सभ्यता र मानव विकासलाई अपुरणीय क्षति पुऱ्याउँछ । व्यक्तिले सहयोग पाएन भने ऊ एक्लो हुन्छ । व्यक्ति एक्लै भएको अवस्थामा भय, अशान्ति र असुरक्षा महसुस गर्छ ।

हामीले प्रथम तथा द्वितीय विश्व युद्धलगायत अन्य युद्ध, विद्रोह र गृहयुद्ध देखिसकेका छौँ । यसले निम्त्याएका पिडा पनि भोगिसकेका छौँ । एक अर्काप्रति प्रेम, सद्भाव र सहयोगले मात्रै व्यक्ति आनन्दमय जीवन जिउन सक्दछ । त्यसैले मावन जातिको समृद्धि र सुखी जीवन तथा विश्व शान्तिका लागि समानुभूति र सहयोग अपरिहार्य छन् ।

(डाली गुरुआमालाई धन्यवाद दिन्छिन्, घन्टी पनि बज्छ र उनीहरू कक्षाकोठातिर लाग्छन् ।)

**क्रियाकलाप**

१. 'समानुभूति र सहयोग विश्व शान्तिको आधार' विषयमा एक दैनिक पत्रिकाका लागि एउटा लेखको नमुना तयार पार्नुहोस् ।

२. तपाईंको समुदायमा पनि समानुभूति कमी भएका कारण कुनै झगडा वा द्वन्द्व भएका हुन सक्छन् । त्यस्ता घटनाहरू कक्षामा छलफल गर्नुहोस् ।

३. तलको तालिका पुरा गर्नुहोस् :

| समानुभूति र सहयोगका फाइदा | असमझदारी र द्वन्द्वका बेफाइदा |
|---|---|
| (क) ............................... | (क) ............................... |
| (ख) ............................... | (ख) ............................... |

**अभ्यास**

१. समानुभूति भनेको के हो ? समानुभूति र सहयोग कायम गर्न हामीले के गर्नुपर्छ ?

२. 'नेपाल जस्तो विविधताले भरिएको मुलुकमा समानुभूति र सहयोग अपरिहार्य छ ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

पाठ ७

# शान्ति संस्कृति

हरेक व्यक्ति, समुदाय, समाज तथा राष्ट्रको समग्र विकासका लागि शान्ति अपरिहार्य हुन्छ । तनाव, द्वन्द्व र हिंसाको वातावरणमा मानव समुदाय आनन्दसँग रहन सक्दैन । शान्ति भनेको झगडा वा द्वन्द्व नभएको अवस्था मात्र होइन । कुनै पनि द्वन्द्व या तनावको वातावरणमा चुपचाप बस्नु या समावेश नहुनु वा सहनु मात्र शान्ति संस्कृति होइन । संस्कृतिले हाम्रो सोच, विचार र व्यवहारलाई जनाउँछ । शान्ति संस्कृतिले पारिवारिक, सामुदायिक, सामाजिक तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका मनमुटावहरू न्यूनीकरण गर्छ । यो सक्रिय रूपमा आपसी प्रेम, सद्भाव तथा एकता निर्माण गर्ने पद्धति हो । यसले समाज र राष्ट्रमा भइरहेका वा हुन सक्ने हिंसा, द्वन्द्व तथा तनावलाई संवाद, छलफल र सहमतिका माध्यमबाट व्यवस्थापन गर्छ । शान्ति संस्कृति सकारात्मक मूल्य तथा मान्यता, धारणा, व्यवहार र जीवन पद्धति हो जुन हिंसाको विरुद्धमा रहन्छ । यस्तो संस्कृतिले हिंसा र द्वन्द्वमा अन्तर्निहित कारणहरूको पहिचान गर्दै स्वस्थ एवम् शान्त समाज निर्माण गर्न व्यक्ति र समाजलाई सहयोग गर्छ ।

## शान्ति संस्कृति विकासको आवश्यकता

शान्तिले सिर्जना, निर्माण, एकता, बन्धुत्व, सहयोग, प्रेम र समग्र विकास निम्त्याउँछ भने द्वन्द्वले विनाश, विखण्डन ल्याउँछ । द्वन्द्वले मानवीय सम्बन्ध विच्छेद गर्छ र घृणा जन्माउँछ । हरेक व्यक्तिका जीवनको अन्तिम उद्देश्य भनेको आनन्द प्राप्ति हो । आर्थिक तथा भौतिक समृद्धिले मात्र आनन्द प्राप्ति हुँदैन । द्वन्द्वको वातावरणमा आर्थिक तथा भौतिक समृद्धि पनि सम्भव छैन । व्यक्तिले आनन्द तब प्राप्त गर्छ जब ऊ भयरहित वातावरणमा मौलिक अधिकार र स्वतन्त्रताको उपभोग गर्न पाउँछ । त्यसैले हाम्रो आफ्नो मात्र होइन, सम्पूर्ण विश्व समुदायको उन्नति, प्रगति तथा आनन्दमय जीवनका लागि शान्ति संस्कृतिको विकास आवश्यक छ ।

हाम्रो देश शान्तिका अग्रदूत बुद्ध एवम् महर्षि जनकको जन्म र कर्मभूमि हो । यो देश व्यासको तपोभूमि हो । नेपालमा जात, धर्म, भाषा, संस्कृतिका नाममा आजसम्म कुनै पनि प्रकारको द्वन्द्व भएको छैन । त्यसैले नेपाललाई अनेकतामा एकताको राष्ट्रका रूपमा विश्वभरि चिनिन्छ । हामीले हाम्रो एकता र सहिष्णुतालाई कायम राखिराख्न पनि शान्ति संस्कृतिको खाँचो छ ।

## शान्ति संस्कृतिमा संवाद र समझदारीको स्थान

आजको विश्व द्वन्द्वग्रस्त छ । जब व्यक्तिले मानव अधिकार, स्वतन्त्रता, समान अस्तित्व र सम्मानको अनुभूति गर्न पाउँदैन, तब द्वन्द्व र युद्धको अवस्था सिर्जना हुन्छ । गरिबी, अशिक्षा, अज्ञानता, लोभ, घृणा, आर्थिक एवम् सामाजिक असमानता तथा अन्याय, विभेद तथा असहिष्णुता र शक्तिको मोह शान्ति संस्कृतिका बाधक हुन् । यस्ता तत्त्वहरूलाई न्यूनीकरण गर्दै शान्ति संस्कृतिको विकास गर्न सकिन्छ । समाज तथा राष्ट्रको सबै तहमा स्वतन्त्रता, सामाजिक न्याय, प्रजातन्त्र, सहिष्णुता, एकता, सहयोग, बहुलवाद सांस्कृतिक अनेकताको सम्बोधन हुन जरुरी हुन्छ । यसका लागि व्यक्ति व्यक्ति, समुदाय र समाजका बिचमा संवाद र समझदारी हुन आवश्यक छ । संवाद र समझदारीले नै शान्ति संस्कृतिको विकास गर्न सकिन्छ ।

**समग्रमा शान्ति संस्कृति निर्माणका लागि निम्न लिखित कार्यहरू भए/गरेमा सान्दर्भिक हुन्छ :**

(क) द्वन्द्वको शान्तिपूर्ण समाधान, आपसी समझदारी तथा सम्मानको विकास गर्नुपर्छ ।

(ख) प्रजातन्त्र, मानव अधिकार तथा मौलिक स्वतन्त्रताप्रति सम्मान र प्रवर्धन गरिनुपर्छ ।

(ग) वार्ता, संवाद र सहमति विकासको मानसिकता निर्माण गर्नुपर्छ ।

(घ) गरिबी, अशिक्षा, असमानता तथा विभेदको अन्त्य गर्नुपर्छ ।

(ङ) आर्थिक तथा सामाजिक विकासलाई सुनिश्चित गर्नुपर्छ ।

(च) शासन पद्धतिमा पारदर्शिता तथा जवाफदेहिताको प्रत्याभूति हुनुपर्छ ।

(छ) जातिवाद, जातीय विभेद तथा सङ्कुचित राष्ट्रवादका आधारमा गरिने असहिष्णुताको अन्त्य गरिनुपर्छ ।

(ज) सबै मानव सभ्यता तथा संस्कृतिबिच समझदारी, सहिष्णुता, सहयोग तथा ऐक्यबद्धता कायम गर्नुपर्छ । साथै भाषिक, धार्मिक तथा जातीय रूपमा अल्पसङ्ख्यक रहेका समुदायमा विशेष संरक्षण तथा सहभागिता सुनिश्चित गरिनुपर्छ ।

(झ) हातहतियार उत्पादन तथा ओसारपसारमा प्रतिबन्ध लगाउनुपर्छ ।

शान्तिपूर्ण एवम् समृद्ध वर्तमान र उज्ज्वल भविष्ययुक्त भावी पुस्ता हाम्रो चाहना हो । द्वन्द्व र युद्धको मानचित्र मानव मस्तिष्कबाट सुरु हुन्छ । त्यसैले द्वन्द्व र हिंसाजन्य सोचाइबाट हामीले आफूलाई मुक्त राख्नुपर्छ । हरेक समस्याको समाधान शान्तिपूर्ण उपायबाट निकाल्न सकिन्छ भन्ने तथ्यलाई हामी सबैले आत्मसात् गरी सुन्दर विश्वको निर्माणका लागि शान्ति संस्कृतिको विकास गर्नुपर्छ ।

### क्रियाकलाप

१. शान्ति संस्कृति शीर्षकमा एक वक्तृत्व कला प्रतियोगिता आयोजना गर्नुहोस् । उद्घोषक, निर्णायक मण्डल, समय पालक र सभापति आफूहरू मध्येबाट नै छान्नुहोस् ।

२. शान्ति संस्कृतिको सुरुआत घर परिवारबाटै हुनुपर्छ । यसर्थ तपाईँ र तपाईँको परिवारले शान्ति संस्कृतिको निर्माण गर्न के के कार्य गर्नुपर्छ ? कक्षामा छलफल गर्नुहोस् ।

### अभ्यास

१. शान्ति संस्कृति भनेको के हो ? शान्ति संस्कृतिका विशेषताहरू के के हुन् ?

२. शान्ति संस्कृति किन आवश्यक छ ? शान्ति संस्कृतिका बाधक तत्त्वहरू के के हुन् ?

३. शान्ति संस्कृति निर्माण गर्न व्यक्ति, समाज तथा राज्यले के कस्ता कार्य गर्नुपर्छ ? सूची बनाउनुहोस् ।

### सामुदायिक कार्य

स्थानीय स्तरमा पनि शान्ति स्थापना गर्ने आफ्नै मूल्य मान्यता र संस्कृति हुन्छन् । तपाईँको समुदायमा रहेका शान्ति कायम गर्ने स्थानीय प्रचलनहरू समुदायका प्रबुद्ध व्यक्तिलाई सोधी त्यसको सूची तयार पार्नुहोस् ।

**एकाइ : चार** सामाजिक समस्याहरू र समाधान

पाठ १

# सामाजिक समस्या पहिचान र समाधान

नेपाली समाज विभिन्न विकृति र समस्याहरूबाट प्रभावित रहेको छ । शिक्षा र चेतनाको अभाव, परम्परागत मूल्य, मान्यता र सम्बन्धित व्यक्तिको गैर जिम्मेवारीपन जस्ता समस्याहरूका प्रमुख कारक तत्त्वहरू हुन् । सामाजिक समस्याका रूपहरू स्थान, धर्म, आस्था, जाति, वर्ग र व्यक्तिका आधारमा फरक हुन्छन् तर तिनीहरूले समाजमा पार्ने असरहरूमा समानता हुन सक्छ । त्यसैगरी देशको राजनीतिक अस्थिरताले पनि सामाजिक विकृति र समस्या सिर्जना गर्न सक्छ । समाजमा भएका विकृति र समस्याहरूले समग्र राष्ट्रलाई नै प्रभावित पारेका हुन्छन् । नेपालको भूबनावट, सामाजिक संरचना र आर्थिक अवस्थाका आधारमा सामाजिक विकृति र समस्याहरूका कारक तत्त्वलाई निम्नानुसार पहिचान गर्न सकिन्छ :

## १. रुढिवादी परम्परा र संस्कृति

वर्तमान अवस्थामा पनि कतिपय नेपाली समाज रुढिवाद र गलत संस्कृतिको अनुसरणका कारणले विविध समस्याहरूबाट ग्रसित भएको देखिन्छ । रुढिवाद र अन्ध विश्वासले बोक्सी प्रथा प्रचलनमा रहँदा कैयौँ महिला एवम् पुरुषहरू हिंसा पिडित भएका प्रशस्त उदाहरणहरू पाइन्छन् । झुमा र देउकी जस्ता सामाजिक कुप्रथा चेतनाको अभाव र अन्ध विश्वासका कारण सिर्जना भएका छन । सानै उमेरमा विवाह गरिदिँदा पुण्य प्राप्त हुन्छ भन्ने मान्यता र संस्कारले बाल विवाह एवम् घरेलु हिंसा जस्ता जघन्य अपराधहरू सिर्जना भएका छन् । कतिपय जातजातिका चाडपर्व तथा उत्सवहरूमा मदिरा सेवन गर्नुपर्ने संस्कारका कारण बाल बालिका र युवाहरू जाँड रक्सी सेवनको कुलतमा फसेको पाइन्छ । यस्ता गतिविधिहरूले समाजलाई विकृतितर्फ उन्मुख बनाएको छ ।

## २. विभेदहरू

लैङ्गिक, भाषिक, क्षेत्रीय, जातीय, वर्गीय, अपाङ्गता आदिमा हुने सामाजिक विभेदहरूले सामाजिक विकृति सिर्जना गरेका छन् । पुरुष, महिला र तेस्रो लिङ्गीलाई गरिने विभेदले लैङ्गिक समस्या सिर्जना गर्छ । नेपाली समाज मूलतः पुरुष प्रधान हुनु, सचेतनाको कमी हुनु र महिलाहरूमा आर्थिक सक्षमता कमजोर रहनु यसका कारक तत्त्व हुन् । भाषागत रूपमा हुने विभेदले कतिपय भाषिक समुदायहरू विकासको मूलधारबाट पछाडि पर्ने अवस्था रहन सक्छ । वर्तमान सन्दर्भमा अपाङ्गता, जाति, वर्ग, लिङ्ग, भाषा, धर्म, संस्कृतिलाई समान कानुनी अधिकार प्रदान गरिएको छ तथापि व्यवहारमा पूर्ण कार्यान्वयन हुन सकिरहेको अवस्था छैन । यसर्थ सामाजिक समस्या समाधानमा आशातीत सफलता प्राप्त हुन सकेको छैन ।

## ३. आर्थिक असमानता

समाजमा रहने भिन्न आर्थिक अवस्थाका कारण विभिन्न वर्गहरू निर्माण हुन्छन् । यसले गर्दा निम्न वर्ग थिचोमिचोमा पर्नुका साथै उच्च वर्गमा हेपाहा प्रवृत्ति जागृत हुन सक्छ । चोरी डकैती बढ्छ

र समाजमा सामाजिक विद्रोह हुन सक्छ । धन बढी हुनेले गरेको फजुल खर्चका कारण सामाजिक विकृति बढ्छ । कमजोर आर्थिक अवस्था भएकाले यसको देखासिकी गर्दा उनीहरू ऋणमा डुब्ने सम्भावना हुन्छ ।

### ४. प्रविधिको दुरुपयोग

मानव जीवनलाई सहज र व्यवस्थित बनाउन प्रविधिको प्रयोगले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । तर हिजोआज यसको दुरुपयोग गर्ने क्रम बढ्दो छ । इन्टरनेट, इमेल, वेबसाइट आदिबाट विद्युतीय अपराध (cyber crime) हुने गरेको पाइएको छ । यसका माध्यमबाट बाह्य संस्कृतिको आगमन तीव्र हुने, बाल बालिकाहरू कुलतमा फस्ने, अपराधको सञ्जाल निर्माण हुने र नराम्रो व्यवहारहरू सिक्ने जस्ता नकारात्मक अवस्था पनि सिर्जना हुन सक्छ । उक्त अवस्था सिर्जना हुन नदिन साइबर क्राइम गर्नेलाई सजाय गर्ने, इन्टरनेट एवम् फेसबुक प्रयोग गर्दा सामाजिक सम्बन्ध तथा सकारात्मक र तथ्यगत सूचनाको खोजी गर्न दृढ र क्रियाशील हुनुपर्छ ।

सामाजिक विकृति र समस्याका कारक तत्त्वहरू उल्लिखित स्वरूपभन्दा फरक पनि हुन सक्छन् । यस्ता समस्याहरूको स्थान, समय र परिवेशअनुसार आवृत्ति, स्वरूप र सघनता फरक फरक हुन सक्छन् । नेपालमा हिंसात्मक गतिविधिहरू, अपहरण, फिरौती, कठिन बसोबास आदि अन्य समस्याहरू पनि देखिएका छन् ।

**क्रियाकलाप**

१. उदाहरणमा दिए जस्तै गरी तलको तालिका पुरा गर्नुहोस् :

| बाल विवाहका असरहरू (उदाहरणका लागि) | युवा/बौद्धिक पलायनका असरहरू | मादक पदार्थ सेवनका असरहरू | धूमपान सेवनका असरहरू | इन्टरनेट, फेसबुक एवम् मोबाइल दुरुपयोगका असरहरू |
|---|---|---|---|---|
| - शिक्षाको अवसरबाट वञ्चित<br>- विविध स्वास्थ्य समस्या<br>- जनसङ्ख्या वृद्धि<br>- घरायसी झैझगडा<br>- अनिश्चित भविष्य | | | | |

३. तपाईँको समुदायमा रहेका सामाजिक विकृति र समस्याहरू टिपोट गर्नुहोस्, कक्षाका साथीहरूसँग छलफल गरी ती समस्याका कारणहरू बुँदागत रूपमा लेखी समस्या समाधानका उपायहरू पनि कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. स्थानीय एफएम वा दैनिक पत्रिका वा टेलिभिजनमा प्रसारित वा प्रकाशित सामाजिक विकृति सम्बन्धी चार दिनका समाचार सङ्कलन गर्नुहोस् र सङ्कलित समाचारलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी कक्षामा छलफल गर्नुहोस् :

| दिन | सामाजिक विकृतिको प्रकृति | सिर्जित समस्याहरू | समाधानमा भएका प्रयासहरू |
|---|---|---|---|
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |
| चौथो | | | |

## अभ्यास

१. सामाजिक विकृति भनेको के हो ?

२. तपाईँको समुदायमा रहेको सामाजिक विकृतिहरू के के हुन् ? तिनका समाधानका उपायहरू पनि लेख्नुहोस् ।

३. 'हरेक विकृतिले समस्याहरू उत्पन्न गराउँछ ।' उदाहरणसहित पुष्टि गर्नुहोस् ।

४. 'सामाजिक समस्या र विकृतिहरू विकास एवम् समुन्नतिका बाधक तत्त्वहरू हुन्' भन्ने शीर्षकमा सम्पादकीयको नमुना तयार गर्नुहोस् ।

५. वर्तमान नेपाली समाजलाई विकृतिबाट मुक्त गर्न सरकारका तर्फबाट चाल्नुपर्ने कदमहरू र नागरिकले गर्नुपर्ने कार्यहरूको छुट्टाछुट्टै सूची तयार पार्नुहोस् ।

## सामुदायिक कार्य

तपाईँको समुदाय वा जिल्लाका कुनै एक सामाजिक कार्यकर्ता भेटेर मुख्य सामाजिक विकृतिहरू र यसका कारणहरू, निदानका उपायहरू सम्बन्धी छलफल गरी उहाँहरूले व्यक्त गरेका विचार र आफ्नो धारणा पनि समावेश गरी एक प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ २

# भ्रष्टाचार

सार्वजनिक स्रोत, साधन र अधिकारलाई व्यक्तिगत स्वार्थ वा प्रयोजनका लागि गैर कानुनी रूपमा उपयोग गर्नु भ्रष्टाचार हो । आर्थिक विकास, सामाजिक उन्नति, नैतिक मूल्य र भौतिक प्रगतिमा अवरोध उत्पन्न गर्ने मानव सिर्जित क्रियाकलाप भ्रष्टाचार हो । विकासोन्मुख राष्ट्रहरूमा भ्रष्टाचार बढी हुने गरेको तथ्य विभिन्न अध्ययन प्रतिवेदनहरूले प्रस्तुत गरेका छन् । भ्रष्टाचार राज्य र समाज विरुद्धको श्वेत अपराध हो । भ्रष्टाचार व्यक्तिगत र संस्थागत रूपमा हुने गर्छ । यसले सामाजिक द्वन्द्व, असमानता र समस्याहरू सिर्जना गर्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले विश्वका मुलुकहरूको 'सिपिआई' (Corruption Perception Index - CPI ) अङ्कसहित (० - १००) तालिका प्रत्येक वर्ष प्रकाशन गरी सबैलाई सचेत बनाउने कार्य गर्छ ।





## नेपालमा भ्रष्टाचार निवारणका लागि गरिएका प्रयासहरू

१. नेपालको संविधान, २०७२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई संवैधानिक अङ्का रूपमा व्यवस्था गरिएको छ :

(क) यसले भ्रष्टाचार विरुद्ध उपचारात्मक र प्रवर्धनात्मक रणनीति अवलम्बन गर्दै आएको छ ।

(ख) अ.दु.अ.आ. ऐन, २०४८ को (संशोधन २०५९) र भ्रष्टाचार निवारण ऐन, २०५९ कार्यान्वयनमा आएपछि भ्रष्टाचार विरुद्धको कारबाहीहरूलाई सशक्त बनाएको छ ।

(ग) संवैधानिक निकायका रूपमा कार्यरत यस आयोगका काम कारबाहीले जनसाधारणमा भ्रष्टाचार गर्नलाई कारबाही हुन्छ भन्ने सन्देश दिएको छ ।

२. राष्ट्रिय सतर्कता केन्द्रको स्थापना : सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रण तथा सार्वजनिक निकायको ढिलासुस्तीलाई न्यून गर्ने उद्देश्यले वि. सं. २०५९ साउन २७ मा स्थापना भएको हो । प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा यो संस्था रहने प्रावधान छ ।

३. नेपालमा सम्पत्ति सुदृढीकरण ऐन, २०६३ र नियमावली, २०६४ लागु गरिएको छ ।

४. नेपालले भ्रष्टाचार नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००३ मा हस्ताक्षर गरेको छ । सन् २०११ मा नेपालको संसद्ले यसलाई अनुमोदन गरेको छ ।

५. गैर सरकारी संस्थाबाट सामाजिक सचेतनाका कार्यक्रमहरू सञ्चालन हुने गरेको छ ।

६. सञ्चारका माध्यमहरूबाट जनचेतनामूलक कार्यक्रमहरू सम्प्रेषित तथा प्रसारित हुँदै आएको छ ।

७. भ्रष्टाचार विरुद्ध उजुर गर्ने उजुर कर्तालाई प्रोत्साहन गर्ने व्यवस्था कार्यान्वयनमा रहेको छ ।

८. भ्रष्टाचार निवारणसँग सम्बन्धित विषय वस्तु विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गरिएको छ ।

### क्रियाकलाप

१. कक्षाका विद्यार्थीहरू पाँच समूहमा विभाजित हुनुहोस् । एउटा समूहले घुस लेनदेन गर्ने, अर्को समूहले घुस लेनदेनको गोप्य रूपमा रेकर्ड गर्ने र अख्तियारमा उजुरी दिने, तेस्रो समूह अख्तियारका रूपमा प्रवेश गरी भ्रष्टाचारीलाई पक्रेर कारबाही गर्ने, चौथो समूहले जनताका रूपमा भ्रष्टाचार विरुद्ध नारा जुलुस गर्ने, पाँचौँ समूहले भ्रष्टाचारीलाई समाजमा बस्न नदिने तथा सामाजिक बहिष्कार गर्ने भूमिका अभिनय तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. भ्रष्टाचार सम्बन्धी लेख रचना वा समाचारहरू सङ्कलन गरी सूचना बोर्डमा टाँस्नुहोस् र त्यसको आधारमा वर्तमानमा भ्रष्टाचारको स्थिति पत्ता लगाई कक्षामा छलफल गर्नुहोस् ।

३. 'नातावाद र कृपावाद पनि भ्रष्टाचार हो ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्दै आएको भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउन अनुरोध गर्दै अख्तियार प्रमुखलाई लेख्ने चिठीको नमुना तयार गर्नुहोस् ।

## अभ्यास

१. भ्रष्टाचारको अर्थ खुलाउनुहोस् ।

२. नेपालमा भ्रष्टाचार नियन्त्रणका प्रयासहरू उल्लेख गर्नुहोस् ।

४. ट्रान्सपरेन्सी इन्टरनेसनलको परिचय दिनुहोस् । यसका कार्यहरू उल्लेख गर्नुहोस् ।

५. भ्रष्टाचार सामाजिक समस्या हो, किन ? उदाहरणसहित पुष्टि गर्नुहोस् ।

६. भ्रष्टाचार नियन्त्रणमा नागरिक समाज, समुदाय र विद्यार्थीका तिन तिन ओटा भूमिकाको सूची बनाउनुहोस् ।

७. भ्रष्टाचार नियन्त्रणका उपायहरू के के हुन सक्छन्, लेख्नुहोस् ।

८. भ्रष्टाचार निवारणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईँको समुदायमा भ्रष्टाचार सम्बन्धी के कस्ता धारणाहरू छन् ? समुदायका केही जानकार व्यक्तिलाई सोधी उनीहरूको धारणालाई समेट्दै एक प्रतिवेदन तयार गर्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ ३

# सामाजिक समस्याहरू : देह व्यापार, दुर्व्यसन र दुर्व्यवहार

सामाजिक समस्याहरूबारे समूहगत छलफलपश्चात् प्रस्तुत गरिएका समूह निष्कर्षहरू यस प्रकार छन् :

**शीर्षक : देह व्यापार (Prostitution)**

**परिचय :** सामान्यतया आय आर्जनका निम्ति शरीर बेच्नु वा अनैतिक कार्यमा संलग्न हुनु वेश्यावृत्ति वा देह व्यापार हो । यो यौन दुराचार पनि हो ।

**नेपालमा यसको वर्तमान अवस्था :** जनसङ्ख्याको चाप बढी भएका मुख्य सहरहरूमा सुरक्षा संयन्त्रलाई छक्याएर देह व्यापार हुने गरेको छ । केही मानिसहरूले यसलाई पेसाका रूपमा अपनाएको पाइन्छ । यो कानुन विपरीतको असामाजिक गतिविधि भएकाले यसलाई तुरुन्त रोक्न पहल सुरु गर्नुपर्छ ।

**प्रमुख कारणहरू :** गरिबी, पारिवारिक बेमेल, अशिक्षा, बेरोजगारी आदि यसका प्रमुख कारणहरू हुन् ।

प्रस्तोता : रविन वि. क.
समूह : घोर्लासी
सहभागी सङ्ख्या : ७

**शीर्षक : दुर्व्यसन (Addiction)**

'नखेलौँ जुवा र तास, धनको नाश, जीवनको वनबास'

नराम्रा बानी, व्यक्तिको स्वास्थ्य, परिवार र समुदायमा नकारात्मक प्रभाव पार्ने व्यवहारहरू, हरेक प्रकारका कुलतहरू दुर्व्यसन हुन् ।

**हाम्रो समाजमा पाइने दुर्व्यसनहरू :**

(क) लागु पदार्थ दुर्व्यसन
(ख) जाँड रक्सी, गाँजा, सुर्तीजन्य पदार्थ सेवन
(ग) जुवा तास खेल्ने बानी
(घ) फेसबुकको लत वा दुरुपयोग

**दुर्व्यसनबाट बच्ने उपायहरू :**

(क) चुरोट सुर्ती सेवनबाट सधैँ टाढा रहने
(ख) दुर्व्यसनीको सङ्गतबाट टाढा रहने
(ग) परिवारमा माया र स्नेहको वातावरण तयार गर्ने
(घ) बच्चाको भावना बुझी सोअनुरूप व्यवहार गर्ने ।
(ङ) सामाजिक तथा अन्य नियमहरू पालना गर्ने गराउने

**दुर्व्यसन नियन्त्रणका प्रभावकारी उपायहरू :**

(क) रोजगारीको व्यवस्था गर्ने ।
(ख) परामर्श दिने र सुध्रिएकालाई पुरस्कारको व्यवस्था गर्ने ।
(ग) सिर्जनात्मक कार्यमा संलग्न गराउने ।
(घ) माया र स्नेह प्रदान गर्ने ।
(ङ) पारिवारिक द्वन्द्व निरूपण गर्ने

प्रस्तोता : गरिमा काफ्ले
समूह : मालारी
सहभागी सङ्ख्या : ५

**शीर्षक : दुर्व्यवहार (Bullying)**

धम्क्याउने, थर्काउने, अनावश्यक एवम् नचाहिने कुराको हल्ला गर्ने, कुरा काट्ने, भौतिक अथवा शाब्दिक आक्रमण गर्ने जस्ता व्यवहारहरूलाई दुर्व्यवहार (bullying) भनिन्छ । साथै समूहबाट एक्ल्याउने, घमन्डी हुने अहङ्कार प्रदर्शन गर्ने, अरूलाई हाँसोको पात्र बनाउने जस्ता व्यवहारहरू पनि दुर्व्यवहार हुन् । यो बाल्यकालमा बढी व्याप्त रहने र त्यसपछिका अवस्थामा बानीका रूपमा विकास हुन सक्छ ।

दुर्व्यवहारले गर्दा झैझगडा, अशान्ति, बदलाको भावनाको विकास, असहयोगी वातावरण सिर्जना हुन्छ । यसले व्यक्तिगत तथा सामाजिक सम्बन्धमा चिसोपन ल्याउने, आदर, सम्मान र सहअस्तित्व जस्ता मौलिक गुणहरू कमजोर हुने, व्यक्तिमा एक्लोपन वृद्धि हुन्छ । साथै सामाजिकीकरणमा पनि समस्या हुन्छ ।

दुर्व्यवहार हुन नदिन विद्यालय तथा घर परिवारमा असल कार्यको प्रोत्साहन र खराब कामलाई दुरुत्साहित गर्नुपर्छ । सबैप्रति समान व्यवहार प्रदर्शन र साथीहरूप्रति समानुभूतिपूर्ण व्यवहार प्रस्तुत गर्ने गराउने, फरक विचार, क्षमता, कार्य शैलीलाई सम्मान गर्ने बानीको विकास गराउने क्रियाकलापलाई गराउनुपर्छ ।

प्रस्तोता : निर्मल बुढा
समूह : सुपादेउराली
सहभागी सङ्ख्या : ६

**क्रियाकलाप**

१. **नेपालमा सामाजिक समस्याका रूपमा रहेको दुर्व्यवहार विरुद्ध चेतना जागृत गर्ने एक सार्वजनिक अपिल (अनुरोध) को नमुना तयार पारी विद्यालयको नोटिस बोर्डमा टाँस्नुहोस् ।**

२. **नेपालमा हिंसाजन्य मृत्युका कारणहरूको तथ्याङ्क निम्नअनुसार रहेको छ :**

| कारणहरू | सङ्ख्या (प्रतिशतमा) |
|---|---|
| जबर्जस्ती बलको प्रयोग | २४ |
| धारिलो हतियारको प्रयोग | २१ |
| घाँटी थिचेर | ११ |
| जलाएर | २ |
| पड्कने हतियार | ४ |
| अज्ञात | १३ |
| अन्य | २५ |

*स्रोत : विश्व स्वास्थ्य सङ्गठन, २०१४*

(क) हिंसा नियन्त्रणमा  नेपाल सरकारले गरेको संस्थागत प्रयासहरू र यस कार्यमा तपाईँले निर्वाह गर्न सक्ने भूमिकाहरू छुट्टाछुट्टै बुँदामा लेख्नुहोस् ।

(ख) उल्लिखित तालिकाको तथ्याङ्कलाई स्तम्भचित्रमा देखाउनुहोस् ।

३. तपाईँको परिवार वा समुदायमा दुर्व्यसनी भित्रिन नदिनका लागि के कस्ता उपायहरू अवलम्बन गरिएका छन् ? आफ्ना अभिभावक वा सामाजिक कार्यकर्तालाई सोधेर टिपोट गर्नुहोस् ।

४. तपाईँको समाजका विगत र वर्तमानका सामाजिक समस्याहरू पहिचान गरी तुलनात्मक विवरण प्रस्तुत गर्नुहोस् ।

५. तल दिइएको समाचार अध्ययन गर्नुहोस् । यसले समाजमा पार्न सक्ने सकारात्मक प्रभावहरू के के हुन सक्छन्, कक्षामा छलफल गरी लेख्नुहोस् ।

**यौन हिंसा पीडित संरक्षण कानुन बनाउन परमादेश**

काठमाडौँ, फागुन २०

सर्वोच्च अदालतले यौन हिंसामा परेका महिलाको संरक्षण गर्न अलगै कानुन बनाउन सरकारलाई आदेश  दिएको छ । दुई न्यायाधीशहरूको संयुक्त इजलासले हिंसाबाट पिडितलाई संरक्षण र दोषीलाई कारबाहीका लागि छुट्टै कानुन बनाउन सरकारका नाममा परमादेश जारी गरेको हो । सर्वोच्चले महिला हिंसा विरुद्धको अन्तर्राष्ट्रिय घोषणा पत्रमा नेपालले हस्ताक्षर गरेको अवस्थामा यौन हिंसामा परेका महिलालाई पुरानै कानुनअनुसार संरक्षण हुन नसक्ने जनाएको छ । यौन दुर्व्यवहारमा बाल बालिका र महिला पिडित हुने क्रम जारी रहेको र उनीहरू समाजमा पुन:र्स्थापना हुन सक्ने अवस्था नदेखिएको तथा उनीहरूको संरक्षक नभएको देखिएकाले तत्काल कानुन निर्माण गरी राज्यले अभिभावकत्व ग्रहण गर्नुपर्ने सर्वोच्चको फैसलामा भनिएको छ । यौनहिंसा पिडित महिला तथा बाल बालिकाको कानुनी रक्षाका लागि अलग्गै संयन्त्र बनाउन राष्ट्रिय महिला आयोगले सिफारिस कार्यान्वयन गर्न सरकारलाई सर्वोच्चले आदेश दिएको छ । यस सन्दर्भमा अनुगमन गर्न सर्वोच्चले महिला आयोगलाई निर्देशन गरेको छ ।

**अभ्यास**

१. दुर्व्यवहार भनेको के हो ? यसलाई कसरी समाधान गर्न सकिन्छ ?

२. व्यक्ति किन दुर्व्यसनी बन्छ ? कारणहरू लेख्नुहोस् ।

३. व्यक्तिलाई दुर्व्यसनबाट कसरी मुक्त गराउन सकिन्छ ? तपाईँको समाजमा कुन कुन संस्थाहरू यस कार्यमा संलग्न भएका छन् ? तिनीहरूको नाम र कार्यको प्रकृतिसमेत उल्लेख गर्नुहोस् ।

४. 'देह व्यापार सामाजिक समस्या हो ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

५. लागु पदार्थ दुर्व्यसनले व्यक्ति, परिवार र समाजमा पार्ने असरहरूको अलग अलग सूची बनाउनुहोस् ।

६. सार्वजनिक स्थानमा धूमपान गर्न नपाइने कानुनी व्यवस्था राज्यको उदाहरणीय कदम हो, किन ?

७. 'आफूले सम्मान प्राप्त गर्न अरूलाई पनि सम्मान गर्न सिक्नुपर्छ' भन्ने शीर्षकमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

पाठ ४

# सामाजिक सुधारमा स्थानीय र राष्ट्रिय सङ्घ संस्थाको योगदान

समग्र समाजको प्रगति, उन्नति र सुधार मार्फत राष्ट्रको विकास गर्न सकिन्छ । यसका लागि समाजमा विभिन्न संस्थाहरू कार्यरत रहन्छन् । तिनीहरूमध्ये कुनै स्थान विशेषलाई मात्र केन्द्र बनाई कार्य गरेका हुन्छन् भने कसैले राष्ट्रव्यापी कार्य क्षेत्र बनाई कार्य सम्पादन र सेवा प्रदान गरेका हुन्छन् । तिनीहरू सबै समाजमा बृहत्तर एवम् सामूहिक हितका लागि क्रियाशील रहन्छन् । सामजिक सङ्घसंस्थाका नामले चिनिने यस्ता संस्थाहरूले सामाजिक सुधारको क्षेत्रमा कुनै न कुनै क्षेत्रमा योगदान पुऱ्याएका हुन्छन् । यी संस्थाहरूले समाजको रूपान्तरण, चेतना अभिवृद्धि, आय आर्जन, शान्ति, मेलमिलाप, अमनचयन तथा चौतर्फी विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

**नेपालमा कार्यरत केही स्थानीय तथा राष्ट्रिय सङ्घसंस्थाहरू र तिनीहरूले पुऱ्याएको योगदान**

| संस्थाको नाम | योगदानका क्षेत्र |
|---|---|
| शक्ति समूह | बेचिएका र बेचिन लागेका चेलीहरूको उद्धार गर्ने, पुनःस्थापना गर्ने । |
| सिविन (Child Workers in Nepal-CWIN) | बाल अधिकार संरक्षण र बालश्रम विरुद्ध चेतना वृद्धि सम्बन्धी अभियान वा कार्यक्रम सञ्चालन गर्ने । |
| मानव अधिकार सरोकार केन्द्र | मानव अधिकार संरक्षण र पैरवी गर्ने । |
| आमा समूह, नारी समूह | विभिन्न हिंसा विरुद्ध कार्य गर्ने, सामाजिक समस्या र विकृति नियन्त्रणमा सहयोग गर्ने । |
| माइती नेपाल | मानव बेचबिखन नियन्त्रण, उद्दार र आय आर्जन सिप प्रदान तथा पुनःस्थापना गर्ने । |
| क्लबहरू | सिर्जनात्मक सिप बिकास गर्ने तथा सामाजिक समस्या र विकृति विरुद्ध कार्य गर्ने । |
| परोपकार संस्था | असहाय एवम् टुहुरा बाल बालिकालाई आवाससहित शिक्षा प्रदान गर्ने । स्वास्थ्य सेवा सम्बन्धी कार्य गर्ने । |
| यातना पीडित सरोकार केन्द्र (Centre for Victim Torture Nepal - CVICT) | सन् १९९० मा स्थापित यस संस्थाले यातना पिडितहरूलाई पुनःस्थापना गर्ने, यातना विरुद्ध आवाज उठाउने । |
| रचना | धनुषा जिल्लामा ग्रामीण क्षेत्रको चौतर्फी विकास सम्बन्धी कार्य गर्ने |
| सिन्कालामा कार्यक्रम | सिन्धुपाल्चोक , काभ्रेपलाञ्चोक, ललितपुर र मकवानपुर जिल्लामा विकासका पूर्वाधार निर्माणमा सहयोग एवम् वातावरण संरक्षण कार्य गर्ने । |

नेपालमा समाज सेवाका क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरूबिच समन्वय गर्ने पवित्र उद्देश्यका साथ पहिलो पटक सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् ऐन, २०३४ जारी गरिएको थियो । हाल समाज सेवाका लागि स्थापित सङ्घसंस्थाहरूलाई व्यवस्थित बनाई परिचालन गर्न समाज कल्याण परिषद् ऐन, २०४९ जारी गरिएको छ । निजी क्षेत्रको स्वत:स्फूर्त स्वयम्सेवी भावनालाई राष्ट्रिय विकासको मूल प्रवाहमा आबद्ध गर्ने सरकारी नीति छ । तथापि गैर सरकारी संस्थाहरूको सङ्ख्यात्मक वृद्धि भएको तर गुणात्मकतामा अपेक्षित प्रभाव पार्न नसकेको चौतर्फी गुनासा सुनिन्छन् । मुख्यत: यी संस्थाहरू सहर केन्द्रित हुने, दुर्गम र ग्रामीण क्षेत्रमा परिचालित नभएको गुनासाहरू सर्वत्र रहेको छ । यस्ता गुनासाहरूलाई चिर्दै दुर्गम ग्रामीण वस्तीसम्म यस्ता संस्थाहरूको भूमिकालाई बढाउँदै जानु आजको आवश्यकता हो ।

**क्रियाकलाप**

१. तपाईँको समुदायमा कार्यरत स्थानीय सामाजिक सङ्घसंस्थाहरूको सूची तयार गरी तिनीहरूका योगदान समेत उल्लेख गर्नुहोस् ।

२. सामाजिक सुधारमा विद्यार्थीहरू र विद्यालयले के कस्ता भूमिका निर्वाह गर्न सक्छन्, लेख्नुहोस् ।

३. तपाईँको समुदायमा रहेका सामाजिक समस्याहरू नियन्त्रण गर्ने उपायहरू समेटी एक राष्ट्रिय पत्रिकामा प्रकाशन गर्न समाचारको नमुना बनाउनुहोस् ।

४. तपाईँको समुदायमा भएको कुनै एक गैर सरकारी संस्थाहरूलाई ग्रामीण र दुर्गम क्षेत्रमा विकास अभियानमा एक आपसमा समन्वय गरी अगाडि बढ्न अनुरोध गर्दै एक पत्र लेख्नुहोस् ।

**अभ्यास**

१. सामाजिक सङ्घ संस्था भन्नाले के बुझ्नुहुन्छ ?

२. माइती नेपालको कुनै एक योगदान उल्लेख गर्नुहोस् ।

**सामुदायिक कार्य**

आफ्नो समाज वा जिल्लामा कार्यरत सङ्घसंस्थाहरूको कार्यालयमा गई संस्था स्थापनाको पृष्ठभूमि, उद्देश्य र कार्यहरू तथा आर्थिक स्रोतहरू सम्बन्धमा सोधखोज गरी एक प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ ५

# नेपालमा सामाजिक सुधारका लागि भएका प्रयासहरू

**सवारी ऐनको प्रभावकारी कार्यान्वयनले दुर्घटनामा कमी**

पाल्पा, चैत १०

सवारी ऐनको प्रभावकारी कार्यान्वयनबाट तिन वर्षको अवधिमा दुर्घटनाका कारण ज्यान गुमाउने र घाइते हुनेको सङ्ख्या ह्वात्तै घटेको छ । प्रहरीले जिल्लामा सवारी ऐन प्रभावकारी रूपमा कार्यान्वयन गरेपछि दुर्घटना न्यून हुँदै आएको दाबी गरेको छ । प्रहरीले लापरबाहीसाथ सवारी चलाउने चालकलाई कारबाही र उनीहरूको अनुमति पत्रसमेत रद्द गरेको बताएको छ । गत वर्षको तुलनामा यस वर्ष दुर्घटना र क्षतिमा शत प्रतिशतले कमी आएको छ । प्रहरीको सक्रियता तथा सवारी ऐनलाई कडाइका साथ लागु गर्दा दुर्घटनामा कमी आएको हो । यसका लागि घुमुवा प्रहरीबाट ऐन कार्यान्वयनको निगरानीका साथै सादा पोसाकका प्रहरीसमेत खटिएका छन् । सवारी ऐनमा लापरबाही गर्ने प्रहरीलाई समेत कारबाही गरेपछि दुर्घटनामा उल्लेखनीय कमी आएको छ ।

## नेपालमा समाज सुधारका प्रयासहरू

लिच्छवि कालका राजा मानदेवले आफ्नी आमालाई सती जानबाट रोकेका, त्यस कालमा नारीको उच्च सम्मान र धार्मिक स्वतन्त्रता रहेको ।

मल्लकालका राजा जयस्थिति मल्लले विभिन्न जातजातिहरूको खानपान रहनसहन, कपडा र गरगहना लगाउने र जन्म, विवाह, मृत्युबारे पनि निश्चित नियम बनाएको ।

राजा महीन्द्र मल्लले स्थानीय झैझगडाहरू स्थानीय समाधान गर्न प्रोत्साहित गरेका । विकेन्द्रित न्याय प्रणालीअनुरूप गाउँको झगडा हेर्न टोलमा प्रधान र देशव्यापी रूपमा हेर्न खरदार पद सिर्जना गरी जिम्मेवारी तोकिएको ।

शाहवंशीय राजा रामशाहले समाज सुधारका निम्ति ढक, तराजु, नापतौल, दामपैसाको प्रणाली सुरुआत गरेका । यिनले न्याय प्रणालीको पनि प्रारम्भ गरेका ।

पृथ्वीनारायाण शाहले “घुस लिने र घुस दिने दुवै राष्ट्रका शत्रु हुन्” भनी भ्रष्टाचारलाई निरुत्साहित गरेका ।

भीमसेन थापाले घुस प्रथाको विरोध गर्दै दुध खाने र घिउ खाने घुस खोरी प्रथा अन्त्य गरेका । नेवार जातिले गर्ने फजुल खर्च र अन्य जातिमा रहेको अव्यावहारिक विवाह चलन बन्द गरेका ।

जङ्गबहादुर राणाले वि. सं. १९१० मा मुलुकी ऐन जारी गरी सामाजिक सुधारको प्रयास गरेका ।

देवशमसेरले छोटो अवधिमा देशभर १५० भन्दा बढी विद्यालय खोलेका तथा चन्द्रशमशेरले वि. सं. १९७७ मा सती प्रथा र वि. सं. १९८१ मा दास प्रथा अन्त्यको घोषणा गरेका ।

पञ्चायती व्यवस्थाले वि. सं. २०२० भदौ १ मा मुलुकी ऐन र वि. सं. २०२१ मा भूमि सुधार ऐन ल्याई कार्यान्वयन गरेको ।

वि. सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धति योजना लागु गरी शिक्षा क्षेत्रमा सुधारको प्रयास गरिएको थियो ।

वि. सं. २०४६ सालको पहिलो जनआन्दोलनपश्चात् जारी गरिएको नेपाल अधिराज्यको संविधान, २०४७ ले जनतालाई मौलिक हकहरूको व्यवस्था गरी सामाजिक सुधारको संवैधानिक व्यवस्था गरेको थियो ।

वि. सं. २०५७ साउन २ गते मध्य पश्चिम र सुदूर पश्चिमको तराई क्षेत्रमा विद्यमान कमैया प्रथालाई अन्त्य गर्ने घोषणा गरियो ।

दोस्रो जनआन्दोलनको सफलतापछि वि. सं. २०६३ जेठ ४ गते प्रतिनिधि सभा घोषणाले देशलाई धर्म निरपेक्ष घोषणा र अन्तरिम संविधान २०६३ मा त्यसैको निरन्तरतासहित अतिरिक्त मौलिक हकहरूको व्यवस्था गरेर यथेष्ट सामाजिक सुधारका प्रयास गरेको देखिन्छ ।

यसैगरी नेपाल सरकारले वि. सं. २०६५ भदौ २१ गते गरेको निर्णयअनुसार नेपालबाट हलिया प्रथाको उन्मूलन भएको छ । उक्त प्रथा सुदूर पश्चिमका नौ ओटा जिल्लामा प्रचलनमा रहेको थियो ।

**क्रियाकलाप**

१. तपाईँको कक्षामा केही समस्याहरू हुन सक्छन् । ती समस्याहरू सुधारका लागि नियमहरू प्रस्तावका रूपमा पेस गर्नुहोस् र छलफल गरी कार्यान्वयनमा लैजानुहोस् ।

२. समाजमा भएका सामाजिक विकृतिहरू र तिनलाई समाधान गर्ने उपायहरू सम्बन्धमा लोकगीत, कविता वा चित्रको रचना गरी सार्वजनिक सूचना पाटीमा टाँस्नुहोस् ।

३. विभिन्न कालखण्डमा विविध कुप्रथाहरूको उन्मूलनको घोषणा गरिए पनि छिटफुट रूपमा त्यस्ता समस्याहरू देख्न वा सुन्न पाइन्छ । किन यसो भएको होला ? राष्ट्रिय पत्रिकाका लागि एक विश्लेषणात्मक लेख तयार पार्नुहोस् ।

४. नेपालको अन्तरिम संविधान, २०६३ ले सामाजिक सुधारका लागि गरेका संवैधानिक प्रावधानहरू बुँदागत रूपमा लेख्नुहोस् ।

५. नेपालमा गणतन्त्र स्थापनापछि सरकारले गरेका सामाजिक सुधारका प्रयासहरू सोधखोज गरी लेख्नुहोस् ।

६. वर्तमान नेपालको संविधानले सामाजिक सुधारका लागि गरेका संवैधानिक प्रावधानहरूको सूची तयार पार्नुहोस्

### अभ्यास

१. राजा जयस्थिति मल्ल र राम शाहले गरेका सामाजिक सुधारका समानता र भिन्नताहरू बुँदागत रूपमा तालिकामा लेख्नुहोस् ।

२. सति प्रथा र दासप्रथा उन्मूलनले सामाजिक न्याय प्राप्त भयो, यसलाई पुष्टि गर्नुहोस् ।

३. कमैया प्रथा भन्नाले के बुझिन्छ ?

४. 'ऐन कानुनको घोषणाले मात्र सामाजिक सुधार नहुने रहेछ, यसको प्रभावकारी माध्यम कार्यान्वयन पक्ष हो' भन्ने भनाइमा सहमतिका तर्कसहित आफ्नो राय प्रस्तुत गर्नुहोस् ।

५. नेपालमा सामाजिक सुधारमा भएका प्रयासहरूलाई समय रेखामा देखाउनुहोस् ।

### सामुदायिक कार्य

तपाईँको समुदायमा विगत १५ वर्षयता के के कुरामा परिवर्तन भए ? समाजको जानकार व्यक्तिसँग सोधपुछ गरेर र आफूले प्रत्यक्ष रूपमा भोगेको वा देखेको आधारमा भएका परिवर्तनहरू लेख्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ ६

# द्वन्द्व चक्र र निरूपण

ताप्लेजुङ जिल्लाको दुई गाउँमा पिउने पानीको समस्या रहेको छ । एक गाउँमा पानीको मुहान छ तर वितरणमा समस्या छ । अर्को गाउँ पनि त्यही मुहानमा निर्भर रहेकाले दुई गाउँबिच बेला बेलामा झगडा भइरहन्छ । यस विषयलाई लिएर गाउँलेहरूबिच भनाभन, हात हालाहालको अवस्थासमेत पटक पटक सिर्जना भएको थियो । विवादले उग्र रूप लिएपछि गा. वि. स. का भूतपूर्व अध्यक्ष र वर्तमान गा. वि. स. सचिवको मध्यस्थतामा वार्ता भई झगडा समाधान भएको छ ।

झगडा समाधान भए पनि त्यसको असर केही सातासम्म रह्यो । यसर्थ स्थानीय सिर्जनशील युवा क्लबले द्वन्द्वपछिको अवस्थामा सुधार ल्याउन दुवै गाउँका बुद्धिजीवी र भद्र भलाद्मीको उपस्थितिमा अन्तरक्रियासमेत सञ्चालन गरेको थियो । सो अन्तरक्रियाले दुवै गाउँबिचमा सकारात्मक सम्बन्ध बिस्तारमा सहयोग पुगेको छ । अहिले दुवै गाउँका मानिसहरू आपसमा खुलेर कुराकानी गर्न थालेका छन् । अन्य गाउँमा विकास निर्माणका अन्य कार्य गर्दासमेत दुवै गाउँका मानिसहरूको सक्रिय सहयोग, समन्वय र सहभागिता उल्लेख्य देखिएको छ । हाल दुवै गाउँका व्यक्तिहरूबिच बिहेवारी र सामाजिक कार्यमा आउजाउ बढ्दै गइरहेको छ । साथै सामुदायिक वन संरक्षणमा दुवै गाउँका युवा र महिलाहरूको सक्रियता बढेको पाइन्छ । दुई गाउँका युवाबिच समय समयमा खेलकुद प्रतियोगिताले दुवै गाउँको सम्बन्ध सुमधुर बनेको महसुस भएको गाउँलेहरू बताउँछन् । यसले बिस्तारै दुवै गाउँका मानिसहरूमा आत्मीयता, सहयोग र सहकार्यको मार्गतर्फ अघि बढिरहेको देखिन्छ ।




व्यक्ति वा समूहले आफ्नो स्वार्थ, आवश्यकता र उद्देश्य पुरा गर्ने क्रममा अर्कालाई असजिलो पार्नु र टकरावको स्थिति सिर्जना हुनु नै द्वन्द्व हो । दुई वा दुईभन्दा बढी पक्षहरूले आफूहरू बिचमा प्रतिद्वन्द्विताको अनुभव महसुस गरेको कुनै पनि अवस्था द्वन्द्व हो । द्वन्द्व मुख्यतः व्यक्तिगत, सामूहिक र सङ्गठनात्मक हुन्छन् ।

**द्वन्द्वका विशेषताहरू**

(क) द्वन्द्व तनाव र सङ्घर्षको अवस्था हो ।

(ख) द्वन्द्वमा दुई वा दुईभन्दा बढी पक्षको संलग्नता हुन्छ ।

(ग) द्वन्द्वले सकारात्मक र नकारात्मक परिणाम दिन सक्छ ।

(घ) द्वन्द्व समाजको अभिन्न पक्ष हो ।

(ङ) द्वन्द्वलाई चुनौतीका रूपमा ग्रहण गर्नुपर्छ ।

**क्रियाकलाप**

१. तपाईँको कक्षाकोठा, विद्यालय वा समुदायमा के कस्ता द्वन्द्व भएका छन् ? द्वन्द्व हुनका कारणहरू समूह छलफलबाट पहिचान गरी निरूपणका उपायहरू समेत समावेश गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. 'द्वन्द्व विकासको एक आधार पनि हो' भन्ने शीर्षकमा कक्षामा वक्तृत्व कला प्रतियोगिता आयोजना गर्नुहोस् ।

३. दुई साथीबिचको झगडामा मध्यस्थ कर्ताको भूमिका निर्वाह गर्नुहोस् र भूमिका निर्वाह गर्दाको अनुभवलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. स्वमूल्याङ्कन गर्नुहोस् :

| क्र. सं. | क्रियाकलाप | सधैँ | धेरै जसो | कहिलेकाहीँ |
|---|---|---|---|---|
| १. | अरूसँग झगडा गर्दिनँ । | | | |
| २. | झगडाले राम्रो गर्दैन भन्ने बुझाइ व्यवहारमा उतार्छु । | | | |
| ३. | अन्यायको विरुद्ध आवाज उठाउँछु । | | | |
| ४. | झगडामा मध्यस्थता गर्छु । | | | |
| ५. | झगडापछि मेलमिलाप र सौहार्दताको वातावरण सिर्जना गर्छु । | | | |

**अभ्यास**

१. समाजमा द्वन्द्वको सिर्जना किन हुन्छ ?

२. द्वन्द्व निरूपण भन्नाले के बुझिन्छ ?

३. द्वन्द्व निरूपणका प्रक्रियाहरू सङ्क्षिप्त रूपमा लेख्नुहोस् ।

४. दुवै पक्षले जित्ने द्वन्द्वको समाधानबारे उदाहरणसहित बयान गर्नुहोस् ।

**सामुदायिक कार्य**

आफ्नो समुदायमा द्वन्द्व निरूपण भएको कुनै एक घटनालाई आधार मानी सोसँग जानकार व्यक्तित्वसँग छलफल गरी प्राप्त सूचनालाई समेटेर प्रतिवेदन तयार पार्नुहोस् ।

**एकाइ : पाँच** नागरिक चेतना

पाठ १

# संविधानको परिचय



संविधान देशको मूल कानुन हो । यसले सरकारको स्वरूपलाई निर्धारण गर्छ। यसले सरकारी शक्तिलाई सीमाङ्कन गरी राज्यको काम कारबाहीलाई वैधता प्रदान गर्छ । संविधानले जनताको अधिकारलाई संरक्षित गर्ने, राज्यका अङ्गहरूबिच शक्तिको वितरण र सम्बन्ध निश्चित गर्छ । राज्यको राजनीतिक प्रणाली, राज्यका अङ्गहरूको गठन, राज्य शक्तिको प्रयोगका सम्बन्धमा उल्लेख गरिएको लिखत नै संविधान हो ।

आधुनिक लोकतान्त्रिक राज्यको मान्यताअनुसार जनता नै राज्यका मुख्य शक्तिका स्रोत हुन्, जनता नै सम्प्रभु हुन् । जनताको हक, अधिकार र स्वतन्त्रता राज्यसत्ताबाट निरङ्कुश किसिमले खोस्न नसकियोस् भन्ने उद्देश्यअनुरूप संविधानको निर्माण गरिएको हुन्छ । राज्यमा अराजकता, निरङ्कुशता र स्वेच्छाकारितालाई नियन्त्रण गर्न संवैधानिक पद्धतिको विकास गरिएको हुन्छ । संविधानले शासकलाई नागरिकप्रति उत्तरदायी र जिम्मेवार बनाउँछ । संविधानद्वारा सिर्जित निकायले आआफ्नो क्षेत्राधिकारभित्र रही कार्य सम्पादन गर्न यसले निर्देश गर्छ । कुनै पनि मुलुकले संविधानबमोजिम शासन प्रणाली सञ्चालन गर्दैमा सो राज्य लोकतान्त्रिक हुन्छ भन्ने होइन । स्वसरकार र सीमित सरकारको मान्यतालाई आत्मसात् गरेको राज्य लोकतान्त्रिक कहलाउँछ । संविधान तर्जुमा गरिँदा यी कुरालाई आत्मसात् गरिनुपर्छ भन्ने आधुनिक मान्यता हो ।

प्रत्येक मुलुकको आआफ्नो राजनीतिक स्थिति, आर्थिक अवस्था, सामाजिक र सांस्कृतिक परिवेश, भौगोलिक अवस्थाजस्ता कुराहरूले संविधानका स्वरूपहरूमा प्रभाव पारेको हुन्छ । संवैधानिक परम्पराको विश्व इतिहास लामो भए पनि लिखित संविधानको निर्माण प्रक्रिया अठारौँ शताब्दीको अन्त्यतिरबाट भएको देखिन्छ । परम्परागत रूपमा संविधानको मुख्य काम शासक निर्धारण गर्नु हुन्थ्यो । आज विश्वका अधिकांश राष्ट्रहरूले आआफ्नो मूल्य र मान्यताअनुसार लिखित संविधानको तर्जुमा गरी त्यसको आधारमा शासन व्यवस्था सञ्चालन गर्दै आएका छन् ।

आधुनिक संविधानले सीमित सरकारको अवधारणा र नागरिक अधिकारको सुनिश्चितालाई अवलम्बन गरेको पाइन्छ । शक्ति सन्तुलन र नियन्त्रणको अवस्था तथा जनचाहना अनुरूपको मान्यतालाई समय सापेक्षअनुरूप बनाउँदै संशोधन पद्धतिलाई अवलम्बन गरेको विश्व संवैधानिक अभ्यासले देखाएको

छ । संविधान राज्यको शक्तिचित्र हो । संविधान जीवन्त हुन त्यसप्रति जनताको अपनत्व हुनुपर्छ । सबैले संविधान सम्मत कार्य गर्ने संवैधानिक आचरण हुनुपर्छ । समानता, स्वतन्त्रता र न्यायमा आधारित संविधान लोकतान्त्रिक हुन्छ ।

विश्वमा पहिलो लिखित संविधान सन् १७८९ देखि लागु भएको अमेरिकाको संविधान हो । बेलायतमा लिखित संविधान छैन तर परम्परागत संवैधानिक कानुन, मूल्य र मान्यतामा त्यहाँको शासन प्रणाली चलेको छ ।

### क्रियाकलाप

१. 'लोक सम्मति' को परिचय दिनुहोस् । लोक सम्मतिका आधारमा संविधान निर्माण गरिनुपर्छ भन्ने मान्यताले किन प्राथमिकता पाइरहेको छ, स्पष्ट पार्नुहोस् ।

२. लोकतान्त्रिक मुलुकमा 'सीमित सरकार' को अवधारणा विकास गरिएको हुन्छ, कसरी ? उदाहरणसहित बुँदागत रूपमा लेख्नुहोस् ।

३. कक्षाका विद्यार्थीहरू विभिन्न समूहमा विभाजित हुनुहोस् । सबैले लिखित र अलिखित संविधान विषयमा आआफ्ना विचार प्रस्तुत गरी त्यसलाई अन्तिम रूपमा तलको तालिकामा प्रस्तुत गर्नुहोस् :

| लिखित संविधान | अलिखित संविधान |
|---|---|
| | |

### अभ्यास

१. संविधान भनेको के हो ?

२. संविधानको महत्त्व उल्लेख गर्नुहोस् ।

३. 'सीमित सरकार' भनेको के हो ?

### सामुदायिक कार्य

तपाईंको समुदायमा बुद्धिजीवी, कानुनविद् वा राजनीतिज्ञ हुनुहुन्छ । उहाँहरूसँग संविधानका विविध आयाम (परिचय, विशेषता, आवश्यकता) सम्बन्धमा कुराकानी गर्नुहोस् । उहाँबाट प्राप्त विचार र आफ्ना विचारबिच तुलनात्मक अध्ययन गरी निष्कर्ष बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

पाठ २

# नेपालको संवैधानिक विकास क्रम

भाइबहिनीहरू, हामीले अघिल्लो पाठमा संविधानको परिचय र विशेषताका बारेमा छलफल गऱ्यौँ । तपाईंहरूले संविधानलाई न्याय, समानता र स्वतन्त्रताको आधारभूत संयन्त्रका रूपमा बुझेको हुनुपर्छ । संविधानले जनताका अधिकार तथा सरकारको शक्तिलाई निर्धारण गरेको हुन्छ भनी बुझिसकेका छौँ । संविधान समष्टिमा राजनीतिक, कानुनी, आर्थिक, सामाजिक र सांस्कृतिक दस्तावेज हो भन्ने कुरामा तपाईं जानकार हुनुहुन्छ ।

संविधान कानुनहरूको कानुन वा मूल कानुन हो । सबै मुलुकमा प्रक्रिया अवलम्बन गरी संविधान निर्माण भएको पाइँदैन । संविधान निर्माण आयोग, समिति, संविधानसभा वा अन्य उपयुक्त माध्यमबाट भएको पाइन्छ । एकै मुलुकले कयौँ पटक संविधान निर्माण वा सुधार गरेको पाइन्छ, जस्तै : भेनेजुएलामा २७, हाइटीमा २० तथा थाइल्यान्डमा १९ पटक संविधान फेरबदल भएका थिए ।

नेपालको संवैधानिक विकासको इतिहास लामो छैन । नेपाल सरकार वैधानिक कानुन, २००४ बाट मात्रै नेपालको संवैधानिक इतिहास प्रारम्भ भएको मानिन्छ । नेपालमा हालसम्म ७ ओटा संविधानहरू जारी भएका छन् । यो परिवर्तनलाई हेर्दा औसत १० वर्षमा एउटा संविधान पर्न आउँछ । तसर्थ नेपाल पनि छिटो छिटो संविधान परिवर्तन हुने मुलुकमा पर्छ । अब, हामी नेपालमा हालसम्म जारी भएका संविधानको विषयमा चर्चा गर्ने छौँ :

## १. नेपाल सरकार वैधानिक कानुन, २००४

राणा प्रधानमन्त्री पद्म शमशेरले वि. सं. २००५ वैशाख १ गतेदेखि लागु हुने गरी वि. सं. २००४ माघ १३ गते पञ्जापत्रका आधारमा पहिलो संविधान घोषणा गरेका थिए । भारतीय कानुन विज्ञहरू श्रीप्रकाश गुहा, रघुनाथ सिंह र डा. रामउग्र सिंह सम्मिलित समूहले संविधानको मस्यौदा बनाएको थियो । त्यस कानुनमा ६ भाग, ६८ दफा र १ फेहरिस्त (अनुसूची) थिए ।

| मुख्य व्यवस्था | कमजोर पक्ष |
|---|---|
| ➨ राणाहरूमा निहित श्री ३ अधिकारको मुख्य स्रोत<br>➨ कार्यकारिणीलगायत सम्पूर्ण अधिकार श्री ३ मा निहित<br>➨ भारदारी सभा (उपल्लो सदन) रहने व्यवस्था<br>➨ सुलभ इन्साफको हक, धार्मिक स्वतन्त्रता लगायतका मौलिक हकको व्यवस्था<br>➨ प्रधान जाँचकी, दरखास्त परिषद्जस्ता निकायको परिकल्पना | ➨ शक्ति पृथकीकरणको सिद्धान्त आत्मसात् नगरेको<br>➨ श्री ३ ले मन्त्रिपरिषद्को गठन र विघटन गर्ने व्यवस्था गरी राज्य प्रमुख, राजाको भूमिका व्यवस्था नगरेको |

## २. नेपालको अन्तरिम शासन विधान, २००७

राणा शासनको अन्त्य तथा आन्दोलनबाट प्रजातन्त्रको अभ्युदयका कारण यो संविधान ल्याइएको थियो । नेपालको संवैधानिक इतिहासमा यो शासन विधान पहिलो पटक राजाबाट जारी भएको हो । नेपालको अन्तरिम शासन विधान वि. सं. २००७ चैत, १७ गते पारित गरी चैत २९ गते लागु भएको हो । यो शासन विधान ८ पटक संशोधन भएको थियो । यस शासन विधानमा ७ भाग ७३ दफा र १ अनुसूची थिए ।

| मुख्य व्यवस्था | कमजोर पक्ष |
|---|---|
| ➨ कार्यकारिणी अधिकार राजा र मन्त्रिपरिषद्मा रहने व्यवस्था<br>➨ राज्यका निर्देशक सिद्धान्तको व्यवस्था<br>➨ निर्देशक सिद्धान्तभित्र मौलिक हकको व्यवस्था<br>➨ प्रधान न्यायालय, सर्वोच्च न्यायालय हुने व्यवस्था | ➨ राजाले मन्त्रिपरिषद् गठन र विघटन गर्न सक्ने<br>➨ शक्ति पृथकीकरणको सिद्धान्त आत्मसात् नभएको<br>➨ संशोधन व्यवस्था नभएता पनि राजाले समय समयमा संशोधन गर्ने गरेका |

## ३. नेपाल अधिराज्यको संविधान, २०१५

बेलायती मोडेलको प्रभावमा बनेको यो संविधान तुलनात्मक रूपमा प्रजातान्त्रिक मानिन्छ । श्री भगवतीप्रसाद सिंहको अध्यक्षतामा गठित संविधान मस्यौदा कमिसनले संविधानको मस्यौदा तयार पारेको थियो । यस कमिसनले ब्रिटिस संविधानविद् सर आइभोर जेनिङ्गस (Sir Ivor Jennings) को सल्लाह लिइएको थियो । राजा महेन्द्रले वि. सं. २०१५ फागुन १ गते जारी गरेको यस संविधानमा १० भाग र ७७ धारा थिए । यस संविधानका धारा ७३ र धारा ७५ तत्कालै र बाँकी सबै धाराहरू २०१६ साल असार १६ गतेदेखि लागु गरिएको थियो ।

| मुख्य व्यवस्था | कमजोर पक्ष |
|---|---|
| ➨ संविधान मूल कानुनका रूपमा संविधानमा पहिलो पटक लेखिएको<br>➨ सार्वभौमसत्ता श्री ५ मा निहित<br>➨ श्री ५, महासभा र प्रतिनिधि सभा सहितको संसद्को व्यवस्था<br>➨ कार्यपालिकाको गठन प्रतिनिधि सभाबाट हुने व्यवस्था | ➨ मौलिक हकलाई व्यवस्थापिकाले निस्तेज गर्न सक्ने व्यवस्था<br>➨ प्रस्तावनामा संवैधानिक राजतन्त्र उल्लेख भएता पनि संविधानमा राजाको सक्रिय भूमिका रहने व्यवस्था<br>➨ संविधानलाई मूल कानुन मानिएता पनि राजगद्दी उत्तराधिकारी सम्बन्धी कानुन बदल्न नसक्ने व्यवस्था |

## ४. नेपालको संविधान, २०१९

यो संविधान दलविहीन पञ्चायती व्यवस्थाको पृष्ठ पोषण गर्न राजाद्वारा ल्याइएको हो । यो संविधान निरंकुश चरित्रको भएता पनि नेपालमा सबैभन्दा बढी समय लागु भएको थियो । श्री ऋषिकेश शाहको अध्यक्षतामा गठन गरिएको संविधान मस्यौदा आयोगले तयार पारेको संविधान राजा महेन्द्रले वि. सं. २०१९ साल पौष १ गते जारी गरेका थिए । यो संविधान जारी हुँदा २० भाग, ९७ धाराहरू र ६ अनुसूचीहरू थिए । यो संविधान पहिलो पटक वि. सं. २०२३ माघ, दोस्रो पटक वि. सं. २०३२ मङ्सिर र तेस्रो पटक वि. सं. २०३७ पुसमा संशोधन गरिएको थियो ।

| मुख्य व्यवस्था | कमजोर पक्ष |
|---|---|
| ➨ नेपालको सार्वभौम सत्ता श्री ५ मा निहित<br>➨ संविधान मूल कानुन<br>➨ दलविहीन पञ्चायती व्यवस्था<br>➨ सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति श्री ५ को स्वविवेकमा हुने | ➨ जनताप्रति उत्तरदायी नभई राजाप्रति उत्तरदायी सरकारको व्यवस्था<br>➨ दलविहीनताको व्यवस्था प्रस्तावनामा उल्लेख भएको (प्रथम संशोधन) ।<br>➨ सर्वोच्च अदालतलाई अन्तिम अदालतका रूपमा नमानी राजाले मुद्दा दोहोऱ्याई हेर्न आदेश दिने व्यवस्था रहेको । |

## ५. नेपाल अधिराज्यको संविधान, २०४७

वि. सं. २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् जारी भएको यो संविधानमा संविधानवादको मान्यता समेटिएको थियो । जनताका राय सुझाव ग्रहण गरी श्री विश्वनाथ उपाध्यायको अध्यक्षतामा गठित संविधान सुधार सुझाव आयोगले तयार गरेको मस्यौदा मन्त्रिपरिषद्ले परिमार्जन गरी वि. सं. २०४७ कात्तिक २३ गते जारी गरिएको थियो । राजा वीरेन्द्रबाट घोषणा गरिएको यस संविधानमा २३ भाग, १३३ धारा र ३ अनुसूची थिए ।

| मुख्य व्यवस्था | कमजोर पक्ष |
|---|---|
| ➨ संविधान मूल कानुन<br>➨ पहिलो पटक सार्वभौम सत्ता नेपाली जनतामा निहित<br>➨ बालिग मताधिकार, कानुनी शासन, मौलिक हकको प्रत्याभूति, संवैधानिक राजतन्त्रलगायतका पक्षलाई प्रस्तावनामा उल्लेख गरी असंशोधनीय बनाइएको<br>➨ दुई सदनात्मक व्यवस्था र स्वतन्त्र न्यायपालिका | ➨ प्रजातान्त्रिक संविधान भनिएता पनि जनमत संग्रहको व्यवस्था नभएको<br>➨ संवैधानिक राजतन्त्रका धेरै मान्यता समावेश भएता पनि कतिपय अस्पष्टताले राजाले स्वविवेक प्रयोग गर्न सक्ने अवस्था रहेको<br>➨ सामाजिक न्यायका मान्यतालाई स्पष्ट रूपमा व्यवस्था गर्न नसकेको |

## ६. नेपालको अन्तरिम संविधान, २०६३

वि. सं. २०६२/६३ सालको राजनीतिक परिवर्तनपश्चात् अन्तरिम समयको व्यवस्थापनका लागि यो संविधान ल्याइएको थियो । वि. सं. २०६३ माघ १ गते लागु भएको यो संविधान छोटो समयमा धेरै पटक संशोधन भएको थियो ।

## ७. नेपालको संविधान

वि. सं. २०६२/६३ को दोस्रो जनआन्दोलनको मर्म र दस वर्ष लामो सशस्त्र द्वन्द्वलाई शान्ति प्रक्रियामा रूपान्तरण गर्न सफल दस्तावेजको रूपमा 'नेपालको संविधान, २०७२' लाई लिन सकिन्छ । वि. सं. २०७२ असोज ३ गते जारी भएको यो संविधान संविधान सभाले तयार पारेको हो ।

निम्न लिखित पक्षहरूलाई यस संविधानको विशेषताका रूपमा लिन सकिन्छ :

(क) देशको आवश्यकताअनुसार संशोधन गर्न सकिने प्रावधान राखिएको

(ख) क्षेत्रीय, वर्गीय, लैङ्गिक, जातीय, भाषिक विभेदको अन्त्यको प्रत्याभूति गरिएको

(ग) शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको पद्धतिलाई अपनाएको

(घ) नेपाललाई बहुजातीय, बहुसांस्कृतिक, बहुधार्मिक, बहुभाषिक मुलुकको रूपमा स्वीकार गरिएको

(ङ) सङ्घीयता र लोकतान्त्रिक गणतन्त्र प्रत्याभूत गरिएको

### क्रियाकलाप

१. नेपालमा छिटो छिटो संविधान परिवर्तन हुनुका कारणहरू उल्लेख गर्नुहोस् ।

२. नेपाल अधिराज्यको संविधान, २०४७ नेपाल अधिराज्यको संविधान, २०१५ भन्दा बढी लोकतान्त्रिक थियो, कसरी ? बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

३. 'नेपालको संविधान, २०७२ सहमतिको दस्तावेज हो ।' पुष्टि गर्नुहोस् ।

४. नेपालको संवैधानिक विकासमा तुलनात्मक रूपमा बढी लोक सम्मतिमा आधारित संविधानहरू क्रमबद्ध रूपमा प्रस्तुत गर्नुहोस् । तपाईंले लोकतान्त्रिक संविधान मान्नुका कारणहरूसमेत उल्लेख गर्नुहोस् ।

### अभ्यास

१. नेपाल सरकारको वैधानिक कानुन, २००४ का मुख्य व्यवस्थाहरू उल्लेख गर्नुहोस् ।

२. वर्तमान नेपालको संविधानका विशेषताहरू उल्लेख गर्नुहोस् ।

### सामुदायिक कार्य

तपाईंको समुदायका राजनीतिज्ञ, कानुनविद् वा वौद्धिक व्यक्तित्व भेट्नुहोस् र उहाँसँग नेपालमा जारी भएका संविधानहरू सार्वभौम सत्ताको प्रयोग कसरी र किन त्यसरी भएको हो भनी सोधखोज गर्नुहोस् । उहाँका विचार र आफ्नो मूल्याङ्कन बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

पाठ ३

# संविधान सभा

कक्षा ९ मा अध्ययनरत रविलाल चौधरीले संविधान निर्माणका विभिन्न विधि वा प्रक्रिया सम्बन्धमा खोजीनीति गर्नुभयो । खोजीका क्रममा 'संविधान सभा' एक महत्त्वपूर्ण प्रक्रिया भएको पाउनुभयो । उहाँले 'संविधान सभा' सम्बन्धी जानकारी लिन खोज्दा सरोकारवाला निकायहरूको आधिकारिक वेबसाइट (Website) मा 'बरोबर सोधिने प्रश्नहरू' (FAQs) र अन्य सन्दर्भ सामग्री अध्ययनवाट निम्न लिखित जानकारी पाउनुभयो :

### संविधान सभा भनेको के हो ?

संविधान सभा संविधान निर्माण गर्ने विधि हो । यसलाई संविधान निर्माण गर्ने नागरिकहरूको सभा भन्ने अर्थमा पनि बुझ्न सकिन्छ । जनइच्छाबमोजिम नयाँ संविधान निर्माणका लागि जनताबाट निर्वाचित गरिएका जनप्रतिनिधिहरूको सभा संविधान सभा हो । यो लोकतान्त्रिक क्रान्तिको उपज हो । यस विधिमा बढी जनसहभागिता हुने भएकाले यसलाई संविधान निर्माणको लोकतान्त्रिक अभ्यास मानिन्छ ।

### नेपालमा संविधान सभाको आवश्यकता र महत्त्व किन छ ?

नेपालमा संविधान सभा आफ्नो संविधान आफैँ निर्माण गर्ने र लोकतान्त्रिक शासन व्यवस्थालाई संस्थागत गर्ने उद्देश्यका साथ गठन गरिएको थियो । जनतामा रहेको सार्वभौमसत्तालाई संस्थागत गर्न र नागरिकलाई अझ बढी अधिकार सम्पन्न बनाउन यो विधि उत्तम विधि मानिन्छ । राज्यका सबै अङ्गमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न यो विधिमा सहज हुन्छ ।

### संविधान सभाबाट निर्माण हुने संविधानप्रति किन बढी जन विश्वास हुन्छ ?

संविधान सभाको लोकप्रियता, सफलता र जन विश्वास बढ्नुमा यसको गठनमा हुने समावेशी पद्धति नै प्रमुख कारक तत्त्व हो । संविधान सभाको प्रक्रियामा जनताको बढी सहभागिता र समावेशिता हुन्छ । जनसङ्ख्याको बनोट, क्षेत्रीयता, जाति, भाषा, लिङ्गको समानुपातिक प्रतिनिधित्व हुने गर्छ । संविधानको मस्यौदा र त्यसलाई वैधानिकता प्रदान गर्ने विभिन्न अनुमोदनका प्रक्रियाहरू प्रचलनमा रहेको पाइन्छन् ।

### नेपालमा संविधान सभाको गठन कसरी भयो ?

नेपालमा संविधान सभाको गठन देहायबमोजिम मिश्रित निर्वाचन प्रणालीअनुसार हुने व्यवस्था थियो :

(क) प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसारको निर्वाचित सदस्य २४० जनाको प्रतिनिधित्व रहने व्यवस्था थियो ।

(ख) सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने सदस्य ३३५ जना रहने व्यवस्था रहेको थियो ।

(ग) राष्ट्रिय जीवनका महत्त्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरू र माथिका दुवै निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी, जनजातिमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनयन हुने सदस्य २६ जना रहने व्यवस्था रहेको थियो ।

यसर्थ उल्लिखित सबै सदस्यहरूका साथ नेपालमा ६०१ जना सदस्य रहेको संविधान सभा गठन हुने व्यवस्था रहेको थियो ।

### नेपालको संविधान सभालाई समावेशी बनाउन कस्तो व्यवस्था गरिएको थियो ?

संविधान सभालाई निम्नानुसारको प्रतिनिधित्वबाट समावेशी बनाउने प्रयास गरिएको थियो ।

(क) पहिलो हुने निर्वाचन हुने निर्वाचन प्रणालीको लागि उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तअनुरूप लैङ्गिक, भौगोलिक र जनसङ्ख्याका आधारमा प्रतिनिधित्व हुने व्यवस्था गरिएको थियो ।

(ख) समानुपातिक निर्वाचन प्रणालीअनुसारको निर्वाचनमा प्रत्येक वर्ग/क्षेत्रबाट महिला उम्मेदवारको सङ्ख्या कम्तीमा ५०% प्रतिनिधित्व हुने व्यवस्था गरिएको थियो ।

(ग) दुवै प्रणाली गरेर महिलाको कुल सङ्ख्या कम्तीमा एक तिहाइ हुनैपर्ने व्यवस्था गरिएको थियो ।

(घ) समानुपातिक निर्वाचन प्रणालीअनुसार राजनीतिक दलले उम्मेदवार सूचीकृत गर्दा उत्पिडित समूह, गरिब, किसान, मजदुर तथा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्वलाई ध्यान पुर्‍याउनुपर्ने तथ्यलाई संवैधानिक व्यवस्था गरिएको थियो ।

### नेपालको संविधान सभाको गठन कति अवधिका लागि भएको थियो ?

संविधान सभाको कार्यकाल पहिलो बैठक बसेको मितिले चार वर्षका लागि हुने व्यवस्था थियो । तर मुलुकमा सङ्कटकालीन स्थितिको घोषणा भई संविधान निर्माण गर्ने काम पुरा हुन नसकेमा थप ६ महिनासम्म कार्यकाल बढाउन सकिने व्यवस्था थियो ।

**क्रियाकलाप**

१. जनआन्दोलन २०६२/६३ पश्चात् संविधान सभाबाट नै संविधान निर्माण गर्नुपर्ने आवश्यकता महसुस गरिनुका कारणहरू उल्लेख गर्नुहोस् ।

२. 'संविधान सभाको लोकप्रियता र सफलता यसको गठनमा हुने समावेशी पद्धति नै हो ।' उदाहरणसहित पुष्टि गर्नुहोस् ।

३. नेपालको संविधान सभाले निर्माण गर्ने संविधानलाई वैधानिकता प्रदान गर्न अवलम्बन गरेको प्रक्रियाहरू खोजी गरी लेख्नुहोस् ।

४. संविधान सभाको गठन प्रक्रिया कसरी विगतमा जारी भएका संविधान निर्माण सम्बन्धी आयोग/कमिसनभन्दा भिन्न छ ? तर्क प्रस्तुत गर्नुहोस् ।

**अभ्यास**

१. संविधान सभा भनेको के हो ?

२. संविधान सभालाई कसरी समावेशी प्रतिनिधित्व हुने थलोको रूपमा चिनाउन सकिन्छ ?

**समूहगत कार्य**

कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई कम्तीमा पाँच समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई मान्य हुने किसिमले एक जना टोली नेता छान्नुहोस् । विद्यालयलाई शान्ति क्षेत्र एवम् बालमैत्री बनाउन के गर्नुपर्ला, छलफल गर्नुहोस् र निचोड प्रस्तुत गनुहोस् ।

पाठ ४

# मौलिक हक

सम्मानजनक रूपमा बाँच्न पाउने, मर्यादित जीवनयापन गर्ने र कुनै राष्ट्रको नागरिक भई बसोबास गरेको नाताले व्यक्तिलाई प्राप्त हुने आधारभूत अधिकारलाई मौलिक हक भनिन्छ । मौलिक हक राष्ट्रको मूल कानुन संविधानले नै प्रत्याभूत गर्ने हुँदा राष्ट्रभित्र मात्र लागु हुन्छ । यसमा मानव अधिकारजस्तो विश्वव्यापकता हुँदैन । मौलिक हकको व्यवस्था राष्ट्रको संवैधानिक व्यवस्थाअनुसार फरक फरक हुन सक्छ । विश्वव्यापी रूपमा घोषणा भएका राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक प्रतिबद्धताहरू हाल मौलिक हकमा रूपान्तरित हुँदै गएका छन् ।

मौलिक हकका निम्नानुसारका विशेषताहरू रहन्छन् :

(क) मौलिक हक व्यक्ति/नागरिकलाई प्राप्त हुने हक हो ।

(ख) मौलिक हकको पदसोपन (hirearchy) हुँदैन ।

(ग) मौलिक हकको संवैधानिक प्रत्याभूति हुन्छ ।

(घ) मौलिक हकको उल्लङ्घन गर्दा अदालतमार्फत आवश्यक सजायको व्यवस्था गरिएको हुन्छ ।

(ङ) मौलिक हकको संरक्षक सर्वोच्च अदालतलाई मानिन्छ ।

(च) सङ्टकालीन अवस्थाको घोषणा हुँदा अधिकांश मौलिक हकहरू निलम्बन हुन सक्छन् ।

वि. सं. २०१९ को संविधानमा मौलिक हकको व्यवस्था भए पनि अनुचित रूपमा बन्देज लगाउन सक्ने संविधानले नै परिकल्पना गरेको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ ले संविधानको आधारभूत तत्त्वका रूपमा मौलिक हकलाई भाग ३ मा व्यवस्थित गरेको थियो । नेपालको अन्तरिम संविधान, २०६३ ले संविधानको भाग ३ मा विगतको संविधानमा प्रत्याभूत मौलिक हकमा थप गरी मौलिक हकको व्यवस्था गरेको थियो ।

नेपालको संविधान, २०७२ को भाग-३ मा धारा १६ देखि ४६ सम्म व्यवस्था गरिएका मौलिक हकहरू :

### सम्मानपूर्वक बाँच्न पाउने हक

प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन ।

### स्वतन्त्रताको हक

वैयक्तिक स्वतन्त्रता हुने, प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, देशको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने र व्यापार गर्ने स्वतन्त्रता जस्ता स्वतन्त्रता यस मौलिक हकभित्र पर्छन् ।

### समानताको हक

सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन । राज्यले कानुनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन । महिला र पुरुषका बिच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने कुरा समानताको हकमा पर्छन् । त्यस्तै पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक हुने छ ।

### सञ्चारको हक

विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध नगरिने कुरालाई सञ्चारको हकले जोड दिएको छ ।

### न्याय सम्बन्धी हक

कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन । पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटाको म्यादबाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनुपर्ने छ । पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुने छ । त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने छ ।

### अपराध पिडितको हक

अपराध पिडितलाई आफू पिडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुने छ । अपराध पिडितलाई कानुनबमोजिम सामाजिक पुन:स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने छ ।

### यातना विरुद्धको हक

पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने र त्यस्ता कार्य भएमा कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइने व्यवस्था यस हकमा गरिएको छ ।

### निवारक नजरबन्द विरुद्धको हक

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति एवम् व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन । निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिका बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुनबमोजिम तत्काल जानकारी दिनुपर्ने छ । निवारक नजरबन्द राख्ने अधिकारीले कानुन विपरीत वा बदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानुनमा तोकिएबमोजिम क्षतिपूर्ति पाउने छ ।

### छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक

कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव नगरिने कुरा यस हकमा उल्लेख गरिएको छ । कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरिने प्रावधान यस हकअन्तर्गत राखिएका छन् । सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डनीय हुने छन् । त्यस्तो कार्यबाट पिडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ ।

### सम्पत्तिको हक

प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने छ । तर राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यताअनुरूप व्यक्तिको आयमा कर लगाउन सक्ने छ ।

### धार्मिक स्वतन्त्रताको हक

धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने छ । प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन गर्ने हक हुने छ ।

### सूचनाको हक

प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

### गोपनीयताको हक

कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने छ ।

### शोषण विरुद्धको हक

प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुने र धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न नपाइने कुरा यस हकअन्तर्गत राखिएका छन् । त्यस्तै कसैलाई पनि बेचबिखन गर्न, दास वा बाधा बनाउन नपाइने कुरा र कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन नपाइने प्रावधान यस हकअन्तर्गत पर्छन् ।

### स्वच्छ वातावरणको हक

प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ भन्ने कुरालाई यस हकले प्रत्याभूत गरेको छ । वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पिडितलाई प्रदूषकबाट क्षतिपूर्ति पाउने हक पनि यस हकअन्तर्गत हुने छ ।

### शिक्षा सम्बन्धी हक

प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ । प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुने छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुने छ । दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम नि:शुल्क शिक्षा पाउने हक हुने छ भनेर संविधानमा उल्लेख गरिएको छ । नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ ।

**क्रियाकलाप**

१. **"मौलिक हकले नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूत गर्छ ।" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।**

२. **"मौलिक हकहरू समय सन्दर्भ अनुसार परिवर्तन हुँदै जान्छन्", किन ? समूहमा रही समूहगत निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

३. **संविधानमा राखिएको शिक्षा सम्बन्धी हकको कार्यन्वयन अवस्था तपाईँको समुदायमा कस्तो छ ? समुदायको जानकार व्यक्तिलाई सोधी प्राप्त जानकारीलाई समेटी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

**अभ्यास**

१. **मौलिक हकलाई कसरी परिभाषित गर्न सकिन्छ ?**

२. **स्वतन्त्रता सम्बन्धी हकमा के कस्ता स्वतन्त्रताहरू पर्छन्, सूची तयार पार्नुहोस् ।**

३. **संविधानमा उल्लिखित शिक्षा सम्बन्धी हकको सम्बन्धमा चर्चा गर्नुहोस् ।**

४. **फरक क्षमता भएका व्यक्तिलाई शिक्षा सम्बन्धी हकले कसरी सम्बोधन गरेको छ ? यस्ता प्रावधान राखिनु न्यायका दृष्टिले कतिको सान्दर्भिक ठान्नुहुन्छ ? आफ्नो तर्क पेस गर्नुहोस् ।**

पाठ ५

# मौलिक हक र नागरिक कर्तव्य

### भाषा तथा संस्कृतिको हक

प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने छ । प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ । नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन एवम् संरक्षण गर्ने हक हुने छ ।

### रोजगारीको हक

प्रत्येक नागरिकलाई रोजगारीको हक हुने छ । रोजगारीको सर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानुनबमोजिम हुने छ । प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हक हुने छ ।

### श्रमको हक

प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने छ । प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने छ । प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुने छ ।

### स्वास्थ्य सम्बन्धी हक

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुने छ । कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ । प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने छ । प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने छ ।

### खाद्य सम्बन्धी हक

प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुने छ । प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक हुने छ ।

### आवासको हक

प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने छ । कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन ।

### महिलाको हक

प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुने छ । प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने छ । महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने छ र पिडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ ।

## बाल बालिकाको हक

प्रत्येक बाल बालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुने छ । प्रत्येक बाल बालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने छ भन्ने कुरालाई वर्तमान संविधानले प्रत्याभूत गरेको छ । प्रत्येक बाल बालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने छ । कुनै पनि बाल बालिकालाई कल कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन । कुनै पनि बाल बालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

## दलितको हक

राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुने छ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने छ । दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित नि:शुल्क शिक्षाको व्यवस्था गरिने छ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने छ । दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था गरिने छ । दलित समुदायलाई आफ्नो परम्परागत पेसा, ज्ञान, सिप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुने छ । राज्यले दलित समुदायका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सिप र स्रोत उपलब्ध गराउने छ । राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमिन उपलब्ध गराउनुपर्ने छ ।

## ज्येष्ठ नागरिकको हक

ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने छ ।

## सामाजिक न्यायको हक

सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने छ । आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने छ । अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्म सम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने छ । प्रत्येक किसानलाई कानुनबमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बिउ बिजन र कृषि प्रजातिको छनोट र संरक्षणको हक हुने छ । नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जन आन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पिडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पिडितलाई न्याय एवम् उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।

### सामाजिक सुरक्षाको हक

आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बाल बालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुने छ ।

### उपभोक्ताको हक

प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने छ । गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ ।

### देश निकाला विरुद्धको हक

कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।

### संवैधानिक उपचारको हक

यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिएबमोजिम संवैधानिक उपचार पाउने हक हुने छ ।

### नागरिक कर्तव्य

मौलिक हक नागरिकको समग्र व्यक्तित्व विकासका लागि व्यवस्था गरिएको छ । मौलिक हकको उपयोग गर्दा नागरिकले आफ्नो कर्तव्यको पालना गर्नुपर्छ । संविधान र प्रचलित कानुनको पालना गर्नु सबै नागरिकको कर्तव्य हो । कानुनको पालना गर्नुका अतिरिक्त हरेक नागरिकका कर्तव्यहरू यस्ता हुन्छन् :

| नैतिक कर्तव्य | कानुनी कर्तव्य |
|---|---|
| ➨ आमाबाबु, गुरुजन, जेष्ठ नागरिक, बाल बालिकाहरूलाई माया र असहायप्रति सम्मान गर्नु<br>➨ सबै मानिसप्रति मैत्रीभाव एवम् सम्मानजनक व्यवहार गर्नु<br>➨ कसैलाई अवहेलना नगर्नु, आदर्श, स्वच्छ एवम् पवित्र जीवन बिताउनु लगायतका व्यवहार गर्नु | ➨ देशको संविधानको पालना गर्नु, प्रचलित कानुनको पालना गर्नु,<br>➨ कानुन कार्यान्वयनमा सरोकारवालाई सहयोग पुऱ्याउनु,<br>➨ कानुनको आवश्यक सुधारमा सहयोग पुऱ्याउनु । |

**नागरिक कर्तव्य**

- देशको शान्ति र सुरक्षाका लागि सबै नागरिकले आआफ्नो क्षेत्रबाट सकारात्मक योगदान पुऱ्याउनु ।
- मुलुकमा स्थापित सबै निकायहरू वा सरोकारवाला व्यक्तिलाई सहयोग पुऱ्याउनु ।
- विकासका कार्यक्रमहरूमा सहभागिता जनाउनु ।
- सरकारले राज्य सञ्चालनका लागि न्यायोचित ढङ्गबाट लगाएको प्रत्यक्ष र अप्रत्यक्ष कर तिर्नु ।
- कुनै प्रलोभन र दबाबमा नपरी मतदानको अधिकारको प्रयोग गर्नु ।
- जनहितको उच्च भावना भएको सुयोग्य व्यक्ति चुन्नु ।
- सधैँ सत्य र न्यायको पक्षमा आवाज उठाउनु ।
- देशको सीमा मिचिँदा, मौलिक अधिकारहरू हनन् हुँदा त्यसका विरुद्ध आवाज उठाउनु ।

**सामाजिक कर्तव्य**

- सामाजिक मूल्य, मान्यता र परम्पराप्रति जागरुक हुनु, चाडपर्व, सामाजिक उत्सवहरूमा सहभागी हुनु र अरूलाई पनि सहभागी हुन प्रेरित हुनु ।
- धार्मिक स्थल, मठ, मन्दिरको संरक्षण, संवर्धन र सरसफाइमा सहभागी हुनु ।
- सामाजिक कुरीति, कुप्रथा, अन्ध विश्वास तथा विकृतिलाई प्रोत्साहन नदिनु, ढाकछोप छलछाम नगर्नु ।
- धार्मिक सहिष्णुता, सामाजिक सद्भाव कायम गर्न सहयोग पुऱ्याउनु ।

### क्रियाकलाप

१. **मौलिक हकहरू समय सन्दर्भअनुसार परिवर्तन हुँदै जान्छन्, कसरी ?**

२. **दलितको हक वर्तमान संविधानमा प्रत्याभूत गरिएको छ, कसरी ?**

३. **तपाईँको विचारमा थप्नुपर्ने अन्य मौलिक हकहरू के के हुनुपर्छ, कारणसहित उल्लेख गर्नुहोस् ।**

४. **बाल बालिकाको हक सम्बन्धमा व्यवस्था गरिएको प्रावधानले बाल विकासमा कसरी सहयोग पुग्नेछ, आफ्नो विचार बुँदागत रूपमा लेख्नुहोस् ।**

### अभ्यास

१. **नागरिक कर्तव्यलाई कसरी परिभाषित गर्न सकिन्छ ?**

२. **सामाजिक न्यायको हकले सबै जातजाति, भाषा, लिङ्ग र समुदायलाई समान सामाजिक न्याय प्रदान गर्न कतिको सफल होला, आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।**

### समूहगत कार्य

**विद्यार्थीहरूबिच समूह बनाई प्रत्येक समूहले आआफ्ना छिमेक वा समुदायका मानिसले संविधानमा उल्लेख भएका मौलिक हक कसरी उपयोग गरेका छन् ? सोधखोज गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ ६

# सूचनाको हक

सूचना हाम्रो अधिकार
सुशासन र विकासको आधार

लोकतन्त्रको जग सूचनाको हक
सूचना माग्नु नागरिकको अधिकार
सार्वजनिक निकाय बनौँ हरदम तयार

उल्लिखित सार्वजनिक जानकारीका लागि प्रसारण तथा प्रकाशन गरिएका सूचना साहारा वि. क. ले सार्वजनिक स्थलमा धेरै ठाउँमा सुनिन् र देखिन् । उनीले अघिल्लो पाठमा 'सूचनाको हक' मौलिक हकको रूपमा नेपालको संविधानमा छ भनी पढेकी थिइन् । यसर्थ उनीलाई सूचनाको हकका विषयमा अझ बढी जान्ने इच्छा भयो । त्यसैले कक्षामा एक समूह बनाइन् । उक्त समूहले सामाजिक अध्ययन विषयका शिक्षकसित अन्तरक्रिया गऱ्यो ।

सर्वप्रथम मोनिका मण्डलले शिक्षकसँग 'सूचना'को अर्थ स्पष्ट पारिदिन आग्रह गर्दा शिक्षक रामलाल तामाङले यसरी प्रस्ट्याउनु भयो :

'सूचना' भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्त्वको काम, कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी हो ।

उहाँले 'सूचनाको हक' लाई यसरी वर्णन गर्नुभयो :

सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको कुनै लिखत सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन वा जानकारी प्राप्त गर्ने अधिकार सूचनाको हक हो । साथै कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना सम्बन्धी सूचना माग्ने र पाउने अधिकार पनि सूचनाको हक हो ।

साहाराले सोधिन, "सर, 'सार्वजनिक निकाय' र 'सार्वजनिक महत्त्व' भनेको के हो ?"

शिक्षकले 'सार्वजनिक निकाय' भित्र देहायका कार्यालय पर्छन् भनी प्रस्ट्याउनुभयो :

### सार्वजनिक निकायहरू

(क) संविधान अन्तर्गतका निकाय (कार्यालयहरू)

(ख) ऐन, नियमद्वारा स्थापित निकाय

(ग) नेपाल सरकारद्वारा गठित निकाय

(घ) कानुनमा स्थापित सार्वजनिक सेवा प्रदान गर्ने सङ्गठित संस्था वा प्रतिष्ठान

(ङ) कानुनबमोजिम दर्ता भएका राजनीतिक दल वा सङ्गठन

(च) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित सङ्गठित संस्था

(छ) नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएको गैर सरकारी सङ्घ संस्थाहरू,

सार्वजनिक महत्त्व भन्नाले धेरै जनाको चासो/सरोकार भएको विषय हो । यस्ता विषयहरूमा बाटो, धारो, पुल, स्कुल, अस्पताल जस्ता क्षेत्रको योजना निर्माण र कार्यान्वयनका पक्षदेखि निर्णयका सबै कुरा पर्छन् ।

शरण कुमार राईले ‘सूचनाको हक’ ले प्रजातन्त्रलाई कसरी सुदृढ र उत्तरदायी शासन प्रणाली बनाउँछ भनी जिज्ञासा राखे । शिक्षकले उनको जिज्ञासालाई निम्नानुसार प्रस्ट्याउनुभयो :

नागरिक आफैँ पनि सूचना माग्ने र पाउने कर्तव्यप्रति जागरुक एवम् सक्रिय भएमा लोकतन्त्र सबल तथा गतिशील बन्छ । उक्त पारदर्शिता लोकतन्त्रको आधार स्तम्भ हो । सूचनाको हकबाट नै मुलुकमा पारदर्शिता कायम गर्न सकिन्छ । सुशासनका लागि पारदर्शिताको त्यत्तिकै महत्त्व हुन्छ । शासनलाई पारदर्शी र जिम्मेवार बनाउन जनताले सूचनाको हक उपयोग गर्न पाउनुपर्छ । यसका अतिरिक्त ‘सूचनाको हक’ प्राप्त भएमा निम्नानुसार पक्ष सिद्ध हुन्छन् :

(क) जनता सार्वभौम हुनुको अर्थ सिद्ध हुन्छ ।

(ख) सार्वजनिक निर्णय प्रक्रिया र निर्णयलाई प्रभावकारी बनाउँछ ।

(ग) अधिकार दुरुपयोग, आर्थिक अनियमितता र अनुशासनहीनतामा कमी ल्याउँछ ।

(घ) सबै प्रकारको भ्रष्टाचारमा कमी ल्याउँछ ।

(ङ) सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउँछ ।

(च) शासन प्रणालीमा जनताको सहभागिता बढ्छ ।

(छ) विधिको शासनलाई प्रवर्धन गर्छ ।

(ज) अफवाह र हल्लालाई निरुत्साहित गर्छ । समयमै सत्य थाहा भएपछि जनता असत्यको पछि नलाग्ने वातावरण सिर्जना गर्छ ।

(झ) विविध प्रकारका नागरिक शिक्षालाई ऊर्जा दिन्छ र प्रजातान्त्रिक शासन प्रणालीलाई सुदृढीकरण गर्छ ।

साहारा वि. क. ले कस्ता कस्ता विषय सूचनाको हकभित्र पर्ने र कस्ता कस्ता विषय सम्बन्धी सूचनाहरू प्रवाह गर्न नसकिने भनेर पुन: प्रश्न गरिन् । शिक्षकले कक्षामा तालिका बनाई प्रस्ट पार्नुभयो :

| सूचनाको हक अन्तर्गतका अधिकारहरू | 'सूचनाको हक' अन्तर्गत नपर्ने विषयहरू |
|---|---|
| ➡ काम, कागजात तथा अभिलेख हेर्ने र जाँच्ने<br>➡ डकुमेन्ट वा रेकर्डको टिपोट लिने, उद्धृत अंश लिने, प्रमाणित प्रतिलिपि लिने<br>➡ कुनै वस्तु वा सामानको प्रमाणित नमुना लिने<br>➡ मुद्रित, डिस्केट, पेनड्राइभ, टेप, भिडियो क्यासेट वा कुनै पनि इलेक्ट्रोनिक रूपमा वा मुद्रणमार्फत सूचना प्रवाह गर्ने | ➡ नेपालको सार्वभौम सत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने प्रकृतिका सूचना<br>➡ अपराधको अनुसन्धान, तहकीकात तथा अभियोगमा प्रत्यक्ष असर पार्ने सूचना<br>➡ आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने किसिमका सूचना<br>➡ विभिन्न जातजाति वा सम्प्रदायबिचको सुसम्बन्धमा प्रत्यक्ष खलल पार्ने किसिमका सूचना<br>➡ व्यक्तिगत, गोपनीयता र व्यक्तिको जिउज्यान, सम्पत्ति, स्वास्थ्य, सुरक्षामा खतरा पुऱ्याउने खतरा |

"तपाईंहलाई 'सूचनाको हक' माग्ने तरिका थाहा छ ?", शिक्षकले प्रश्न सोध्नुभयो । तत्पश्चात् विद्यार्थीले थाहा नभएको बताएपछि शिक्षकले यसरी वर्णन गर्नुभयो :

सूचना माग्ने व्यक्तिले सम्बन्धित सूचना अधिकारीलाई निवेदन लेखेर दिनुपर्छ । निवेदन लेख्दा कुन सूचना मागिएको हो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । प्रश्न स्पष्ट भएन भने जवाफ पनि स्पष्ट आउँदैन ।

शङ्कर परियारले थप जिज्ञासा राख्नुभयो, "सर, सूचनाको हक सम्बन्धी सूचना माग्दा के दस्तुर (शुल्क) लाग्छ ?"

शिक्षकको उत्तर यस्तो आयो :

कुनै पनि कार्यालय वा कार्यस्थलमा सूचना, अभिलेख, लिखत निरीक्षण तथा अवलोकन गर्दा पहिलो आधा घण्टाको कुनै शुल्क लाग्ने छैन । त्यसपछि प्रतिघण्टा प्रतिव्यक्ति रु. ५० लाग्छ ।

सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा नि:शुल्क उपलब्ध गराइएको स्थानको अवलोकन दस्तुर लाग्दैन । निम्नानुसारको अवस्थामा भने दस्तुर लाग्ने व्यवस्था छ :

(क) सामान्य आकार (A4) कागजमा गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाका लागि प्रतिपृष्ठ पाँच रुपियाँ लाग्छ । दश पृष्ठसम्म नि:शुल्क दिने र त्यसपछिको पृष्ठमा मात्रै प्रतिपृष्ठ भनेर गणना गरिन्छ ।

(ख) डिस्केट, सीडी तथा अन्य त्यस्तै किसिमका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाका लागि प्रतिडिस्केट पचास रुपियाँ लाग्छ ।

यसरी शिक्षक र विद्यार्थी समूहबिच 'सूचनाको हक' विषयमा भएको छलफलबाट विद्यार्थी खुसी भएका थिए ।

## क्रियाकलाप

**१. नेपालमा 'सूचनाको हक' प्रवर्धन गर्न भएका व्यवस्थाहरू खोजी कक्षामा छलफल गर्नुहोस् ।**

**२. 'सूचनाको हक' सम्बन्धी व्यवस्थाले सरकारी निकाय र समुदायमा परेको सकारात्मक प्रभाव समेटी एक दैनिक पत्रिकाका लागि सम्पादकीयको नमुना तयार पार्नुहोस् ।**

**३. 'सूचनाको हक' लाई अझ प्रभावकारी बनाउन के के कार्य गर्नुपर्ला ? आफ्ना विचारहरू समेटी राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्तलाई चिठी लेख्नुहोस् ।**

## अभ्यास

**१. सूचना भनेको के हो ?**

**२. सूचनाको हकलाई परिभाषित गर्नुहोस् ।**

**३. सूचनाको हकअन्तर्गत नपर्ने विषयहरू के के हुन् ?**

**४. के सबै सूचना सार्वजनिक गर्न जरुरी छ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।**

**५. सूचनाको हकको महत्त्व स्पष्ट पार्नुहोस् ।**

## सामुदायिक कार्य

**तपाईँको समुदायमा कुनै सार्वजनिक निकायमा कार्यरत व्यक्ति हुनुहुन्छ होला । उहाँसित उहाँको कार्यालयबाट भएका काम कारबाहीलाई कसरी पारदर्शी बनाउने काम भएको छ, सो सम्बन्धी प्रश्नावली तयार पारी प्राप्त जानकारीसमेत उल्लेख गरेर एक प्रतिवेदन तयार पार्नुहोस् ।**

पाठ ७

# सुशासन

सुशासन (good governance) शब्द सन् १९९० को दशकपछि प्रयोगमा ल्याइएको एक व्यापक र समसामयिक अवधारणा हो । सुशासनको चाहना र आवश्यकतामा अत्याधिक वृद्धि भएको छ । समग्र समाज, राजनीति, व्यवस्थापन, नागरिक समाज तथा विकासका साझेदार सबैको प्राथमिकतामा सुशासन रहेको छ । सुशासन सामान्यतया असल राज्य सञ्चालन प्रक्रियासँग सम्बन्धित छ । सुशासनले सार्वजनिक क्षेत्रको कार्य क्षमता तथा प्रभावकारिता अभिवृद्धि गरी लोककल्याणी राज्य स्थापना गर्ने उद्देश्य लिएको हुन्छ । सुशासनले कानुनको शासन, मानव अधिकारको रक्षा, प्रभावकारी जनसहभागिता, बहुदलीय राजनीतिक प्रणाली, पारदर्शिता र उत्तर दायित्वलाई समेटेको हुन्छ । सक्षम र प्रभावकारी सार्वजनिक क्षेत्र, सूचनामा पहुँच, राजनीतिक क्षमता, समानता जस्ता विषय पनि सुशासनभित्र समेटिएका हुन्छन् । हाल सुशासन सरकारी/सार्वजनिक क्षेत्रमा मात्र सीमित नरही निजी क्षेत्र तथा नागरिक समाजको आपसी सहयोग तथा साझेदारीबाट समग्र शासन व्यवस्थामा सुधार ल्याउन सघाउँछ ।

संयुक्त राष्ट्र सङ्घ (UN) को प्रकाशन 'मानव अधिकारको रक्षाका लागि सुशासनको अभ्यास' (Good Governance Practice for the Protection of Human Rights) मा सुशासन  लाई यसरी प्रस्ट पार्न खोजिएको छ :




## सुशासनका विशेषताहरू

१. बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्था
२. जनताप्रति उत्तरदायी सरकार
३. पारदर्शी निर्णय प्रक्रिया
४. मानव अधिकारको प्रत्याभूति
५. भ्रष्टाचार मुक्त समाज
६. सूचना तथा अभिव्यक्तिको स्वतन्त्रता
७. विकेन्द्रित शासन
८. प्रजातान्त्रिक संस्कार भएको सभ्य समाज
९. विधिको शासन
१०. लैङ्गिक समानता
११. व्यापक जनसहभागिता
१२. स्वतन्त्र र निष्पक्ष न्यायपालिका
१३. जवाफदेही कर्मचारी तन्त्र
१४. सक्षम नागरिक समाज
१५. दिगो र वातावरण मैत्री विकास

सुशासनका महत्त्वपूर्ण तत्त्वहरू

सुशासन राज्यका सम्पूर्ण अङ्गहरूको आम जनताप्रतिको सकारात्मक योगदान भएको अवस्था हो । मुलुकको सरकार, नागरिक समाज, सञ्चार माध्यम एवम् निजी क्षेत्रले सुशासनका लागि आधारशिला निर्माण गर्न सक्छन् । यसलाई निम्नानुसारको अवस्था हो भनी प्रस्तुत गर्न सकिन्छ :




## नेपालको सन्दर्भमा सुशासनका चुनौती एवम् समस्याहरू

१. भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय अभिसन्धि तथा भ्रष्टाचार निवारण ऐनको व्यावहारिक कार्यान्वयन, संवैधानिक निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था

२. सूचनाको हक सम्बन्धी ऐन तथा सुशासन सेवा प्रवाह निर्देशिकाको प्रभावकारी कार्यान्वयन

३. स्वतन्त्र, सञ्चार माध्यम र अभिव्यक्ति स्वतन्त्रताको व्यावहारिक प्रत्याभूति

४. सार्वजनिक निकाय, नागरिक समाज, निजी क्षेत्र, अदालत र सञ्चार माध्यमहरूको सार्वजनिक हुने क्रियाकलापको व्यवस्थापन

५. सेवाग्राहीहरूका लागि नागरिक बडापत्रहरूको प्रयोग तथा सोअनुसार लागु गराउन

## क्रियाकलाप

१. सुशासन र विकास एक अर्काका पूरक हुन्, कसरी ? उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

२. तलका विषयहरू अध्ययन गर्नुहोस् । ती विषयहरू किन सुशासनभित्र पर्छन् वा पर्दैनन्, कारण खुलाउनुहोस् :

   (क) अवैध रूपमा उत्पादन भएका मदिराको सेवनबाट मानिसहरू बेहोस भए ।

   (ख) गाउँपालिकामा भएको सम्पूर्ण आर्थिक विवरणहरूको जानकारी कार्यालयको सूचना पाटीमा हेर्न पाइन्छ ।

   (ग) बोक्सी आरोपमा एक ग्रामीण क्षेत्रकी महिलालाई मरणासन्न हुने गरी पिटियो ।

   (घ) चाडपर्वको समयमा सार्वजनिक सवारीहरूले जथाभावी भाडा असुल्छन् ।

   (ङ) स्थानीय निकायमा गएको रकम हिनामिना भएको पाइयो ।

३. सुशासन नहुँदा तपाईँको समुदायमा परेको प्रभाव समेटी एक संवाद तयार पार्नुहोस् ।

४. सामाजिक मूल्य मान्यता र परम्पराले सुशासनको आधारशिला निर्माण गर्न कसरी सहयोग पुऱ्याउँछ, आफ्ना विचारहरू लेख्नुहोस् ।

५. नेपालमा सुशासनको प्रभावकारी कार्यान्वयनका उपायहरू के के हुन सक्छन्, बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

## अभ्यास

१. सुशासन भनेको के हो ?

२. सुशासनका विशेषताहरूको सूची बनाउनुहोस् ।

३. सुशासन कानुनी शासनको प्रत्याभूत गर्नु हो, कसरी ?

४. सुशासनका तत्त्वहरूका बारेमा चर्चा गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईँको समुदायमा सरकारी सेवा निवृत्त कर्मचारी हुन सक्नुहुन्छ । उहाँसँग भेट गरी जनतालाई छिटो, छरितो र चुस्त ढङ्गले सेवा प्रदान गर्न उहाँले के के कार्यहरू गर्नुभयो र सेवा अवधिमा उहाँले भोग्नुभएका चुनौती तथा समाधानका उपाय सम्बन्धमा उहाँका विचारहरू समेटी एक लेखको नमुना तयार पार्नुहोस् ।

पाठ ८

# कानुनी राज्य

कानुनी राज्यलाई 'कानुनको शासन', 'विधिको शासन', 'कानुनको सर्वोच्चता', 'संवैधानिक सर्वोच्चता' आदि नामले समेत बुझिन्छ । कानुनी शासनमा कानुनको प्रयोग गरी वा नगरी कसैमाथि पनि भेदभाव गरिँदैन । कानुनले सबैलाई समान संरक्षण प्रदान गर्छ । यही विधि वा थिति नै कानुनी राज्य हो । प्रत्येक व्यक्तिले प्रचलित कानुनको पालना गर्ने तथा सबै व्यक्तिले कानुनको सम्मान गर्ने अवस्था नै कानुनी राज्यको अवधारणा हो । 'तपाईं जतिसुकै माथि हुनुहोस्, तपाईंभन्दा माथि कानुन छ' भन्ने मान्यता कानुनी राज्यको सार हो । कानुनी राज्यमा सरकार र यसका पदाधिकारीहरू कानुनद्वारा सञ्चालित हुन्छन् र सबै राज्य सञ्चालनका गतिविधिहरू कानुनको अधीनमा रहन्छन् । कानुनी राज्यमा सरकार/राज्य वा त्यसका पदाधिकारी वा निकायहरूको अधिकार वैधानिक रूपमा प्राप्त हुन्छ र त्यसको प्रयोग कानुनअनुरूप हुन्छ ।

कानुनी राज्य वा कानुनको शासनको आधुनिक अवधारणा बेलायती प्राध्यापक ए. भी. डायसीले ल्याएका हुन् । उनले कानुनी राज्यमा निम्न लिखित मान्यता हुनुपर्ने कुरामा जोड दिएका छन् :

**कानुनको सर्वोच्चता :** राज्यमा कानुनको सर्वोच्चता हुनुपर्छ । कुनै पनि प्रकारको निरङ्कुश वा स्वेच्छाचारी अधिकारले स्थान पाउनु हुँदैन भन्ने हो । कुनै पनि व्यक्ति कानुनभन्दा माथि हुँदैन । कानुनको उल्लङ्घन गरेको अवस्थामा बाहेक कसैलाई पनि सजाय दिन सकिँदैन ।

**कानुनको अगाडि समानता :** प्रत्येक व्यक्ति जुनसुकै ओहोदामा भए पनि कानुनको संरक्षणमा हुन्छ । भिन्नाभिन्नै व्यक्तिलाई भिन्नभिन्नै कानुन लागु हुँदैन ।

**कानुनको स्रोत संविधान :** लिखित संविधान भएका राज्यमा संविधान सर्वोच्च कानुन हुन्छ । सबै कानुनहरू संविधानका उपज हुन् ।

| कानुनी राज्यका आवश्यक आधारहरू | कानुनी राज्यको आवश्यकता |
|---|---|
| राज्यमा कानुनको शासन भए नभएको परीक्षण गर्ने आधारहरू :<br>➨ शक्ति पृथकीकरण र सन्तुलन<br>➨ सरकारको सीमित भूमिका<br>➨ सुशासन<br>➨ स्वतन्त्र र सक्षम न्यायपालिका<br>➨ पारदर्शिता र जवाफदेहिता<br>➨ लोकतन्त्र र मानव अधिकार<br>➨ आवधिक निर्वाचन<br>➨ समानता र समताको सम्बोधन | राज्यमा विधिको शासन आवश्यकता प्रस्ट्याउने आधारहरू :<br>➨ लोकतान्त्रिक एवम् जन उत्तरदायी सरकारको स्थापना<br>➨ दण्डहीनताको अन्त्य<br>➨ सामाजिक न्याय र समानताको प्रवर्धन<br>➨ कानुनको सर्वोच्चता कायम<br>➨ शान्ति र स्थायित्व<br>➨ शासन प्रक्रियामा सबैको अपनत्व<br>➨ स्वतन्त्र न्यायपालिका र सञ्चार माध्यमको सुनिश्चितता |

**नेपालमा कानुनी राज्य प्रवर्धनका अवरोधहरू**

- भ्रष्टाचार र अख्तियार दुरुपयोग हुनु ।
- सर्वोच्च अदालतले कानुनको शासनको पक्षमा दिएका सबै फैसलाहरू कार्यान्वयनमा नआउनु ।
- अधिकारको मात्र खोजी गर्ने तर कर्तव्य निर्वाह नगर्ने/नचाहने प्रवृत्ति हाबी हुनु ।
- कानुनलाई स्वार्थअनुकूल व्याख्या गर्ने परिपाटी रहनु ।
- सबै समस्याको कानुनी समाधान खोज्नु, समस्याका सामाजिक, सांस्कृतिक आयामहरूमा ध्यान नदिनु ।
- मुलुकको हरेक नीति, कानुन र संस्थामा स्थायित्व दिने संयन्त्रको अभाव हुनु ।

**नेपालमा कानुनी राज्यको प्रवर्धन गर्ने उपायहरू**

नेपालमा अपेक्षाकृत विधिको शासन स्थापित हुन सकेको छैन । जिम्मेवार व्यक्तिहरूले कानुनलाई आफू खुसी व्याख्या गर्ने गरेको पाइन्छ । हाम्रो आवश्यकता दक्ष, इमानदार र कानुनको शासनमा प्रतिबद्ध युवा पुस्ता निर्माण गर्नु हो । यसका लागि युवालगायत सबै नागरिकले कानुनको पालना गर्दै सकारात्मक सोच र संस्कार ग्रहण गर्न आवश्यक छ । यसका लागि निम्नानुसारका कार्य गर्नु सान्दर्भिक हुन्छ :

- कानुनी राज्यको स्थापना गर्न अदालतलगायत न्यायिक निकायले गरेका फैसला सबै निकायले पालना र कार्यान्वयन गर्ने ।
- भ्रष्टाचार नियन्त्रणका लागि विधिमा मात्र सीमित नरही भ्रष्टाचार विरुद्धमा नागरिक शिक्षा टोल टोलमा पुर्‍याउने ।
- 'जहाँ अधिकार त्यहाँ कर्तव्य' वा जिम्मेवारी बिनाको अधिकार हुँदैन भन्ने कुरालाई समाजका सबै पक्षलाई सचेत बनाउने ।
- समाजका सबै वर्ग, क्षेत्र, लिङ्गलाई प्रतिनिधित्व हुने गरी कानुन बनाउने ।
- कानुनलाई आन्तरिक स्वार्थअनुसार व्याख्या गर्ने परिपाटी अन्त्य गरी कानुनको सही मर्म र भावनाअनुसार तिनको वर्णन गर्ने ।
- सामाजिक समस्याका कानुनीबाहेक अन्य धेरै पक्षहरू समस्या समाधान गर्ने ।
- मुलुकका नीति, नियम अनुसन्धानको आधारमा दीर्घकालीन, स्पष्ट र स्थायी मार्गचित्र बनाई परिलक्षित गर्ने ।

**क्रियाकलाप**

१. किन कानुनी राज्यमा 'कानुनको सरकार, व्यक्तिको होइन' (Government by law, not by men) भनिएको हो, स्पष्ट पार्नुहोस् ।

२. अदालतबाट भएका फैसलाहरू किन प्रभावकारी रूपमा कार्यान्वयन नभएको होलान्, आफ्ना विचारहरू बुँदागत रूपमा लेख्नुहोस् ।

३. कानुनी राज्य प्रवर्धनमा तपाईंले गर्न सक्ने कार्यहरूको सूची तयार पार्नुहोस् ।

४. 'विधिको शासन : राष्ट्र निर्माणको आधार' भन्ने शीर्षकमा वक्तृत्व कला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

**अभ्यास**

१. कानुनी राज्यको परिचय र विशेषता लेख्नुहोस् ।

२. कानुनी राज्यको प्रवर्धन गर्ने उपायहरूको सूची बनाउनुहोस् ।

३. कुनै पनि देशमा कानुनको शासन छ वा छैन भन्ने कुरा कसरी थाहा पाउन सकिन्छ, आधारहरू स्पष्ट पार्नुहोस् ।

**समूहगत कार्य**

कक्षाका सम्पूर्ण विद्यार्थीलाई कम्तीमा पाँच समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई कानुनी राज्यका आवश्यक सर्तहरूका विषयमा आआफ्ना विचार व्यक्त गर्न लगाउनुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ ९

# लोकतान्त्रिक आचरण

लोकतन्त्रमा सरकार जनताप्रति उत्तरदायी हुन्छ । प्रतिनिधिमूलक शासन व्यवस्था हुन्छ । निर्वाचित प्रतिनिधिहरू आमजनताको आवश्यकता र अपेक्षा पुरा गर्ने दिशामा क्रियाशील हुन्छन् । जनताका अधिकारहरू संविधान एवम् कानुनद्वारा संरक्षित हुन्छन् । यिनै मूल्य मान्यताका आधारमा लोकतान्त्रिक आचरणका पक्षहरू निम्नानुसार चर्चा गर्न सकिन्छ :

### शासनमा जनसहभागिता

लोकतान्त्रिक शासनमा जनताको सहभागिता आवश्यक हुन्छ । जनताद्वारा निर्वाचित प्रतिनिधिहरूको सरकार हुन्छ । शासनमा जनताको नियमित सहभागिताका लागि आवधिक रूपमा निर्वाचन गरिनुपर्छ । त्यस्तो निर्वाचन स्वच्छ, निष्पक्ष र वैध हुनुपर्छ ।

### कानुनको सर्वोच्चता

लोकतन्त्रमा कानुनी सर्वोच्चताको अपेक्षा गरिन्छ । व्यक्तिद्वारा नभई कानुनद्वारा शासन व्यवस्था सञ्चालन हुनुपर्छ भन्ने मान्यता राखिन्छ । कानुन सर्वोपरी हुने भएकाले सबैले संविधान, कानुनको अधीनमा रही आफ्नो अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नु नै लोकतान्त्रिक आचरण/मूल्य मान्यता हो ।

### मौलिक हकको संरक्षण

जनताको आकाङ्क्षालाई प्रतिबिम्बित गर्नु र जनताका आधारभूत मौलिक हकको उपभोग एवम् संरक्षण गर्नु नै लोकतान्त्रिक शासन प्रणालीको आचरण हो । संविधानमा व्यवस्थित मौलिक हकहरूको सम्मान गर्नुपर्छ । तिनीहरूको प्रयोग शर्तमा अवरोध नपुऱ्याई कार्यान्वयनका लागि सघाउनुपर्छ । तिनको उल्लङ्घन भएमा त्यसको संरक्षण गरी उपचार प्रदान गर्नुपर्छ ।

### बहुलवाद

मुलुकमा एउटै विचार, धारणा एवम् दृष्टिकोण हुँदैन । लोकतन्त्रमा विचारको विविधता हुन सक्छ तर त्यस्तो विविधतालाई स्वीकार गरिनुपर्छ । सोच, संस्कार र संस्कृतिमा हुने बहुलतालाई लोकतन्त्रले आत्मसात् गर्नुपर्छ । बहुलवादले विचारको विविधतालाई शासन प्रणालीको अभिन्न अङ्गका रूपमा समेटेको हुन्छ ।

### अल्पमतको सम्मान

सामान्यतः प्रजातन्त्रमा बहुमतको शासन हुन्छ । उसले शासन सञ्चालन गर्ने अख्तियारी प्राप्त गरेको हुन्छ । बहुमतबाट हुन सक्ने सम्भावित स्वेच्छाचारिताको नियन्त्रणका लागि अल्पमतको भूमिकालाई स्वीकार गरिएको हुन्छ । जहाँ अल्पमतको सम्मान गरिन्छ, त्यहाँ बहुमत अनुशासित र जिम्मेवार रहन्छ । त्यसैले प्रजातान्त्रिक मुलुकमा अल्पमतलाई बहुमतको निर्णयमा आलोचना गर्ने स्वतन्त्रता हुनुपर्छ ।

### समावेशी शासन पद्धति

मुलुकमा रहेका सबै जाति, धर्म, भाषा, लिङ्ग, क्षेत्र, वर्ण आदिको पहिचान र प्रतिनिधित्व शासन व्यवस्थामा हुनु नै समावेशी शासन हो । लोकतन्त्रमा सबैले आफू शासनमा रहेको अनुभूति गराउन सक्नु नै लोकतान्त्रिक मूल्य/मान्यता हो । सकारात्मक विभेदको अवलम्बन, सामाजिक न्यायको हक र राज्यको दायित्व तथा नीति निर्देशक सिद्धान्तहरूले समावेशी पद्धतिलाई अङ्गीकार गर्नु लोकतान्त्रिक आचरण हो ।

### जागरुक नागरिक समाज

नागरिक समाज जागरुक भएमा मात्र कुनै पनि मुलुकमा लोकतान्त्रिक आचरण र लोकतन्त्र संस्थागत हुन्छ । लोकतन्त्रले नागरिकलाई अधिकार सम्पन्न बनाउँछ । यसका लागि अधिकारको सही उपयोग गर्न सक्ने आचरण भएको नागरिक समाजको आवश्यकता पर्छ । नागरिक एवम् नैतिक शिक्षा र चेतनाले नागरिक समाजमा लोकतान्त्रिक आचरणको विकास हुन्छ ।

### सुशासन

लोकतान्त्रिक राज्य व्यवस्थामा हरेक सरकारी काम कारबाहीको जनताले जस्ताको त्यस्तै थाहा पाउने हक हुन्छ । सरकारले आफूले गरेका काम कारबाहीको प्रतिक्रिया जनताको अभिव्यक्त विचारबाट थाहा पाउने हुँदा जनता सुसूचित हुनु अति आवश्यक छ । उत्तरदायी शासन र पारदर्शी कार्य पद्धति लागु हुने अवस्थामा सुशासन स्थापना हुन्छ । सुशासन लोकतान्त्रिक आचरणबाट मात्र सम्भव छ ।

### अभिव्यक्ति एवम् प्रेस स्वतन्त्रता

विचार तथा अभिव्यक्तिको स्वतन्त्रताले लोकतान्त्रिक आचरण तथा मूल्य मान्यता स्थापित गर्न सहयोग पुग्छ । राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक गतिविधिका विषयहरूमा जानकारी पाउनु नागरिकको अधिकार हो । यसले राष्ट्रमा असर, समस्या समाधानका उपायहरू र सोही अनुसारको आचरण/व्यवहार नागरिकले बनाउँछन् ।

**क्रियाकलाप**

१. **तपाईँको समुदायमा लोकतान्त्रिक आचरण तथा मूल्य मान्यताको अभ्यास कसरी भएको छ ? एक दैनिक पत्रिकामा प्रकाशित हुने समाचारको नमुना तयार पार्नुहोस् ।**

२. **विभिन्न जोडीमा विभाजित भई माथि उल्लिखित लोकतान्त्रिक आचरणका पक्षहरूमध्ये कुनै एक पक्षमा छलफल गर्नुहोस् र जोडीको निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**अभ्यास**

१. **लोकतान्त्रिक आचरणको परिचय दिनुहोस् ।**

२. **लोकतान्त्रिक आचरणले लोकतन्त्रलाई संस्थागत गर्न कसरी सहयोग पुग्छ, लेख्नुहोस् ।**

**सामुदायिक कार्य**

**तपाईँको समुदायमा बसोबास गर्नुहुने बौद्धिक व्यक्तित्व हुनुहुन्छ होला । उहाँसित नेपालको संविधान, प्रचलित कानुन एवम् सामाजिक मूल्य मान्यताले कसरी लोकतान्त्रिक आचरण अवलम्बन गरेको छ, सोधखोज गर्नुहोस् र आफ्नो निष्कर्षसहित एक लेखको नमुना तयार पार्नुहोस् ।**

पाठ १०

# नागरिक समाज

सबुरलाल नागरिक समाजका एक अगुवा हुन् । उनलाई जनता मा. वि. का शिक्षक, कर्मचारी तथा विद्यार्थीबिच नागरिक समाजको अवधारणा, विशेषता र भूमिकाबारे स्पष्ट पार्न बोलाइएको थियो । शिक्षक विद्यार्थीहरूको जिज्ञासाका विषयमा उनले पावर प्वाइन्ट (power point) मार्फत यसरी प्रस्तुत गरेका थिए :



| नागरिक समाजको परिभाषा | नागरिक समाजका विशेषताहरू |
|---|---|
| ➡ नागरिक समाज भनेको करकाप नगरिएको मानवीय समुदायको नाम हो ।<br>➡ यो स्वेच्छिक, स्वपरिचालित, स्वनिर्देशित, कानुनी आदेश वा साझा नियमहरूद्वारा बाँधिएको सङ्गठित सामाजिक जीवन पद्धति हो ।<br>➡ यो विभिन्न सामाजिक समुदायहरू बिचका विचार विमर्श गर्ने र सङ्गठित हुने थलो हो ।<br>➡ नागरिकहरूका चाहना, मूल्य, मान्यता र प्रतिबद्धतालाई अभिव्यक्त गर्ने साझा थलो नै नागरिक समाज हो ।<br>➡ नागरिक समाज गैर सरकारी एवम् स्वेच्छिक आन्दोलन हो जो सामाजिक जीवनका हरेक पक्षहरूमा आवश्यकताअनुसार क्रियाशील रहन्छ । यसले जनतालाई विविध पक्षमा सहयोग पुऱ्याउँछ । | ➡ कानुनको भावनाअन्तर्गत रहेर आत्म अनुशासन पालना गर्ने व्यक्तिहरूबाट सञ्चालित एउटा आन्दोलन नागरिक समाज हो ।<br>➡ नागरिक समाज सरकारभन्दा फरक हो तर सरकारका कामसँग भने सम्बन्धित हुन्छ ।<br>➡ यो समाजका सबैभन्दा तल्लो तहका वर्गको हितका लागि उनीहरूकै सहभागितामा कार्य सञ्चालन गर्ने समूह हो ।<br>➡ यसले आफूले गर्ने कार्यबाट नाफा गर्ने उद्देश्य राख्दैन ।<br>➡ राजनीतिबाट टाढा रहेर सामाजिक जागरण र परिचालनमा जोड दिन्छ ।<br>➡ यसले समाजको मानवीय संवेदनाको अभिव्यक्ति उजागर गर्ने लक्ष्य राखेको हुन्छ । |

**नागरिक समाजको उद्देश्य**

- मानिसको जीवन स्तर निर्माणका लागि चाहिने दक्षता र क्षमताको अभिवृद्धि गर्नु
- सामाजिक मूल्य, मान्यता, चाहना, आवश्यकता र सङ्कल्पको अभिव्यक्ति स्थलको निर्माण गर्नु
- विकासका लागि वैकल्पिक उपायका लागि सहभागितामूलक पद्धतिको विकास र विस्तार गर्नु
- सामाजिक उद्देश्यका लागि सामूहिक भावनामा बाँधिएको सञ्जालको निर्माण गर्नु
- सरकारका नीतिगत विषयमा व्याख्या र ठोस निर्णय गर्दै सामाजिक घटना क्रमलाई आलोचनात्मक रूपमा ग्रहण गर्नु

उल्लिखित विषयमा सबुरलाल र विद्यार्थीबिच केही छलफल भयो । तत्पश्चात् विद्यार्थीले नागरिक समाजको भूमिका सम्बन्धमा जिज्ञासा राखेपछि उहाँले अर्को क्लिप (clip) यसरी प्रस्तुत गर्नुभयो :

**नागरिक समाजको भूमिका**

- नागरिक समाजले राजनीतिज्ञ, उद्योगपति, व्यापारी र राज्यका अन्य वर्गलाई जनताप्रति जवाफदेही बनाउँछ ।
- यसले राजनीतिक, सामाजिक र आर्थिक रूपले बाहिर परेकाहरूको हित र चासोलाई अभिव्यक्त गर्छ ।
- नीति निर्माणमा पारदर्शी, विकेन्द्रित र बहुलवादी दृष्टिकोण विकास गर्न मदत गर्छ ।
- विकासका लागि सरकारी प्रयत्नहरूमा मदत पुऱ्याउन नागरिकहरूलाई आवश्यक पर्ने ज्ञान तथा सिप उपलब्ध गराउँछ ।
- सामाजिक एकता र विकासका चुनौतीलाई समाधान गर्न सहयोग पुऱ्याउँछ ।
- सामाजिक सशक्तीकरण र सहभागिताका लागि अनुकूल नियम कानुन बनाउन मदत गर्छ ।
- आर्थिक सुरक्षा, भूमि सुधार, लैङ्गिक समानता र सामाजिक अधिकारलाई प्रत्याभूति गर्न सघाउ पुऱ्याउँछ ।
- असल शासनका विविध पक्षको विकास गर्न सहयोग गर्छ ।

दृष्टि महर्जन उक्त छलफलमा सहभागी हुनुहुन्थ्यो । उहाँले नागरिक समाजको विषयका यी क्लिपहरू हेरेपछि सबुरलाललाई नेपालमा नागरिक समाजको विषयमा जिज्ञासा राख्नुभयो । सबुरलालले यस विषयलाई निम्नानुसार प्रस्तुत गर्नुभयो :

उपस्थित महानुभावहरू, “नेपालमा नागरिक समाजको विकास लिच्छवि कालबाट नै भएको पाइन्छ । नेपालको एकीकरणमा समेत नागरिक समाजको भूमिका पाउन सकिन्छ ।”

“हाल नेपालमा नागरिक समाज लोकतान्त्रिक वातावरण सिर्जना गर्न, सुशासन कायम गर्न, स्वावलम्बन विकास गर्न एवम् महिला तथा पिछडिएका वर्गलाई सबल पार्नेजस्ता कार्यमा लागेको पाइन्छ ।”

नेपालमा प्रजातन्त्र संरक्षण र संवर्धनमा नागरिक समाजको विशेष योगदान छ । सेवामूलक कार्य गर्ने, लैङ्गिक समानता, पिछडिएको वर्गको उत्थान गर्नेजस्ता उद्देश्य लिएका नागरिक समाजको भूमिका सोचे जस्तो हुन नसकेको गुनासो पाइन्छ ।

अन्त्यमा, शिक्षक लाक्पा शेर्पाले नेपालको सन्दर्भमा नागरिक समाजको भूमिका र कर्तव्यको विषयमा सोध्नुभयो । सबुरलालले राखेका बुँदाहरूलाई नथुनीदेवीले यसरी टिप्नुभयो :

- समाजमा आआफ्ना आवश्यकताको पूर्ति आफैँ गर्न सक्ने सामाजिक क्षमता र दक्षतामा अभिवृद्धि ल्याउन सक्ने बनाउने ।
- सामाजिक मूल्य मान्यतामा समाजलाई अभिमुख बनाउने ।
- राजनीतिक विकृतिका विद्यमान चुनौतीलाई निराकरण गर्न आवाज उठाउने ।
- देशको पुँजी, स्रोत, साधन र प्रविधि जनमुखी बनाउन क्रियाशील रहने ।
- परनिर्भरताबाट स्वावलम्बनतर्फ जानका लागि सचेतना अभियानमा सरिक हुन उत्प्रेरित गर्ने ।

**क्रियाकलाप**

१. नागरिक समाज स्वेच्छिक, स्वपरिचालित सामाजिक समूह हो, कसरी ? प्रस्ट पार्नुहोस् ।

२. 'नेपालको सन्दर्भमा नागरिक समाजको आवश्यकता' शीर्षकलाई दुई साथीबिचको संवादद्वारा प्रस्ट्याउनुहोस् ।

३. नेपालमा नागरिक समाजको भूमिका कुन कुन क्षेत्रमा बढी प्रभावकारी र कुन कुन क्षेत्रमा कम प्रभावकारी भएको छ, तालिकामा देखाउनुहोस् ।

४. नेपालमा नागरिक समाजलाई अझ प्रभावकारी बनाउन के कस्ता सुधारको आवश्यकता छ, लेख्नुहोस् ।

५. तपाईँको समुदायमा के कस्ता नागरिक समाजका समूहहरू सक्रिय छन्, खोजी गर्नुहोस् र कक्षामा छलफल गर्नुहोस् ।

**अभ्यास**

१. नागरिक समाज भनेको के हो ?

२. नागरिक समाजको भूमिकाको समीक्षात्मक टिप्पणी प्रस्तुत गर्नुहोस् ।

३. पिछडिएको वर्गलाई सबल पार्न नागरिक समाजले के गर्नुपर्ला ?

**समूहगत कार्य**

कक्षाका साथीहरू विभिन्न समूहमा विभाजित हुनुहोस् । त्यसपछि नागरिक समाजको विशेषता र प्रकृतिका आधारमा समूहले उठाउने विषय खोजी गर्नुहोस् र कक्षामा छलफल गर्नुहोस् ।

**पाठ ११**

# शान्ति सुव्यवस्था

तल दिइएको समाचार पढ्नुहोस् :

**विद्यालय व्यवस्थापन समिति गठनमा संसदीय चुनावको झल्को**

कपिलवस्तु, १४ चैत (कान्तिपुर संवाददाता)

कपिलवस्तु जिल्लाको रुद्राक्ष गा. वि. स. ४ स्थित राष्ट्रिय निम्न माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठनमा संसदीय चुनावलाई बिर्साउने गरी अभ्यास गरेका छन्। अभिभावकहरूले पार्टीगत प्यानल उठाएर अस्वस्थ प्रतिस्पर्धा गरिरहेका छन्। यसरी छानिएका सदस्यहरूबाट शिक्षक, कर्मचारी नियुक्ति लगायतका गतिविधिमा विवेकभन्दा विचार, राम्रोभन्दा हाम्रो, नीतिभन्दा नेताको आधारमा निर्णय हुने निश्चित छ।

शान्ति सुव्यवस्था सामाजिक विकासको आधारशिला हो। प्रत्येक नागरिकले व्यक्तिगत र सार्वजनिक रूपमा स्वतन्त्र रूपमा बाँच्न पाउनु उसको नैसर्गिक अधिकार हो। कानुनबमोजिम स्वतन्त्र व्यवसाय गर्न पाउनु उसको मौलिक हक हो। विद्यालय विभिन्न पृष्ठभूमि बोकेका बाल बालिका जमघट हुने स्थल हो जहाँको वातावरण बालमैत्रीका साथै शिक्षकमैत्री हुनुपर्छ।

व्यक्तिगत तथा सार्वजनिक सुरक्षा भन्नाले कुनै पनि नागरिकले कानुनबमोजिम स्वतन्त्र रूपमा आवतजावत गर्न पाउनु तथा विना अवरोध आफ्नो पेसा वा व्यवसाय सञ्चालन गर्न पाउनु हो। आफ्नो व्यक्तिगत वा सार्वजनिक सम्पत्तिको सुरक्षा, बिना अवरोध उपयोग पनि व्यक्तिगत तथा सार्वजनिक सुरक्षाअन्तर्गत पर्छन्। विभिन्न विद्युतीय सञ्चार, सामाजिक सञ्जालमार्फत गरिने दुर्व्यवहारले व्यक्तिगत तथा सार्वजनिक सुरक्षामा नकारात्मक असर पर्छ।

कानुनको प्रभावकारी कार्यान्वयन र नागरिक सचेतनाले समाजमा व्यक्तिगत तथा सार्वजनिक सुरक्षा कायम गर्न सघाउ पुग्छ। सरकारी संयन्त्र, नागरिक समाज तथा सरोकारवाला निकायहरूको समन्वयबाट मात्र नागरिक सुरक्षा कायम भई राज्यमा दण्डहीनताको अन्त्य हुन सक्छ। राज्यका विभिन्न निकायमा शान्ति सुव्यवस्थाको प्रत्याभूति हुनुपर्छ। विद्यालय त समग्र शैक्षिक प्रणालीको केन्द्र भएकाले विद्यालयलाई शान्ति क्षेत्र कायम गरिनुपर्छ।

विद्यालय शान्ति क्षेत्र भन्नाले विद्यालयको व्यवस्थापन तथा गतिविधिहरूमा राजनीतिक हस्तक्षेपबाट मुक्त राख्नु हो। विद्यालयमा हुने भेदभाव, दुर्व्यवहार, शोषण तथा शारीरिक एवम् मानसिक यातनाबाट निष्कलङ्क राख्नु विद्यालय शान्ति क्षेत्रको अवधारणा हो। निर्वाध पठन पाठनको अवस्था कायम गर्नु नै यसको उद्देश्य हो।

विद्यालय हाताभित्र राजनीतिक दलहरूको आमसभा, नारा, जुलुस, प्रशिक्षण, गोष्ठी आदिले विद्यालय शान्ति क्षेत्रलाई असर पार्छ । विद्यार्थीको पठन पाठनमा असर पर्ने गरी विद्यालय बन्द हड्ताल गर्नु हुँदैन । विद्यालय भवन तथा विद्यालय हातामा राजनीतिक दलको नारा प्रचार सामग्री लेख्न र पर्चा पप्लेट टाँस्न दिनु हुँदैन । विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीहरू राजनीतिक उद्देश्यमा सहभागी हुनु हुँदैन ।



विद्यालय हातामा हतियारधारी व्यक्ति प्रवेश गर्न दिनु हुँदैन । विद्यार्थी एवम् शिक्षकलाई त्रसित पार्ने तथा चन्दा, आतङ्क, अपहरण गर्नेजस्ता कार्यबाट मुक्त राख्नुपर्छ । बाल बालिकाको भावनामा चोट पुग्ने गरी शारीरिक तथा मानसिक दुर्व्यवहार गरिनु हुन्न । बाल बालिकाको खिल्ली उडाउने, नराम्रो नाम काढेर बोलाउने, व्यङ्ग्य गर्नेजस्ता कार्यले विद्यालय शान्ति क्षेत्रको कार्यान्वयनमा असर पुग्छ । बाल बालिकालाई यौनजन्य दुर्व्यवहारबाट मुक्त राख्नुपर्छ । विद्यालय शान्ति क्षेत्रको दिगो विकास र विस्तारका लागि नियमित अनुगमन निरीक्षण गरिनुपर्छ ।

विद्यालयलाई शान्ति क्षेत्र बनाउन शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, अभिभावकको सक्रिय सहभागिता आवश्यक छ । बाल बालिकालाई सामाजिक तथा रचनात्मक कामहरूमा सहभागी हुन प्रोत्साहित गर्नुपर्छ । विद्यालय तहको पाठ्यक्रम तथा पाठ्य पुस्तकमा शान्ति शिक्षाको सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान दिने खालका विषय वस्तु समावेश गर्नुपर्छ । बाल बालिकाको कलिलो मस्तिष्क तथा स्वाभिमानमा ठेस पुग्ने गतिविधि नगर्न सदैव चनाखो हुनुपर्छ । विद्यालय शान्ति क्षेत्रलाई प्रभावकारी कार्यान्वयन गर्न विभिन्न नीति र रणनीति अवलम्बन गरिनुपर्छ ।

**क्रियाकलाप**

१. **शान्ति सुव्यवस्था कानुनी शासनको आधारशिला हो, कसरी ? लेख्नुहोस् ।**

२. **तपाईँको समुदाय, टोल छिमेकमा व्यक्तिगत तथा सार्वजनिक सुरक्षामा असर पार्ने गरी भएका गतिविधिहरू सङ्कलन गर्नुहोस् ।**

३. सार्वजनिक सुरक्षा कायम गर्न तपाइँले कसरी भूमिका खेल्न सक्नुहुन्छ, लेख्नुहोस् ।

४. 'विद्यालय शान्ति क्षेत्र : बाल बालिकाको भविष्य निर्माणको आधार' विषयमा वक्तृत्वको नमुना तयार पार्नुहोस् ।

५. शिक्षासँग सरोकार राख्ने निकायले पटक पटक 'विद्यालय शान्ति क्षेत्र' प्रतिबद्धता देखाएता पनि किन विद्यालय बारम्बार बन्द हडतालको मारमा परेको हो, कारण लेख्नुहोस् ।

**अभ्यास**

१. शान्ति सुव्यवस्था भनेको के हो ?

२. विद्यालय शान्ति क्षेत्र भन्नाले के बुझिन्छ ?

३. विद्यालयलाई शान्ति क्षेत्र कायम गर्न के के गर्नुपर्छ ?

**सामुदायिक कार्य**

तपाइँको विद्यालय 'शान्ति क्षेत्र' राख्न के कस्ता गतिविधिहरू गरिएका छन् । आफ्ना प्रधानाध्यापक वा प्राचार्यसित सोध्नुहोस् । उहाँका विचार तथा आफ्ना अनुभवसमेत समेटी आफ्नो विद्यालयबाट प्रकाशित हुने 'वार्षिक बुलेटिन' का लागि लेखको नमुना तयार पार्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ १२

# विविधतामा एकता

तल दिइएका विषयहरू अध्ययन गर्नुहोस् :

बहु जातीय, बहु भाषिक, बहु धार्मिक, बहु सांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो ।

\- नेपालको संविधान, २०७२ धारा ३

धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवम् राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, सामाजिक, सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यवद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुने छ ।

\- नेपालको संविधान, २०७२ को धारा ५० (२)

विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबिच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यवद्धता कायम गरी सङ्घीय इकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्धन गर्ने ।

\- नेपालको संविधान, २०७२ को धारा ५१ क (२)



उल्लिखित संविधान प्रदत्त पक्षहरूले राज्यका नीतिले राज्यमा सबैलाई समान अवसर दिई विविधतालाई एकतामा ल्याउने प्रयास गरेको छ । मौलिक हकको व्यवस्था गरी सबै क्षेत्रमा सबै जाति, वर्ग, सम्प्रदाय, लिङ्गका आधारमा समान अवसर र अधिकार प्रदान गरिएको छ । राज्यको मूलधारमा ल्याउने प्रयास वर्तमान संविधान तथा ऐन, नियमहरूले गरेका छन् ।

नेपालमा विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र रहनसहन रहेको पाइन्छ । यहाँ आआफ्नै धर्म, भाषा, संस्कृति भए पनि एकले अर्काको संस्कृतिप्रति सद्भाव राखेको पाइन्छ । नेपालमा युगौँयुगदेखि सहिष्णुता कायम छ । एउटाको धर्म, संस्कृति, भाषालाई अर्काले सम्मान गर्ने संस्कार छ । उदाहरणका लागि विगत वर्षहरूमा छठ पूजा मिथिलाञ्चलका समुदायमा मात्रै मनाइन्थ्यो । हाल पहाडी जिल्लाहरूका अन्य समुदायले पनि मनाउँछन् । एकले अर्काको चाडपर्व, जात्रा आदिमा सहभागिता जनाउने र आपसमा मिलेर पर्वहरू मनाउने संस्कारबाट नै यहाँ सहिष्णुता कायम रहन गएको छ । यही आपसमा मिलेर बस्ने संस्कारले नेपालमा विविधतामा एकता छ । नेपालको राष्ट्रिय गानले पनि यही कुरालाई आत्मसात् गरेको देखिन्छ ।

## क्रियाकलाप

१. किरात समुदायका स्व. डा. स्वामी प्रपन्नाचार्यले 'वेदमा के छ ?' नामक पुस्तक प्रकाशन गरेका छन् । तपाईँको समुदायमा यस्तै एक समुदायका व्यक्तित्वले अर्को समुदायका विषयमा अध्ययन, अनुसन्धानका विषयहरू खोजी गर्नुहोस् र कक्षामा छलफल गर्नुहोस् ।

२. 'नेपाल बहु जातीय, बहु भाषिक, बहु धार्मिक र बहु सांस्कृतिक विशेषतायुक्त मुलुक हो ।' उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

३. नेपालको संविधानमा कुन कुन मौलिक हक, राज्यको दायित्व, निर्देशक सिद्धान्तहरू र नीतिले सबै नागरिकलाई मूलधारमा ल्याउने व्यवस्था गरेका छन्, बुँदागत रूपमा लेख्नुहोस् ।

४. 'विविधतामा एकता' शीर्षक राखी एक राष्ट्रिय दैनिकका लागि सम्पादकीय तयार पार्नुहोस् ।

५. नेपालको राष्ट्रिय गानले 'विविधतामा एकता' ल्याउने प्रयास गरेको छ, कसरी ? पुष्टि गर्नुहोस् ।

## अभ्यास

१. विविधतामा एकता भनेको के हो ?

२. 'फरक भाषा, संस्कृति, धर्म, लिङ्ग र क्षमता भए पनि हामी सबै नेपाली' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईँको समुदायमा कुन कुन जात, धर्म र भाषा बोल्ने व्यक्ति बस्छन् ? उनीहरूले मनाउने चाडपर्व, जात्रा तथा सांस्कृतिक उत्सव सम्बन्धमा उनीहरूको सहभागिता, विशेषता आदि विषयमा त्यहाँका स्थानीय व्यक्तिसँग सोधखोज गरी प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ १३

# राष्ट्रियता र राष्ट्रिय सरोकारका विषय

## नेपाली राष्ट्रियता

नेपाल जनता जनताबिचको भावनात्मक एकता र मानसिक सम्मिलन भएको राष्ट्र हो । यही भावनात्मक एकता र मानसिक सम्मिलनप्रतिको समर्पण वा प्रतिबद्धता नै राष्ट्रियता हो । नेपालमा विभिन्न वर्ग, जाति, धर्म, लिङ्ग, क्षेत्र तथा भाषा भएका व्यक्तिहरूको बसोबास रहेको छ । यिनै समुदायहरू बिचको भावनात्मक एवम् मानसिक प्रतिबद्धता, समर्पण एवम् सो अनुसारको व्यावहारिक प्रस्तुति नै नेपाली राष्ट्रियता हो ।

नेपाल राष्ट्रको निर्माणमा सबैको समान भूमिका र योगदान रहेको छ । मधेसका जनताले जमिन हराभरा बनाएर देशभरि पुग्ने अन्न उत्पादन गरेका छन् । हिमाली क्षेत्रका जनताले पशु पालन र पर्यटन व्यवसायलाई समृद्ध बनाउन भूमिका खेलेका छन् । नेपाली राष्ट्र र राष्ट्रियताको जगेर्ना गर्न किरात र बोनहरूले आआफ्ना सम्पदा जोगाएर राखेका छन् । बौद्धहरूले कला कौशलको विकास गरेर अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली कलाको प्रचार प्रसार गरेका छन् । इस्लामहरूले काशी, कलकत्ता, काश्मिर र तिब्बतसम्म व्यापार बढाएका छन् । शृङ्गार र सौभाग्यका सामग्रीको आपूर्ति गरेका छन् । आधुनिक कालमा जैनहरूले नेपालको आर्थिक उन्नतिमा सहयोग पुऱ्याएका छन् । क्रिस्चियनहरूले नेपालीलाई नयाँ भाषा, शिक्षा र औषधोपचारको विधि सिकाएका छन् । हिन्दुहरूले परम्परागत मूल्य मान्यता जोगाउँदै आफ्ना गतिविधिलाई विकाससँग जोडेका छन् । उनीहरूले सहिष्णुताको अनुपम दृष्टान्त प्रस्तुत गरी सबैलाई समान अवसर प्रदान गर्न सघाएका छन् । यस प्रकार विकसित बहु आयामिक, समन्वयात्मक संस्कृति, विविध गतिविधिहरूले नेपालीहरूका माझ सहिष्णुता, समन्वय, सह अस्तितत्वको भावना जोगाइएको छ ।

राष्ट्रिय अखण्डता र नेपाली राष्ट्रियताको रक्षाका लागि समन्वय एवम् सन्तुलन ल्याउने दायित्व प्रत्येक विवेकशील तथा राष्ट्रवादी नेपाली नागरिकको हो । अहिले सबैलाई स्वअस्तितत्वको पहिचान, आत्म निर्णयको अधिकार र स्वतन्त्रता चाहिएको छ । यो जागरण वर्तमान युगले ल्याएको लहर हो । तर जातीयताभन्दा राष्ट्रियता ठुलो हुन्छ र जातीय गौरवभन्दा सिङ्गो नेपाल राष्ट्रको गरिमा तथा महिमा महत्त्वपूर्ण हुन्छ । राष्ट्र मासियो भने जातीय अस्तितत्व पनि मेटिने छ । अत: हामी सबैको चिन्तन नेपाल राष्ट्र र राष्ट्रियतामा केन्द्रित हुनुपर्छ ।

नेपालको वर्तमान सन्दर्भमा देहायका विषयमा हामीलाई स्वअस्तितत्वभन्दा पनि सह अस्तितत्वको बढी आवश्यक छ ।

## राष्ट्रिय अखण्डता

नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौम सत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक राज्य हो । कुनै पनि मुलुक टुक्रियो भने त्यसको अस्तित्व समाप्त हुन्छ । राज्यले सबै जाति, भाषा, धर्म, संस्कृतिको संरक्षण र संवर्धन गरी सबैलाई समान अधिकार प्रदान गर्नुपर्छ । नेपाल राष्ट्रको निर्माणमा सबै नेपालीहरूको समान भूमिका र योगदान रहेको छ । खस, ब्राह्मण, मगर, राई, लिम्बु, मधेसी, दलितलगायतका सम्पूर्ण सम्प्रदायले कुममा कुम जोडेर राष्ट्रको निर्माणमा अघि बढेमा मात्र हाम्रो देशको सबल राष्ट्रिय अखण्डताको उजागर गर्छ । त्यसैले राज्यले सबै जातजाति, भाषाभाषी, लिङ्ग, वर्ग, क्षेत्रलाई समानुपातिक ढङ्गले विकास र उत्थानका लागि प्राथमिकता दिनुपर्छ । राज्यको मूल प्रवाहमा सबैलाई समेट्न सक्नुपर्छ । स्रोत र साधनको समुचित वितरणको कानुनी व्यवस्था मिलाई कार्यान्वयन गर्नुपर्छ । हामी सबै नेपालीहरूले आआफ्नो पहिचानका साथ एकताबद्ध भई राष्ट्र निर्माण एवम् अखण्डता र राष्ट्रियताको प्रवर्धन एवम् विकासमा लागिपर्नु आजको आवश्यकता हो । नेपाल राष्ट्रको अखण्डता नै हाम्रो स्वाभिमान हो, हाम्रो पहिचान हो ।

## सीमा सुरक्षा तथा सीमा अतिक्रमण

कुनै देशलाई अर्को देशसँग छुट्याउन एउटा सीमारेखा निश्चित गरिएको हुन्छ । यस्तो सीमारेखा सन्धिमा उल्लेख गरिएको हुन्छ । सीमारेखाको वैज्ञानिक व्यवस्थापन र सुरक्षा सरोकारवाला राष्ट्रहरूले स्विकार्नु नै सीमा सुरक्षा हो ।

दुई देशबिचको सीमारेखा नक्साङ्कन स्पष्ट नभएमा वा सन्धि सम्झौता पालना नभएमा वा आपसी समझदारी नरहेमा विवाद उत्पन्न हुन जान्छ । त्यसैले यसलाई समयमै समाधान गर्न सरोकारवाला राष्ट्रहरूले पहल गर्नु जरुरी हुन्छ ।

**देशको सीमा मिचिने कारणहरू**

- जमिनमा स्पष्ट रूपमा भौतिक सीमाङ्कन नहुनाले
- सीमा नक्सा तथा तथ्याङ्कको अभाव भएमा
- छिमेकी देशले अन्तर्राष्ट्रिय सीमारेखाको बेवास्ता गरेमा
- नदीले आफ्नो प्राकृतिक वहाव परिवर्तन गरेमा
- ऐतिहासिक कागजात तथा दस्तावेज अपुरो रहेमा
- सीमावर्ती क्षेत्रमा भौतिक निर्माण कार्य गरिएमा
- जनसङ्ख्याको चाप बढेमा

**सीमा अतिक्रमणका परिणामहरू**

- लागु पदार्थ ओसारपसार, अवैध व्यापार र चेलीबेटी बेचबिखन लगायतका सामाजिक समस्या बढ्दै जान्छ ।
- आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरू सहजै एकअर्काको देशमा प्रवेश गर्छन् ।
- प्राकृतिक स्रोत साधन उपयोगमा विवाद हुन्छ ।
- देशहरूका नागरिकहरूबिच बैमनस्यता बढ्छ ।
- दुई देशहरूबिच युद्ध समेत हुन सक्छ ।

सीमा सुरक्षाका उपायहरू

- दुवै देशका नागरिक सरोकार समूह गठन गरेर
- संयुक्त रूपमा प्राविधिक सीमा समिति गठन गरेर
- कुटनीतिक तहमा वार्ता गरेर
- सरकार प्रमुख/राष्ट्र प्रमुखबिच संवाद गरेर
- अन्तर्राष्ट्रिय रूपमा दबाब सिर्जना गरेर
- मध्यस्थता गरी समस्या समाधान गरेर
- संयुक्त राष्ट्र सङ्घको सहयोग लिई समस्या समाधान गरेर

## आत्म सम्मान/स्वाभिमान

आत्म सम्मान वा आत्म स्वाभिमान हामी नेपालीको पहिचान हो । विगतमा नेपाल र नेपाली राष्ट्रियता एवम् राष्ट्रिय आत्म सम्मानको रक्षाका लागि नेपाली वीर योद्धाहरूले अविस्मरणीय योगदान गरेका छन् । उनीहरूले अङ्ग्रेज तथा अन्य साम्राज्यवादीसँग नझुकी आफ्नो बहादुरी देखाएका छन् । साम्राज्यवाद विरुद्ध भीमसेन थापाको आवाज आजसम्म पनि उत्तिकै सान्दर्भिक छ । नालापानीको युद्धमा बलभद्र कुँवर, मलाउका किल्लामा भक्ति थापाले देखाएको वीरताले नेपालीहरूमा आत्म सम्मानको भावना उच्च रहेको प्रस्ट हुन्छ ।

आत्म सम्मान र स्वाभिमान नेपालीहरूको गौरव हो । हामीले आफ्नो भाषा, संस्कृति, परम्परा, मूल्य मान्यता एवम् हाम्रा प्राकृतिक र ऐतिहासिक सम्पदाप्रति गर्व गर्नुपर्छ । हामीले आफ्ना आन्तरिक समस्या समझदारीपूर्वक आफैँले समाधान गर्नुपर्छ । हाम्रा पूर्वजहरूले विभिन्न किसिमका प्रलोभनहरू देखाउँदा पनि त्यस्ता प्रलोभनको वास्ता नगरी राष्ट्र र राष्ट्रियताका लागि साम्राज्यवादीहरूसँग वीरतापूर्वक लडेको इतिहास हाम्रो सामु छ । हामीले यसबाट सिक्नुपर्छ नेपालीहरू स्वाभिमानी हुनुपर्छ । हामीले पूर्खाको वीरतालाई सम्मान गर्नुपर्छ । ऐतिहासिक सम्पदा, मूल्य मान्यता, सामाजिक आचरणअनुसार व्यवहार देखाउनुपर्छ । यसो भएमा बाह्यशक्तिले हाम्रो आन्तरिक मामलामा अनावश्यक हस्तक्षेप गर्न सक्दैनन् । यसमा नै हाम्रो महानता हुन्छ । नेपाली राष्ट्रियता बचाइराख्नु हामी सबैको कर्तव्य हो ।

## क्रियाकलाप

१. "नेपालीहरूमा स्वअस्तित्वभन्दा सहअस्तित्वको भावना हुनुपर्छ ।" उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

२. राष्ट्रिय अखण्डता प्रवर्धन गर्ने उपायहरू उल्लेख गर्नुहोस् ।

३. यदि तपाईँलाई परराष्ट्र मन्त्री बनाइयो भने सीमा विवाद सम्बन्धी समस्या कसरी समाधान गर्नुहुन्छ ? आफ्नो निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. "नेपालीहरू स्वाभिमान र आत्म सम्मानका साथ बाँच्न चाहन्छन् ।" यस भनाइलाई ऐतिहासिक तथ्यहरूका आधारमा पुष्टि गर्नुहोस् ।

## अभ्यास

१. राष्ट्रिय अखण्डता भनेको के हो ?

२. सीमा सुरक्षाका उपायहरूको सूची तयार गर्नुहोस् ।

३. नेपाली आत्म सम्मान बढाउन के गर्नुपर्छ ?

## सामुदायिक कार्य

नेपालको संविधानमा राष्ट्रिय अखण्डता प्रवर्धन गर्न के कस्ता उपायहरू अवलम्बन गरिएका छन् ? आफ्नो समुदायका बुद्धिजीवी, शिक्षक वा अन्य व्यक्तिसित सोधखोज गरी एवम् संविधान अध्ययन गरी आफ्नो निष्कर्षसहितको प्रतिवेदन कक्षामा छलफल गर्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

# पाठ १ देशान्तर र समय

## देशान्तर र समयको सम्बन्ध

पृथ्वीको उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवसम्म छुने गरी खिचिएका अर्धवृत्ताकार काल्पनिक रेखाहरूलाई मध्याह्न रेखा (meridians) वा देशान्तर रेखा (lines of longitude) भन्छन् । लन्डनको ग्रिनविच (Greenwich) बाट उत्तर र दक्षिण ध्रुव जोड्ने काल्पनिक रेखालाई प्रधान मध्याह्न रेखा (prime meridian) भनिन्छ । यो रेखा ०° मा रहेको मानिन्छ । प्रधान मध्याह्न रेखादेखि पूर्वपट्टि वा पश्चिमपट्टिको कोणिक दुरीलाई देशान्तर (longitude) भनिन्छ । पृथ्वीको पूर्वी गोलार्धमा १८० ओटा र पश्चिमी गोलार्धमा १८० ओटा गरी जम्मा ३६० ओटा देशान्तर रेखाहरू रहेका छन् । प्रत्येक देशान्तर रेखाहरू १° को फरकमा हुन्छन् र तिनीहरू अर्धवृत्ताकार हुन्छन् । प्रत्येक १° पार गर्न ४ मिनेट समय लाग्छ । त्यसैले देशान्तरको भिन्नताले विभिन्न ठाउँको समय फरक फरक हुन्छ ।




पृथ्वीले सूर्यको वरिपरि घुम्दा आफ्नो अक्ष (axis) को वरिपरि पनि फन्को मारिरहन्छ । यसरी फन्को मार्दा पृथ्वी पश्चिमबाट पूर्वतर्फ घुम्छ र एक फन्को मार्न लगभग २४ घण्टा लगाउँछ । यसको एक फन्कोको दुरी ४०,०७६ कि.मि. अर्थात् कोणिक दुरी ३६०° हुन्छ । यसरी पृथ्वीले आफ्नो अक्षमा एक फन्को मार्ने गतिलाई परिभ्रमण (rotation) भनिन्छ ।

समय सबै ठाउँमा एउटै हुँदैन । कतै बिहान ८ बजेको हुन्छ त कतै रातको ११ बजेको हुन्छ । समय प्रधान मध्याह्नबाट पूर्वीतिर छिटो हुन्छन् र पश्चिमतिर ढिलो हुन्छ । यदि प्रधान मध्याह्नमा दिउँसोको १२ बजेको छ भने १५° पश्चिममा बिहानको ११ बजेको हुन्छ । त्यस्तै १५° पूर्वमा दिउँसोको १ बजेको हुन्छ । १८०° सम्म पुग्दा मध्यरात भएको हुन्छ । त्यस्तै १८०° काटेर पश्चिमतिर जाँदा त्यहाँ अघिल्लो दिन नै हुन्छ ।

**उदाहरण**

२५° पूर्वमा रहेको हेलसिन्कीमा दिउँसोको २ बज्दा ८५° पूर्वमा रहेको काठमाडौँमा कति बज्ला ? हेलसिन्की र काठमाडौँमा देशान्तरको फरक (८५°-२५°) ६०° हुन्छ । १° पार गर्न पृथ्वीलाई ४ मिनेट लाग्छ भने १५° पार गर्न १ घण्टा लाग्छ । त्यसैले ६०° पार गर्न (६०°X४) २४० मिनेट अर्थात् ४ घण्टा लाग्छ । त्यसैले हेलसिन्कीभन्दा काठमाडौँ पूर्वमा परेकाले समय छिटो हुने हुँदा हेलसिन्कीमा दिउँसोको २ बज्दा काठमाडौँमा दिउँसोको (२+४) ६ बजेको हुन्छ । यसरी जति जति पूर्वमा गयो त्यति समय चलाख हुने र पश्चिमपट्टि समय ढिलो हुन्छ ।

१८०° देशान्तरमा प्रधान मध्याह्न रेखाबाट पूर्वतिर समय चलाख भई १२ घण्टा चाँडो र पश्चिमपट्टि १२ घण्टा ढिलो हुने हुँदा यो रेखा पार गर्नासाथ मिति र बार पनि फरक पर्न जान्छ । त्यसैले १८०° देशान्तरलाई अन्तर्राष्ट्रिय तिथि रेखा (International Date Line) पनि भनिन्छ । यो रेखा सिधा नभएर केही बाङ्गो टिङ्गो हुन्छ । यो रेखा सिधा भएमा यो रेखाले काटेका देशहरूमा दुईतिर दुई प्रकारका गते तथा बार हुने समस्या भएकाले यस्तो हुन नदिनका लागि यो रेखा बाङ्गो टिङ्गो पारिएको हो ।

**स्थानीय समय (local time) र प्रामाणिक समय (standard time)**

स्थानीय समय त्यो समय हो जसलाई कुनै ठाउँको देशान्तर र प्रधान मध्याह्न रेखाको आधारमा हिसाब गरी निकालिन्छ । नेपालमा ८०° देखि ८८° सम्म आठ ओटा देशान्तर रेखाहरू छन् । ती प्रत्येक देशान्तर रेखाहरूका आआफ्नै स्थानीय समय हुन्छन् ।

प्रामाणिक समय (standard time) चाहिँ त्यो समय हो जुन प्रधान मध्याह्न रेखा र तोकिएको प्रामाणिक रेखा (fixed standard meridian) का आधारमा निकालिन्छ । कुनै पनि देशले आफ्नो सहजताका लागि सबै स्थानको समय हिसाब गर्न सहजता प्रदान गर्न निर्धारित एक वा एकभन्दा बढी देशान्तर रेखालाई तोकिएको प्रामाणिक रेखा भनिन्छ । प्रामाणिक समय भनेको कुनै पनि देशको आधिकारिक समय हो । नेपालको प्रामाणिक समय ८६° १५' पूर्व देशान्तर रेखा (गौरीशङ्कर हिमाल, दोलखा) लाई आधार मानी निर्धारण गरिएको छ । इलाममा सूर्योदय हुँदा कञ्चनपुरमा झिसमिसे उज्यालो मात्र हुनुलाई स्थानीय समयको उदाहरणका रूपमा लिन सकिन्छ । ठुलो देश भएकाले एउटै प्रामाणिक समयले काम नचल्ने हुँदा संयुक्त राज्य अमेरिकामा ५ ओटा र रुसमा ११ भन्दा बढी प्रामाणिक समय निर्धारण गरिएका छन् ।

देशान्तर र समयको भिन्नता पत्ता लगाउन तलका कुराहरू याद गरौँ :

डिग्री → ६०" (सेकेन्ड) = १' (मिनेट) र ६०' (मिनेट) = १° (डिग्री) हुन्छ ।

समय → ६० सेकेन्ड = १ मिनेट र ६० मिनेट = १ घण्टा हुन्छ ।

रातको १२ बजेपछिको समय - पूर्वाह्न, दिउँसोको १२ बजे पछिको समय - अपराह्न

- यदि दुवै ठाउँहरू पूर्वमा छन् भने : देशान्तरलाई घटाउनुहोस् (-)
- यदि दुवै ठाउँहरू पश्चिममा छन् भने : देशान्तरलाई घटाउनुहोस् (-)
- यदि एउटा ठाउँ पूर्व र अर्को पश्चिममा छन् भने : देशान्तरलाई जोड्नुहोस् (+)
- १ दिनमा २४ घण्टा हुने हुँदा २४ घण्टाको आधारमा दिनको समय गणना हुन्छ, जस्तै : अपराह्न १ बजे भनेको १३ हो र रातको १२ बजे भनेको २४ बजेको हो ।
- दिइएका दुई ठाउँमध्ये पूर्वतर्फको समय निकाल्नु परेमा दिइएको समयमा फरक आएको समय जोड्ने । पश्चिमतर्फको समय निकाल्नुपर्ने भएमा दिइको समयबाट फरक आएको समय घटाउने ।
- पूर्व देशान्तरबाट पूर्व देशान्तरकै र पश्चिम देशान्तरबाट पश्चिम देशान्तरकै फरक निकाल्न ठुलोबाट सानो घटाउनुपर्छ भने पश्चिम देशान्तर र पूर्व देशान्तरबिचको फरक निकाल्न पश्चिम देशान्तर र पूर्वी देशान्तर जोड्नुपर्छ ।

**उदाहरण**

८०° पूर्व देशान्तरमा पर्ने मद्रासमा दिउँसोको ३ बज्दा ७५° पश्चिमी देशान्तरमा पर्ने न्युयोर्कमा कति बजेको होला ?

मद्रास : देशान्तर ८०° पूर्व, समय : ३ अपराह्न

न्युयोर्क : देशान्तर ७५° पश्चिम, समय : ?

(क) देशान्तरको फरक : ८०° + ७५° = १५५°

(ख) समयको फरक : १५५ X ४ = ६२० मिनेट

घण्टामा परिवर्तन गर्दा,

६०) ६२० (१०:२०

− ६००

२०

(ग) न्युयोर्क पश्चिमी गोलार्धमा पर्छ । त्यसैले यसको समय पछाडि पर्छ । त्यस्तै मद्रास पूर्वमा पर्ने हुँदा यहाँको समयमा एक दिन वा १२ घण्टा जोड्नुपर्ने हुन्छ ।

(१२ + ३) - १०:२० = ४:४०

(घ) अत: न्यूयोर्कको समय ४:४० पूर्वाह्न हुन्छ ।

**क्रियाकलाप**

१. यदि तपाइँ काठमाडौँबाट पूर्वमा ताइवान र पश्चिममा दुबई जानुहुन्छ भने आफ्नो घडीलाई मिलाउनुपर्ला कि नपर्ला ? पर्छ भने कसरी ?




२. दिइएको चित्र राम्ररी अध्ययन गर्नुहोस् । केन्द्रमा दिइएको N ले उत्तरी ध्रुवलाई देखाएको छ र सो बिन्दुमा माथिबाट पृथ्वीलाई हेर्दाको अवस्था देखाउन खोजिएको छ । पृथ्वीको पूर्वतर्फ जाँदा घडी चलाख बनाउँदै जानुपर्ने र पश्चिम जाँदा ढिलो पार्नुपर्ने कारणबारे कक्षामा छलफल गर्नुहोस् ।

३. अमेरिकाको न्युयोर्कबाट बिहान १० बजे तपाइँको साथीले नेपालमा बस्ने तपाइँलाई टेलिफोन गरेमा तपाइँले नेपालको कुन समयमा साथीसँग टेलिफोनमा कुरा गरिरहनुभएको हुन्छ होला ?

**अभ्यास**

१. देशान्तरको परिभाषा दिई यसले कसरी समयमा प्रभाव पार्छ, स्पष्ट पार्नुहोस् ।

२. अन्तर्राष्ट्रिय तिथिरेखा भनेको के हो ? यो किन सबै ठाउँमा सिधा हुँदैन ?

३. स्थानीय समय र प्रामाणिक समयबिच भिन्नता उदाहरण दिई स्पष्ट गर्नुहोस् ।

४. ८५° पूर्व देशान्तरमा पर्ने काठमाडौँमा बिहानको १० बजेको छ भने १०५° पूर्व देशान्तरमा पर्ने सिङ्गापुरमा कति बजेको होला ? पत्ता लगाउनुहोस् ।

५. रुस र क्यानडा जस्ता देशमा धेरै ओटा प्रामाणिक समय किन हुन्छन् ? स्पस्ट पार्नुहोस् ।

६. सिकागो (९०° पश्चिम) मा पूर्वाहृन ६ बजेको हुँदा तासकन्द (६०° पूर्व) मा कति बजेको हुन्छ ?

७. दिल्ली (७५° पूर्व) मा अपराहृन ४ बजेको बेला सिङ्गापुरमा अपराहृन ६ बजेको हुन्छ । सिङ्गापुरको देशान्तर पत्ता लगाउनुहोस् ।

पाठ २

# नेपालको धरातलीय स्वरूप

नेपाल दक्षिण एसियामा पर्ने एक भूपरिवेष्ठित मुलुक हो । यो हिमालयको दक्षिणी काखमा अवस्थित छ । नेपाल २६° २२' उत्तरदेखि ३०° २७' उत्तरी अक्षांशमा र ८०° ४' पूर्वदेखि ८८° १२' पूर्वी देशान्तरमा छ । यसको उत्तर दक्षिण दुरी सालाखाला १९३ कि. मि. छ । नेपालको भूभाग समुद्री सतहदेखि कम्तीमा ६० मिटर र बढीमा ८,८४८ मिटरसम्म उचाइमा छ । यति सानो दुरीभित्र उचाइको यस्तो भिन्नता संसारमा नेपालबाहेक कहीँ पनि पाइँदैन । यसभित्र मुख्य नौ प्रकारका हावापानी र प्राय: संसारको सबै प्रकारका प्राकृतिक वनस्पतिहरू पाइन्छन् । यही भिन्नताले नेपालको हावापानी, जनजीवन तथा जैविक क्षेत्रमा ठुलो विविधता पाइन्छ । धरातलीय स्वरूपको आधारमा नेपाललाई सामान्यतया तिन भागमा बाँड्न सकिन्छ ।



## १. तराई प्रदेश

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको लगभग २५ देखि ३२ कि. मि. चौडाइ भएको सबैभन्दा दक्षिणी भूभागलाई तराई प्रदेश भनिन्छ । समुद्र सतहदेखि ६० मिटरदेखि लगभग ६०० मिटरसम्म उचाइ रहेको समथर मैदानलाई तराई प्रदेश भनिन्छ । तराईपछिको भूभागलाई उत्तरतर्फ चुरे पर्वत शृङ्खला र त्यसपछिको भूभागलाई महाभारत पर्वत शृङ्खला भनिन्छ । चुरे पर्वत र महाभारत शृङ्खला बिचको भूभागलाई भित्री मधेश भनिन्छ । तराईका भित्री मधेशका जिल्लाहरू उदयपुर, चितवन, मकवानपुर, सिन्धुली, सुर्खेत र दाङ हुन् । यस प्रदेशले नेपालको कुल भूभागको १७ प्रतिशत जमिनले ओगटेको छ । तराई प्रदेश उत्तरबाट बग्ने नदीले बगाई ल्याएको उब्जाउ पाँगो माटो थुप्रिएर बनेको हो । त्यसैले नेपालको धेरैजसो खाद्यान्न र नगदेबाली यही उब्जाउ हुन्छ । त्यसैले तराईलाई 'नेपालको अन्न भण्डार' पनि भनिन्छ । यहाँ सदावहार वन पाइन्छ । यहाँ सिँचाइ, यातायात तथा अन्य भौतिक सुविधाले गर्दा व्यक्तिको बसोबास पनि बाक्लो छ ।

## २. पहाडी प्रदेश

तराई प्रदेशदेखि उत्तरतर्फ ६०० देखि ३३०० मिटरसम्मको उचाइ भएको भूभागलाई पहाडी प्रदेश भनिन्छ । यो पनि मेचीदेखि महाकालीसम्म फैलिएको छ । यो क्षेत्रमा दुई पर्वत श्रेणीहरू पर्दछन् । भित्री तराईभन्दा दक्षिणतर्फको १५०० मिटरसम्मको पहाडी क्षेत्रलाई चुरे पर्वत श्रेणी भनिन्छ । भित्री मधेश र चुरे श्रेणीको उत्तरतिर थुप्रै पर्वत शृङ्खलाहरू रहेका छन् । यिनलाई महाभारत पर्वत श्रेणी भनिन्छ । यिनीहरूको उचाइ ३३०० मिटरसम्म छ । ८० देखि १३० कि. मि. चौडाइ भएको यो भागले नेपालको लगभग ६८% जति भूभाग ओगटेको छ । हिमालय पर्वतबाट सधैँ बगिरहने नदीहरूले यस क्षेत्रमा उर्वर बैँसीहरूको निर्माण गरेका छन् । यहाँ नदीले बनाएका उर्वर उपत्यकाहरू पनि थुप्रै छन् । काठमाडौँ र पोखरा दुई ठुला उपत्यकाहरू यहीँ पर्छन् । यस क्षेत्रको तल्लो भागमा पतझर जङ्गल पाइन्छ भने माथिल्लो भागमा कोणधारी सल्ला, धुपी आदिको जङ्गल पाइन्छ ।

## ३. हिमाली प्रदेश

समुद्र सतहदेखि ३३०० मिटरभन्दा माथिको क्षेत्रलाई हिमाली प्रदेश भनिन्छ । हिमरेखा (५००० मिटरदेखि) माथि सधैँ हिउँ जमिरहन्छ भने सोभन्दा तल हिउँद्मा मात्र हिउँ रहन्छ । यस क्षेत्रमा संसारका प्रसिद्ध अग्ला पर्वत शृङ्खलाहरू र टाकुराहरू छन् । यहाँ अग्ला हिम शृङ्खलाहरू र उत्तरपट्टि केही उच्च हिमाली उपत्यकाहरू छन् । तिनलाई भोट पनि भनिन्छ, जस्तै : मनाङ, मुस्ताङ र डोल्पा । यो प्रदेशको मानवीय बस्ती खासगरी यिनै उपत्यकामा केन्द्रित छ । यसले नेपालको कुल भूभागको १५% जति ओगटेको छ । यहाँ लेकाली वनस्पति तथा तल्लो भागमा घाँसेभूमि पाइन्छ ।

## निर्माण प्रक्रिया

भूगर्भ शास्त्रीहरूको भनाइअनुसार करिब सात करोड वर्षअघि टर्सियरी युगको (Tertiary period) सुरुकालमा आङ्गराल्यान्ड (मध्य साइबेरिया) र गन्डवानाल्यान्ड (दक्षिण भारत) को बिचमा एउटा ठुलो भूतलीय सागर (geosynclinal sea) रहेको थियो । त्यसलाई टेथिस सागर (Tethys sea) भनिन्थ्यो । उत्तरी तथा दक्षिणी भूभागका नदीहरूले बगाई ल्याएको ढुङ्गा, बालुवा, माटो, झारपात आदि पदार्थ (sediments) थुप्रिँदै गएर त्यस सागरको पिँधमा अनेकौँ तहदार चट्टानहरू बने ।

टर्सियरी युगको मध्यावधिमा उत्तरतर्फबाट पर्वत निर्माण गर्ने ठुलो शक्ति (Tectonic force) दक्षिणतर्फ आयो । त्यो शक्तिलाई दक्षिण भारतको डेक्कानको स्थिर भूभागले रोकिदिएको हुँदा उक्त समुद्रको पिँधका चट्टान माथितिर उठेर आई मुख्य हिमालय (Greater Himalayas) को निर्माण भयो । त्यसको केही कालपछि त्यस्तै अर्को शक्ति उर्लेर आयो र त्यसले गर्दा महाभारत पर्वतको उत्पत्ति भयो । यी पर्वतहरू बन्दा ठाउँ ठाउँमा जमिन भासिन गई अनेकौँ घाँटी, बेँसी र उपत्यकाहरू बने । यसले गर्दा नेपालको धरातलीय स्वरूपमा ठुलो भिन्नता पाइएको छ ।

टर्सियरी युगको अन्तिम कालमा अर्को शक्ति पैदा भई टेथिस सागरको उत्तर खण्डबाट चुरे पर्वतको निर्माण भयो । यहँ ढुङ्गा, कङ्कड, बालुवा आदि खस्रो पदार्थ थुप्रेको थियो । त्यसैले यो हिमालय र महाभारत जति खँदिलो छैन ।

तिन ओटै पर्वत श्रेणीहरूको निर्माणपछि पनि टेथिस सागरको केही भाग जस्ताको तस्तै समुद्र नै रह्यो । अनि प्लेस्टोसेन युग (Pleistocene period) को अन्त्यतिर यिनै पहाडी क्षेत्रबाट जोडसँग बग्ने नदीहरूले बगाई ल्याएका पदार्थहरू थुप्रिँदै गयो । त्यसपछि टेथिस सागरको बाँकी भाग पनि भरियो र उत्तर भारतका विशाल समतल भूमिको साथसाथै नेपालको तराई पेटीको निर्माण भयो । मिहिन पदार्थ थुप्रिएर बनेको क्षेत्र हुनाले भौगर्भिक दृष्टिबाट यसको भिन्नै विशेषता रहेको छ ।

## उपयोगिता

नेपालको धरातलीय स्वरूपका उपयोगिताहरू निम्नानुसारका छन् :

नेपालका पर्वतहरू पूर्व पश्चिम भई फैलिएकाले ग्रीष्ममा हिन्द महासागरबाट बहने बाफिलो मौसमी वायुका कारण ती उच्च पहाडहरूमा ठोक्किँदा पानी पर्छ । यदि पहाड नभएको भए यहाँ पानी पर्दैनथ्यो र नेपाल मरुभूमि भैँ बन्ने थियो । हिउँद्मा मध्य एसियाबाट बहने अत्यन्त चिसो बतासलाई पनि यो पर्वतले नेपालभित्र पस्न दिँदैन । फलस्वरूप हिमालयमा बाहेक अन्य भागमा असह्य जाडो हुँदैन । नेपालमा हिमाल, पहाड एवम् तराई भएकाले ठन्डा न्यानो र गर्मी सबै प्रकारका हावापानीहरू पाइन्छन् । पहाडी धरातल भएको हुँदा नेपाल जलशक्ति, जङ्गल, खानी, मनोहर प्राकृतिक सौन्दर्यले धनी छ । देशको आर्थिक विकासमा यसले टेवा पुऱ्याएको छ । पर्यटन व्यवसाय पनि फस्टाएको छ । हिमाली प्रदेशको ठाउँ ठाउँमा विभिन्न खनिज पदार्थहरू, जस्तै : तामा, कोइला, फलाम, जस्ता, सिसा आदि पाइन्छन् । विभिन्न उचाइमा विभिन्न प्रकारका प्राकृतिक वनस्पतिहरू पनि छन् । हिमाली शृङ्खला र नदीहरूले नेपालको प्राकृतिक सिमानाको पनि काम गरेका छन् ।

**क्रियाकलाप**

१. **नेपालको प्रत्येक धरातलीय स्वरूपको महत्त्वका बारेमा समूहगत छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**अभ्यास**

१. **नेपालको प्राकृतिक नक्सा खोजी विभिन्न प्राकृतिक स्वरूपहरू हिमाल, पहाड र तराईको भूभाग देखाउनुहोस् ।**

२. **भित्री मधेश भनेको के हो ?**

३. **नेपालको कुन क्षेत्रलाई भोट भनिन्छ, उदाहरणसहित लेख्नुहोस् ।**

४. नेपालको नक्सा कोरी विभिन्न प्राकृतिक स्वरूपको अवस्थिति देखाउनुहोस् र तपाइँ कुन क्षेत्रमा बसोबास गर्नुहुन्छ, देखाउनुहोस् ।

५. दक्षिणदेखि उत्तरसम्मको नेपालको भूस्वरूपको स्थिति देखाइएको तलको चित्र हेर्नुहोस् र आफ्नो अभ्यास पुस्तिकामा उतार गर्नुहोस् ।




६. नेपाललाई प्राकृतिक हिसाबले कति भागमा बाँड्न सकिन्छ, प्रत्येकको छोटो बयान गर्नुहोस् ।

७. नेपालको धरातलीय निर्माण प्रक्रियाका बारेमा लेख्नुहोस् ।

८. नेपालको धरातलीय उपयोग के कस्ता छन्, लेख्नुहोस् ।

## परियोजना कार्य

नेपालको धरातलीय स्वरूप समूहगत कार्यका रूपमा देखाउन माटो, कागज, प्लाइउड आदि प्रयोग गरी एक नमुना तयार गर्नुहोस् ।

**पाठ ३**

# नेपालको हावापानी

नेपालको अक्षांशको अवस्थिति (२६° २२' - ३०° २७' उत्तर) अनुसार नेपालमा अर्धोष्ण मौसमी (sub-tropical monsoon) प्रकारको हावापानी पाइन्छ । तर यसलाई पनि दक्षिण र दक्षिण पूर्व एसियाको अन्य देशहरू जस्तै उष्ण मौसमी (tropical monsoon) हावापानीअन्तर्गत नै राखिन्छ । देशको अक्षांशको अन्तर केवल ४° मात्र छ । एउटै धरातलीय उचाइका क्षेत्रहरूमा यो ४° को अन्तरले हावापानीमा त्यति ठुलो भिन्नता ल्याउन सक्दैन । तर यहाँ मुख्य रूपमा उचाइको कारणले हावापानीको अवस्थामा ठुलो विविधता रहेको नेपालगन्ज र नाम्चे बजार एउटै अक्षांश रेखामा पर्छन् । तर ग्रीष्ममा नेपालगञ्जमा औसत तापक्रम ३०° से. र नाम्चे बजारमा १२° से. मात्र हुन्छ । उचाइअनुसार विविध प्रकारका हावापानीहरू पाइएता पनि यसमा मनसुनले विशेष प्रभाव पार्छ । एसियाको धेरै भूभाग प्रशान्त महासागर र हिन्द महासागरसँग जोडिएकाले दक्षिण एसियाको हावापानी मनसुनी प्रकारको छ । अरू मनसुनी क्षेत्रमा जस्तै नेपालमा पनि ग्रीष्मयाममा प्रशस्त वर्षा हुन्छ भने हिउँद्मा थोरै वर्षा हुन्छ । ग्रीष्म र हिउँद् ऋतुको तापक्रम र वर्षाको अवस्थाको अध्ययनबाट नेपालको हावापानीको स्पष्ट जानकारी प्राप्त गर्न सकिन्छ ।

## १. ग्रीष्मकालीन मनसुन (Summer Monsoon)

नेपालको उत्तरतर्फ पर्ने हिमालय पर्वतहरूले नेपालको मनसुनी वर्षा हुनुमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । ग्रीष्मकालीन अवस्था चैत्रमा सुरु भएर भदौसम्म रहन्छ । पहिलो तिन महिना देशभरि गर्मी, सुख्खा र धुलो उड्ने हुन्छ । सुरुको महिना तुँवालो पनि लाग्छ । पछिल्लो तिन महिना गर्मी र वर्षा हुन्छ । चैतको दोस्रो हप्ताबाट सूर्यको किरण उत्तरी गोलार्धमा सिधा पर्ने भएकाले जमिनको खण्डमा हावाको चाप कम हुन्छ र निकटमा रहेका हिन्द महासागर तथा प्रशान्त महासागरमा हावाको चाप बढी हुन्छ । त्यस कारण बढी चाप भएको समुद्रबाट कम चाप भएको जमिनतर्फ बाफिलो हावा बहन्छ । त्यस्तो हावा पहाड तथा हिमालमा ठोक्किएर चिसिन्छ र वर्षा हुन्छ ।



तराई प्रदेशको औसत तापक्रम ३०° से., मध्य पहाडी खण्डको २०° देखि २५° से., काठमाडौँ उपत्यकाको २४° से. तथा हिमाली प्रदेशको उचाइअनुसार फरक हुन्छ । उच्च हिमाली क्षेत्रमा १०°, ५° से. हुँदै ०° से. सम्म हुन्छ ।

नेपालमा करिब ९०% वर्षा ग्रीष्मकालीन मनसुनको कारणले हुन्छ । बङ्गालको खाडीबाट आउने जलवाष्प युक्त मौसमी वायु नेपालको दक्षिण पूर्व खण्डबाट प्रवेश गरी क्रमश: उत्तरतर्फ लाग्छ । यसलाई हिमाली पर्वत शृङ्खलाले छेकी उत्तरतर्फ जान नपाई पश्चिमतर्फ सर्दै वर्षा गराउँछ । यसबाट पूर्वी नेपालमा २०० से. मि., मध्य नेपालमा १५० से. मि. र पश्चिम नेपालमा १०० से. मि. औसत वर्षा हुन्छ । हिमाली पर्वत शृङ्खलाबिचको भूभाग भोट प्रदेशमा भने पानी ज्यादै नै कम पर्छ ।

२. **शीतकालीन मनसुन (Winter Monsoon)**




शीतकालीन अवस्था असोजदेखि फागुनसम्मको अवस्था हो । यस बेला जाडो र सुख्खा हुन्छ । सूर्य दक्षिणायन भएको बेला मध्य एसिया र नेपालको हिमाली भेगमा हावाको चाप (air pressure) खाँदिलो र उच्च रहन्छ । यो चिसो र सुख्खा हावा एसियाको उच्च चाप क्षेत्रबाट दक्षिणको महासागरतर्फ बहने हुँदा यो हिउँदे मनसुनी हावाले पानी पार्दैन । तर भूमध्यसागर तथा ठुलो ताल तलैयाबाट बहने पश्चिमी वायु तथा चक्रवातले केही पानी पर्छ । यो पश्चिमबाट पूर्वतिर घट्दै जान्छ । यस बेला तराईको सालाखाला तापक्रम १०° - १८° से., काठमाडौँमा १०° से. र पहाडी खण्डमा उचाइ बढेअनुसार तापक्रम घट्दै गई हिमाली खण्डमा ०° से. भन्दा कम हुन्छ ।

**क्रियाकलाप**

१. यदि एउटा व्यक्ति लाहानबाट उत्तर नाम्चे बजारतिर लाग्छ भने उसले के कस्तो हावापानीको भिन्नता महसुस गर्छ ? कक्षामा छलफल गरी लेख्नुहोस् ।

२. तापक्रम ०°, १०°, २५° र ३५° हुँदा तपाईँले के कस्तो अनुभव गर्नुहुन्छ ? यो पाठ पढ्दा तपाईँको कक्षाकोठाको तापक्रम कति होला ? छलफल गरी लेख्नुहोस् ।

३. नेपालको हावापानी सम्बन्धी नक्सामा हामीकहाँ पाइने हावापानीका किसिमबारे कक्षामा छलफल गर्नुहोस् ।

४. नेपालको भूस्वरूप र हावापानीको स्वरूपमा के कस्तो सम्बन्ध देखिन्छ ? पहाडी र तराई भागमा किन बढी पानी पर्छ ? किन भोट प्रदेशमा पानी कम परेको होला ? हिमालमा पानीको सट्टा हिउँ पर्ने कारण के होला ? कक्षामा छलफल गर्नुहोस् ।

## अभ्यास

१. ग्रीष्मकालीन र शीतकालीन मनसुनबिच भिन्नता देखाउनुहोस् ।

२. नेपालगञ्ज र नाम्चे बजार एउटै अक्षांश रेखामा पर्छन् तर हावापानी फरक फरक पाइन्छ, किन ? कारण दिनुहोस् ।

३. नेपालको पूर्वी भागभन्दा पश्चिम भाग किन बढी सुख्खा छ, कारण दिनुहोस् ।

४. “मनसुनी वर्षा नेपालीको मित्र र शत्रु दुवै हो”, के तपाईँ यसमा सहमत हुनुहुन्छ ? कारणहरू लेख्नुहोस् ।

५. तल दिइएको चित्रको व्याख्या गर्नुहोस् :




६. तिब्बती क्षेत्रमा अत्यन्तै कम पानी पर्नाको कारण र उच्च हिमालयमा धेरै हिउँ पर्नाको कारण पत्ता लगाउनुहोस् ।

पाठ ४

# नेपालको भौगोलिक विविधता र वनस्पति

भौगोलिक विविधताले गर्दा नेपालमा विभिन्न प्रकारका हावापानी, वनस्पति तथा जैविक विविधता पाइन्छ । मौसमी हावापानीका कारणले गर्दा व्यक्तिका आर्थिक क्रियाकलाप तथा मानवीय स्वास्थ्य र काम गर्ने क्षमतामा पनि फरक देखिन्छ । उचाइअनुसार विभिन्न हावापानी र वनस्पति पाइन्छ । नेपालमा पाइने मुख्य पाँच प्रकारको वनस्पतिलाई तलको चित्रले प्रस्ट पार्छ ।




## १. अर्धोष्ण सदावहार जङ्गल

दक्षिणतिरको तराई भूभागमा (६०, मि. - १२०० मि.) अर्धोष्ण मौसमी हावापानी पाइन्छ । यहाँ अर्धोष्ण सदावहार जङ्गल पाइन्छ । यहाँ कम उचाइ भएकाले अत्यन्त गर्मी हुन्छ र तापक्रम गर्मीमा ४५° से. सम्म पुग्छ । तराई प्रदेशमा वर्षा २०० से. मि. सम्म हुन्छ तर वर्षा पूर्वबाट पश्चिमतिर घट्दै जान्छ । यहाँ ठुला, अग्ला, कडा खालका र सालैभरि हरियो हुने रुखहरू, जस्तै : साल, सिसौ, खयर, कुसुम, जामुन आदि पाइन्छन् ।

## २. पतझर मौसमी जङ्गल

चुरे पर्वतको माथिल्लो भाग, मध्यभूमि तथा महाभारत पर्वतको मध्यभाग (१२०० मि. - २१०० मि.) मा न्यानो समशीतोष्ण हावापानी र पतझर जङ्गल पाइन्छ । उचाइ बढेकाले यहाँ ग्रीष्मयाममा तापक्रम २४° - ३०° से. सम्म पुग्छ । ग्रीष्मयाममा १०० - २०० से. मि. वर्षा हुन्छ । यहाँका रुखहरूका पात

हिउँदमा झर्छन् । होचो भागमा पतझर रुख एवम् उच्च भागमा पतझर र कोणधारी रुखहरूको मिश्रित जङ्गल पाइन्छ । यहाँ साल, सल्लो, चाँप, ओखर, चिलाउने, उत्तिस, लाकुरी जस्ता रुखहरू पाइन्छन् ।

### ३. सदावहार कोणधारी जङ्गल

महाभारत पर्वतको उच्च भाग र हिमालय पर्वतको तल्लो भाग (२१०० मि. - ३३०० मि.) मा ठन्डा समशीतोष्ण हावापानी र सदावहार कोणधारी जङ्गल पाइन्छ । यहाँ ग्रीष्मको तापक्रम २०° से. र हिउँद्को तापक्रम ०° से. सम्म ओर्लिन्छ । यहाँ उच्चभूमिमा हावापानी ठन्डा भएकाले सल्लो, धुपी, भोजपत्र, गुराँस, बाँस, निगालो तथा केही झाडी जस्ता रुखहरू पाइन्छन् ।

### ४. लेकाली तृणभूमि

हिमालय पर्वतको हिमरेखादेखि तल्लो भाग र भित्री हिमालय (३३०० मि. - ५००० मि.) मा लेकाली हावापानी पाइन्छ । त्यहाँ तापक्रम हिउँद्मा ०° से. भन्दा तल पुग्छ । वर्षा लगभग ५० से. मि. मात्र हिउँका रूपमा पर्छ । त्यसैले यहाँ घाँसका फाँटहरू, खस्रा झाडी, गुँरास र जडीबुटीहरू पाइन्छन् । यो क्षेत्र पशु पालनका लागि उपयुक्त मानिन्छ ।

### ५. टुन्ड्रा वनस्पति

हिमरेखा (५००० मि.) बाट माथि अति चिसो टुन्ड्रा हावापानी पाइन्छ । यहाँ सधैँभरि हिउँ परिरहने हुनाले शीत मरुभूमिको वनस्पति पाइन्छ । हिउँ राम्ररी थुप्रिन नपाउने ठाउँमा मात्र काई, लेऊ र अलिअलि घाँस पाइन्छ ।

**क्रियाकलाप**

१. तपाईँ बस्ने ठाउँमा के कस्ता वनस्पतिहरू पाइन्छन्, टिपोट गरी कक्षामा छलफल गर्नुहोस् ।

२. तपाईँ बस्ने ठाउँमा हरेक महिना र ऋतुमा वनस्पतिमा के कस्तो परिवर्तन अनुभव गर्नुहुन्छ, टिपोट गरी कक्षामा छलफल गर्नुहोस् ।

**अभ्यास**

१. नेपालको भौगोलिक विविधता र त्यहाँ पाइने वनस्पतिबिच के कस्तो सम्बन्ध छ, विश्लेषण गर्नुहोस् ।

२. ठाउँअनुसार फरक फरक वनस्पति पाइनुका कारण के के हुन्, लेख्नुहोस् ।

३. तपाईँ बस्ने ठाउँमा पाइने वनस्पतिका विशेषता छोटकरीमा लेख्नुहोस् ।

४. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाई प्राकृतिक वनस्पतिको वितरण देखाउनुहोस् ।

पाठ ५

# धरातलीय विविधता र जनजीवन

धरातलीय स्वरूप र हावापानीले व्यक्तिको बसोबास, रहनसहन र आर्थिक क्रियाकलापमा धेरै प्रभाव पार्छ । नेपालको उत्तरदेखि दक्षिणसम्म धेरै थरिका धरातलीय स्वरूप र हावापानी पाइन्छन् । सोहीअनुसार विभिन्न प्रदेशमा भिन्न भिन्न खालका रहनसहन र आर्थिक क्रियाकलापहरू हुन्छन् ।

## १. हिमाली प्रदेश

हिमाली प्रदेशले देशको कुल भूभागको १५% क्षेत्रफल ओगटेको छ । अति ठन्डा हावापानी र जटिल धरातलीय स्वरूपका कारण देशको कुल जनसङ्ख्याको ६.७३% जनसङ्ख्या यस प्रदेशमा बस्छ । शेर्पा, ल्होल्मो, थकाली, डोल्पो, भोटे आदि यस क्षेत्रका प्रमुख बासिन्दा हुन् । अति ठन्डा हावापानी हुनुका साथै विकासका पूर्वाधारहरू र कृषियोग्य जमिनको अभावका कारण यहाँको जनजीवन कष्टकर छ । यहाँ केही मात्रामा जौ, उवा, फापर र स्याउ उत्पादन हुन्छ । आलु यस प्रदेशको मुख्य उत्पादन हो । यस क्षेत्रमा धेरै आकर्षक पर्यटकीय स्थलहरू छन् । यहाँका बासिन्दाहरूले होटल एवम् लज सञ्चालन गर्छन् । यस सिलसिलामा पथ प्रदर्शक भई वा पर्यटकहरूको सेवा गरेर जीविकोपार्जन गर्छन् । चौँरीगाई, भेडा र घोडा पालनबाट पनि यहाँका बासिन्दाहरूले जीविकोपार्जन गर्छन् । जडीबुटी व्यापार पनि यहाँको आम्दानीको मुख्य स्रोत हो ।

## २. पहाडी प्रदेश

हिमाली प्रदेश र तराई प्रदेशका बिचमा पहाडी प्रदेश रहेको छ जसले नेपालको कुल भूभागको लगभग ६८% हिस्सा ओगटेको छ । नेपालको कुल जनसङ्ख्याको ४३% जनसङ्ख्या यस प्रदेशमा बसोबास गर्छ । ब्राह्मण, क्षेत्री, राई, लिम्बु, मगर, गुरुङ, तामाङ, नेवार आदि यस प्रदेशका प्रमुख बासिन्दा हुन् । यस प्रदेशमा खेती योग्य जमिन कम छ तथापि पहाडका कम भिराला पाखाहरूमा मकै, कोदो, गहुँ जस्ता खाद्य बालीहरू उब्जाइन्छ । उचाइ कम भएका र नदी छेउका सिँचाइ सुविधा भएका बेँसीमा र उपत्यकाहरूमा धान, गहुँ र मकै उब्जाइन्छ । गाई, भैँसी र बाख्रा पालन पनि यहाँको आम्दानीका स्रोत हुन । अलैँची, चिया, कफी, अदुवा, सुन्तला, जुनार आदि यस प्रदेशका नगदे बाली हुन् । यहाँका बासिन्दाहरूको मुख्य पेसा कृषि नै हो । केही नेवारहरू व्यापारमा लागेका छन् भने केही राई, लिम्बु, गुरुङ, घले आदि भारतीय तथा बेलायती सेनामा कार्यरत छन् । यहाँका युवाहरू वैदेशिक रोजगार र नोकरीमा लागेका छन् । अहिले भने जातिगत रूपमा पेसा अँगाल्ने पद्धति कम हुँदै गएको छ ।

## ३. तराई प्रदेश

तराई प्रदेशले नेपालको कुल भूभागको लगभग १७% भूमि ओगटेको छ । कृषि योग्य जमिन, विकासका पूर्वाधारहरूको सहजता तथा उद्योगधन्दा र व्यापारको विकासका कारण यस क्षेत्रको

जनघनत्व बढी छ । नेपालको कुल जनसङ्ख्याको ५०.२७ प्रतिशत बासिन्दा यस प्रदेशमा बस्छन् । न्यानो वा गरम हावापानी, प्रशस्त ग्रीष्मकालीन वर्षा, ऊर्वर माटो र सिँचाइ सुविधाका कारण यो प्रदेश कृषिका लागि उपयुक्त छ । यहाँ धान र गहुँ ठुलो परिमाणमा उत्पादन गरिन्छ । जुट, सुर्ती, उखु, तेलहन, कपास, फलफुल, तरकारी यस प्रदेशका मुख्य नगदे बाली हुन् । विराटनगर, दुहबी, लाहान, जनकपुर, वीरगन्ज, भैरहवा, बुटवल, धनगढी नेपालगन्ज यहाँका औद्योगिक तथा व्यापारिक केन्द्रहरू छन् । पशु पालन तथा माछा पालन पनि आम्दानीका राम्रा स्रोत हुन् । यादव, थारु, मुसलमान, मधेसी, ब्राह्मण, तेली, कुसवाहा, कुर्मी, चमार, मुसहर आदि यस क्षेत्रका प्रमुख बासिन्दा हुन् । हिमाली तथा पहाडी क्षेत्रबाट बसाइँसराइको कारणले पहाडी मूलका ब्राह्मण, क्षेत्री, राई, मगर आदि जातिहरूको पनि यहाँ उल्लेख्य बसोबास छ ।

### क्रियाकलाप

१. नेपालको हिमाली प्रदेशदेखि तराई प्रदेशसम्मको जनघनत्व तथा आर्थिक क्रियाकलाप फरक फरक हुनुका कारणहरू कक्षामा छलफल गर्नुहोस् ।

२. हावापानीको दृष्टिकोणले तपाईँ नेपालको कुन क्षेत्रमा बसोवास गर्न मन पराउनुहुन्छ, किन ? बताउनुहोस् ।

### अभ्यास

१. हिमाली प्रदेशका व्यक्तिहरूको जीविकोपार्जनको स्रोतहरू के के हुन् ? यहाँको जनजीवनलाई सजिलो बनाउन र जीवन स्तर उकास्न के के गर्नुपर्ला ?

२. तराई प्रदेशलाई नेपालको अन्न भण्डार भनिन्छ, किन ?

३. पहाडी प्रदेश र तराई प्रदेशमा उत्पादन हुने प्रमुख नगदे बालीहरूको सूची बनाउनुहोस् ।

४. नेपालको हिमाली तथा पहाडी प्रदेशमा कृषि उत्पादन कम हुनुका कारणहरू उल्लेख गर्नुहोस् ।

### सामुदायिक कार्य

**तपाइँको इलाकामा उत्पादन हुने बाली र समय तथा त्यसका समस्याहरू के के छन् ? किसानहरूसँग सोध्नुहोस् र त्यसलाई आधार बनाई एक पत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस् ।**

पाठ ६

# नेपालको जलस्रोतको अवस्था र उपयोग

नेपाल जलस्रोतका दृष्टिकोणले अपार सम्भावना भएको राष्ट्र हो । देशको आर्थिक विकास जलस्रोतको उपयोगमा पनि भर पर्छ । जलस्रोत मुख्यतया दुई प्रकारका हुन्छन् : सतही (surface) र भूमिगत (underground) । उपयोगका दृष्टिकोणले सतही जलस्रोत बढी महत्त्वपूर्ण हुन्छ । यसअन्तर्गत नदी, हिमनदी, वर्षा, ताल र मूललगायत पर्छन् । भूमिगत जलस्रोत धरातलभित्र लुकेको हुन्छ । यसलाई इनार, कुवा खनेर र पाइपद्वारा तानेर सतहमा निकालिन्छ । नेपालमा छ हजारभन्दा बढी नदीनालाहरू छन् भने एक हजारभन्दा बढी नदीनाला ११ कि. मि. भन्दा लामा छन् । नेपालका सम्पूर्ण नदीहरूको जल भण्डार क्षमता दुई लाख दुई हजार मिलियन क्युबिक मिटर रहेको अनुमान छ । कोसी, गण्डकी र कर्णाली नेपालका प्रमुख नदीहरू हुन् । तिनको जल भण्डार क्षमता कुल जल भण्डार क्षमताको ७४ प्रतिशत रहेको छ । नेपालका नदीनालाहरूबाट कुल ८३ हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिने अनुमान गरिएको छ । तर आर्थिक तथा प्राविधिक रूपले पनि ४२ हजार मेगावाट विद्युत् सजिलै उत्पादन गर्न सकिने सम्भावना छ ।




नदीहरूको प्रवाह, जल भण्डार र उपयोगिताका दृष्टिले नेपालका नदीहरूलाई तिन श्रेणीमा राख्न सकिन्छ ।

### १. पहिलो स्तरका नदीहरू

यस प्रकारका नदीहरू हिमालयबाट उत्पत्ति भई ठुलो जलराशीका साथ प्रवाहित हुन्छन् । यस्ता नदीहरू स्थायी हुन्छन् । कोसी, कर्णाली र गण्डकी पहिलो स्तरका नदीहरू हुन् । यी नदीहरू ठुला जल विद्युत् र सिँचाइ आयोजनाका लागि उपयोगी मानिन्छन् ।

२. **दोस्रो स्तरका नदीहरू**

महाभारत श्रेणीबाट उत्पत्ति भई बग्ने नदीहरू दोस्रो स्तरका नदीहरू हुन् । यस्ता नदीहरू वर्षायाममा धेरै ठुलो हुने तर सुख्खायाममा पानीको मात्रा निकै घट्ने हुन्छ । मेची, कन्काई, त्रियुगा, कमला, वागमती, बाणगङ्गा, तिनाऊ, राप्ती, बबई, मोहना आदि दोस्रो स्तरका नदीहरू हुन् । यस प्रकारका नदीहरू पनि साना जल विद्युत्, खानेपानी र सिँचाइका लागि उपयोगी हुन्छन् ।

३. **तेस्रो स्तरका नदीहरू**

तेस्रो स्तरका नदीहरू महाभारत श्रेणीबाट दक्षिणतर्फ चुरे पहाड (शिवालिक पर्वत माला) बाट उत्पत्ति भई मनसुनी वर्षायाममा ठुलो रूप लिई बग्छन् । तर हिउँद्को सुख्खायाममा अत्यन्तै कम पानी हुने वा सुक्ने हुनाले अस्थायी प्रकृतिका हुन्छन् । सिर्सिया, तिलोवे, जमुनी, हर्दिनाथ, मोहना, डुन्डुवा, अर्जुन खोला आदि तेस्रो श्रेणीका नदीहरू हुन् । नदीनाला बाहेक नेपालमा धेरै ताल तलैयाहरू पनि छन् ।

दोस्रो र तेस्रो स्तरका नदीहरू पनि साना जल विद्युत्, सिँचाइ र खानेपानीका लागि उपयोगी हुन्छन् । नेपालको तराई क्षेत्रमा हाते पम्पको प्रयोग गरी इनारबाट जमिनमुनिको पानी निकाली खानेपानीको लागि प्रयोग गरिन्छ ।

## जलस्रोतको उपयोग, जल उत्पन्न प्रकोप तथा व्यवस्थापन

नेपालका नदीनालाबाट ठुलो मात्रामा विद्युत् उत्पादन गर्न सकिने सम्भावना भएता पनि हालसम्मको जल विद्युत् उत्पादन १००० मेघावाट नाघ्न सकेको छैन । राणाकालीन समयमा फर्पिङ र सुन्दरीजलबाट विद्युत् उत्पादन गरिएको थियो । नेपालको सबैभन्दा ठुलो जल विद्युत् आयोजना कालिगण्डकी 'ए' बाट १,४४ मेघावाट विद्युत् उत्पादन गरिएको छ । ठुलासाना गरी नेपालमा लगभग ३० ओटा जल विद्युत् आयोजनाहरू छन् । ग्रामीण स्तरमा पनि स्थानीय खोलाबाट लघु विद्युत् आयोजनाहरू सञ्चालित छन् । मागअनुरूपको विद्युत् आपूर्ति नहुँदा उद्योग धन्दाहरू राम्ररी चल्न सकेका छैनन् । नेपालको आर्थिक विकासका लागि जल विद्युत्को उत्पादन बढाउनु अत्यन्तै आवश्यक छ ।

जलस्रोतको अर्को महत्त्वपूर्ण उपयोग सिँचाइका लागि हुन्छ । कृषि प्रधान देश नेपालको लागि सिँचाइ अपरिहार्य छ । राणाकालीन नेपालमा त्रियुगा र मनुष्मारा नदीबाट सिँचाइका लागि नहर बनाइएको थियो । त्योभन्दा पनि पहिले काठमाडौँ उपत्यकामा राजकुलाहरू निर्माण गरिएका थिए । प्रथम त्रिवर्षीय अन्तरिम योजना (२०६६/०६७) को अन्त्यसम्ममा सबै प्रणालीबाट जम्मा १२, ५२,४७६ हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याइएको थियो जुन कुल खेतीयोग्य जमिनको ५०% भन्दा कम हो । शारदा (कैलाली, कन्चनपुर : ६८०० हेक्टर), वागमती (बारा, रौतहट, सर्लाही : ५०, २०० हेक्टर), राप्ती (बाँके : ३००० हेक्टर), कन्काई  (झापा : ८००० हेक्टर), सिक्टा (बाँके ३६,००० हेक्टर) कोसी (सप्तरी : २२,००० हेक्टर), गण्डक (बारा, पर्सा, रौतहट, नवलपरासी ५१,००० हेक्टर) बबई  (बर्दिया : १३,००० हेक्टर) नेपालका प्रमुख सिँचाइ आयोजनाहरू हुन् । यसबाहेक रूपन्देही, कपिलवस्तुलगायत केही स्थानहरूमा भूमिगत पानी निकाली सिँचाइ गरिएको छ ।

नेपालका नदीहरू जल विहारका लागि विश्वमै प्रसिद्ध छन् । हामीले जलस्रोतको समुचित संरक्षण र उपयोग गर्नुपर्छ । वन विनाशले पानीका स्रोतहरू सुक्दै गएका छन् । अव्यवस्थित फोहोर व्यवस्थापनले हाम्रा नदीनालाहरू प्रदूषित भएका छन् । यसको प्रत्यक्ष असर हाम्रो दैनिक जीवनमा पर्छ । बर्सेनि बाढी पहिरोजस्ता जल उत्पन्न प्रकोप तथा झाडा पखला, हैजा, जन्डिस जस्ता रोगले सयौँ व्यक्तिहरूले ज्यान गुमाइरहेका छन् । यसले गर्दा धेरै परिवारहरू घरवार विहीन भएका छन् । यसमा हामी सबै सचेत हुनुपर्छ र जल सम्पदाको उचित संरक्षण तथा व्यवस्थापनमा सरकारी तह मात्र नभई समुदाय, गैर सरकारी संस्था तथा अन्य सम्बन्धित निकायहरूले पनि विशेष भूमिका खेल्नुपर्छ ।

## क्रियाकलाप

१. नेपालका प्रमुख नदीहरू सप्तकोसी, सप्त गण्डकी र सप्त कर्णालीका सहायक नदीहरू पत्ता लगाई तिनीहरूको सूची बनाउनुहोस् ।

२. तपाईँको समुदायमा के कस्ता जल उत्पन्न प्रकोपबाट मानिसहरू समस्यामा छन् ? समुदायका कुनै चार व्यक्तिलाई भेटी उनीहरूको विचारहरू सङ्कलन गर्नुहोस् र समाधानका उपाय समेत खोजी गर्नुहोस् ।

## अभ्यास

१. जल उत्पन्न प्रकोप भन्नाले के बुझिन्छ ? यसको व्यवस्थापनका लागि के के गर्नुपर्छ, लेख्नुहोस् ।

२. उत्पत्ति र जल भण्डारका दृष्टिले नेपालका नदीहरूलाई कति स्तरमा राख्न सकिन्छ ? यस्ता नदीका विशेषता के हुन्, उदाहरणसहित लेख्नुहोस् ।

३. नेपालका नदीनालाका चार मुख्य उपयोगिता लेखी छोटकरीमा वर्णन गर्नुहोस् ।

४. नेपालमा जल विद्युत्को प्रचुर सम्भावना भए पनि कुल मागको आधा पनि आपूर्ति हुन सकेको छैन । यसको कारण के होला ?

५. पानीका स्रोतहरू सुक्न नदिन र यस्ता स्रोतहरूलाई प्रदूषण मुक्त राख्न के गर्नुपर्छ ?

## सामुदायिक कार्य

तपाईँको समुदायमा विद्युत् तथा खानेपानीको आपूर्ति र पानीका स्रोतहरूको अवस्थाबारेमा एक लेख तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ७

# नक्सा कार्य

पृथ्वीको सम्पूर्ण भाग वा कुनै एक भागलाई स्केलको सहायताद्वारा ठुलो वा सानो पारी एउटा सम्म परेको सतह वा कागजमा उतार्ने कार्यलाई नक्सा कार्य भनिन्छ । नक्सा बनाउने कलालाई कार्टोग्राफी (cartography) भनिन्छ । जमिनको दुरी र सो दुरी कागजमा देखाउँदा प्रयोग गरिने दुरीको अनुपात नै नापो वा स्केल (scale) हो । नक्सामा सङ्केत र स्केलको ठुलो महत्त्व हुन्छ । हिजोआज विकसित नक्साको प्रयोग गरिन्छ । नयाँ नयाँ प्रविधिको विकासले गर्दा पृथ्वीको कुनै भाग तथा सम्पूर्ण पृथ्वीकै बारेमा धेरै सूचना पाइन्छ । भूउपग्रहका माध्यमद्वारा खिचिएका फोटोहरूबाट पनि विभिन्न प्रकारका नक्साहरू बनाउन सकिन्छ । यसरी ७०० देखि १७०० कि. मि. माथिसम्मबाट भूउपग्रहले लिएको फोटोलाई कम्प्युटरको सहयोगले नक्सा बनाउन सकिन्छ । तर सडक निर्माण गर्दा वा अन्य यस्तै प्रयोजनका निम्ति ठुलो स्केलको नक्सा खिच्नुपर्छ ।

यहाँ नेपालको रेखाङ्कित मानचित्र कोर्ने तरिका बताइएको छ । नेपालको नक्सामा सिमाना रेखाहरू कहीँ भित्र र कहीँ बाहिर गएका भागहरू छन् । तपाईँले तिनीहरूलाई दुरुस्तै कोर्न नसके पनि यसको आकार र अवस्थितिमा विशेष ध्यान दिनुपर्छ । नक्सा खिच्नका लागि तलका कुराहरूमा ध्यान दिनुहोस् :

एउटा १० से. मि. लम्बाइ र ६ से. मि. चौडाइ (10cm × 6cm) भएको आयातकार कोठा खिच्नुहोस् । (योभन्दा ठुलो बनाउनुपरे माथि दिइएको नापलाई दोब्बर तेब्बर गर्न सकिन्छ ।)

दुवै किनारमा २ से. मि. मा धर्का तान्ने त्यस्तै ख च = २ से. मि., ग ज = २ से. मि., क ङ = २ से. मि., घ छ = २ से. मि., ङ झ = ३ से. मि., छ झ = घ से. मि. धर्को तान्ने । त्यस्तै कख र गघ मा पनि २ से. मि. का फरकमा २ ओटा धर्का तान्ने ।



त्यसपछि धेरै पटक माथिको नक्सा कोर्ने अभ्यास गर्नुहोस् । अनि नहेरीकन कोर्ने प्रयास गर्नुहोस् । त्यसमा एटलस (atlas) को सहायताले विभिन्न सहर, हिमाल, नदीका साथै आफू बस्ने ठाउँहरू भर्नुहोस् ।

नक्सा अध्ययन गर्दा नापो (scale) को ज्ञान हुन अत्यन्त जरुरी छ । जमिनको १० कि. मि. लाई कागजमा १ से. मि. मा देखाउनुपर्दा स्केल १ से. मि. १० कि. मि. हुन्छ ।

अन्तर्राष्ट्रिय नक्सा कार्य



विश्वको नक्सामा एटलासको प्रयोगद्वारा विभिन्न तथ्यहरू भर्नुहोस्, जस्तै : ग्रिनल्यान्ड टापु, साहारा मरुभूमि, रकी पर्वत, एन्डिज पर्वत, क्यानडा, साइबेरिया, जिब्राल्टर जल संयोजक, आन्ध्र महासागर, प्रशान्त महासागर, ब्राजिल, संयुक्त राज्य अमेरिका, नेपाल, पानामा नहर आदि ।

**क्रियाकलाप**

१. १ से. मि. १ कि. मि. को कथानात्मक स्केललाई प्रतिनिधि भिन्नमा बदल्दा १ : १,००,००० हुन्छ । यो भिन्नमा अंश सधैँ १ र कागजको दुरी देखाउने हुन्छ भने हरले धरातलीय दुरी सोही एकाइमा देखाउँछ । यसमा १ से. मि. कागजको दुरीमा १ लाख से. मि. जमिनको दुरी हुन्छ । १ से. मि. बराबर ५ कि. मि. हुन्छ भन्ने स्केललाई प्रतिनिधि भिन्नमा देखाउनुहोस् । स्केल कथनात्मक, प्रतिनिधि भिन्न र चित्रात्मक गरी तिन प्रकारको हुन्छ । एटलसको अध्ययन गरी यी तिन प्रकारका स्केलबारे जानकारी लिनुहोस् ।

२. तपाईँको कक्षाकोठाको लम्बाइ एवम् चौडाइ नाप्नुहोस् र क्षेत्रफल पत्ता लगाउनुहोस् ।

३. एउटा स्केल निर्धारण गरेर तपाईँको आफ्नो कक्षाकोठाको नक्सा कोर्नुहोस् । यस्तो स्केल र सोका आधारमा बनाइएका नक्सा वा चित्रको महत्त्व के छ, छलफल गर्नुहोस् ।

४. तलका नक्सामा प्रयोग हुने सङ्केतहरूको अध्ययन गर्नुहोस् । यस्ता सङ्केत बनाउनुहोस् तथा नक्सा कार्यमा प्रयोग गर्नुहोस् :

| सङ्केत | विशेषता | सङ्केत | विशेषता |
|---|---|---|---|
|  | पर्वत |  | हवाई मार्ग |
|  | सडक |  | मन्दिर |
|  | पुल |  | घाँसेभूमि |
|  | नदी |  | भन्ज्याङ |
|  | ताल |  | रेलमार्ग |
|  | सहर |  | पर्वत श्रेणी |

५. तलको चित्रमा मोनिकाले हातले बनाएको नक्सा दिइएको छ । त्यसमा कुनै नाप दिइएको छैन । त्यसैले त्यसमा देखाइएका घर, पसल, खोला नाला केही मात्रामा भए पनि यताउता पर्न सक्छन् । तर एउटा नौलो व्यक्ति त्यस नक्साको सहायताले मोनिकाको घरबाट विद्यालय सजिलै जान सक्छ । तपाईँ पनि आफ्नो घरदेखि विद्यालय जाने नक्सा कोर्नुहोस् र मुख्य ठाउँहरू उल्लेख गरी शिक्षकलाई देखाउनुहोस् :




६. माथि उल्लेख गरिएका बाहेकका पनि नक्सा निर्माण गर्ने तरिकाहरू खोजी गरी नक्सा बनाउने अभ्यास गर्नुहोस् ।

पाठ ८

# दुरी सम्बन्धी ज्ञान

### स्केल प्रयोग गरी नक्सा कोर्ने तरिका

कुनै पनि वस्तुको पुरा आकार जस्ताको तस्तै कागजमा देखाउन असम्भव हुन्छ । त्यसैले यसलाई स्केलमा देखाउनुपर्ने हुन्छ । स्केलले पृथ्वीको सतहको कुनै पनि भागको वास्तविक दुरीलाई कागजमा नक्साका रूपमा आवश्यकतानुसार ठुलो र सानो पारेर देखाउन सहयोग गर्छ । एउटा सिङ्गो टेबलको वास्तविक आकार एक पन्ना खाली कागजमा कोर्न सकिन्न । त्यसका लागि स्केलकै सहायताले टेबुलको १ मिटर बराबर कापीमा १ से. मि. मा देखाउन सकिन्छ । स्केललाई तिन प्रकारले व्यक्त गर्न सकिन्छ ।




१. **कथनात्मक मापक :** यसमा कागज र धरातलको दुरीको अनुपातलाई शब्दद्वारा व्यक्त गरिन्छ, जस्तै : १ से. मि. = १० मिटर, १ इन्च = ५० माइल

२. **प्रतिनिधि भिन्न मापक :** यसमा कागज र धरातलको दुरीको अनुपात भिन्नमा दिइएको हुन्छ । यस भिन्नको अंशले कागजको दुरी र हरले धरातलको दुरी जनाउँछ । अंश सधैँ १ र हर जुनसुकै सङ्ख्या भए पनि त्यसले धरातलको दुरी जनाउँछ । मानचित्रमा प्रतिनिधि भिन्न देखाउने मापकले १ ले १ से. मि. मानियो भने धरातलको दुरी पनि १०० से. मि. हुन्छ । यसलाई १:१०० लेखिन्छ ।

३. **चित्रात्मक मापक वा रेखाचित्रीय मापक :** यसमा कागज र धरातलको दुरीको अनुपात एउटा सरलरेखा खिचेर त्यसलाई सुविधाअनुसार विभाजन गरिन्छ । यसमा बायाँको पहिलो खण्डलाई सहायक विभाजन गरी देखाइएको हुन्छ, जस्तै :



### विभिन्न स्केलमा खिचिएको नक्साहरू








माथिका चित्रहरूमा काठमाडौँ उपत्यकाको केही भागहरू देख्न सकिन्छ । यदि हामीले नक्सामा १ से. मि. मा ठुलो स्केल (जस्तै : १ से. मि. बराबर २० कि. मि.) प्रयोग गर्‍यौँ भने यस्तो नक्साले धेरै ठाउँ ओगट्छ । तर नक्सामा भएका सबै ठाउँहरू छर्लङ्ग देखिँदैनन् । त्यस्तै १ से. मि. बराबर ०.५ कि. मि. प्रयोग गर्‍यौँ भने यस्तो नक्साले धेरै ठाउँ ओगट्दैन । तर नक्साका तथ्यहरू छर्लङ्ग देखिन्छन् । त्यसैले नक्सामा देखाउनुपर्ने आवश्यक भागहरूलाई ध्यानमा राखी सोहीअनुसार सुहाउँदो रूपमा स्केलको प्रयोग गर्नुपर्छ । कुनै पनि नक्सा कोर्नुको खास उद्देश्य हुन्छ र यसले नै कुन स्केल प्रयोग गर्ने भन्ने कुराको निर्धारण गर्छ ।

### दुरीको नाप (Measuring Distance)

कुनै दुई ओटा ठाउँहरू बिचको वा कुनै सिधा सडकको छोटो दुरी पत्ता लगाउन एउटा रुलरको सहायताले नाप लिनुहोस् र वास्तविक नापलाई सेन्टिमिटरमा परिणत गर्नुहोस् ।

नक्सामा चिडियाखानादेखि पुल्चोकको स्तुपासम्मको दुरी जम्मा १.३ से. मि. छ र स्केल १:५०००० छ । त्यसैले १.३ x ५०,००० बराबर ६५,०००.० हुन्छ । त्यस कारण ती दुई ठाउँबिचको वास्तविक दुरी ६५००० से. मि. अर्थात् ६५० मिटर छ ।

**क्रियाकलाप**

१. तल दिइएका प्रश्नहरूको उत्तर पत्ता लगाउन माथि दिइएको चित्रहरू प्रयोग गर्नुहोस् :

(क) यदि म अहिले अशोक स्तुप नजिक छु भने थापाथली खोज्न मैले कुन दिशातिर हेर्नुपर्छ ?

(ख) छोटो बाटोबाट जाँदा लगनखेलबाट थापाथली कति दुरीमा पर्दछ ?

(ग) सोझो रेखाबाट हेर्दा कीर्तिपुरबाट चोभार र पाटन बजारबाट हरिसिद्धि कति टाढा पर्छ ?

(घ) नक्सामा चक्रपथको भागमा पुरै धागाले ढाक्दा यसको चक्रपथ पुरैको नाप कति निस्किन्छ ?

पाठ ९

# एसिया : भौगोलिक तथा प्राकृतिक वातावरण




एसिया महादेश विश्वको सबैभन्दा ठुलो महादेश हो । यसले विश्वको कुल क्षेत्रफलको लगभग एक तिहाइ क्षेत्रफल ओटेको छ । ४३,६०८,००० वर्ग कि. मि. क्षेत्रफल रहेको एसिया महादेश पूर्व पश्चिम ९,६५० कि. मि. र उत्तर दक्षिण ६४४० कि. मि. सम्म फैलिएको छ । यो १०° दक्षिणदेखि ८०° उत्तर अक्षांश तथा २५° पूर्वदेखि १८०° पश्चिम देशान्तरसम्म फैलिएको छ । भौगोलिक विषमताले भरिएको यस महादेशमा विश्वको सर्वोच्च शिखर सगरमाथा (८८४८ मि.) र विश्वकै होचो स्थान मृत सागर (समुद्र सतहबाट ३९४ मि. तल) रहेका छन् । विश्वको सबैभन्दा ठुलो ताल क्यास्पियन सागर (३७,१०,०० वर्ग कि. मि.) र विश्वको सबैभन्दा गहिरो ताल बैकाल ताल (१६२० मि.) पनि एसियमा छन् । एसियाको पूर्वमा प्रशान्त महासागर, पश्चिममा युराल हिम शृङ्खला, उत्तरमा सुमेरु महासागर र दक्षिणमा हिन्द महासागर छन् ।

## १. धरातलीय स्वरूप

धरातलीय स्वरूपका आधारमा एसियालाई छ भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

(क) उत्तरी समथर क्षेत्र : एसियाको उत्तरतिरको ठुलो भूभाग साइबेरियन क्षेत्रमा धेरै जाडो हुन्छ । जाडो महिनामा तापक्रम ३०° पनि पुग्छ ।

(ख) **मध्य एसियाली पर्वत श्रेणी तथा उच्च समस्थलीको क्षेत्र :** भूमध्यसागरबाट पूर्वमा प्रशान्त महासागरसम्म मध्य एसिया फैलिएको छ जहाँ विश्व प्रसिद्ध पर्वत श्रेणीहरू छन् । चीन, भारत र नेपालमा पर्ने हिमालय पर्वत यहाँको मुख्य शृङ्खला हो । विश्वको सर्वोच्च शिखर सगरमाथा पनि यही पर्छ । यहाँ काराकोरम, सुलेमन, हिन्दकुश, एल्ब्रुज आदि अन्य शृङ्खला पनि छन् । मध्य एसिया हिमालयको वृष्टि छाया पर्ने र समुद्रदेखि धेरै टाढा परेकाले अर्ध मरुभूमि जस्तै छ ।

(ग) **दक्षिणी उच्च समस्थली क्षेत्र :** दक्षिणी भागमा भारतको डेक्कन समस्थली, अरेबिया समस्थली, युनानी उच्च समस्थली आदि अवस्थित छन् । तिब्बतको उच्च समस्थली हिमालयको उत्तरतिर पर्छ । यो संसारकै छानोका रूपमा प्रसिद्ध छ । यी भूभागहरू पुराना तथा कडा चट्टानबाट बनेका छन् ।

(घ) **नदीधारी क्षेत्र :** यहाँ नदीद्वारा निर्मित विशाल उपत्यकाहरू छन् । यी उपत्यकाहरू धेरै उब्जाउ भूमि भएका हुनाले व्यक्तिको बस्ती बाक्लो छ । ती उब्जाउ भूमिहरू टिग्रिस, युफ्रेट्स, सिन्धु, गङ्गा, ब्रह्मपुत्र, मेकोन आदि नदीद्वारा बनेका हुन् । यिनै नदीका बेँसीहरूमा नै मानव सभ्यताको विकास भएका पाइन्छ ।

(ङ) **दक्षिण पूर्वी टापुहरूको क्षेत्र :** पूर्व र दक्षिणतर्फ धेरै टापु र द्वीपहरू अवस्थित छन्, जस्तै : जापान, मालदिभ्स, फिलिपिन्स र इन्डोनेसिया । यहाँ उष्ण वा अर्धोष्ण मनसुनी प्रकारको हावापानी पाइन्छ ।

(च) **पश्चिमी मरुभूमि क्षेत्र :** एसियाको दक्षिण पश्चिममा सुख्खा क्षेत्र छ । यहाँ उष्ण मरुभूमिहरू छन्, जस्तै : मध्यपूर्वी एसिया र थार मरुभूमि । यहाँ उष्ण मरुस्थलीय प्रकारको हावापानी पाइन्छ ।

## २. हावापानी र प्राकृतिक वनस्पति

भूमध्यरेखादेखि उत्तरी ध्रुवसम्म नै फैलिएकाले यहाँको हावापानी सबै ठाउँमा एकनास छैन । दक्षिणी खण्डमा उष्ण प्रकारको हावापानी छ । इन्डोनेसिया तथा मलेसियामा भूमध्यरेखीय हावापानी पाइन्छ । यहाँ सधैँ गर्मी र वर्षा हुन्छ । दक्षिणी एसियामा उष्ण मौसमी हावापानी पाइन्छ भने दक्षिण पश्चिम एसियामा उष्ण मरुस्थलीय प्रकारको हावापानी पाइन्छ । मध्य एसिया हिमालयको वृष्टि छाया पर्ने र समुद्रदेखि धेरै टाढा परेकाले अर्धमरुभूमि जस्तै छ । उत्तरतर्फ हिउँद्भरि तापक्रम ०° भन्दा पनि तल भइरहन्छ भने ग्रीष्मयाममा केही न्यानो हुन्छ । यस महादेशले ठुलो क्षेत्र ओगटेकाले प्राकृतिक वनस्पति पनि हावापानीका प्रकारअनुसार फरक फरक छन् । मौसमी तथा समशीतोष्ण प्रदेशमा पतझर जङ्गल र भूमध्यरेखीय क्षेत्रमा घना सदावहार जङ्गल, साइबेरियामा विशाल कोणधारी जङ्गल पाइन्छ । साथै उष्ण मरुस्थलीय क्षेत्रमा काँडेदार बुट्यान र टुन्ड्रा प्रदेशमा ज्यादै कम मात्र रुख बिरुवाहरू पाइन्छन् ।

**क्रियाकलाप**

१. आफ्नो एटलसमा एसियाको प्राकृतिक स्वरूप देखाइएको नक्सा हेरी पाठमा दिइएको पर्वत शृङ्खलाहरू, उच्च समस्थली तथा नदी निर्मित मैदानहरूको अवस्थितिको पहिचान गर्नुहोस् । साइबेरियाको मैदान र दक्षिणको विशाल पर्वत शृङ्खला कति लामो होला, स्केलको सहयोगले मापन गर्नुहोस् ।

२. छ छ जनाको समूह बनाई प्रत्येक समुहका हरेक सदस्यलाई एसियाको एक एक भौगोलिक वातावरण जिम्मा लिनुहोस् र प्रत्येकले सो सम्बन्धमा कक्षाकोठामा आफूले अध्ययन गरेको विषय वस्तु सम्बन्धमा अरू साथीहरूलाई स्पष्ट पार्ने प्रयास गर्नुहोस् ।

**अभ्यास**

१. दिइएको नक्सा कापीमा उतारेर वा एसियाको रेखाङ्कित नक्सा किनेर विभिन्न मुलुकका नाम अङ्ग्रेजीमा लेखी कापीमा टाँस्नुहोस् ।

२. तल दिइएका तथ्यहरूलाई नक्सामा भर्नुहोस् र आफ्नो शिक्षकलाई देखाउनुहोस् :

याङ्सी नदी (Yangtse river), थार मरुभूमि, क्यास्पियन सागर, युराल पहाड, स्टेप्स घाँसे मैदान

३. एसियाको रेखाङ्कित मानचित्रमा बर्सैभरि गर्मी हुने र पानी पर्ने क्षेत्र, ग्रीष्ममा मात्र पानी पर्ने क्षेत्र, पानी नै नपर्ने क्षेत्रहरू र हिउँद्मा प्रशस्त हिउँ पर्ने क्षेत्रहरू देखाउनुहोस् ।

४. धरातलीय स्वरूपको आधारमा एसियालाई कति भागमा बाँड्न सकिन्छ ? ती के के हुन् ?

५. एसियालाई 'विषमताको महादेश' भनिन्छ, किन ?

पाठ्यक्रम विकास केन्द्र

## पाठ ९ एसिया : भौगोलिक तथा प्राकृतिक वातावरण




एसिया महादेश विश्वको सबैभन्दा ठुलो महादेश हो। यसले विश्वको कुल क्षेत्रफलको लगभग एक तिहाइ क्षेत्रफल ओटेको छ। ४३,६०८,००० वर्ग कि. मि. क्षेत्रफल रहेको एसिया महादेश पूर्व पश्चिम ९,६५० कि. मि. र उत्तर दक्षिण ६४४० कि. मि. सम्म फैलिएको छ। यो १०° दक्षिणदेखि ८०° उत्तर अक्षांश तथा २५° पूर्वदेखि १८०° पश्चिम देशान्तरसम्म फैलिएको छ । भौगोलिक विषमताले भरिएको यस महादेशमा विश्वको सर्वोच्च शिखर सगरमाथा (८८४८ मि.) र विश्वकै होचो स्थान मृत सागर (समुद्र सतहबाट ३९४ मि. तल) रहेका छन्। विश्वको सबैभन्दा ठुलो ताल क्यास्पियन सागर (३७,१०,०० वर्ग कि. मि.) र विश्वको सबैभन्दा गहिरो ताल बैकाल ताल (१६२० मि.) पनि एसियमा छन्। एसियाको पूर्वमा प्रशान्त महासागर, पश्चिममा युराल हिम शृङ्खला, उत्तरमा सुमेरु महासागर र दक्षिणमा हिन्द महासागर छन् ।

### १. धरातलीय स्वरूप

धरातलीय स्वरूपका आधारमा एसियालाई छ भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

(क) उत्तरी समथर क्षेत्र : एसियाको उत्तरतिरको ठुलो भूभाग साइबेरियन क्षेत्रमा धेरै जाडो हुन्छ । जाडो महिनामा तापक्रम ३०° पनि पुग्छ ।

(ख) **मध्य एसियाली पर्वत श्रेणी तथा उच्च समस्थलीको क्षेत्र :** भूमध्यसागरबाट पूर्वमा प्रशान्त महासागरसम्म मध्य एसिया फैलिएको छ जहाँ विश्व प्रसिद्ध पर्वत श्रेणीहरू छन् । चीन, भारत र नेपालमा पर्ने हिमालय पर्वत यहाँको मुख्य शृङ्खला हो । विश्वको सर्वोच्च शिखर सगरमाथा पनि यही पर्छ । यहाँ काराकोरम, सुलेमन, हिन्दकुश, एल्ब्रुज आदि अन्य शृङ्खला पनि छन् । मध्य एसिया हिमालयको वृष्टि छाया पर्ने र समुद्रदेखि धेरै टाढा परेकाले अर्ध मरुभूमि जस्तै छ ।

(ग) **दक्षिणी उच्च समस्थली क्षेत्र :** दक्षिणी भागमा भारतको डेक्कन समस्थली, अरेबिया समस्थली, युनानी उच्च समस्थली आदि अवस्थित छन् । तिब्बतको उच्च समस्थली हिमालयको उत्तरतिर पर्छ । यो संसारकै छानोका रूपमा प्रसिद्ध छ । यी भूभागहरू पुराना तथा कडा चट्टानबाट बनेका छन् ।

(घ) **नदीधारी क्षेत्र :** यहाँ नदीद्वारा निर्मित विशाल उपत्यकाहरू छन् । यी उपत्यकाहरू धेरै उब्जाउ भूमि भएका हुनाले व्यक्तिको बस्ती बाक्लो छ । ती उब्जाउ भूमिहरू टिग्रिस, युफ्रेट्स, सिन्धु, गङ्गा, ब्रह्मपुत्र, मेकोन आदि नदीद्वारा बनेका हुन् । यिनै नदीका बेँसीहरूमा नै मानव सभ्यताको विकास भएका पाइन्छ ।

(ङ) **दक्षिण पूर्वी टापुहरूको क्षेत्र :** पूर्व र दक्षिणतर्फ धेरै टापु र द्वीपहरू अवस्थित छन्, जस्तै : जापान, मालदिभ्स, फिलिपिन्स र इन्डोनेसिया । यहाँ उष्ण वा अर्धोष्ण मनसुनी प्रकारको हावापानी पाइन्छ ।

(च) **पश्चिमी मरुभूमि क्षेत्र :** एसियाको दक्षिण पश्चिममा सुख्खा क्षेत्र छ । यहाँ उष्ण मरुभूमिहरू छन्, जस्तै : मध्यपूर्वी एसिया र थार मरुभूमि । यहाँ उष्ण मरुस्थलीय प्रकारको हावापानी पाइन्छ ।

## २. हावापानी र प्राकृतिक वनस्पति

भूमध्यरेखादेखि उत्तरी ध्रुवसम्म नै फैलिएकाले यहाँको हावापानी सबै ठाउँमा एकनास छैन । दक्षिणी खण्डमा उष्ण प्रकारको हावापानी छ । इन्डोनेसिया तथा मलेसियामा भूमध्यरेखीय हावापानी पाइन्छ । यहाँ सधैँ गर्मी र वर्षा हुन्छ । दक्षिणी एसियामा उष्ण मौसमी हावापानी पाइन्छ भने दक्षिण पश्चिम एसियामा उष्ण मरुस्थलीय प्रकारको हावापानी पाइन्छ । मध्य एसिया हिमालयको वृष्टि छाया पर्ने र समुद्रदेखि धेरै टाढा परेकाले अर्धमरुभूमि जस्तै छ । उत्तरतर्फ हिउँद्भरि तापक्रम ०° भन्दा पनि तल भइरहन्छ भने ग्रीष्मयाममा केही न्यानो हुन्छ । यस महादेशले ठुलो क्षेत्र ओगटेकाले प्राकृतिक वनस्पति पनि हावापानीका प्रकारअनुसार फरक फरक छन् । मौसमी तथा समशीतोष्ण प्रदेशमा पतझर जङ्गल र भूमध्यरेखीय क्षेत्रमा घना सदावहार जङ्गल, साइबेरियामा विशाल कोणधारी जङ्गल पाइन्छ । साथै उष्ण मरुस्थलीय क्षेत्रमा काँडेदार बुट्यान र टुन्ड्रा प्रदेशमा ज्यादै कम मात्र रुख बिरुवाहरू पाइन्छन् ।

**क्रियाकलाप**

१. आफ्नो एटलसमा एसियाको प्राकृतिक स्वरूप देखाइएको नक्सा हेरी पाठमा दिइएको पर्वत शृङ्खलाहरू, उच्च समस्थली तथा नदी निर्मित मैदानहरूको अवस्थितिको पहिचान गर्नुहोस् । साइबेरियाको मैदान र दक्षिणको विशाल पर्वत शृङ्खला कति लामो होला, स्केलको सहयोगले मापन गर्नुहोस् ।

२. छ छ जनाको समूह बनाई प्रत्येक समुहका हरेक सदस्यलाई एसियाको एक एक भौगोलिक वातावरण जिम्मा लिनुहोस् र प्रत्येकले सो सम्बन्धमा कक्षाकोठामा आफूले अध्ययन गरेको विषय वस्तु सम्बन्धमा अरू साथीहरूलाई स्पष्ट पार्ने प्रयास गर्नुहोस् ।

**अभ्यास**

१. दिइएको नक्सा कापीमा उतारेर वा एसियाको रेखाङ्कित नक्सा किनेर विभिन्न मुलुकका नाम अङ्ग्रेजीमा लेखी कापीमा टाँस्नुहोस् ।

२. तल दिइएका तथ्यहरूलाई नक्सामा भर्नुहोस् र आफ्नो शिक्षकलाई देखाउनुहोस् :

याङ्सी नदी (Yangtse river), थार मरुभूमि, क्यास्पियन सागर, युराल पहाड, स्टेप्स घाँसे मैदान

३. एसियाको रेखाङ्कित मानचित्रमा बर्सैभरि गर्मी हुने र पानी पर्ने क्षेत्र, ग्रीष्ममा मात्र पानी पर्ने क्षेत्र, पानी नै नपर्ने क्षेत्रहरू र हिउँद्मा प्रशस्त हिउँ पर्ने क्षेत्रहरू देखाउनुहोस् ।

४. धरातलीय स्वरूपको आधारमा एसियालाई कति भागमा बाँड्न सकिन्छ ? ती के के हुन् ?

५. एसियालाई 'विषमताको महादेश' भनिन्छ, किन ?

पाठ्यक्रम विकास केन्द्र

पाठ १०

# एसिया : आर्थिक क्रियाकलाप र सामाजिक जीवन

भूबनोट, हावापानी, माटोको प्रकार, प्राकृतिक स्रोत र साधनको उपलब्धता तथा उपयोग जस्ता पक्षहरूले व्यक्तिको आर्थिक क्रियाकलाप र जीवन शैलीमा प्रत्यक्ष प्रभाव पार्छन् । एसिया महादेश भौगोलिक एवम् प्राकृतिक दृष्टिले विषमताको महादेश हो । त्यसैले यहाँ भिन्न भिन्न आर्थिक क्रियाकलाप र जीवन शैली पाइन्छ । समग्रमा एसियाको आर्थिक क्रियाकलाप र सामाजिक जीवनलाई निम्न लिखित शीर्षकमा अध्ययन गर्न सकिन्छ :

## १. दक्षिण पश्चिम एसिया (मध्यपूर्व)



यस क्षेत्रअन्र्तगत मुख्य रूपमा खाडी क्षेत्र (साउदी अरब तथा वरिपरिका क्षेत्र) तथा युफ्रेट्स (Euphrates) र टिग्रिस (Tigris) नदीबिचका भागहरू पर्छन् । लगभग मरुस्थलीय हावापानीको कारणले कृषि उत्पादन अत्यन्त न्यून हुनका साथै पानीको पनि चर्को अभाव छ । यस क्षेत्रको जनघनत्व कम छ । भेडाबाख्रा तथा ऊँट र घोडा पाल्नु यहाँको परम्परागत पेसा हो । धेरै दिनसम्म पानीबिना बाँच्न र हिँड्न सक्ने भएकाले यस क्षेत्रमा ऊँटलाई यातायातको मुख्य साधनका रूपमा प्रयोग गरिन्छ । यसलाई 'मरुभूमिको जहाज' (ship of the desert) पनि भनिन्छ । विगत केही दशकदेखि पेट्रोलियम पदार्थको उत्खनन तथा उत्पादन भएपछि यहाँको आर्थिक स्थिति र जीवन स्तरमा ठुलो परिवर्तन आएको छ । विश्वको कुल पेट्रोलियम पदार्थको निर्यातको लगभग ३३ प्रतिशत हिस्सा यस क्षेत्रबाट हुन्छ । यहाँका अधिकांश व्यक्तिहरू मुस्लिम धर्मावलम्बी छन् ।

## २. दक्षिण एसिया

एसियाको हिमालय शृङ्खलाभन्दा तल रहेको भारत तथा वरिपरिको क्षेत्रलाई भारतीय उपमहाद्विप भनिन्छ । यसलाई दक्षिण एसिया पनि भनिन्छ । यस क्षेत्रमा प्रचुर पानीको उपलब्धता, ऊर्वर बेँसीहरू तथा नदीले बनाएका समथर भूभाग रहेका छन् । ऋतु परिवर्तनले गर्दा पौराणिक कालदेखि नै यस क्षेत्रमा बाक्लो आवादी रहेको छ । यहाँ धान, गहुँ, मकै जस्ता खाद्य बाली तथा चिया, जुट, उखु, तेलहन, दलहन, मसला आदि नगदे बालीहरूको प्रशस्त उत्पादन हुन्छ । यस क्षेत्रको अर्थतन्त्र कृषि तथा पशु पालनमा बढी निर्भर छ । उद्योग तथा कलकारखानाको विकास मन्द गतिमा छ । यहाँको जनसङ्ख्या र जनसङ्ख्या वृद्धिदर उच्च छ । त्यसैले समग्रमा जीवन स्तर अझै पनि माथि उठ्न



सकेको छैन । यो क्षेत्र हिन्दु, बौद्ध तथा मुसलमानहरूको बासस्थान हो । हिन्दु र बौद्ध धर्म तथा संस्कृतिको उत्पति तथा प्रसार यसै क्षेत्रबाट भएकाले दक्षिण एसियालाई 'पूर्वीय सभ्यताको उद्गम स्थल' मानिन्छ ।

## ३. दक्षिण पूर्वी एसिया

एसियाको दक्षिण तथा पूर्वका राष्ट्रहरू, जस्तै : मलेसिया, सिङ्गापुर, इन्डोनेसिया, फिलिपिन्स, थाइल्यान्ड आदि यस क्षेत्रअन्तर्गत पर्छन् । यहाँ आवादी बाक्लो छ । धान, नरिवल र रबर प्रशस्त उत्पादन हुन्छ । तटीय क्षेत्रमा माछा मार्ने व्यवसाय राम्रो छ । उद्योग धन्दा र व्यापार फस्टाइरहेका छन् । पर्यटन उद्योगको राम्रो विकास भएको छ । मलेसिया, सिङ्गापुर र थाइल्यान्डका व्यक्तिहरूको जीवन स्तर तुलनात्मक रूपमा उच्चस्तरको छ । यहाँ इस्लाम, बौद्ध र हिन्दु धर्मालम्बीहरू बसोबास गर्छन् ।



## ४. पूर्वी एसिया



यो क्षेत्र एसियाको सबैभन्दा विकसित क्षेत्र हो । चीन, कोरिया तथा जापान यस क्षेत्रमा पर्छन् । यहाँ प्रशस्त धान उत्पादन हुन्छ । यसको तटीय क्षेत्र आधुनिक माछा व्यवसायका लागि प्रसिद्ध छ । यहाँको उद्योग धन्दा तथा व्यापार उत्कृष्ट छ । प्रतिव्यक्ति आय र औसत उमेर उच्च हुनका साथै जीवन शैली आधुनिक छ । कृषि तथा पशु पालनमा आधुनिक प्रविधिको प्रयोग गरिएको छ । फलाम, तामा, जस्ता तथा पेट्रोल खानीहरू प्रशस्त छन् । यो क्षेत्र विश्वकै विकसित क्षेत्रहरूमा पर्छ । अधिकांश मङ्गोल जाति रहेको यस क्षेत्रमा बौद्ध धर्म मानिन्छ । सांस्कृतिक हिसाबले यो क्षेत्र ज्यादै धनी छ ।

## ५. मध्य पश्चिम एसिया



विषम हावापानीको कारणले मध्य तथा पश्चिम एसियाको आर्थिक स्थिति तथा जनजीवन त्यति राम्रो छैन । चीनको पश्चिमी खण्ड, काजखास्तान, उज्बेकिस्तान, किर्गिजस्तान जस्ता देशहरूमा कृषि तथा उद्योगहरू फस्टाउन सकेका छैनन् । यहाँ थोरै मात्रामा खाद्यबाली उत्पादन हुन्छ र केही मात्रामा कपास उत्पादन हुन्छ । भेडा र बाख्रा पालन नै यहाँका धेरै व्यक्तिको जीविकोपार्जनको आधार हो । पशु पालन गर्ने भएकाले यहाँका अधिकांश व्यक्तिहरूको जीवन फिरन्ते शैलीको छ ।

## ६. उत्तरी एसिया



अत्यन्तै चिसो हावापानीको कारण यस क्षेत्रमा आबादी एकदम पातलो छ । रुसको धेरैजसो भाग यही क्षेत्रमा पर्छ । यसलाई साइबेरिया भनिन्छ । कृषि उत्पादन नगन्य छ। लेकाली हरिण (rein deer) पालन केही ठाउँमा गरिन्छ । 'टाइगा' (Taiga) जङ्गल यहाँको मुख्य आर्थिक स्रोत हो । कोइला, निकेल, सुन, तेल आदि खानीहरू उल्लेख्य मात्रामा भएकाले यहाँको आर्थिक तथा सामाजिक जीवन मध्यम स्तरको छ ।

**क्रियाकलाप**

१. कक्षामा छलफल गरी दिइएको तालिका भर्नुहोस् । एट्लस तथा अन्य नक्साहरूको सहयोग लिनुहोस् :

| प्रदेश | देशहरू | हावापानी | वनस्पति | आर्थिक क्रियाकलाप | जनघनत्व |
|---|---|---|---|---|---|
| उत्तर एसिया | | | | | |
| मध्य पश्चिम एसिया | | | | | |
| दक्षिण एसिया | | | | | |
| दक्षिण पूर्वी एसिया | | | | | |
| पूर्वी एसिया | | | | | |
| मध्य पूर्वी एसिया | | | | | |

२. एसिया महादेशका भूपरिवेष्ठित देशहरूको सूची बनाउनुहोस् ।

३. दक्षिण पश्चिम एसिया र दक्षिण एसियाको आर्थिक क्रियाकलाप एवम् जनजीवनमा भएका भिन्नताहरू औँल्याउनुहोस् ।

४. एसियाको पूर्वी क्षेत्रमा प्रशस्त वर्षा हुनु तर पश्चिमी क्षेत्रमा मरुस्थलीय हावापानी हुनुका कारणहरू छलफल गरी लेख्नुहोस् ।

५. भौगोलिक कारणहरू लेख्नुहोस् :

(क) जापानमा माछा मार्ने व्यवसाय फस्टाएको छ ।

(ख) सिङ्गापुर र इन्डोनेसियामा सधैँ ग्रीष्म ऋतु हुन्छ र प्रशस्त वर्षा हुन्छ ।

६. एसियाको रेखाङ्कित नक्सामा निम्न लिखित तथ्यहरू भर्नुहोस् :

स्थानहरू : टोकियो, बेइजिङ, दिल्ली, मङ्गोलिया, सिङ्गापुर, श्रीलङ्का, काबुल, रियाद, गोवी मरुभूमि, थार मरुभूमि, सगरमाथा, तिब्बती समस्थली

नदीहरू : याङ्जी, ह्वाङ हो, गङ्गा, इरावदी, मेकोङ, लिना, युफ्रेट्स

ताल तथा सागरहरू : क्यास्पियन सागर, अरब सागर, बङ्गालको खाडी, बैकाल ताल

पाठ्यक्रम विकास केन्द्र

पाठ ११

# युरोप : भौगोलिक तथा प्राकृतिक वातावरण




युरोप घना बस्ती भएको सानो महादेश हो । यो महादेश ३९° उत्तरदेखि ७१° उत्तर आक्षांश र २०° पश्चिम देखि ६५° पूर्वी देशान्तरसम्म फैलिएको छ । यस महादेशलाई पूर्वमा युराल पर्वत र क्यास्पियन सागरले एसियाबाट छुट्याएका छन् । यसका पश्चिममा आन्ध्र महासागर, उत्तरमा सुमेरु महासागर र दक्षिणतर्फ भूमध्यसागर अवस्थित छन् । यो संसारको दोस्रो सानो महादेश हो । यस महादेशले १,०४,९८,००० वर्ग कि. मि. भूभाग ओगटेको छ । यसको पूर्व पश्चिम लम्बाइ ६४०० कि. मि. र उत्तर दक्षिण चौडाइ ४८०० कि. मि. रहेको छ । तिनै तर्फबाट पानीले घेरिएको र एकातर्फ एसियाको विशाल भूखण्डसँग जोडिएकाले युरोपलाई प्रायद्विप भनिन्छ । युरोपभित्र पनि तिनै तर्फबाट पानीले घेरिएका अन्य भूभागहरू पनि छन्, जस्तै : नर्वे, स्विडेन, स्पेन, पोर्चुगल, इटली र ग्रिस । त्यसैले युरोपलाई 'प्रायद्विपहरूको प्रायद्विप' भनिन्छ । यो महादेश सानो भएता पनि भित्री भागसम्म समुद्र घुसेकाले यसको सामुद्रिक किनारा लामो छ ।

युरोपका थोरै मात्र देशहरू भूपरिवेष्ठित छन् । यहाँका नदीहरू धेरै लामा छैनन् तर फराकिलो भई मन्द गतिमा बग्ने हुँदा आन्तरिक जल यातायातका लागि महत्त्वपूर्ण छन् । युरोप पूर्ण रूपले उत्तरी गोलार्धमा पर्ने विश्वको एक मात्र महादेश हो । त्यसैले यसको ठुलो भूभागको हावापानी समशीतोष्ण छ । धरातलीय स्वरूपका आधारमा युरोपलाई मुख्य तिन भागमा बाँड्न सकिन्छ :

१. **उत्तर पश्चिमको उच्चभूमि** : यो युरोपको धरातलीय स्वरूपमध्ये सबैभन्दा प्राचीन स्वरूप हो । प्राचीन मोडदार पहाडलाई अनावृतीकरणका तत्त्वहरूले खियाएर यो उच्चभूमिका रूपमा रहेको छ । यो उच्च भूमिलाई स्क्यान्डिनेभिया (Scandinevia) भनिन्छ । यस क्षेत्रमा नर्वे, स्विडेन, फिनल्यान्ड र डेनमार्क जस्ता देशहरू अवस्थित छन् ।

२. **मध्य भागको मैदान** : यसलाई रुसी प्लेट पनि भनिन्छ । यो क्षेत्र युरोपको पूर्वी भागको युराल पर्वतदेखि आन्ध्र महासागरको किनारी भागसम्म फैलिएको छ । यो भाग ज्यादै प्राचीन परिवर्तित चट्टानबाट बनेको छ । यो मैदानी भागमा रुसको विशाल भूमि, पोल्यान्ड, जर्मनी, उत्तरी फ्रान्स, बेल्जियम जस्ता देशहरू पर्दछन् । भोल्गा (Volga) र डेन्युब (Dunube) नदीहरू यसै क्षेत्रबाट बहन्छन् ।

३. **दक्षिणको पर्वतीय क्षेत्र** : यो पर्वत एसियाको हिमालय पर्वतको समकालीन पर्वत माला हो । यो नयाँ मोडदार चट्टानद्वारा बनेको छ । यो पर्वत श्रेणीको उचाइ र स्वरूप एकनासको छैन । आल्पस् (Alps), ककेसस (Caucasus) र कार्पाथियन (Carpathian) शृङ्खलाहरू यहाँका मुख्य पर्वत श्रेणी हुन् । ककेसस पर्वत श्रेणीमा रहेको एल्ब्रुस पर्वत (Mt. Elbrus) युरोपको सबैभन्दा अग्लो पर्वत (५६३३ मि.) हो ।

## हावापानी तथा प्राकृतिक वनस्पति

अवस्थिति, धरातलीय स्वरूप र सामुद्रिक दुरीका कारणले युरोपमा मुख्यत: चार प्रकारका हावापानीका क्षेत्र पाइन्छन् । अधिकांश भाग उत्तरी अक्षांशमा पर्ने कारणले उत्तरी युरोपको हावापानी अत्यन्तै चिसो छ । यो क्षेत्र लगभग नौ महिना हिउँले ढाकिएको हुन्छ । ग्रीष्मयामको तापक्रम लगभग १०°-१२° से. हुन्छ । यो क्षेत्रमा नरम काठ भएका सल्ला, धुपी जातका कोणधारी जङ्गल पाइन्छन् जसलाई टाइगा (Taiga) भनिन्छ । पश्चिमी वायुको प्रभावले पश्चिमी सामुद्रिक किनारका क्षेत्रहरूमा बर्सैभरि पानी पर्दछ र हिउँद्मा केही हिउँ पर्दछ । यहाँको हावापानी न्यानो र स्वस्थ्यकर छ । हिउँद् र ग्रीष्मको तापान्तर धेरै हुँदैन । यस क्षेत्रमा ठुला पात भएका पतझर जङ्गल पाइन्छ ।

युरोपको पूर्वी क्षेत्र समुद्रबाट टाढा रहेकाले यहाँ विषम हावापानी पाइन्छ । ग्रीष्मयाममा गर्मी हुने र हिउँद्मा अत्यन्तै चिसो हुने यस क्षेत्रमा वर्षा अत्यन्तै कम हुन्छ । फलस्वरूप रुखहरू उम्रन र बढ्न सक्दैनन् । त्यसैले पूर्वी युरोपमा घाँसे मैदान पाइन्छ जसलाई स्टेप्स (Steppes) भनिन्छ । दक्षिण युरोपमा भूमध्यसागरीय हावापानी पाइन्छ । यस क्षेत्रमा जमिनबाट बहने वाणिज्य वायुको कारणले ग्रीष्मयाममा गर्मी हुने तर पानी नपर्ने र सुख्खा हुन्छ भने हिउँद्मा पश्चिमी वायुले प्रशस्त वर्षा गराउँछ । ग्रीष्मयाममा पानी नपर्ने र हिउँद्मा तापक्रम कम हुनाले यस क्षेत्रमा रुखहरू बढ्न सक्दैनन् । त्यसैले यस क्षेत्रमा ससाना पात भएका होचा रुखहरूको जङ्गल र झाडीहरू पाइन्छन् । पूर्वको क्यास्पियन सागर वरिपरि अर्ध मरुस्थलीय हावापानी र वनस्पति पाइन्छ ।

**क्रियाकलाप**

१. युरोपमा बर्सैंभरि पानी पर्ने क्षेत्र, हिउँद्मा मात्र पानी पर्ने क्षेत्र र लामो समय हिउँले ढाकिने क्षेत्र पहिचान गर्नुहोस् र यसो हुनाका कारण छलफल गरी लेख्नुहोस् ।

**अभ्यास**

१. युरोपको रेखाङ्कित नक्सामा तिन मुख्य भौगोलिक प्रदेशहरू (पर्वतीय क्षेत्र, उच्च भूमिको क्षेत्र र मैदानी क्षेत्र) देखाउनुहोस् ।

२. तल दिइएको लन्डनको १२ महिनाको वर्षा र तापक्रमको तथ्याङ्कलाई स्तम्भचित्र र रेखाचित्रद्वारा देखाउनुहोस् :

| महिना | ज. | फे. | मा. | अ. | मे. | जु. | जु. | अ. | से. | अ. | नो. | डि. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तापक्रम (से.) | ४ | ५ | ७ | ९ | १२ | १६ | १८ | १७ | १५ | ११ | ८ | ५ |
| वर्षा (मि. मि.) | ५४ | ४० | ३७ | ३७ | ४६ | ४५ | ५७ | ५९ | ४९ | ५७ | ६४ | ४८ |

३. भौगोलिक कारण दिनुहोस् :

(क) पूर्वी युरोपमा जङ्गल नभएर धेरै घाँसे मैदान छ ।

(ख) दक्षिण युरोपमा ग्रीष्मयाममा वर्षा हुँदैन ।

(ग) उत्तरी युरोपमा कोणधारी जङ्गल पाइन्छ ।

(घ) फिनल्यान्डलाई तालैतालको देश भनिन्छ ।

४. युरोपको नक्सा हेरी निम्न तथ्यहरू पत्ता लगाउनुहोस् :

(क) फ्रान्स र स्पेनबिचको पर्वत

(ख) सबैभन्दा बढी जनघनत्व भएको टापु

(ग) अफ्रिकाको अति नजिक पर्ने युरोपेली देश

(घ) जर्मन हुँदै उत्तरतर्फ बग्ने नदी

५. युरोपको रेखाङ्कित नक्सामा निम्न तथ्यहरू भर्नुहोस् :

आल्पस् पर्वत श्रेणी, एल्ब्रुस पर्वत, डेन्युब नदी, हिउँद्मा पानी पर्ने क्षेत्र, बाल्टिक सागर, भूमध्य सागर ओनेगा ताल, स्कान्डिनेभिया, उच्च भूमि, आइबेरियन प्रायद्वीप, जिब्राल्टार जल संयोजक, लन्डन, ओस्लो, पेरिस, ग्रिस, मस्को ।

पाठ १२

# युरोप : आर्थिक तथा सामाजिक जीवन

आर्थिक प्रगति र आधुनिकताका दृष्टिले युरोप महादेश ज्यादै विकसित छ । यहाँका अधिकांश व्यक्तिहरू क्रिस्चियन धर्म मान्छन् । यहाँ रोमन क्याथोलिक र प्रोटेस्टेन्ट दुवै सम्प्रदायका व्यक्तिहरू एक आपसमा मिलेर बसेका छन् । युरोपमा प्राय:जसो आआफ्नै देशको भाषा बोलिए पनि अङ्ग्रेजी, फ्रेन्च, जर्मन लगायत प्रमुख रूपले बोलिने भाषा हुन् । यहाँ अधिकांश बासिन्दा आर्यन छन् र केही मात्र मङ्गोलियन छन् ।

समशीतोष्ण र स्वस्थकर हावापानीका कारणले यस महाद्वीपका व्यक्तिहरू मिहिनेती र सिर्जनशील छन् । अठारौँ र उन्नाइसौँ शताब्दीको औद्योगिक क्रान्तिदेखि नै युरोपेली मुलुकहरूले उच्च आर्थिक र प्राविधिक विकास गरेका थिए । यात्रा, खोज र अनुसन्धानमा अग्रस्थानमा रहेका युरोपेलीहरूले नै उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिकाका बारेमा विस्तृत जानकारी लिएका थिए । त्यहाँका मुलुकलाई आफ्नो उपनिवेश बनाई ठुलो आर्थिक फाइदा लिएका थिए । यस महादेशले विश्वका ठुला वैज्ञानिक, दार्शनिक, कलाकार, साहित्यकार आदि जन्माएको छ । तिनीहरूबाट संसारभरिका व्यक्तिहरूले पनि फाइदा लिएका छन् । अमेरिका पत्ता लगाउने क्रिस्टोफर कोलम्बसदेखि अस्ट्रेलिया पत्ता लगाउने जेम्स कुक पनि युरोपेली नै थिए । प्रसिद्ध वैज्ञानिक अल्बर्ट आइन्सटाइनदेखि लिएर महान् कलाकार लियोनार्दो दा भिन्ची, पिकासो, महान् साहित्यकार सेक्सपियर, पेट्रार्क आदि पनि युरोपेली नै हुन् ।

## कृषि, उद्योग, पशु पालन तथा पर्यटन



युरोप सानो तर उच्च जनघनत्व भएको महादेश हो । यहाँका अधिकांश व्यक्तिहरू शिक्षित र सिपयुक्त हुनाले समशीतोष्ण घाँसे मैदानलाई पनि 'संसारको अन्न भण्डार' बनाएका छन् । यहाँ मासु र दुग्ध पदार्थका लागि ठुलो सङ्ख्यामा गाईवस्तुहरू पालिन्छन् । यहाँ अत्याधुनिक पशु पालन व्यवसाय फस्टाएको छ । भूमध्यसागर वरिपरिका क्षेत्रमा प्रशस्त मात्रामा अङ्गुर, सुन्तला, कागती जातका रसदार फलफुलको खेती गरिन्छ । यसर्थ यस क्षेत्रमा जुस तथा वाइन उद्योगहरूको राम्रो विकास भएको छ । रमणीय वातावरणका कारण पश्चिम र दक्षिण युरोपमा पर्यटन उद्योगको विकास भएको छ । उत्तरी चिसो क्षेत्रमा मासुका लागि रेनडियर पालिन्छ । सामुद्रिक किनारी क्षेत्रमा आधुनिक प्रविधिबाट प्रशस्त माछा मारिन्छ ।

प्राकृतिक स्रोतमा पनि युरोप धनी छ । उत्तर पश्चिम खण्डको समुद्री क्षेत्रमा प्रशस्त पेट्रोलियम पदार्थ उत्पादन गरिन्छ । मध्य तथा पूर्वी भागमा प्रशस्त कोइला र फलाम उत्पादन गरिन्छ । समयको उचित सदुपयोग गर्ने, व्यस्त रहने, मिहिनेती तथा कुनै पनि कामलाई युरोपेली व्यक्तिहरूले सम्मान गर्छन् । त्यहाँ उपलब्ध साधन र स्रोतहरूको सही उपयोग गरी उनीहरू उच्च जीवन स्तर बाँच्न सफल भएका छन् ।

**क्रियाकलाप**

१. “युरोप महादेशले मानव विकासका विभिन्न क्षेत्रमा अग्रणी भूमिका खेलेको छ ।” यस भनाइलाई पुष्टि गर्नुहोस् ।

२. बेलायत, इटाली र नर्वेको आर्थिक गतिविधि तथा जीवन स्तरबारे कक्षामा समूहगत छलफल गर्नुहोस् ।

३. मध्य युरोपको घाँसे मैदानको आर्थिक महत्त्वको चर्चा गर्नुहोस् ।

४. विभिन्न स्रोतबाट सूचना सङ्कलन गरी तलको तालिका भर्नुहोस् :

| प्रदेश | देशहरू | हावापानी | कृषि | खनिज उद्योग |
|---|---|---|---|---|
| युरोपको उत्तरी भाग | | | | |
| युरोपको पश्चिमी भाग | | | | |
| युरोपको मध्य भाग | | | | |
| युरोपको दक्षिणी भाग | | | | |

५. युरोपको रेखाङ्कित मानचित्रमा निम्न लिखित कुराहरू देखाउनुहोस् :

पेट्रोलियम उत्पादन हुने क्षेत्र, गहुँ उत्पादन क्षेत्र, फलफुल उत्पादन क्षेत्र, टाइगा जङ्गलको क्षेत्र, कोइला उत्पादन हुने क्षेत्र, घना आवादीका क्षेत्रहरू ।

६. यदि तपाईँले युरोपमा बस्ने मौका पाउनुभयो भने कुन देशमा बसोबास गर्न मन पराउनुहुन्छ, किन ? भौगोलिक, आर्थिक र सामाजिक कारण दिनुहोस् ।

पाठ १३

# अस्ट्रेलिया महादेशको भौगोलिक तथा प्राकृतिक वातावरण




अस्ट्रेलिया संसारको सबैभन्दा सानो महादेश हो । यो महादेश १०° दक्षिणदेखि ४०° दक्षिण अक्षांश र ११४° पूर्वदेखि १५४° पूर्व देशान्तरसम्म फैलिएको छ । यसको कुल क्षेत्रफल ७६,८६,८५० वर्ग कि. मि. छ । यसको सम्पूर्ण भूभाग दक्षिणी गोलार्धमा पर्छ । अस्ट्रेलियाको धेरैजसो भूभाग होचो र समथर छ । अस्ट्रेलियालाई प्राकृतिक स्वरूपअनुसार मुख्य तिन भागमा बाँड्न सकिन्छ :

१. पूर्वी उच्च भूमि : यो भाग उत्तर पूर्वमा केपयोर्क प्रायद्वीपदेखि दक्षिणमा तस्मानिया टापुसम्म फैलिएको छ । पूर्वतर्फ उत्तरदेखि दक्षिणसम्म फैलिएको पहाडी भाग छ जसलाई ग्रेट डिभाइडिङ रेन्ज (Great Dividing Range) भनिन्छ । यसको सालाखाला उचाइ ९०० मि. छ । यसको दक्षिणी भागमा अस्ट्रेलियाको सबैभन्दा अग्लो पहाड कोसिएस्को (Mt. Kosciusko, २,२२८ मि.) छ । यसको उत्तर पूर्वमा ग्रेट बेरियर रिफ (Great Barrier Reef) पर्छ ।

२. **मध्य भागको होचो मैदानी खण्ड :** यो भाग अस्ट्रेलियाको सबैभन्दा होचो र समथर भूभाग हो । यो पूर्वी उच्च भूमि र पश्चिमको समस्थलीको बिचमा पर्छ । यो भाग उत्तरमा कार्पेन्टरियाको खाडीदेखि दक्षिण समुद्रसम्म फैलिएको छ । मुरे डार्लिङ नदीको बेँसी यहाँको महत्त्वपूर्ण समतल भूमि हो । यहाँ केही तालहरू पनि छन् । बिचको भूभागलाई लेक आयर बेसिन भनिन्छ ।

३. **पश्चिमी उच्च समस्थली :** पश्चिमी उच्च समस्थलीले अस्ट्रेलियाको दुई तिहाई भूभाग ओगटेको छ । मध्यभागको होचो भूमिभन्दा यो भाग उच्च छ र धेरैजसो भागहरू समतल छन् । यसको मध्यभागमा मरुभूमि रहेको छ ।

## हावापानी तथा प्राकृतिक वनस्पति

अस्ट्रेलियाका धेरैजसो भूभागहरू गर्मी र सुख्खा छन् । यहाँको उत्तरी तथा उत्तर पूर्वमा उष्ण मौसमी हावापानी र उष्ण सदावहार जङ्गल पाइन्छ । पश्चिमी खण्डमा उष्ण मरुस्थलीय हावापानी पाइने हुँदा मरुस्थलीय वनस्पति र केही घाँसे मैदान पाइन्छन् । दक्षिण पूर्वी खण्डमा समशीतोष्ण सामुद्रिक हावापानी पाइने हुँदा त्यहाँ समशीतोष्ण घाँसेभूमि पाइन्छ । यस घाँसेभूमिलाई डाउन्स (Downs) भनिन्छ । यस क्षेत्रमा कङ्गारुलगायत विभिन्न जङ्गली जनावरहरू पाइन्छन् । सुदूर दक्षिण तथा दक्षिण पश्चिम क्षेत्रमा हिउँद्मा पानी पर्ने भूमध्यसागरीय हावापानी पाइन्छ । अस्ट्रेलियाको दक्षिणपूर्वी खण्डमा न्युजिल्यान्ड भनिने एउटा छुट्टै देश छ । यहाँ समशीतोष्ण सामुद्रिक हावापानी पाइन्छ । यो देशको मध्यभागमा पहाड छ । यहाँ पनि घाँसे मैदान छन् ।

**क्रियाकलाप**

१. अस्ट्रेलियाको पूर्वी, पश्चिमी, उत्तरी र दक्षिणी सिमाना के के हुन्, एटलसको सहयोगले लेख्नुहोस् ।

२. अस्ट्रेलियामा पाइने यी कस्ता प्रकारका जीवजन्तु हुन्, कक्षामा छलफल गर्नुहोस् ।





३. के तपाईँ अस्ट्रेलियाको पश्चिमको उच्च समस्थलीमा बस्न तपाईँ रुचाउनुहुन्छ, कक्षामा छलफल गर्नुहोस् ।

**अभ्यास**

१. अस्ट्रेलियाको प्राकृतिक नक्सा कोरी पर्वतीय खण्ड, उच्च समस्थली र मैदानी खण्ड देखाउनुहोस् ।

२. हावापानी र प्राकृतिक वनस्पतिबिच के सम्बन्ध हुन्छ, अस्ट्रेलियाको सन्दर्भमा व्याख्या गर्नुहोस् ।

३. भौगोलिक कारण दिनुहोस् :

(क) अस्ट्रेलिया र एसियाका ऋतुहरू ठिक विपरीत हुन्छन् ।

(ख) क्रिसमस पर्व अस्ट्रेलियामा गर्मीयाममा मनाइन्छ भने युरोपमा जाडोयाममा मनाइन्छ ।

(ग) अस्ट्रेलियाको पूर्वी तटीय क्षेत्रमा जनघनत्त्व धेरै छ ।

४. अस्ट्रेलियाको रेखाङ्कित नक्सामा तलका कुराहरू देखाउनुहोस् :

मुर्रे-डार्लिङ नदी, डार्बिन, सिड्नी, ग्रेट स्यान्डी मरुभूमि, प्रशान्त महासागर, ग्रेट डिभाइडिङ रेन्ज, ग्रेट अस्ट्रेलियन मरुभूमि, तस्मानिया टापु, हिउँद्मा पानी पर्ने क्षेत्र, ग्रेट बेरियर रिफ, ग्रेट अस्ट्रेलियन बाइट, कोसिएस्को पहाड, न्युजिल्यान्ड, पर्थ, क्विन्सल्यान्ड, विस्वेर्न ।

पाठ १४

# अस्ट्रेलिया : आर्थिक क्रियाकलाप र सामाजिक जनजीवन

अस्ट्रेलिया महादेशको अधिकांश ठाउँको भौगोलिक वातावरण सबैखाले आर्थिक क्रियाकलापका लागि अनुकूल नदेखिए पनि यहाँको आर्थिक उन्नति अत्यन्त राम्रो छ । यहाँको कुल जनसङ्ख्याको लगभग ९८ प्रतिशत युरोपेली मूलका व्यक्तिहरू छन् । यहाँको मुख्य भाषा अङ्ग्रेजी हो । यहाँका धेरैजसो व्यक्तिहरू क्रिस्चियन धर्म मान्छन् । यहाँका आदिवासीहरू करिब ३०,००० वर्ष अघि दक्षिण पूर्वी एसियाबाट आएको विश्वास गरिन्छ । अहिले तिनीहरूको सङ्ख्या एकदमै कम छ । लगभग ८० देखि ८५ प्रतिशत जनसङ्ख्याको बसोबास महादेशको दक्षिण पूर्वतिर रहेको छ ।

## आर्थिक क्रियाकलाप



**खेतीपाती तथा भेडा पालन :** अस्ट्रेलिया महादेशका लगभग ५ प्रतिशत व्यक्तिहरू कृषि तथा पशु पालन कार्यमा संलग्न छन् । आधुनिक वैज्ञानिक पद्धतिको प्रयोगले यहाँको कृषि तथा पशु पालन क्षेत्र अत्यन्त विकसित छ । मुर्रे डार्लिङ बेँसी र घाँसे मैदानहरूमा ठुलो मात्रामा गहुँ उत्पादन हुन्छ । यहाँ आधुनिक किसिमले ठुलो सङ्ख्यामा गाई तथा भेडा पालन गरिन्छ । पश्चिमी अस्ट्रेलिया, न्यु साउथ वेल्स र भिक्टोरियामा पनि भेडा पालनका क्षेत्रहरू छन् । यस कारण यहाँ प्रशस्त दुग्ध पदार्थ, ऊन र मासु उत्पादन हुन्छ । यहाँको अर्धशुष्क घाँसेभूमि भेडा पालनका लागि उपयुक्त छ । दक्षिण पश्चिमतर्फ प्रशस्त फलफुल उत्पादन हुन्छ ।

**उद्योग धन्दा तथा खानी :** अस्ट्रेलिया खानी तथा खनिज पदार्थमा धेरै धनी छ । यहाँ सुनचाँदी, फलाम, तामा, जस्ता, तेल, प्राकृतिक ग्यास, निकेल, युरेनियम, कोइला आदि प्रशस्त पाइन्छ र निर्यात पनि गरिन्छ । सिड्नी र मेलबर्न वरपर मात्रै थुप्रै उद्योग धन्दाहरू छन् । खनिज, ऊन, मासु, दुग्धजन्य पदार्थ, मेसिनहरू, स्तरीय फलामको धाउ (iron ore) र गहुँ यहाँका मुख्य निर्यातमुखी उद्योगहरू हुन् ।

**जल विद्युत् उत्पादन तथा पर्यटन :** संसारका ठुलो आयोजनाहरू मध्यको एक स्नोइ मुर्रे विकास आयोजना यहाँको महत्त्वपूर्ण आयोजना हो। यस आयोजनामा स्नोइ नदीको पानीलाई उपल्लो मुर्रे बैँसीमा लगी विद्युत् उत्पादन तथा सिँचाइ कार्य गरिएको छ। मुर्रे - १ मा ९५० मेघावाट र मुर्रे - २ मा ५५० मेघावाट विद्युत् उत्पादन हुन्छ। यस आयोजनाका लागि ग्रेट डिभाइडिङ रेन्जको भित्र करिब १५ कि. मि. सुरुङ बनाई पानी लगिएको छ। अस्ट्रेलियामा धेरै रमणीय राष्ट्रिय निकुञ्ज तथा सामुद्रिक तट छन् जसले लाखौँ पर्यटकहरू आकर्षित गर्छन्। पर्यटन व्यवसाय र सेवामूलक उद्योगबाट अस्ट्रेलियाले ठुलो धनराशी आर्जन गर्छ।



यस प्रकार यहाँका व्यक्तिहरूले उपलब्ध साधन र स्रोतको सदुपयोग गरी उच्च आर्थिक उपलब्धि हासिल गरेका छन्। मानव बसोबास भएका सबै क्षेत्रमा यातायात, सञ्चार, शिक्षा तथा स्वास्थ्यको पनि ज्यादै राम्रो सुविधा छ। अधिकांश व्यक्तिहरू परिश्रमी र व्यस्त छन्। तर सप्ताहान्तमा भने यिनीहरू राम्ररी बिदा मनाउँछन् र आनन्द लिन्छन्।

**क्रियाकलाप**

क्रिसमस डे, मेलबर्न ओलम्पिक, महिलालाई भोट दिने अधिकार र आदिवासीको संरक्षण सम्बन्धमा छलफल गर्नुहोस्।

**अभ्यास**

१. अस्ट्रेलियाका आदिवासीहरू को हुन् ?

२. अस्ट्रेलियाको आर्थिक क्रियाकलापका बारेमा छोटकरीमा लेख्नुहोस्।

३. अस्ट्रेलियामा किन पशु पालन व्यवसाय फस्टाएको छ ? यसका फाइदाहरू के छन् ?

४. अस्ट्रेलियामा पाइने मुख्य खनिज पदार्थहरू र तिनको वितरण एटलस हेरी पत्ता लगाउनुहोस्।

५. अस्ट्रेलियाको जनसङ्ख्याको वितरण कस्तो छ ? यसका कारणहरू के हुन सक्छन् ?

६. अस्ट्रेलियाको रेखाचित्र नक्सामा निम्न लिखित कुराहरू देखाउनुहोस् :

   एक सुनखानीको क्षेत्र, एक फलाम खानीको क्षेत्र, गहुँ उत्पादन हुने क्षेत्र, फलफुल उत्पादन हुने क्षेत्र, भेडा पालनको क्षेत्र।

पाठ १५

# एसिया, युरोप, अस्ट्रेलिया र नेपाल

## एसिया र नेपाल

नेपाल एसिया महादेशमा पर्ने हिमालयको दक्षिण काखमा अवस्थित छ । गङ्गा र ब्रह्मपुत्र नदीको विशाल मैदानको एक सानो खण्ड नेपालको तराई प्रदेश हो । नेपालको हावापानीमा प्रभाव पार्ने मौसमी वायुले दक्षिण एसिया, दक्षिण पूर्व र पूर्वी एसियाको विशाल खण्डलाई प्रभावित पार्छ । उचाइको विविधताले गर्दा एसियामा पाइने सबै प्राकृतिक वनस्पति नेपालमा पनि पाइन्छ । एसियाका मुलुकहरू भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, थाइल्यान्ड, मलेसिया, चीन, रुस, कोरिया, जापान, साउदी अरेबिया, युएई जस्ता देशसँग नेपालको राम्रो कुटनीतिक, व्यापारिक र सामाजिक सम्बन्ध रहेको छ । थुप्रै नेपालीहरू भारत, मलेसिया, कोरिया, जापान र अरब मुलुकमा काम गरिरहेका छन् । यसैगरी एसियाका मुलुकहरूसँग नेपालले शिक्षा र स्वास्थ्य जस्ता पूर्वाधार विकास, बाल बालिका तथा महिलाका हित, प्राकृतिक सम्पदाको संरक्षण, सांस्कृतिक आदान प्रदान लगायतमा सक्रिय सहभागिता जनाउँदै आएको छ ।

## युरोप र नेपाल

युरोप भिन्नै महादेश र नेपालबाट टाढा भए पनि यहाँका धेरै मुलुकहरूसँग नेपालको विविध पक्षमा सम्बन्ध रहेको पाइन्छ । नेपाल र युरोप दुवै उत्तरी गोलार्धमा नै रहेकाले समान ऋतुहरू छन् । हावापानीको स्वरूपमा केही भिन्नता देखिए पनि आल्पस् पर्वतीय खण्ड र नेपालको हिमालय खण्ड समान प्रकारका छन् । नेपालको हिमाली खण्डको वातावरण युरोपको उत्तरतर्फको वातावरणसँग मिल्दाजुल्दो छ । युरोपेली मुलुकहरू आर्थिक हिसाबले नेपालभन्दा निकै अगाडि छन् । बेलायत, जर्मनी, फ्रान्स, डेनमार्क, नर्वे जस्ता देशहरूसँग हाम्रो दौत्य सम्बन्ध पनि कायम छ । दसकौँदेखि ती देशहरूले नेपालको योजना र विकास कार्यमा सहयोग गरिरहेका छन । शिक्षा, स्वास्थ्य, विद्युत् जस्ता पूर्वाधार विकास तथा पुरातात्त्विक र सांस्कृतिक सम्पदाको संरक्षण र संवर्धन गर्न उनीहरूको सहयोग महत्त्वपूर्ण रहेको छ । युरोपेली युनियनले नेपालमा शान्ति स्थापनाका लागि सहयोग पुऱ्याएको छ । युरोपेली देशहरूमा धेरै नेपालीहरू शिक्षा आर्जन तथा अन्य आर्थिक क्रियाकलापमा संलग्न छन् । यिनीहरूले बर्सेनि विप्रेषण (remittance) मार्फत धेरै विदेशी मुद्रा नेपाल भित्र्याउनुका साथै नेपालसँगको व्यापार बढाउन मदत गरेका छन् । नेपालले तयारी पोसाक, गलैँचा, क्युरियो सामान, धातुका मूर्ति आदि युरोपतर्फ निर्यात गर्छ । यसरी युरोपेली देशसँग नेपालको विविध पक्षमा सम्बन्ध विस्तारित भइरहेको छ ।

## अस्ट्रेलिया र नेपाल

अस्ट्रेलिया महादेश एउटा सिङ्गो देश पनि हो । भौगोलिक हिसाबले यो महादेश र नेपालका बिचमा खास समानता नभए पनि आर्थिक, शैक्षिक र व्यापारिक सम्बन्ध राम्रो छ । बर्सेनि थुप्रै नेपाली विद्यार्थीहरू अस्ट्रेलियमा अध्ययन गर्न जान्छन् । थुप्रै नेपालीहरू अस्ट्रेलियामा काम गरेर बसेका छन् । अस्ट्रेलियाले नेपाललाई विशेष गरी वन संरक्षण, भुटानी शरणार्थीको पुन:स्थापना तथा सुशासन जस्ता क्षेत्रमा विशेष सहयोग गरेको छ । यस देशसँग नेपालको व्यापार सम्बन्ध पनि बलियो हुँदै गएको छ । त्यस्तै नेपालमा अस्ट्रेलियन पर्यटकको सङ्ख्या पनि दिन प्रतिदिन बढिरहेको छ ।

**क्रियाकलाप**

१. कक्षालाई तिन समूहमा बाँडी एकले नेपाल र एसिया, अर्कोले नेपाल र युरोप तथा तेस्रोले नेपाल एवम् अस्ट्रेलियाको सम्बन्धबारे छलफल गर्नुहोस् । विभिन्न स्रोतबाट जानकारी लिई समूहगत प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नेपाली विद्यार्थीहरू उच्च शिक्षा अर्जन गर्न जाने गरेका एसिया र युरोपका मुलुकहरूको सूची बनाउनुहोस् । नेपालमै अध्ययन नगरी नेपालीहरू किन ती देशमा गएका होलान्, कक्षामा छलफल गर्नुहोस् ।

**अभ्यास**

१. नेपालीहरूले विदेशमा काम गर्नाले हुने फाइदा र बेफाइदाहरूको सूची बनाउनुहोस् ।

२. नेपाल र अस्ट्रेलियको आपसी सम्बन्धका क्षेत्रहरू औँल्याउनुहोस् ।

३. तलका तालिका भर्नुहोस् :

| महादेश | देशहरू | जनसङ्ख्या | साक्षरता प्रतिशत | प्रतिव्यक्ति आय | कृषि पेसामा लागेका जनसङ्ख्या प्रतिशत |
|---|---|---|---|---|---|
| एसिया | भारत<br>चीन<br>जापान<br>कोरिया<br>नेपाल | | | | |
| युरोप | बेलायत<br>फ्रान्स<br>जर्मनी<br>नर्वे | | | | |
| अस्ट्रेलिया | न्युजिल्यान्ड<br>अस्ट्रेलिया | | | | |

४. एसिया र युरोपका देशहरूबाट नेपालले के के फाइदा लिन सक्छ, समूहमा छलफल गरी लेख्नुहोस् ।

५. नेपाल जस्तै एसिया र युरोपका भुपरिवेष्ठित देशहरूको सूची तयार पारी नेपाल र ती देशहरूको आर्थिक स्थितिबारे तुलना गर्नुहोस् ।

पाठ १

# ऐतिहासिक स्रोतहरूको खोजी, अध्ययन र त्यसको संरक्षण



अघिल्ला कक्षाहरूमा निर्धारित इतिहासको पाठ्यांश प्रसङ्ग र ऐतिहासिक स्रोतहरूको खोजी, अध्ययन एवम् तिनीहरूको संरक्षणमा आधारित भई तयार पारिएको परियोजना कार्यको एउटा प्रतिवेदनको नमुना :

**परियोजना कार्य प्रतिवेदन, २०७२**

**ऐतिहासिक स्रोतहरूको खोजी, अध्ययन र तिनीहरूको संरक्षण**

## १. परिचय

इतिहासले भविष्यको मार्ग निर्देश गर्छ । इतिहास निर्माण र सत्य तथ्य कुराहरूको पहिचान गर्न सामग्रीको सङ्कलन, तिनीहरूको तुलनात्मक अध्ययन र मूल्याङ्कन गर्नुपर्ने हुन्छ । घटनाहरूको अध्ययनबाट शिक्षा लिएर समाज र राष्ट्रलाई मार्ग निर्धारण गर्न पनि इतिहास अति आवश्यक छ । तथापि एउटा मात्र स्रोत र सामग्रीका आधारमा लेखिएको इतिहासमा सत्यको नजिक पुग्न सकिँदैन । इतिहासका स्रोतहरू राष्ट्रका पहिचान हुन् । तसर्थ तिनीहरूको संरक्षण गर्नु आजको आवश्यकता हो । यसैको सेरोफेरोमा आधारित रही यो प्रतिवेदन तयार गरिएको हो ।

## २. उद्देश्यहरू

(क) ऐतिहासिक स्रोतहरूको खोजी गरी सङ्क्षेपमा वर्णन गर्न ।

(ख) ऐतिहासिक स्रोतहरूको संरक्षणका उपायहरूबारे बताउन ।

## ३. अध्ययन विधि

(क) प्राथमिक स्रोत : इतिहासविद् तथा बुद्धिजीवी, विषय शिक्षकसँगको अन्तरवार्ता तथा प्रश्नावली

(ख) द्वितीय स्रोत : विभिन्न पुस्तकहरू, लेखोट र पाण्डुलिपिहरूको अध्ययन

## ३. अध्ययनबाट प्राप्त सूचना तथा जानकारी (पत्ता लागेका कुरा)

अध्ययनपश्चात् प्राप्त तथ्याङ्कको विश्लेषण गरी संश्लेषित रूपका तथ्यहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

इतिहासका स्रोतहरू

(क) **लिखित स्रोतहरू (Written Sources)**

वंशावली, जीवनी, पुस्तक, मुद्रा, तक्मा, विभूषण, लिखतहरू, शिलापत्र, ताम्रपत्र, बिल, भौचर, भोजपत्र, ताडपत्र, पाण्डुलिपि, स्वर्णपत्र, यात्रा विवरण, मल्लकालका घटनाहरूको टिपोट (ठ्यासफु) आदि

(ख) **मौखिक स्रोत (Oral Sources)**

वीरगाथा, लोकगीत, सवाई, कथा, आख्यान, अन्तरवार्ता, किंवदन्ती, कहावत, अर्ति उपदेश, खाँडो जगाउने मन्त्र आदि

(ग) **कलाकृति र ठोस वस्तुहरू (Art and Artifacts)**

मूर्ति, चित्रहरू, भवन, पुल, गुफा, मन्दिर, किल्ला, गौँडा, हतियारहरू, पोसाक, कलाकृति, गहना, शृङ्गारहरू, भग्नावशेषहरू, अवशेषहरू, घाट आदि

## ४. सङ्क्षेपमा वर्णन

**विदेशीहरूको यात्रा वर्णन :** चिनियाँ, भारतीय तथा युरोपेलीहरूको नेपाल भ्रमणका क्रममा विभिन्न बौद्ध भिक्षु, रेजिडेन्ट, पादरी, यात्रु तथा व्यापारीहरूले नेपालबारे विविध तथ्यहरू छाडेका छन् । कौटिल्यको अर्थशास्त्र, नेपालबारे गरिएको समुद्र गुप्तको इलाहवादको अभिलेख, फादर ग्रोवर, विलियम कर्कपेट्रिक, हायामिल्टन, रोम आदिको टिप्पणी उल्लेखनीय छ । त्यसैगरी चिनियाँ ताङ्वृत्तान्तको नेपालको सामाजिक आर्थिक, राजनीतिक स्थितिको वर्णनलाई विशेष रूपमा लिइन्छ । साथै उक्त वृत्तान्तमा नेपालमा बौद्ध धर्मबारे गरिएको चर्चा पनि महत्त्वपूर्ण रहेको छ ।

**अभिलेख** : धातु लेखहरू, ताम्रपत्र, रजत पत्र, सुवर्ण पत्र तथा शिलालेख एवम् काठ र कागजमा लेखिएका लेखोटहरूबाट विभिन्न ऐतिहासिक तथ्यहरू फेला परेका छन् ।

**मुद्रा** : नेपालमा माटो, छाला, तामा, चाँदी र सुन आदिका मुद्रा बनेको पाइन्छ । यसबाट विगतका कालखण्ड, तिथि मिति, आर्थिक सामाजिक स्थिति पत्ता लगाउन सकिन्छ ।

**धर्मग्रन्थहरू** : विशेषगरी धर्मग्रन्थहरू नेपालको पौराणिक इतिहास तयार पार्ने आधार भएका छन् । हिन्दु धर्म ग्रन्थहरू, बौद्ध धर्म ग्रन्थहरू मुख्यत: यसका उदाहरणहरू हुन् । यसले विगतका रीति पद्धतिहरूको सुरुआत र न्याय व्यवस्थाबारे जानकारी दिन्छन् ।

**ठ्यासफु** : यो नेवार शब्द हो । यसको अर्थ दैनिक घटना लेखिएको व्यक्तिगत डायरी हो । मध्यकालमा लेखिएका यस्ता ठ्यासफु इतिहासका स्रोतहरू बनेका छन् ।

**वंशावली** : घटनावलीहरूलाई कालक्रम मिलाएर तयार पारिएको विवरण वंशावली हो । राजा महाराजाको नाम, वंश, तिथिमिति, दान, पुण्य, चाडपर्वहरू र सुधारका कार्यहरू यसमा उल्लेख हुनाले यो इतिहासको महत्त्वपूर्ण स्रोत हो ।

**सरकारी कागज पत्र, भाषण तथा प्रकाशन** : यी इतिहासका एक विश्वसनीय स्रोतहरू हुन् । वि. सं. १९१० सालको मुलुकी ऐन, वि. सं. २००७, २०१७, २०३६, २०४६, २०६३ का घोषणाहरू, भाषणहरू, पत्र पत्रिकाहरू आत्म वृत्तान्तहरू, डकुमेन्ट्रीहरू, पुस्तकहरू आदि यस्ता स्रोतहरू हुन् । त्यसैगरी तमसुक, राजपत्र, रसिद, सन्धि सम्झौताहरू, फैसला, आदेश, चिठी पनि अध्ययनका स्रोतहरू हुन् ।

**कला कौशल** : यो इतिहासको एक प्रत्यक्ष देखिने स्रोत हो । मन्दिर, भवन, किल्ला, स्तुप, विहार, स्मारक, मूर्ति आदिमा लेखिएका तथ्यहरू यसका स्रोतहरू हुन् ।

**स्थानीय जनश्रुति, दन्त्यकथा, उखान, तथा लोकगीत** : नेपालका किसान, लाहुरे, कमारा कमारीले पाएको दु:ख तथा युद्धका घटनाहरूलाई गीत, खाँडो, श्लोक, कथा लगायतका माध्यमबाट आफ्ना सन्ततिहरूलाई इतिहास बताइन्छ । पहिलो र दोस्रो विश्वयुद्धका घटना तथा फकल्यान्डको युद्ध सम्बन्धी गन्धर्वका गीतहरू यस तथ्यको नजिक पुगेको देखिएका छन् ।

इतिहासका स्रोतहरूको संरक्षणका उपायहरू सम्बन्धमा निम्न लिखित बुँदामा सिफारिस गरिएको छ :

(क) इतिहासका स्रोतहरूलाई अभिलेखीकरण गरी राख्ने ।

(ख) पुस्तकालय तथा सङ्ग्रहालय निर्माण गरी संरक्षित गर्ने ।

(ग) चोरी हुनबाट रोक्न सुरक्षाको प्रबन्ध गर्ने ।

(घ) विभिन्न स्थानमा प्राप्त स्रोतहरूलाई सङ्कलन गर्ने ।

(ङ) स्रोतहरूलाई राष्ट्रियकरण गर्ने ।

(च) विद्युतीय फाइलहरू निर्माण गर्ने आदि ।

## ५. निष्कर्ष

इतिहासको खोजी र अध्ययन एक सिर्जनात्मक कार्य हो । इतिहासले व्यक्तिलाई ऊर्जाशील बनाई निष्क्रियतालाई निस्तेज पार्ने कार्य गर्दछ । इतिहासका स्रोतहरू राष्ट्रकै गौरव हुन् । तिनीहरूको संरक्षण गरी भविष्यका सन्ततिलाई हस्तान्तरण गरी मार्ग दर्शन गर्न सकिन्छ ।

**क्रियाकलाप**

१. इतिहास जान्ने सम्बन्धमा इतिहासविद्लाई सोध्ने प्रश्नावली तयार गर्नुहोस् ।

२. तपाईँको समुदायमा इतिहासका स्रोतहरू हुन सक्छन्, तिनीहरूको सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. आफ्ना अभिभावक वा समुदायका जानकार व्यक्तिलाई अनुरोध गरी एक वीरगाथा भन्न लगाउनुहोस् । त्यसलाई टिपोट गरी कक्षामा पढेर सुनाउनुहोस् ।

**अभ्यास**

१. खाँडो जगाउने भनेको के हो ? यसले कसरी इतिहासलाई बताउँछ ?

२. ठ्यासफुका बारेमा चर्चा गर्नुहोस् ।

३. 'कला कौशल इतिहासको प्रत्यक्ष देखिने स्रोत हो ।' कसरी ?

**सामुदायिक कार्य**

विभिन्न कालखण्डका धातुका मुद्रा तथा कागजका मुद्राहरू सङ्कलन गर्नुहोस् । त्यसमा अङ्कित सूचनाहरू टिपोट गर्नुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।

पाठ २

# बुद्धको जन्मभूमि कपिलवस्तुको शाक्यवंशीय इतिहास



*गौतम बुद्धको जन्मस्थल लुम्बिनी*

## शाक्यवंशको उत्पत्ति

इस्वी संवत्पूर्व आठौँ शताब्दीमा उत्तर भारतको साकेत भन्ने राज्यमा ओक्काक राजाले राज्य गर्थे । शाक्यहरू राजा ओक्काकलाई आफ्ना पुर्खा मान्छन् । राजा ओक्काकका पाँच महारानीहरू थिए । ती महारानीमध्ये जेठी रानी भत्राबाट चार राजकुमारहरू र पाँच राजकुमारीहरूको जन्म भएको थियो । केही समयपछि राजा ओक्काक एक महिलासँग प्रेममा परी उनीसँग छैटौँ विवाह गरे । ती कान्छी रानीबाट जन्तु नाम गरेका राजकुमारको जन्म भयो । यी रानीको षड्यन्त्र र जालझेलमा परी राजाले ती छोरालाई राज्य दिन चाहे । राजाले अरू राजकुमारहरूलाई देश निकाला गरी निर्वासनमा पठाउने निर्णय गरे ।

बाबुको वचन शिरोपर गरी राजकुमारहरूले पनि राज्य छोडी वनवास प्रस्थान गरे । उनीहरूसँगै पाँच जना राजकुमारीहरू पनि निर्वासनमा गए । तिनीहरू कपिल ऋषिको वासस्थान भएको स्थानमा आइपुगे । उनीहरूलाई ऋषिले आफ्नो कुटी वरपरको जग्गामा नगर स्थापना गरी बस्न सल्लाह दिए । त्यसपछि उनीहरूले उक्त स्थानका साल वृक्षहरू फँडानी गरेर कपिलवस्तु राज्यको स्थापना गरे ।

केही वर्षपछि  साकेत राज्यका दुई मन्त्रीहरू नयाँ नगर कपिलवस्तुमा आएर बसोबास गर्न थाले । बिरानो ठाउँमा राजघरानाको संस्कार र गोत्र जात नमिल्ने अपरिचित व्यक्तिहरू भएकाले आफ्नो कुलीनता नबिगार्न र जाति कुलको मर्यादालाई बचाउन जेठी राजकुमारी प्रियालाई राजमाताको स्थान दिए । अरू राजकुमारीहरूले आफ्नो वंश वृद्धिको उद्देश्यका साथ राजकुमारहरूसँग विवाह गर्ने निर्णय गरे । उता जब यो कुरा राजा ओक्काकले थाहा पाए उनले “हे राजकुमारहरू हो, तिमीहरू सक्य छौ, निश्चय पनि

शाक्य छौं" भनी उद्वेगपूर्ण उद्गार व्यक्त गरे । तत्पश्चात् कपिलवस्तुको गणराज्य स्थापनाका साथै सक्या (सक्का) बाट शाक्य जातको प्रादुर्भाव भएको बयान बुद्ध ग्रन्थ त्रिपिटक, दिघनिकाय, अम्बष्ठ कथामा उल्लेख छ । अनि राजा ओक्काक शाक्य वंशका मूल पुर्खा भए । त्यहाँको शासन गणतन्त्रात्मक ढङ्गले राजाको उपस्थितिमा राजसभामा विभिन्न विद्वान्हरूको सरसल्लाहले हुन्थ्यो । यसरी बुद्धको जन्म अगाडि र निर्वाण पछाडिसम्म शाक्य वंशको शासन कपिलवस्तु गणराज्यमा रहिरहेको देखिन्छ ।

*पाली साहित्य स्रोतअनुसार शाक्य शब्द सक्क = सक्य = साकियको रूपबाट उत्पत्ति भएको हो । यसको अर्थ समर्थता, स्वाभिमान, सक्षम, योग्य र शक्तिशाली हो । सक्य = योग्य समर्थक सम्भव शाक्य वंश*

शाक्य राजा सिंहहनुका कञ्चना नामक रानी थिइन् । यिनको कोखबाट शुद्धोदनसहित पाँच दाजुभाइहरू र एक बहिनी भए । शुद्धोधन जेठो छोरा भएकाले उनी नेपालको तराई प्रदेशमा रहेको स्वायत्त गणराज्य 'कपिलवस्तु' को राजा भए । करिब २६०० वर्ष अगाडि उनले त्यहाँ राज्य गरेका थिए । उनी जनतामाझ अत्यन्तै लोकप्रिय राजा मानिन्थे । यिनकी जेठी रानी महामायादेवीबाट जेठो छोराका रूपमा भगवान् बुद्ध (सिद्धार्थ गौतम) को जन्म भएको थियो । राजा शुद्धोदनकी कान्छी रानी प्रजापति गौतमीका तर्फबाट एउटा छोरा नन्दकुमार र एउटी छोरी नन्दकुमारीको जन्म भएको थियो । शाक्यहरूमा आफ्नो रक्तको शुद्धता र जातीय उच्चताको अभिमान थियो । उनीहरू आफूलाई सूर्यवंशी इस्वाकु कुल गौतम गोत्रको कुलीन क्षेत्रीय मान्थे । छिमेकका कोलीय वा (देवदह) शाक्यहरूसँग क्षेत्रीय कुलीन शाक्यहरूको आपसमा वैवाहिक सम्बन्ध गाँसिन पुग्यो । राजा शुद्धोधनकी फुपूको विवाह कोलीय महाराज अञ्जनसँग भएको थियो । उनका दुवै छोरीहरू महामायादेवी र प्रजापति गौतमीको विवाह शाक्यराज शुद्धोधनसँग भएको थियो । त्यस्तै कोलीयराज अञ्जनका छोरा सप्रबुद्धकी छोरी यशोधराको विवाह, शाक्य राजकुमार सिद्धार्थ गौतमसँग सम्पन्न भएको थियो । राजकुमार सिद्धार्थको जन्म हुनासाथ कपिलवस्तुमा दैवी शक्ति बोधिसत्त्वको जन्म भएको चिह्नहरू देखिन थालेको थियो भन्ने किंवदन्ती रहेको छ । राजदरबारका विशिष्ट ज्योतिषहरूले राजकुमार सिद्धार्थले पछि बुद्धत्व प्राप्त गरी संसारलाई नै एक, नवीन विचार धाराबाट प्रदान गर्नुहुने भविष्यवाणी गरेका थिए ।



*गौतम बुद्धको जन्म प्रकरणमा आधारित लिच्छविकालीन एक प्रसिद्ध मूर्ति रचना*

## कपिलवस्तुका शाक्यहरू तथा कपिलवस्तु र देवदहका शाक्यहरूको सम्बन्ध




*स्रोत : भुवनलाल प्रधान । बुद्ध धर्म र शाक्यहरू, बुद्धकालीन गृहणीहरू र कपिलवस्तुका शाक्य*

**क्रियाकलाप**

१. बुद्धको महापरिनिर्वाणको २९४ वर्षपछि भारतका मौर्य सम्राट् अशोक स्वयम् लुम्बिनी दर्शन गर्न आएका थिए । त्यहाँ उनले एक शिलास्तम्भ खडा गरेका थिए । त्यो स्तम्भ अहिले अशोक स्तम्भका रूपमा चिनिन्छ । यो एक ऐतिहासिक धरोहर हो । स्तम्भको टुप्पोमा घोडा थियो । तर टुप्पो टुक्रिएकाले अहिले घोडा छैन । यो स्तम्भ ६.७ मिटर अग्लो छ । यो स्तम्भ अभिलेखमा ब्राम्हीलिपिमा "हिदबुधे जाते शक्यमुनिति" अर्थात् यहाँ शाक्यमुनि बुद्ध जन्मिनु भएको ठाउँ हो भनी लेखिएको छ ।

*परियति शिक्षा (भाग ३)*

माथि उल्लेख गरिए जस्तै तपाईको समुदाय, गाउँ टोलमा यस्तै प्राचीन लेखोटहरू हुन सक्छन् । ती टिप्नुहोस् र अर्थ खोजी कक्षामा भन्नुहोस् ।

२. विभिन्न विहारहरू वा गुम्बाहरू भ्रमण गरी त्यहाँका पुस्तकहरू अध्ययन गर्नुहोस् वा पत्र पत्रिकामा प्रकाशित लेख रचनाहरू सङ्कलन गरी अध्ययन गर्नुहोस् र तलको तालिका पुरा गरी लेख्नुहोस् :

| क्रम सङ्ख्या | स्थान | बुद्धको जीवनीसँगको सम्बन्ध |
|---|---|---|
| १. | लुम्बिनी, नेपाल | |
| २. | देवदह, नेपाल | |
| ३. | बोधीवृक्ष, गया भारत | |
| ४. | सारनाथ, भरात | |
| ५. | कुशिनगर, भारत | |

३. बुद्धका तिन शरणहरू र पाँच शिलहरू खोजी गरी लेख्नुहोस् । विद्यार्थी र समाजमा तिनीहरूले पार्ने सकारात्मक प्रभावहरू पनि लेख्नुहोस् ।

४. तपाईँको अभिभावकलाई सोधी आफ्नो कुल (थर) वंशावलीको वंशवृक्ष बनाई कक्षामा प्रदर्शन गर्नुहोस् ।

**अभ्यास**

१. नेपालमा शाक्यवंशको उत्पति कसरी भएको थियो ?

२. नेपाली इतिहासमा शाक्य वंशीय इतिहास किन महत्वपूर्ण मानिन्छ ?

३. कपिलवस्तुको नामकरण कसरी भएको थियो ?

पाठ्यक्रम विकास केन्द्र

पाठ ३

# पृथ्वीनारायण शाह र नेपालको एकीकरण अभियान





**गोरखाका राजा नरभूपाल शाह**

- जेठी रानी - चन्द्रप्रभावती (खाँचीकी राजकुमारी)
  - नि:सन्तान
- माहिली रानी-कौशल्यावती (पाल्पाकी राजकुमारी)
  - पृथ्वीनारायण शाह
  - दलमर्दन शाह
  - पृथ्वीपति शाह
- साँहिली रानी-बुद्धिमति (पर्वतका राजाकी भतिजी)
  - शुरप्रताप शाह
- कान्छी रानी-शुभद्रावती (तनहुँकी राजकुमारी)
  - कृतिमहोद्दम शाह
  - दलजीत शाह

**पृथ्वीनारायण शाह (छोटकरीमा)**

| | |
|---|---|
| जन्म : | वि. सं. १७७९ पुस २७ गते, गोरखा दरबार |
| शिक्षा : | सामान्य, चन्द्रप्रभादेवीबाट प्रदान |
| विवाह : | १४ वर्षको हुँदा वि. सं. १७९३ मा पहिलो विवाह इन्द्रकुमारी (मकवानपुरे राजा हेमकर्ण सेनकी छोरी) सँग । पहिलो विवाह सफल नभएपछि वि. सं. १७९७ मा वनारसका अहिमान सिंहकी छोरी नरेन्द्रलक्ष्मीसँग दोस्रो विवाह |
| मितेरी साइनो : | भक्तपुरका राजा रणजीत मल्लका छोरा वीरनरसिंह मल्लसँग |
| राजगद्दी आरोहण : | २० वर्षको उमेरमा वि. सं. १७९९ चैत २५ गते |

## एकीकरण अभियान तालिका

| राज्यहरू/स्थान | आक्रमण तथा विजय मिति | घटनाको विस्तृतीकरण |
|---|---|---|
| नुवाकोट | १८०० (असफल आक्रमण) | भारदार महेश्वर पन्तले काजी विराज थापाविरुद्ध अनावश्यक कुरा लगाई पृथ्वीनारायण शाहको उनीमाथि अविश्वास रहेको, महेश्वर पन्तको नेतृत्वमा गोरखाली फौजको आक्रमण तर हार बेहोरेको । |
| | वि. सं. १८०१ असोज १५ (नुवाकोट विजय) | पहिलो असफल आक्रमणपछि वनारस भ्रमण गरी पृथ्वीनारायण शाहले विशेष प्रशिक्षण लिन र दिन शेख जावर, मुहम्मद ताकी र बेखसिंहलाई सँगै ल्याए। कालु पाँडेलाई काजी पदमा नियुक्त गरे । हातहतियार तथा अन्य बन्दोबस्ती सम्बन्धी कारखाना खोली सैनिक सुदृढीकरण गरे । सैनिकलाई मरवटको व्यवस्था गरे । १२ हजार घरधुरीबाट आफू सक्दो नगद र जिन्सी दिन आग्रह गरे र आर्थिक सुदृढीकरण पनि गरे । छिमेकी राज्यसँग राम्रो सम्बन्ध राखे। १००० सेनाको डफ्फाले नुवाकोटमा तिनतिरबाट आक्रमण गऱ्यो । १२ वर्षका दलमर्दन शाहबाट नुवाकोटका सेना नायक शङ्खमणि रानाको ज्यान गयो । यसरी नुवाकोटमाथि विजय प्राप्त भयो। उता छोराको मृत्युबाट शोकाकुल जयन्त राना बेलकोट आई बसेका थिए । गोरखाली फौजले बेलकोट पनि आक्रमण गरी कब्जा गऱ्यो । |
| दहचोक, नालदुम र महादेव पोखरी | वि. सं. १८११ साउन (विजय) | तुलाराम पाँडेको नेतृत्त्वमा गएको गोरखाली सेनाले काठमाडौँबाट आधा कोष उत्तर पश्चिममा पर्ने दहचोकमा अधिकार जमायो । उता कालु पाँडेको नेतृत्वमा गएको सैन्य दलले नालदुम र महादेव पोखरी कब्जा गऱ्यो । |

| | | |
|---|---|---|
| कीर्तिपुर | वि. सं. १८१४ भाद्र ९ (पहिलो असफल आक्रमण) | सेना नायक कालु पाँडेको इच्छा विपरीत मुढेबलमा पृथ्वीनारायण शाहसहितको गोरखाली फौजले कीर्तिपुरमा आक्रमण गर्‍यो । काठमाडौँ उपत्यकाका तिन राज्यका ४००० संयुक्त सेनाका सामु गोरखाको केही लागेन । कालु पाँडेसहित ४०० गोरखाली सेना हताहत भए । गोरखाली सेना तितरवितर हुन पुगे । |
| मकवानपुर | वि. सं. १८१९ भाद्र ९ (विजय) | मकवानपुरका राजा दिगबन्धन सेनसँग गोरखाको शत्रुता रहेको र कान्तिपुरका राजासँग उनको बढ्दो सम्बन्ध भएकाले काठमाडौँलाई आर्थिक नाकाबन्दीले घेर्ने नीति लिए । यसका लागि पृथ्वीनारायण शाहले मकवानपुर कब्जा गर्नु अति आवश्यक ठाने । त्यसैले वंशराज पाँडे, केहरसिंह बस्नेतको सैन्यदलले मकवानपुर आक्रमण गर्‍यो । लगभग १० घण्टाको लडाइँमा मकवानपुरको फौज नराम्रोसँग पराजित भयो । राजा दिगबन्धन सेन र यिनका मन्त्री कनकसिंह बानियाँ भागेर हरिहरपुरको शरणमा गए । असोज २२ मा गोरखाली फौजले हरिहरपुरमाथि पनि आक्रमण गर्‍यो र अधीनमा ल्यायो । दिगबन्धनसेन भागेर मुगलान पसे । गोरखाले ७०० बन्दुक र अन्य चल अचल सम्पतिसमेत प्राप्त गर्‍यो । |
| बङ्गाली फौजसँगको लडाइँ | वि. सं. १८१९ पुष २७ | दिगबन्धन सेनले बङ्गालका राजा नबाब मिरकासिमसँग मकवानपुर फिर्ताका लागि सहयोगको याचना गरे । गुरगिन खाँको नेतृत्वमा उनले गोरखालीहरूलाई आक्रमण गर्न सयौँको सङ्ख्यामा सेना पठाए । लडाइँमा मिरकासिमका फौजको केही लागेन । उनीहरूले ठुलो सङ्ख्यामा सेना र हतियार गुमाउनु पर्‍यो । यस लडाइँमा विजय प्राप्त गरेपछि गोरखाली फौजले उपत्यकाको छेउछाउमा रहेका साँगा, नाला, फर्पिङ, विशङ्खु, बनेपा आदि ठाउँहरू कब्जा गरी उपत्यका नाकाबन्दी मजबुत बनाएको थियो । |

| | | |
|---|---|---|
| कीर्तिपुर | वि. सं. १८२१ भदौ ३० (दोस्रो असफल आक्रमण) | गोरखाली फौजले शूरप्रताप शाहको नेतृत्वमा कीर्तिपुर आक्रमण गरे तर कीर्तिपुरेहरूले किल्लाभित्र प्रवेश गर्ने द्वार बन्द गरिदिए । यसर्थ बाँसको भऱ्याङ राखेर पर्खाल पार गर्ने तरखरमा लागेका शूरप्रताप शाहको उताबाट बर्साइएको धनुकाँडले लाग्दा देब्रे आँखा फुट्न गयो । अर्को काँडले दलजित शाह सख्त घाइते भए र गोरखाली सेना तितरबितर हुन पुग्यो । |
| कीर्तिपुर | वि. सं. १८२२ चैत ३ (विजय प्राप्त) | यस पटकको युद्धको नेतृत्व काजी वंशराज पाँडेले लिएका थिए । गोरखाली फौजले कीर्तिपुरलाई माघबाट घेराबन्दीमा पार्ने कार्य गरेको थियो । कीर्तिपुरमा ठुलो हाहाकार मच्चियो । तसर्थ धनजनको क्षतिबाट बच्न कीर्तिपुरका रक्षक सिंख्वाल प्रधानलाई आत्म समर्पण गर्न पृथ्वीनारायण शाहले सन्देश पठाए । उनले पनि चैत ३ गते मध्यरातमा प्रवेशद्वार खोलिदिए । यसरी गोरखाले कीर्तिपुर आफ्नो कब्जामा लियो । भोलिपल्ट बिहान उठ्दा कीर्तिपुरका जनताले आफूलाई गोरखाको अधीनमा भएको पाए । |
| कान्तिपुर | वि. सं. १८२५ असोज १३ (विजय) | वि. सं. १८२४ मा जयप्रकाश मल्ललाई सहयोग गर्न आएको किनलकको अङ्ग्रेज फौजलाई सिन्धुली गढीको पौवागढीमा गोरखा फौजले आक्रमण गरी नराम्रोसँग पराजित गऱ्यो । त्यसपछि गोरखाको हौसला अत्यन्तै बढेको थियो । यसर्थ पृथ्वीनारायण शाहको फौजले वि. सं. १८२५ असोज १३ गते इन्द्रजात्राको दिन तिन तिरबाट आक्रमण गरी कान्तिपुर कब्जा गरयो । यहाँका राजा जयप्रकाश मल्ल भागेर पाटनको शरणमा पुगे । उता पृथ्वीनारायण शाह त्यसै दिन कान्तिपुरको राजगद्दीमा विराजमान भए । |
| ललितपुर | वि.सं. १८२५ असोज २४ (विजय) | काठमाडौँ विजय भएको दस दिनपछि पृथ्वीनारायण शाहले ललितपुरका छ प्रधानलाई आत्म समर्पण गर्न र धनजनको क्षतिबाट बच्न भनी सन्देश पठाए । त्यहाँका काजीहरू आत्म समर्पण गर्न राजी भए । तर काजीहरूको यस्तो चालबाजी बुझेपछि राजा तेजनरसिंह मल्ल र जयप्रकाश मल्ल दरबारबाट भागी भक्तपुरको शरणमा गए । असोज २४ गते बिना युद्ध ललितपुर सिङ्गो राज्यमा गाभियो । |

| | | |
|---|---|---|
| भक्तपुर | वि. सं. १८२६ मङ्सिर १ (विजय) | पृथ्वीनारायण शाहले भक्तपुरमा शरण लिइरहेका दुई राजाहरू फिर्ता गर्न त्यहाँका राजा रणजित मल्ललाई आग्रह गरे । तर उनले फिर्ता गर्न नैतिकताले नदिने भने । तसर्थ वि. सं. १८२६ कात्तिक २८ गते भक्तपुर आक्रमण भयो । भक्तपुर र गोरखाली फौजबिच तिन दिनसम्म घमासान युद्ध भयो । रणजित मल्लले कोठाको झ्यालबाट सेतो पगरी देखाई आत्म समर्पण गरे । यसरी मङ्सिर १ गते भक्तपुर कब्जा भयो । पृथ्वीनारायणका तिन ओटै राजाहरूलाई भेटी उनीहरूको अन्तिम इच्छाअनुरूप जयप्रकाश मल्ललाई पशुपति आर्य घाटमा बाँकी जीवन व्यतित गर्ने चाँजोपाँजो मिलाए । आफ्ना मित बाबु पनि रहेका रणजित मल्ललाई उनको इच्छाअनुसार काशी पठाए । तर तेजनरसिंह मल्ललाई आजीवन नजरबन्दमा राखियो । भक्तपुर विजयपछि पृथ्वीनारायण शाहले काठमाडौँलाई सिङ्गो राष्ट्रको राजधानी बनाए । |
| पूर्वी सेनराज्यहरू (चौदन्डी, माझ किरात, विजयपुर) | वि. सं. १८३० र १८३१ | पश्चिमी अभियानमा लागेका वंशराज पाण्डे र केहरसिंह बस्नेतको नेतृत्वमा पठाएको फौजले नराम्ररी पराजय भोगेपछि उनको ध्यान पूर्वी अभियानतिर मोडियो । फलस्वरूप वि. सं. १८३० मा पहिले माझ किरात र पछि चौदन्डी कब्जा गरियो । चौदन्डीका राजा कर्णसेन भागेर विजयपुर पुगे । वि. सं. १८३१ साउनमा विजयपुर गोरखाले कब्जा गर्‍यो । विजयपुरका राजा कर्णसेन र मन्त्री बुद्धिकर्ण राई भागेर सिक्किम पुगे । यसरी नेपाली फौजले पूर्वी सिमाना टिस्टासम्म पुर्‍याएको थियो । |

वि. सं. १८३१ माघ १ गते पृथ्वीनारायण शाहको नुवाकोटको देवीघाटमा मृत्यु भएको थियो ।

**क्रियाकलाप**

१. **नुवाकोटको पहिलो आक्रमणपछि पृथ्वीनारायण शाहले के शिक्षा पाए ? दोस्रो आक्रमणमा उनले कसरी सफलता प्राप्त गरे ?**

२. **'पृथ्वीनारायण शाहको मुढे बलले मात्र नभई कुटनीतिक कौशलले विजय अभियान सफलतामा पुगेको थियो' भन्ने पक्षमा उदाहरणसहित आआफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।**

३. छिमेकीसँगको सम्बन्ध सुमधुर बनाउन तपाईंले के के कार्यहरू गर्दै आउनुभएको छ ? सम्बन्ध अझ सुदृढ गर्नका लागि गर्नुपर्ने बुँदाहरू लेख्नुहोस् ।

४. नुवाकोट र गोरखा दरबार सम्बन्धी लेख रचनाहरू, चित्रहरू तथा खोजी गर्नुहोस् वा इन्टरनेटको सहायताले अध्ययन गर्नुहोस् । ती दुईबिचका भिन्नताहरू देखाउनुहोस् ।

५. नुवाकोट र मकवानपुर कब्जा गर्न पृथ्वीनारायण शाहको एकीकरण अभियानमा किन बढी आवश्यक थियो, उदाहरणसहित कारण दिनुहोस् ।

६. 'धैर्य र साहसका साथ योजना बद्ध ढङ्गबाट मिहिनेत गरी लागी परेमा लक्ष्यमा पुग्न सकिन्छ' भन्ने कुरालाई कीर्तिपुर विजय अभियानको उदाहरण दिई पुष्टि गर्नुहोस् ।

७. विविधतामा रहेको हाम्रो राष्ट्रलाई एकता बद्ध गरी विकासलाई द्रुत गति प्रदान गर्न के गर्नुपर्ला, एक योजना प्रस्तुत गर्नुहोस् ।

८. पृथ्वीनारायण शाहको एकीकरण अभियानका मिति र आक्रमण तथा विजयको घटनाहरू समावेश गरिएको समय रेखा तयार पार्नुहोस् ।

### अभ्यास

१. पृथ्वीनारायण शाहको अभियान उपत्यकापछि पूर्वतर्फ बढ्नुका कारणहरू स्पष्ट पार्नुहोस् ।

२. पृथ्वीनारायण शाहले सिङ्गो राष्ट्रको राजधानी किन काठमाडौँ बनाएका होलान्, आफ्ना विचारहरू लेख्नुहोस् ।

### सामुदायिक कार्य

तपाईं बसोबास गरेको गा.वि.स. वा नगरमा गत दस वर्षको अवधिमा पूर्वाधारहरूमा के के परिवर्तन भए ? स्थानीय समाजसेवी वा गा.वि.स. ⁄ वडा सचिवलाई दिइएका प्रश्नहरू सोध्नुहोस् र प्राप्त तथ्याङ्कलाई स्तम्भ चित्रमा देखाई विश्लेषण गर्नुहोस् :

(क) सडक कति कि. मि. विस्तार भयो ?

(ख) स्वच्छ पिउने पानीको प्रयोग गर्ने घरधुरी सङ्ख्या कति विस्तार भयो ?

(ग) खुल्ला दिसामुक्त गाउँ टोलको सङ्ख्या कति पुग्यो ?

(घ) स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाको सङ्ख्या कति भयो ?

(ङ) जम्मा सरकारी बजेट कति खर्च भयो ?

पाठ ४

# नेपाल एकीकरणको प्रभाव

सङ्गी विमला

धेरै धेरै सम्झना,

आमाबुबासँगै अमेरिका बसाइँ सरी गएपछि कक्षाका सबै साथीहरूले तपाईंलाई धेरै धेरै सम्झना गरेका छौँ । विद्यालयबाट क्षेत्र भ्रमणका बेला तपाईंले सुनाएका रमाइला चुड्किलाहरू अहिले पनि हामी बेला बेलामा सम्झेर हाँस्छौँ । अँ साँच्चै ! क्रिसमसको बेला आमाबुबासँगै तपाईं आउनुहुन्छ, होइन ? अस्तिको इमेलमा तपाईंले नेपालको एकीकरणपछि के कस्ता प्रभावहरू परेका थिए भनी लेख्न भन्नुभएको रहेछ । तसर्थ म आज त्यसैका बारेमा केही कुराहरू लेख्दै छु ।

पृथ्वीनारायण शाहको देहान्तपछि एकीकरण अभियानलाई उनकी जेठी बुहारी राजेन्द्रलक्ष्मी र कान्छा छोरा बहादुर शाहद्वारा निरन्तरता दिइएको थियो । उनीहरूले कुशलतापूर्वक त्यो कार्यभार सम्हालेका थिए । नेपालका पश्चिमी राज्यहरूको विजय, महाकाली र मेची नदीपारी पूर्वका ठाउँहरू कब्जा गरी बहादुर शाहले पूर्वको सिमाना टिस्टा र पश्चिमको सिमाना कुमाउ गढवालसम्म विस्तार गरी विशाल नेपाल निर्माण गरेका थिए ।

प्रुसियाबाट जर्मनी, सर्दिनियाबाट इटाली र बेसेक्सबाट ब्रिटेनको उत्पत्ति भए जस्तै सानो गोरखा राज्यबाट विशाल नेपालको उत्पत्ति भएको थियो । पृथ्वीनारायण शाहको एकीकरण अभियानले राष्ट्र र राष्ट्रियतालाई सुदृढ बनाएको थियो । ससाना राज्यहरूको लडाइँले जनता आजित भएको अवस्थामा सिङ्गो राष्ट्र बन्नु एवम् विदेशी चलखेल र हस्तक्षेप नियन्त्रण हुनु ठुलो उपलब्धि थियो । पृथ्वीनारायण शाहद्वारा व्यक्त गरिएका दिव्य उपदेशहरू सुशासन र समाज सुधार कार्यमा कोशेढुङ्गा सावित भएका थिए । वि. सं. १८३२ मा गरिएको नेपाल तिब्बतको व्यापार तथा वाणिज्य सन्धिले राष्ट्रकै आर्थिक उन्नतिमा टेवा पुगेको थियो । त्यसैगरी नेपालको राजधानी काठमाडौँ घोषणा गरी राज्य सञ्चालन भएकाले प्रशासनिक खर्च कम हुन गएको थियो । राज्य सञ्चालनमा जनताको पहुँच र सहभागितामा वृद्धि भएको थियो । जनताहरू बृहत् नेपालका सार्वभौम नागरिक भएकामा दङ्ग देखिन्थे । उनीहरू बिचमा सहकार्य, समन्वय र सहयोग सघन हुन पुगेको थियो । पृथ्वीनारायण शाह जनताको राय सुझावबाट कदम चाल्ने हुँदा राष्ट्रियता मजबुत भएको इतिहास देखिन्छ ।

आजलाई यति मात्र ल ! धन्यवाद !

तपाईंको हितैषी

चन्द्रबहादुर

**क्रियाकलाप**

१. इतिहास जानकार स्थानीय व्यक्तिलाई नेपालको एकीकरण अभियानमा भोगेको समस्याहरू सम्बन्धमा प्रश्नहरू सोध्नुहोस् र प्राप्त उत्तर कापीमा लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नेपालको एकीकरण समाप्तिपछि अन्तर्राष्ट्रिय सम्बन्ध र आर्थिक अवस्थामा के कस्ता परिवर्तनहरू देखा परेका थिए, लेख्नुहोस् ।

३. तल दिइएको तालिका पुरा गरी लेख्नुहोस् :

| राज्यहरू | एकीकरण गरिएको वर्ष |
|---|---|
| कास्की | |
| पर्वत | |
| जुम्ला र डोटी | |
| गढवाल | |

**अभ्यास**

१. नेपाल एकीकरण अभियानलाई पूर्णता प्रदान गर्ने व्यक्तित्व बहादुर शाहको भूमिका उल्लेख गर्नुहोस् ।

२. एकीकरण अभियानले तत्कालीन सामाजिक अवस्थामा के कस्तो प्रभाव पारेको थियो ?

३. पृथ्वीनारायण शाहका दिव्योपदेश सङ्कलन गर्नुहोस् । कतिपय उपदेशहरू वर्तमान अवस्थामा पनि समसामयिक छन्, किन ? प्रस्ट पार्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ ५

# नेपाल अङ्ग्रेज युद्धमा वीर वीरङ्गनाहरूको योगदान

कक्षा ९ का विद्यार्थीलाई तिन समूहमा विभाजन गरी हरेक समूहलाई नेपाल अङ्ग्रेज युद्धमा वीर वीरङ्गनाहरूको योगदानसँग सम्बन्धित समूह कार्य गर्न लगाइएको थियो । समूह कार्यको निचोड यसरी प्रस्तुत गरिएको थियो :

**समूह 'क' : नेपाल अङ्ग्रेज युद्धका कारणहरू**

- **आर्थिक कारण** : अङ्ग्रेजहरू नेपालको बाटो हुँदै भोटसँग व्यापार गर्न खोज्नु र आर्थिक समुन्नतिको कल्पना गरेका थिए ।
- **प्राकृतिक कारण** : नेपालमा समशीतोष्ण जलवायु रहने भएकाले अङ्ग्रेजहरू भारतमा रहँदा गर्मी छल्न यतातिर आउन चाहन्थे ।
- **राजनीतिक कारण** : तत्कालीन प्रधानमन्त्री भीमसेन थापा भारतमा गई साम्राज्यवाद विरोधी भाषणहरू गरेका थिए । उनले अङ्ग्रेजहरूलाई एसियाबाट धपाउने योजना बनाएका थिए ।
- **नेपाल शक्तिशाली हुनु** : एकीकरणपछि नेपालको सीमा विस्तारलाई टिस्टादेखि कुमाउ गढवालसम्म फैलिएकाले शक्तिशाली बनेको, अङ्ग्रेजले खतरा महसुस गरेका थिए ।
- **तत्कालीन कारण (बुटवल र स्युराजको विवाद)** : ब्रिटिस गभर्नर मार्क्युस अफ हास्टिङ्सले नेपालीले पाल्पा विजय गरी प्राप्त गरेको बुटवल र स्युराज क्षेत्र छाड्न दिएको दबाब नमानेकाले वि. सं. १८७१ कात्तिक १५ (१ नोभेम्बर १८१४) मा नेपाल विरुद्ध युद्धको घोषणा गरी युद्धको प्रारम्भ भएको थियो ।



*भीमसेन थापा*

**समूह 'ख' : नेपाल अङ्ग्रेज युद्धका परिणामहरू**

वर्तमान भारतको विहार राज्य मोतिहारी जिल्लामा सुगौली भन्ने ठाउँ रहेको छ । यस स्थानमा वि. सं. १८७२ फागुन २० (३ मार्च सन् १८१६) मा शान्ति र मित्रता सन्धि भएको थियो । उक्त सन्धिमा नौ सूत्रीय धाराहरूमा हस्ताक्षर गरी युद्धको अन्त्य गरियो ।



## समूह 'ग' : खलङ्गा नालापानीको युद्धमा वीर बलभद्र कुँवर



नालापानीको रक्षा गर्न बालक, वृद्ध, महिला र युवा गरी ६०० जनाको समूह तयार गरिएको थियो । उक्त समूहको नेतृत्व गरेर २० बर्से युवा कप्तान बलभद्र कुँवरलाई जिम्मेवारी दिइएको थियो । उता अङ्ग्रेजहरूको आठ गुणा शक्तिशाली आधुनिक हात हतियारले सुसज्जित फौजको नेतृत्व मेजर जनरल रोल्स जिलेस्पीले गरेको थिए । तथापि नेपाली तोप, गोला धनुकाँड र खुकुरीको सामु उनीहरूको केही लागेन । लेफ्टिनेन्ट एलिस र जनरल जिलेस्पी नेपाली योद्धाबाट मारिए । अङ्ग्रेज फौज निराश भई भागेर देहरादुन फर्के । त्यसपछि मध्य नोभेम्बर सन् १८१४ मा ठुलो तोपसहित अङ्ग्रेज फौज दिल्लीबाट कर्नेल मावीको नेतृत्वमा आई दोस्रो पटक खलङ्गामा आक्रमण गऱ्यो । नेपालीहरू वीरतापूर्वक लडे । महिलाहरूले ढुङ्गा मुढा प्रहार गरे । यसरी युद्ध जित्ने आश मारेपछि अङ्ग्रेजहरू छल नीति अपनाए । उनीहरूले नालापानीको किल्लाभित्र आउने पानीको मुहान बन्द गरिदिए । नेपाली योद्धाहरू पानी प्यासले आक्रान्त भए । अन्त्यमा ३० नोभेम्बर १८१४ को बिहान एकाएक किल्लाको ढोका खोली जीवित रहेका बलभद्र कुँवरसहित ६० नेपाली पुरुष, महिला तथा बाल बालिका नाङ्गो तरबार लिई बाहिर निस्के ।

अङ्ग्रेजहरूको गोला वर्षाको किञ्चित परवाह नगरी सरासर नजिकैको खोलामा गई पानी पिएर प्यास मेटे । अङ्ग्रेज फौज नेपालीहरूको वीरता देखेर नतमस्तक भएको थियो । बलभद्रसहितको नेपाली सेना त्यहाँबाट जीतगढतर्फ लाग्यो तर किल्ला छाड्नु अगाडि बलभद्रले गर्जंदै "दुर्ग लिन सक्ने कसैको सामर्थ्य थिएन तर अब हामी आफ्नो इच्छाले यो छाड्दै छौँ" भनी अङ्ग्रेजलाई सम्बोधन गरेका थिए । अनि मात्र अङ्ग्रेजले खलङ्गा किल्ला ध्वस्त पारे । तर उनीहरूले त्यहाँ नेपालीहरूको अद्भूत वीरताको प्रशंसा गर्दै सहस्र धारा सडकको छेउमा शिलालेख राखे । यसमा "हाम्रा वीर शत्रु बलभद्र कुँवर र उनका वीर गोरखा साथीहरूको स्मृतिमा सम्मानोपहार" लेखिएको छ । यो शिलालेख आज पनि त्यहाँ सुरक्षित छ ।



*नालापानीको शिलालेख*

**क्रियाकलाप**

१. अङ्ग्रेजहरूले नेपाललाई अधीनमा राख्न चाहनुका उद्देश्यहरू समेटी एक राष्ट्रिय पत्रिकाका लागि सम्पादकीय तयार पार्नुहोस् ।

२. "नालापानीमा स्थापना गरिएको शिलालेखमा बलभद्र कुँवरप्रति गरिएको सम्मानले नेपालीहरू वीर हुन् भनी प्रमाणित गर्छ ।" यस भनाइलाई कक्षामा छलफल गरी पुष्टि गर्नुहोस् ।

३. नेपाल अङ्ग्रेज युद्धमा खलङ्गा किल्लामा नेपाली महिलाहरूले प्रदर्शन गरेको वीरताको उदाहरण दिँदै महिलाहरू पुरुषसरह जुनसुकै काममा दक्ष छन् भनी चर्चा गर्दै एक लेख लेख्नुहोस् ।

**अभ्यास**

१. बुटवल र स्युराज कसरी सिङ्गो नेपालमा गाभिएका थिए ?

२. बलभद्रले अङ्ग्रेजसामु आत्म समर्पण गर्न किन मानेनन् ? कारण दिनुहोस् ।

३. नालापानी युद्धमा बलभद्र कुँवरले देखाएको वीरताबारे चर्चा गर्नुहोस् ।

४. जनरल जिलेस्पी कसरी मारिएका थिए ?

पाठ्यक्रम विकास केन्द्र

## पाठ ६ नेपाल अङ्ग्रेज युद्ध र नेपाली वीरताको गाथा

यस पाठमा नेपाल अङ्ग्रेज युद्ध भएका विभिन्न ठाउँ र त्यहाँ नेपालीले देखाएको विरताको चर्चा गरिएको छ ।

### मलाउ रामगढको युद्धमा अमरसिंह थापा

'नेपालको ज्युँदो बाघ' उपनामले चिनिने अमरसिंह थापाले एकीकरणको बेला बाइसे र चौबिसे राज्यहरूमाथि विजय प्राप्त गरेका थिए । उनले नेपालको सिमाना पश्चिम काँगडासम्म पुऱ्याउन नेतृत्वदायी भूमिका पनि निर्वाह गरेका थिए । नेपाल अङ्ग्रेज युद्धको बेला महाकाली पारीको क्षेत्रको रक्षा र त्यहाँको युद्ध सञ्चालन गर्ने अधिकार यिनैलाई सुम्पिएको थियो । यिनले मलाउको किल्लामा बसेर पश्चिम नेपालको सम्पूर्ण क्षेत्रको युद्ध सञ्चालन गरिरहेका थिए । तर यसबाट मलाउमा प्रशस्त हतियार सहितको अङ्ग्रेज फौजसँग नेपालको पराजय भएपछि सुगौलीको सन्धि गर्नुपऱ्यो । उनी मर्माहत भएर गोसाइँ कुण्डतिर लागे र त्यही देहत्याग गरे ।

### भक्ति थापा र देउथलको युद्ध

उमेरले ७० नाघेका सरदार भक्ति थापा नेपाल अङ्ग्रेज युद्धमा कुमाउ र गढवालको मध्यभागमा पर्ने देउथल किल्लाको सुरक्षा अभिभारा लिएका थिए । मलाउमा अङ्ग्रेज सेनाले आक्रमण सुरुआत गऱ्यो । त्यो थाहा पाएपछि अमरसिंह थापाले भक्ति थापालाई नेपाली सेनाको नेतृत्त्व गर्दै देउथल किल्ला आक्रमण गर्न पठाए । सन् १८१५ अप्रिल १६ मा हातमा खुँडा, खुकुरी, तरबार लिएर सैनिक जवानहरूलाई "लौ अघि बढ वीर हो" भनी प्रोत्साहन दिँदै अङ्ग्रेज विरुद्ध जाइलागे । ठुलो युद्ध भयो तर दुर्भाग्य भक्ति थापाको छातीमा गोली लाग्न पुग्यो । युद्धभूमिमै उनले वीरगति प्राप्त गरे । यस युद्धमा नेपालीतर्फका सात सयको ज्यान गयो । अङ्ग्रेजतर्फ पनि एक जनाबाहेक तोपखानाका सबै अधिकृत मारिए ।

भक्ति थापाको साहस, कर्तव्य निष्ठा र बहादुरीको कदर गर्दै अङ्ग्रेजहरूका तर्फबाट मेजर अक्टरलोनीले उनको मृत शरीरमा मूल्यवान् दोसल्ला ओढाई सम्मान अर्पण गरे । नेपालले यस युद्धमा पराजय बेहोरे पनि नेपाली वीरहरूको भूमि हो भन्ने कुरा अङ्ग्रेजहरूको मन मस्तिष्कमा अमीट छाप पारिदियो ।

### जीतगढीको युद्धमा उजिरसिंह थापा

भीमसेन थापाका माइला भाइ नयनसिंह थापाको छोरा उजिरसिंह थापा पाल्पाका गर्भनर भए । नेपाल अङ्ग्रेज युद्धको सिलसिलामा बुटवलको तिनाउ नदीको दक्षिण पश्चिम किनारमा रहेको जीतगढी नामक किल्ला कब्जा गर्ने अङ्ग्रेजको योजना थियो । यस क्रममा अङ्ग्रेज सेनापति रहेका जनरल जोन सुलेभान उडको नेतृत्वमा चार हजारका सङ्ख्यामा अङ्ग्रेजहरूले आक्रमणको तयारी गरेका थिए । यो कुरा थाहा पाएर कर्नेल उजिरसिंह थापाको नेतृत्त्वमा तैनाथ नेपाली फौजले कुशलतापूर्वक अङ्ग्रेजहरूमाथि धावा बोल्यो र अङ्ग्रेज फौज परास्त भयो । नेपाली फौजले दुई पटक आक्रमण गरी दुवै पटक विजय चुम्न सफल भएको

थियो । पाल्पा लिने दाउमा आएका अङ्ग्रेजहरू नेपाली सेनासामु टिक्न सकेनन् र अन्ततः उनीहरू गोरखपुरतिर कुलेलम ठोके । यसरी उजिरसिंह थापाको योगदान नेपालको इतिहासमा अविस्मरणीय रहेको छ ।

### जैथकको युद्ध र रणजोरसिंह थापा

नेपाल अङ्ग्रेज युद्धको सिलसिलामा महाकाली पारी जैथकको किल्लामा पाँच सय नेपाली सेना थिए । त्यस फौजका सेनानायक रणजोरसिंह थापा थिए । पन्ध्र सयका सङ्ख्यामा रहेको अङ्ग्रेज सेनाले नौ पटक आक्रमण गर्दा पनि नेपालीले किल्ला छोडेनन् । जब अङ्ग्रेजका गोली सकिए तब नेपालीहरू किल्लाबाट निस्केर जाइलागे र अङ्ग्रेजहरूलाई घेराबन्दीमा पारे । तिन जना अङ्ग्रेज सेनानायक मारिए । इतिहासकार प्रिन्सेपले जैथकको असफलतापछि अङ्ग्रेजहरू नाहानतर्फ लागि पलायन भएको उल्लेख गरेका छन् ।

### पर्सा मकवानपुरको युद्धमा रणविरसिंह थापा

नेपाल अङ्ग्रेज युद्धमा भीमसेन थापाका कान्छा भाइ रणवीरसिंह थापालाई पर्सा मकवानपुरको युद्धमा नेपाली सेनाको नेतृत्व सुम्पिएको थियो । अङ्ग्रेज सेनापति बेनेट मार्लेले काठमाडौँ उपत्यका विजय गर्ने उद्देश्यका साथ आफ्ना सेनालाई तिन समूहमा विभाजन गरी आक्रमणको तानावाना बुनिरहेका थिए । यो सूचना पाएर रणवीरसिंह थापाले आफ्नो फौजलाई शमशेर राणा र सर्वजित थापाको नेतृत्वमा पर्सामा अङ्ग्रेजहरू माथि एकैचोटि आक्रमण गर्न पठाए । अङ्ग्रेजहरूको भागाभाग भयो । नेपालीहरूले उनीहरूको हातहतियार कब्जा गरे । यस युद्धमा मार्लेको अयोग्यताका कारण हार बेहोर्नु पर्‍यो भनी जनरल हेस्टिङले उनलाई बर्खास्त गरी जर्ज उडलाई नेतृत्व सुम्पेका थिए ।

**क्रियाकलाप**

१. नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीरहरूले देखाएको साहस र बहादुरी एवम् अङ्ग्रेज सेनाहरूलाई धपाएको, युद्ध गरेको सम्बन्धमा भूमिका अभिनय (simulation) अभ्यास गर्नुहोस् ।

२. नेपालको इतिहास सम्बन्धी पुस्तकहरू अध्ययन गर्नुहोस् वा इतिहासविद्लाई भेटी छलफल गर्नुहोस् । छलफलमा आएका खास खास बुँदाहरू टिप्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. ‘उमेरले वीरतालाई छेक्दैन, व्यक्तिमा साहस, निडरता र राष्ट्रभक्तिको भावना हुनुपर्छ ।’ भन्ने विषयमा भक्ति थापाको सन्दर्भ प्रस्तुत गर्दै विदेशमा रहेको साथीलाई वर्णन गरी पठाउने चिठी वा इमेलको नमुना तयार पार्नुहोस् ।

४. नेपाल अङ्ग्रेज युद्धका समयमा यदि तपाईँ हुनुभएको र युद्धमा पश्चिम मोर्चाको नेतृत्व दिइएको भए नेपालीको विजयका लागि के कस्ता सैन्य र रणनीतिक योजनाहरू बनाउनुहुन्थ्यो, लेख्नुहोस् ।

५. देहरादुनको सहस्र धारा सडक नजिक बलभद्रको शिलालेख राखे जस्तै अन्य युद्धस्थल नजिकको नेपालको भूभागमा अन्य योद्धाहरूबारे वर्णन गरिएको शिलालेख राख्न अनुरोध गर्दै नेपाल सरकार लाई एक अनुरोध पत्र लेख्नुहोस् ।

**अभ्यास**

१. अमरसिंह थापालाई किन 'नेपालको ज्युँदो बाघ' (the Living Lion of Nepal) भनिएको हो, चर्चा गर्नुहोस् ।

२. मलाउ किल्लाको रक्षा गर्नु किन आवश्यक थियो ?

३. पश्चिमको युद्धमा हार तर मध्य क्षेत्रमा नेपालीको जीत हुनुका कारणहरू के के हुन्, चार बुँदामा लेख्नुहोस् ।

५. नेपाल अङ्ग्रेज युद्ध अघिको नेपालको नक्सा र वर्तमान नेपालको नक्सा छुट्टा छुट्टै बनाउनुहोस् । ती दुईबिच तुलनात्मक अध्ययन गर्नुहोस् ।

६. जीतगढीमा नेपाली सेना कसरी विजय भएका थिए ?

**परियोजना कार्य**

तपाईँको गा. वि. स. वा नगरपालिकामा रहेका कुनै एक राष्ट्रभक्त/राष्ट्र सेवक वृद्धलाई भेट्नुहोस् । उनले युवा अवस्थामा गरेका साहसिक र वीरतापूर्ण कार्यले सिङ्गो राष्ट्र र जनतालाई पुगेको फाइदाबारे सोधपुछ गर्नुहोस् । तपाईँ जस्ता कलिला युवावर्गलाई उनको कार्यबाट के शिक्षा प्राप्त हुन्छ, सबै पक्षलाई समेटी एक लेख तयार गर्नुहोस् । यसमा सोधिएका प्रश्नावलीको अनुसूची बनाई लेखको अन्त्यमा प्रस्तुत गर्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

# पाठ ७ राणा शासनको उदय र पतनका कारणहरू

## राणा शासनको उदयका कारणहरू

१. राजनीतिक अस्थिरता : प्रतापसिंह शाहको मृत्युपछि बीजारोपण भएको राजनितिक अस्थिरता भीमसेन थापाको पतनसँगै चुलियो । नौ वर्षको अवधिमा आठ ओटा मन्त्रिमण्डल गठन विघटन भए । राजनीतिक दाउपेच र शक्तिका लागि चालिएका कदमहरूले मानवीय मूल्य, नैतिकता, सम्बन्ध र संवेदनालाई धुजा धुजा पर्ने काम भयो । अनि हत्याकाण्डले डरलाग्दो रूप धारण गऱ्यो ।

२. नेपालको आन्तरिक मामिलामा बाह्य हस्तक्षेप : सुगौली सन्धिपछि अङ्ग्रेज रेजिडेन्ट काठमाडौँमा रहन थाले । यसपश्चात् नेपालको आन्तरिक नीतिमा बारम्बार हस्तक्षेप हुन थाल्यो । उनीहरूले नेपाली भारदारहरू परस्पर विरोधी गुटहरूलाई प्रोत्साहन गरी मत भिन्नतालाई झन् फराकिलो बनाउने गर्थे । कसैलाई उचाल्ने र कसैलाई रणनीति अपनाएर नेपालमा आन्तरिक अशान्ति सिर्जना गरी आफ्ना अभिष्टहरू पुरा गर्न उद्धत रहन्थे ।



*जङ्गबहादुर राणा*

३. राजा राजेन्द्रको कमजोर स्वभाव : राजेन्द्र विक्रम शाहको कमजोर स्वभावका कारण उनले भारदारहरूको गुटबन्दीलाई सन्तुलन र निष्क्रिय पार्न सकेनन् । उनले आफ्ना दुई श्रीमतीहरू बिचको सौतेनी झगडालाई पनि शान्त पार्न सकेनन् । यसको परिणाम स्वरूप दरबारमा षड्यन्त्र र हत्याले चरम रूप लियो । यसको फाइदा वीरनरसिंह कुँवर जङ्गबहादुरलाई भयो ।

४. भारदारहरूको हत्याको शृङ्खला : दरबारमा जालझेल र षड्यन्त्र व्याप्त थियो । माथवरसिंह थापा प्रधानमन्त्री भएपछि पाण्डेहरूको सत्यनाश भयो । पछि गगनसिंह र जङ्गबहादुर मिलेर वि. सं. १९०२ जेठ ६ गते रातको ११ बजे रानीलाई सुल भएको बहानामा बोलाई हनुमानढोका दरबारमा माथवरसिंह थापाको हत्या गरे । उक्त हत्यापछि अचानक शक्तिशाली भारदार बनेका गगनसिंह खवासको वि. सं. १९०३ भदौ ३१ गते राति हत्या भयो । यसमा जङ्गबहादुरको हात रहेको इतिहासकारहरू बताउँछन् । यसरी ठुला र अनुभवी भारदारहरूको हत्या भयो र राणाहरूको उदय हुने वातावरण तयार हुन पुग्यो ।

५. तिन पर्वहरू:

कोत पर्व : कान्छी रानी राज्यलक्ष्मी आफ्ना विश्वासपात्र गगनसिंहको हत्याको समाचारले क्रोधित बनिन् । अपराधी पत्ता लगाउने क्रममा उनले जङ्गबहादुर राणासँग सल्लाह लिइन् । जङ्गबहादुरको सल्लाहबमोजिम सबै भारदारहरूलाई बिना हातहतियार कोतमा अनिवार्य उपस्थित हुनु भनी बिगुल फुकाइन् । उता जङ्गबहादुरले आफू मातहत रहेका सेना र भाइहरूलाई हतियासहित कोतको पर्खाल घेर्न आदेश दिएका थिए । सम्पूर्ण भारदारको उपस्थित भएपछि "हत्यारा को हो ?" भनी जङ्गबहादुरलाई सोधिन् । उनले वीर केशर पाँडेतिर इसारा गरे । रानीले निजको टाउको काट्न भनी कमान्डर इन चिफ अभिमान सिंहलाई आदेश दिइन् । तर उनले अन्य बहाना बनाई अस्वीकार गरे । स्थिति भयावह भइसकेपछि अभिमान सिंह बाहिर निस्कन खोजे तर गेटमा नै उनीमाथि सङ्गीन प्रहार भयो र हत्या गरियो । पर्खाल वरिपरि रहेका हतियारधारी जङ्गबहादुरको भाइ भतिजाको डफ्फा भित्र पसे जङ्गबहादुरको इसारामा लगभग ५५ जनाको हत्या गरियो । वि. सं. १९०३ असोज २ गते राति भएको यस घटनालाई कोतपर्व भनी नेपालको इतिहासमा चित्रित छ । यस पर्वपछि जङ्गबहादुरले कमान्डर इन चिफको कार्यभार पाए ।

भण्डारखाल पर्व : शक्तिमा ल्याएपछि आफ्नो इच्छा पुऱ्याउन रानीले जङ्गबहादुरलाई युवराज सुरेन्द्रको वध गर्न आदेश दिइन् । तर जङ्गबहादुरले हरेक पक्षबाट यो अनुचित हुने भन्दै प्रस्ताव अस्वीकार गरे । अब उनी जङ्गबहादुरको हत्या गर्ने योजनामा लागिन् । वीरध्वज बस्नेतलाई हत्याको योजना बनाउन लगाइन् । योजनाअनुसार भण्डारखालमा भोजको आयोजना गर्ने र जङ्गबहादुरलाई विषक्त खाना खुवाई हत्या गर्ने योजना बन्यो । पण्डित विजयराज पाण्डेबाट यो कुरा सुइको पाएका जङ्गबहादुर भोजको स्थलमा आउन ढिलो गरे । वीरध्वज बस्नेत आफैँ उनलाई लिन निवासतिर जाँदै गर्दा बिच बाटामा जङ्गबहादुरसँग भेट भयो । "मलाई मार्ने योजना बुन्ने तैँ होइनस् ?" भन्दै जङ्गबहादुरले वीरध्वज बस्नेतलाई दुई टुक्रा पारी हत्या गरे । दलबलसहित भण्डारखाल पुगेका जङ्गबहादुरले सैनिक घेराबन्दीमा पारी कोत पर्वमा बचेका लगभग ३३ जना विरोधीहरूलाई छानी छानी हत्या गरे । वि. सं. १९०३ कात्तिक १२ गते भएको यो काण्डमा धेरै बस्नेत भारदारहरूको ज्यान गएकाले यसलाई बस्नेत पर्व पनि भनिन्छ । भारदारी सभाको आयोजना गरी मार्ने प्रयास गरेको आरोपमा जङ्गबहादुरले रानीलाई देश निकाला गर्ने निर्णय गरी काशीवास पठाए । राजा राजेन्द्र विक्रम शाहले जङ्गबहादुरलाई प्रधानमन्त्रीमा नियुक्त गरे र तीर्थ यात्रा गर्ने भनी काशीतर्फ गए ।

अलौ पर्व : राजा काशी गएपछि कोत पर्वबाट भागेर त्यहाँ गएका अन्य भारदारहरू राजाकहाँ भेला भए । त्यहाँबाट जङ्गबहादुरलाई मार्न भनी केही मान्छेहरू नेपाल पठाए तर जङ्गबहादुरका गुप्तचरहरूले उक्त कुरा पत्ता लगाए । तत्पश्चात् जङ्गबहादुरले युवराज सुरेन्द्रलाई राजा बनाई राज्याभिषेक पनि गराए । वनारसमा रहेका नेपालीहरूको सहयोग लिएर जङ्गबहादुरसँग लड्ने निर्णय गरी दलबलसहित राजेन्द्र विक्रम शाह वीरगन्ज नजिकैको अलौ नामक ठाउँमा आई किल्ला बाँधी बसे । यताबाट जङ्गबहादुरले आफ्ना सेना त्यसतर्फ पठाए । वि. सं. १९०४ साउनमा काठमाडौँबाट गएका सेनाले राजेन्द्रको फौजमाथि आक्रमण गरी पराजित गरे । हात्तीमा चढेर भाग्दै

गर्दा राजेन्द्र सेनाद्वारा समातिए । उनलाई कैदीका रूपमा भक्तपुर ल्याइयो र बन्दी बनाइयो । यस पर्वबाट जङ्गबहादुर नेपालका वास्तविक शासक बन्न पुगे ।

६. लाल मोहरहरू : वि. सं. १९०६ मा जारी लाल मोहरले जङ्गबहादुरले राणाजीको उपाधि पाए । राणा परिवारले जस्तोसुकै अपराध गरे पनि सजायबाट मुक्त हुने भए । वि. सं. १९१३ साउन २४ गतेको लाल मोहरले जङ्गबहादुरलाई कास्की र लमजुङको श्री ३ महाराज घोषणा गऱ्यो । यस लाल मोहरबाट जङ्गबहादुरले विशेष अधिकार प्राप्त गरे र त्यसको निरन्तरता उनका सन्ततिसम्मलाई प्राप्त गरे ।

७. राज परिवारसँगको वैवाहिक सम्बन्ध : जङ्गबहादुरले गुरुप्रसाद शाहकी बहिनीसँग विवाह गरे । आफ्नो आठ वर्षका जेठा छोरा जगत्जङ्गको विवाह राजा सुरेन्द्रकी छ वर्षकी जेठी छोरीसँग गरिदिए । जङ्गबहादुरले आफ्ना छोरीहरूको विवाह युवराज त्रैलोक्य विक्रम र राजपरिवारका सदस्य धीरेन्द्र विक्रम शाहसँग गरिदिएका थिए । यसरी राज परिवारसँगको पारिवारिक सम्बन्धले सामाजिक आर्थिक उन्नतिका साथ राणाहरू झन् शक्तिशाली भए ।

## राणा शासन पतनका कारण

राणा शासन पतनका कारण तलको तालिकामा दिइएको छ :

| पारिवारिक सङ्घर्ष | सी वर्गका राणाहरूको निष्काशन | राणा शासन विरोधी आन्दोलन | राजा त्रिभुवनको दरबार त्याग र सशस्त्र सङ्घर्ष, २००७ |
|---|---|---|---|
| ➨ रोलक्रम निर्माण गरी सोअनुसार उत्तराधिकारी तोक्नु झगडाको मुख्य बिउ भयो ।<br>➨ वि. सं. १९३८ र १९४२ को पर्वहरूले धीरशमशेरका छोराहरू शक्तिशाली भए । | चन्द्रशमशेरले राणा परिवारमा ए, बी र सी वर्गमा वर्गीकरण गरे । यसले सी वर्गका राणाहरू प्रधानमन्त्रीको रोलक्रमबाट वञ्चित भए । कतिपयलाई देश निकालासमेत गरियो । फलस्वरूप राणा परिवारभित्रै राणा विरोधी समूहको प्रादुर्भाव भयो । | ➨ जङ्गबहादुरकै समयमा भोटुसिंह, लखन थापालगायतले विद्रोह सुरु गरेका थिए । विश्वयुद्धपछि जागेको जनचेतनाले आन्दोलनहरू सङ्गठित हुँदै थिए ।<br>➨ चर्खा प्रचार आन्दोलनमा प्रचण्ड गोरखा, लाइब्रेरी पर्व, प्रजा परिषद्, जयतु संस्कृतम् आदि राणा विरोधी आन्दोलन भएका थिए । | ➨ जनता र राजाको एकै प्रकारको समस्या थियो । राणाहरूका हरेक कुरा सहन बाध्य भएकाले राजा त्रिभुवनले वि. सं. २००७ कात्तिक २१ गते दरबार त्याग गरी भारतको शरणमा पुगे ।<br>➨ नेपाली काङ्ग्रेसको नेतृत्वमा देशभरि सशस्त्र सङ्घर्षको शङ्खघोष गरी राणा शासनको अन्त्य भयो । |

## क्रियाकलाप

१. नेपालको इतिहास सम्बन्धी पुस्तक अध्ययन वा खोज अनुसन्धान गरी जङ्गबहादुर राणा सम्बन्धी तलका तथ्यहरू रहेको तालिका पुरा गर्नुहोस् :

जङ्गबहादुर राणा

जन्म : वि. सं. ...........................

ठाउँ : .....................................

बुवाको नाम : .....................................................

आमाको नाम : ....................................................

न्वारानको नाम : ..................................................

बाल्यकालको जीवनी :...............................................

प्रधानमन्त्री बन्न पुग्नुका मुख्य रहस्यहरू : ........................

मृत्यु : वि. सं. ............................

२. राणा शासन उदय हुनुका मुख्य घटनाहरू र मिति समावेश गरी एक समय रेखा तयार पार्नुहोस् ।

३. कोत पर्वमा भारदारहरूको हत्या हुनु अघिको अवस्थालाई नाटक बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. राणा शासन उदय हुनुका कारणहरू सविस्तार चर्चा गर्नुहोस् ।

२. राणा शासन अवधि नेपालको इतिहासमा अँध्यारो अवधिका रूपमा चित्रित गरिन्छ । किन, प्रस्ट पार्नुहोस् ।

३. तत्कालीन राजनीतिक अवस्थामा जङ्गबहादुरको उत्पत्ति आवश्यक थियो ? तर्कहरू प्रस्तुत गर्नुहोस् ।

४. राणा शासन कालमा नेपालीहरू देश निकाला गरिएपछि किन काशीतर्फ लाग्थे ?

५. राणा शासन पतनमा राणाहरू आफैँ जिम्मेवार थिए, कसरी ?

६. राणा शासनको उत्पत्तिसँगै राणा विरोधी आन्दोलन वा क्रियाकलापहरू नभएका होइनन् तर तिनीहरू सफल भएनन्, किन ? चार ओटा कारणहरू लेखी वर्णन गर्नुहोस् ।

पाठ ८

# राणा शासनका प्रभावहरू

१०४ बर्से राणा शासन कालमा नेपालको सम्पूर्ण शासन र शक्ति प्रधानमन्त्रीमा निहित थियो । उनीहरू राष्ट्रका सर्वेसर्वा थिए । यो हुकुमी शासनमा उनीहरू आफ्ना सन्तान, आफन्त र कुटुम्बको राम्रो भविष्य सुनिश्चित गर्नेतिर ध्यान दिन्थे । तर जनजीविकाका समस्याहरूप्रति सरोकार दिँदैनथे । जनताहरू शोषणको मारमा थिए । राष्ट्रिय आम्दानी राणा शासकहरू स्वार्थ पूर्तिका लागि खर्च हुन्थ्यो । विकासका कार्यहरू अत्यन्तै सुस्त थिए । आधुनिक युगमा पनि मानवका जन्मसिद्ध अधिकारहरू, जस्तै : वाक् स्वतन्त्रता, हिँड्डुल गर्ने स्वतन्त्रता, सङ्घसंस्था खोल्ने स्वतन्त्रता आदिबाट जनता वञ्चित थिए । यस्ता कार्यले विकासमा गम्भीर अवरोध खडा गरेको थियो । राणा शासकहरूको बोली नै कानुन थियो । राणाहरूको व्यक्तिगत चाहना र इच्छाअनुसार जो कोहीलाई मृत्युदण्ड जस्तो कठोर र अमानवीय सजाय पनि दिइन्थ्यो ।

जनतालाई विभाजन गरेर शासन गर्ने इस्ट इन्डिया कम्पनीको नीतिलाई राणाहरूले अनुकरण गरे । बाह्य हस्तक्षेपलाई शिरोधार्य गरे । जातजातिबिच दरार उत्पन्न गराई सदियौँदेखि मिलेर बसेको नेपाली समाज विभाजित गरे । बाल विवाह, अनमेल विवाह, बहुविवाह जस्ता कुप्रथालाई प्रश्रय दिई नारी हिंसा र शोषण निम्ताए । छोरो नभए पत्नीको दोष मानी अर्को विवाह गर्ने परम्परा चलाए । शिक्षाको अवसरबाट सर्वसाधारण वञ्चित गरिए । फलस्वरूप वि. सं. २००७ सालसम्म साक्षरता दर दुई प्रतिशतमा सीमित थियो । परिणाम स्वरूप सामन्तवाद हावी भएको थियो । जनताको आर्थिक स्थिति अत्यन्तै कमजोर थियो । राणाहरू अति धनी थिए र जनताहरू अति गरिब थिए । यस्तो अवस्थामा पनि आफ्नो शासन टिकाउन र लम्बाउन क्रमश: उनीहरूले केही सामाजिक र आर्थिक कार्यहरू गरे जसलाई राणा शासनको सुधारका उपलब्धि मानिन्छ ।

१. **सामाजिक प्रभाव** : जङ्गबहादुरको बेलायत भ्रमणपछि वि. सं. १९१० मा नेपालको प्रथम लिखित मुलुकी ऐनको जारी भयो । यसले देशमा कानुनी एकरूपता ल्यायो । ३५ वर्षसम्म विवाह नगरी बसेकी छोरीलाई पैतृक सम्पत्तिमाथि अधिकार प्रदान गरियो । सतिप्रथाजस्तो अपराधलाई वि. सं. १९७७ मा चन्द्रशमसेरले कानुन बनाई पूर्ण प्रतिबन्ध लगाए । त्यसैगरी वि. सं. १९८१ मङ्सिर १४ मा दासप्रथाको अन्त्य भयो । देवशमशेरले गोरखा पत्रको प्रकाशन र वीर शमशेरले वीर अस्पताल तथा वीर पुस्तकालयको स्थापना गरेका थिए । राणाकालमा आफ्नै सन्तानलाई पढाउन भए पनि वि. सं. १९१० मा थापाथली दरबारमा स्थापना गरिएको दरबार स्कुलले अङ्ग्रेजी शिक्षा प्रारम्भ गरेको थियो । देवशमशेरले देशभर १०० भन्दा बढी पाठ्यशालाहरू खोल्न लगाए । त्रिचन्द्र कलेज तथा कन्या विद्यालय स्थापना गरियो । वि. सं. १९९० मा एसएलसी बोर्डको व्यवस्था गरियो ।

२. **आर्थिक प्रभाव** : राणाकालमा मुलुकमा कुनै वैज्ञानिक आर्थिक विकाससम्बद्ध कार्यहरू खासै भएनन् । राणाहरूले आफ्नो सम्पत्ति विदेशी बैङ्कमा जम्मा गर्ने हुनाले नेपालको पुँजी विदेसियो । आर्थिक सङ्कटहरू पैदा भए । तथापि जुद्ध शमशेरले गरेका केही उल्लेख्य आर्थिक कार्यहरू प्रशंसनीय मानिन्छन् । उनले कृषि स्कुल स्थापना गरे । उद्योग परिषद् स्थापना गरे । विराटनगर जुटमिल, कटन मिल, जुद्ध मैच फ्याक्ट्री तथा अन्य घरेलु उद्योगहरू स्थापना गरी औद्योगिक

विकासमा टेवा दिए । उनले वि. सं. १९९४ कात्तिक ७ मा नेपाल बैङ्क लिमिटेड स्थापना गरी बैङ्किङ सेवा प्रारम्भ गरे । सिँचाइतर्फ चन्द्रशमशेरले सप्तरीको त्रियुगा नदीबाट चन्द्रनहर निर्माण गरे । यसै बेला रु. १००, रु. १० र रु. ५ का कागजी नोटहरू प्रचलनमा ल्याइयो ।

## क्रियाकलाप

१. यदि तपाईँ राणाकालमा हुनुहुन्थ्यो भने तत्कालीन राणा प्रधानमन्त्रीलाई के कस्ता राजनीतिक प्रणालीगत सुधार गर्न सुझाव दिनुहुन्थ्यो, लेख्नुहोस् ।

२. राणाकालको १०४ बर्से शासनलाई किन अँध्यारो काल भनिन्छ, साथीहरूबिच जोडीमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् । उत्कृष्ट उत्तर र प्रस्तुतिलाई पुरस्कृत गर्नुहोस् ।

३. तालिका पुरा गर्नुहोस् :

| क्र. सं. | राणा प्रधानमन्त्रीहरू | सुधारका कार्यहरू |
|---|---|---|
| १. | जङ्गबहादुर | |
| २. | वीरशमसेर | |
| ३. | देवशमसेर | |
| ४. | चन्द्रशमसेर | |
| ५. | जुद्धशमसेर | |
| ६. | पद्मशमशेर | |

४. राणा शासनका कुन कुन कुराहरू अहिले पनि प्रयोगमा वा प्रचलनमा पाइन्छन्, लेख्नुहोस् ।

## अभ्यास

१. राणाहरूलाई कानुन लाग्दैनथ्यो भनेर किन भनिएको होला ?

२. राणा शासनका राम्रा नराम्रा पक्षहरूलाई तालिकामा देखाउनुहोस् ।

३. राणा शासन कालको उद्योग विकास कार्यहरू प्रशंसनीय मानिन्छन्, किन ?

४. 'फुटाऊ र शासन गर' भन्नाले के बुझिन्छ ?

५. मुलुकी ऐन, १९१० ले राष्ट्रमा के कस्ता प्रभावहरू पारेको थियो, लेख्नुहोस् ।

## सामुदायिक कार्य

राणा शासन वर्ण व्यवस्थामा आधारित जहाँनिया, हुकुमी र निरङ्कुश शासन प्रणाली थियो । यस सन्दर्भमा प्रस्ट हुनका लागि तपाईँको समुदायमा रहेका इतिहासविद्, बुद्धिजीवी वा राणा शासनको अनुभव प्राप्त जेष्ठ नागरिकलाई भेटी छलफल गर्नुहोस् । छलफल, सोधपुछबाट आएको निष्कर्षलाई भन्ने पत्रिकामा प्रकाशनार्थ एक लेख तयार पार्नुहोस् ।

पाठ ९

# औद्योगिक क्रान्ति र प्रभाव

## औद्योगिक क्रान्ति

अठारौँ शताब्दीको मध्यदेखि उन्नाइसौँ शताब्दीको मध्यसम्म (सन् १७६०-१८४०) को बेलायतमा उद्योग, कृषि तथा विज्ञानमा भएको आश्चर्यजनक प्रगति वा परिवर्तनलाई औद्योगिक क्रान्ति भनिन्छ । उद्योग लगायतका क्षेत्रमा यस अवधिमा द्रुत गतिले परिवर्तन भएकाले यसलाई क्रान्ति भनिएको हो । यस क्रान्तिले हाते यन्त्रको सट्टा स्वचालित यन्त्रको आविष्कार गर्न मदत गरेको थियो । मानव जनजीवनमा क्रान्तिकारी र अभुतपूर्व परिवर्तन गरी दैनिक व्यवहारमा सहजता ल्याएको थियो । यसले व्यक्तिको भौतिक पक्षमा मात्र होइन, चिन्तन तथा व्यवहारमा पनि व्यापक परिवर्तन ल्यायो । वैज्ञानिक अनुसन्धान तथा अन्वेषणबाट कामको गतिमा तीव्रता ल्याई व्यक्ति बेफुर्सदी भए । व्यक्तिको सर्वाङ्गीण विकासमा नै प्रभाव पारेकाले यसलाई क्रान्तिको उपमा दिइएको हो । यस अवधिमा भएको परिवर्तनको परिणाम स्वरूप कृषि प्रधान राष्ट्रबाट उद्योग प्रधान राष्ट्रमा रूपान्तरण भएको थियो ।

## औद्योगिक क्रान्तिका प्रमुख क्षेत्र, आविष्कार र उपलब्धिहरू

बेलायतमा सुती कपडाको माग बढेकाले व्यवसायीहरू उत्पादन वृद्धि गर्नतर्फ लागे तर व्यक्तिहरूबाट एकै पटक धेरै धागो बुन्ने कार्य असम्भव थियो । यसै आवश्यकतालाई ध्यानमा राखेर सन् १७४३ मा जोन के (John Kay) नामक व्यक्तिले फ्लाइङ सटल (flying shuttle) अर्थात् काठको कपडा बुन्ने मेसिन आविष्कार गरे । यस मेसिनको प्रयोगले सटल चलाउन सकिने भएकाले दुई जनाले गर्ने काम अब एक जनाले मात्र गरे पुग्ने अवस्था सिर्जना भयो । सुती धागाको माग बढेकाले यस आवश्यकतालाई परिपूर्ति गर्न सन् १७६४ मा जेम्स हार्ग्रिभ्स (James Hargreaves) ले स्पिनिङ जेन्नी (spinning jenny) नामक धागो कात्ने चर्खाको आविष्कार गरे । यसले हातले भन्दा आठ गुना बढी धागो कात्न सक्थ्यो ।



*फ्लाइङ सटल*



*स्पिनिङ जेन्नी*

सन् १७८५ मा एडमन्ड कार्टराइट (Edmund Cartwright) ले पानीबाट चल्ने पावर लुम (power loom) को आविष्कार गरे । यस आविष्कारको परिणाम स्वरूप कपडा उत्पादनको गति निकै द्रुत भयो किनकि कताइ बुनाइ दुवैमा शक्तिको प्रयोग हुन थाल्यो । सन् १७६९ मा जेम्स वाट (James Watt) ले स्टिम इन्जिन (steam engine) को निर्माण गरी बारै महिना मेसिनहरू चलाउन सम्भव पारे ।



*पानीबाट चल्ने पावर लुम*

सन् १८५६ मा हेनरी बेसमेर (Henry Bessemer) ले फलाममा भएको अशुद्धतालाई हटाएर इस्पात बनाउने प्रविधिको विकास गरे । फलस्वरूप बेलायतमा ठुला ठुला र टिकाउ यन्त्रहरूको आविष्कार भयो । पुल तथा जहाजको निर्माण हुन थाल्यो । त्यसैगरी सन् १८१५ मा हम्फ्रे डभी (Humphrey Davy) ले सेफ्टी ल्याम्प (safety lamp) को आविष्कार गरेकाले खानीमा काम गर्ने मजदुरहरूको जीवन बढी सुरक्षित हुन पुगेको थियो ।



*जेम्स वाटले आविष्कार गरेको पहिलो स्टिम इन्जिन*

औद्योगिक क्रान्तिका दौरानमा बेलायतमा पक्की सडकको अभावले प्रतिकूलता सिर्जना गरेको थियो । उत्पादित मालसामानहरू एक ठाउँबाट अर्को ठाउँमा बिक्री वितरण गर्न अप्ठ्यारो भएको थियो । तसर्थ बेलायतले १८० माइल पक्की सडक बनायो । त्यतिमात्र नभई सन् १८१४ मा जर्ज स्टिफेनसन (George Stephenson) ले वाष्प शक्तिबाट चल्ने रेल इन्जिन बनाए जसले बेलायतमा अकल्पनीय परिवर्तन ल्यायो । औद्योगिक क्रान्तिले विद्युत् र सञ्चारको क्षेत्रमा पनि उल्लेख्य परिवर्तन ल्याएको थियो । बेन्जामिन फ्र्याङ्कलिन (Benjamin Franklin) ले बिजुलीको शक्ति, सन् १८३७ मा मोर्से (Morsey) ले टेलिग्राम, सन् १८७६ मा अलेक्जेन्डर ग्राहम बेल (Alexander Graham Bell) ले टेलिफोन र मिचेल फरोड (Michael Faraday) ले बिजुली बत्तीको आविष्कार गरे । साथै गुग्लिएल्मो मार्कोनी (Guglielmo Marconi) ले सन् १८९५ मा रेडियो र आकाशवाणी (Wireless) को आविष्कार गरी मानव जीवनमा अकल्पनीय परिवर्तन ल्याएका थिए । यसबाहेक औद्योगिक क्रान्तिले कृषिमा पनि अभूतपूर्व परिवर्तन ल्याएको थियो । परम्परागत कृषि प्रणालीको सट्टा कृषिमा वैज्ञानिक प्रणाली अवलम्बन गरियो । पशुहरूमा नश्ल सुधार गरी परिवर्तन ल्याइयो ।



*जर्ज स्टिफेनसनले आविष्कार गरेको वाष्प शक्तिबाट चल्ने रेल इन्जिन*

### औद्योगिक क्रान्तिले मानव समाजमा पारेको प्रभाव

औद्योगिक क्रान्तिका केही सकारात्मक त केही नकारात्मक प्रभावहरू मानव समाजमा परेको देखिन्छ । यसले मानव इतिहासको गोरेटोलाई बदलिदियो । घरेलु उत्पादनको सट्टा कारखानामा उत्पादन हुन थाल्दा वस्तुको उत्पादनमा वृद्धि भयो र आर्थिक समुन्नति ल्यायो । सहरीकरण, सामाजिक स्वरूपमा परिवर्तन, मजदुर सङ्गठनको स्थापना, समाजवादको प्रारम्भ आदि सकारात्मक प्रभावहरू थिए । घरेलु उद्योगको विनाश, जनसङ्ख्या वृद्धि, बेरोजगारी, मजदुरहरूको अवसरमा ह्रास, साम्राज्यवादको विस्तार जस्ता यसका नकारात्मक प्रभावहरू हुन् । औद्योगिक क्रान्तिले जनसङ्ख्या वितरणमा पनि परिवर्तन ल्याएको

थियो। सन् १७६० अघि अधिकांश व्यक्तिको बसोबास गाउँमा थियो। औद्योगिक क्रान्तिले गर्दा सहरहरूको विकास भई त्यसपछि व्यक्तिहरू औद्योगिक क्षेत्र रहेको सहरमा बसाइँ सरे । औद्योगिक क्रान्तिले अप्रत्यक्ष रूपमा संसदीय सुधारलाई सहयोग पुऱ्याएको थियो । यस क्रान्तिपूर्व राजनीतिक शक्ति केही सीमित जमिनदारको हातमा थियो भने यस क्रान्तिपछि उद्योगपतिहरू एकाएक शक्तिशाली भए। मध्यम वर्ग र मजदुर वर्गको हितमा पनि सरकारले विधेयक पास गरेको थियो ।

### क्रियाकलाप

१. बेलायतमा नै औद्योगिक क्रान्ति किन भएको होला, कारणहरू खोजी गरी लेख्नुहोस् ।

२. बेलायतमा ठन्डा हावापानी हुने मुलुक भएता पनि यान्त्रिक परिवर्तन सुरुमा किन सुती कपडामा भएको थियो ? ऊनी कपडामा किन भएन ? तर्क प्रस्तुत गर्नुहोस् ।

३. "साम्राज्यवादको विकासमा औद्योगिक क्रान्तिको ठुलो भूमिका रहेको थियो ।" यस कथनमा तपाईँ कुन हदसम्म सहमत हुनुहुन्छ ? आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

४. औद्योगिक क्रान्तिसँगै कृषिमा भएको विकासले उद्योग विकासमा कसरी मदत पुऱ्याएको थियो ? यसलाई आधार मानी एक सम्पादकीय तयार पार्नुहोस् ।

### अभ्यास

१. औद्योगिक क्रान्ति भनेको के हो ?

२. औद्योगिक क्रान्तिले पारेको सामाजिक प्रभावबारे लेख्नुहोस् ।

३. औद्योगिक क्रान्तिका आर्थिक असरहरू उल्लेख गर्नुहोस् ।

४. तलको तालिका कापीमा उतारी पुरा गर्नुहोस् ।

| क्र. सं. | यन्त्रको नाम | आविष्कारक वैज्ञानिकको नाम |
|---|---|---|
| १. | फ्लाइङ सटल | |
| २. | विद्युत् | |
| ३. | टेलिग्राम | |
| ४. | टेलिफोन | |
| ५. | रेडियो | |

५. उद्योगका निम्ति संयुक्त पुँजी कम्पनी (Joint Stock Company) किन खेलिए ? यस कार्यले किन मजदुर वर्ग र मालिकबिच मनमुटाव बढायो ?

६. पुँजीवाद तथा समाजवादको छुट्टाछुट्टै परिभाषा लेख्नुहोस् ।

पाठ १०

# लक्की नानीको वंशावली



लक्की के. सी. नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको एक ग्रामीण बस्तीकी बासिन्दा हुन् । उनलाई उनका छिमेकी र सहपाठीहरू लक्की नानी भनी बोलाउँछन् । हँसिली र सहयोगी भावनाकी लक्कीले आफ्नै गा. वि. स. मा अवस्थित विद्यालयमा कक्षा ९ मा अध्ययन गर्छिन् । एक दिन कार्यालयबाट फर्किएपछि आफ्नो बुबा कुमार के. सी. लाई लक्कीले आफ्नो वंशको विविध पक्षबारे सोधिन् ।

लक्की उनको वंशको पाँचौँ पुस्ताकी सन्तान हुन् । उनी कश्यप गोत्रकी हुन् । उनका बाजे बराजु लमजुङ जिल्लाबाट त्यहाँ बसाइँसराइ गरी गएका रहेछन् । आर्थिक दृष्टिले उनका पुस्ता मध्यम किसान वर्गका थिए । मूलतः कृषिमा आधारित देखिएता पनि आंशिक रूपमा उनका पुस्ताहरू ज्योतिष कार्यमा संलग्न रहेका थिए । उनका बुवाका हजुरबुबा र हजुरबुबाका बुबा जिल्लाको प्रख्यात ज्योतिषी हुनुहुन्थ्यो ।

गाउँमा शिक्षाको क्रमशः विस्तार भइसकेपछि लक्कीका हजुरबुबाहरू पढाइ लेखाइमा ध्यान दिनुभयो । त्यसैले उहाँहरूमध्ये कोही नेपाल सरकारको निजामती सेवामा कार्यरत हुनुहुन्छ भने कोही भारतीय गोर्खा सैनिकमा सेवा गरी निवृत्त हुनुभएको छ । लक्कीका ठुलो बुबा, ठुली आमा, काका, फुपूहरू सबै शिक्षित र आत्म निर्भर हुनुहुन्छ । लक्कीका हजुरबुबाहरू पहिला संयुक्त परिवारमा बस्नुहुन्थ्यो तर अहिले छुट्टिएर अलग अलग एकल परिवारमा बस्नुहुन्छ । तथापि चाडपर्व र विशेष अवसरहरूमा सबै बडाघरमा एकैठाउँ भेला भई हर्सोल्लासका साथ मनाउँछन् । फुपूहरू र उहाँका परिवार पनि सुखदुःखमा साथ दिन आउने गर्छन् । कुनै महत्त्वपूर्ण निर्णयहरू लिनुपरेमा सम्पूर्ण परिवार सदस्यहरूको राय सुझावबाट निर्णय हुन्छ । गाउँभरि ज्योतिषी बाजेको घर परिवार भनेर चिनिने लक्की नानी आफ्नो वंशमा गर्व गर्छिन् । राम्रोसँग पढेर भविष्यमा उनी समाजसेवी बन्ने लक्ष्य रहेको बताउँछिन् । लक्की नानीका बुबाका अनुसार के. सी. वंशावली यस प्रकार छ :

## के. सी. वंशावली


रणसिंह घिमिरे (क्षेत्रिनी विवाह गरेका)
श्यामसिंह के. सी.
दुर्योधन के. सी. (निःसन्तान)
चक्रबहादुर के. सी.
कृष्णबहादुर के. सी.
चन्द्रबहादुर के. सी.
पवन के. सी.
सरल के. सी.
थैवबहादुर के. सी.
सञ्जय के. सी.
यमन के. सी.
कमल के. सी.
विशाल के. सी.
चित्रबहादुर के. सी.
चैतन्य के. सी.
कुमार के. सी.
सुशिल के. सी.
लक्की के. सी.

## क्रियाकलाप

१. नेपालका शाह वंशावलीअर्न्तगत पृथ्वीनारायण शाहदेखि शाहकालको अन्त्यसम्मको वंशावली वृक्ष/वंशलता बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. वंश र वंशावलीको अध्ययनबाट के के सिक्न पाइन्छ, कक्षामा छलफल गरी प्रस्तुत गर्नुहोस् ।

३. तपाईँको अभिभावकलाई सोधी आफ्नो वंशको महत्त्वपूर्ण पक्षबारे लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

## अभ्यास

१. वंश भनेको के हो ?

२. आफ्नो वंशको अध्ययन किन गर्नुपर्छ ?

३. तपाईँको वंश र मिल्ने साथीको वंशबिच तुलना गरी लेख्नुहोस् ।

## सामुदायिक कार्य

तपाईँको गाउँको सगोत्री पाका व्यक्तिलाई आफ्नो वंश वा पुर्खाले त्यहाँ बसोबास गर्न थालेदेखिको तपाईँको पुस्तासम्म विविध पक्षबारे सोधखोज गरी लेख्नुहोस् र वंशवृक्ष/वंशलता पनि तयार पार्नुहोस् । प्राप्त जानकारीलाई सफा अक्षरमा लेखी भित्ते पत्रिकामा टाँस्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

## पाठ ११ हाम्रा पूर्वज : वर्तमानका मार्ग दर्शक

नेपाल धार्मिक, सांस्कृतिक विविधतायुक्त मौलिक परम्परा भएको विश्वकै एक अनुपम राष्ट्र हो । प्राचीन काल, मध्य काल तथा आधुनिक काल गरी तिन समयावधिमा विभाजन गरिएको छ । विभिन्न कालखण्डमा परम्परागत रीति रिवाज, चाल चलन र जीवन शैलीमा क्रमश: परिवर्तन हुँदै गएको छ । हाम्रा पूर्वजले विकास र विस्तार गरेका चाल चलन, रीति रिवाज तथा जीवन शैली हाम्रो पिँढीका लागि अद्वितीय मार्ग दर्शन हुन्, वर्तमान मानव जीवनका परिचायक हुन् । यसै सन्दर्भमा एक टेलिभिजनमा इतिहास डेस्क हेर्ने पत्रकार ममता ढकाल र इतिहास तथा संस्कृतिविद् डा. देवीप्रसाद मिश्रबिचको कुराकानी तल दिइएको छ :

ममता : नमस्कार डा. साहेब, सन्चै हुनुहुन्छ ?

देवीप्रसाद : नमस्ते ममता म्याडम । म सन्चै छु । आज के कति कामले पाल्नुभयो, कुन्नि ?

ममता : आज म हाम्रो टेलिभिजन कार्यक्रमका लागि हाम्रा पूर्वजका बारेमा विविध जानकारी लिनु परेकाले हजुरसँग सोधपुछ गर्न आएकी हुँ । कृपया मलाई छोटो समय दिन सक्नुहुन्छ ?

देवीप्रसाद : भइहाल्छ नि म्याडम, म सक्दो सहयोग गर्छु ।

ममता : धन्यवाद सर । हाम्रा पूर्वजहरूको सामजिक संरचना कस्तो थियो होला ?

देवीप्रसाद : हाम्रो देशको इतिहास हेर्दा व्यक्तिहरू वर्णाश्रममा आधारित जातिअनुसार पेसा व्यवसाय गरेको पाइन्छ । हिन्दु धर्ममा जातीय अन्तरको भावना थिएन । ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र मूलत: चार जातमा विभाजित समाज थियो । त्यसै अनुरूपमा कार्य विभाजन गरिएको थियो । बिस्तारै त्यो संस्कृतिका रूपमा विकसित भयो ।

ममता : नेपालको इतिहासमा अत्यन्तै मौलिक संस्कारहरू थिए । त्यसबारे केही बताइदिनुहोस् न !

देवीप्रसाद : त्यो सत्य हो । नेपाल प्राचीन कालदेखि नै मौलिक संस्कार भएको एक धनी राष्ट्र हो । ती संस्कारहरू त केही अहिले पनि विद्यमान छन् । मुख्यतया: त्यस्ता संस्कारहरू मल्लकालीन समयमा बढी प्रचलनमा आई विकसित भएको पाइन्छ । पुंसवन (कुलदेवताको पूजा), चुडाकर्म (व्रतबन्धमा कपाल खौरने), श्रीफल विवाह (ईही), वृद्धावस्थामा प्रतिष्ठा र गौरवका रूपमा गरिने संस्कार चौरासी पूजा वा बुढो जङ्को (नेवारमा), अन्त्येष्टि संस्कार तथा मृत्यु संस्कार आदि यसका ज्वलन्त उदाहरणहरू हुन् ।

ममता : त्यसैगरी उहाँहरूका चाल चलन र जीवन शैली कस्ता थिए त सर ?

देवीप्रसाद : एक आपसमा सहयोगी भावना प्रचुर थियो । हाम्रा पूर्वजहरूमा धर्म, ऐँचोपैँचो, वस्तुले वस्तु साटासाट गरी आवश्यकता परिपूर्ति गर्ने जस्ता अनुकरणीय व्यवहारहरू थिए । हाम्रा पूर्वजहरू धर्म कर्ममा आस्थावान् सत्चरित्रवान् थिए । उनीहरू विभिन्न पाटी पौवा, मन्दिर, गुम्बाहरू निर्माण गरी कलात्मक वास्तुकला, मूर्तिकला एवम् चित्रकलाको संरक्षण र

संवर्धन गर्न मन पराउँथे । आज पनि ती संरचनाहरू र कलामा हामी नेपालीको हैसियतमा विश्वमा नै गौरव गर्छौं । त्यस बेलाका समाज कृषिमा आधारित थियो । तिब्बतसँग व्यापार बढी थियो । व्यक्तिहरू संयुक्त परिवारमा बस्थे । भूमिको वितरण असमान थियो । गुठीहरू प्रशस्त थिए । धार्मिक अनुष्ठानहरू नै मुख्य शिक्षाका केन्द्रहरू थिए । प्राचीन कालमा संस्कृतले राजभाषाको मान्यता पाएकामा मध्यकालमा नेवारी र मैथिली भाषा पनि लोकप्रिय थिए । धर्मअनुसार चाडपर्वहरू हुन्थे र आआफ्नो क्षमताअनुरूप मनाइन्थ्यो । देशमा उत्पादित कपडाहरूको प्रयोग हुन्थ्यो । दौरा सुरुवाल, ढाकाको टोपी, पुरुष र गुनिउँ चोली, घलेक महिलाहरूको पहिरन थिए ।

ममता : तत्कालीन न्याय प्रणाली सम्बन्धी केही बताइदिनुहुन्छ कि ?

देवीप्रसाद : सुन्नुहोस् ममता म्याडम, प्राचीन कालमा धर्मशास्त्रअनुरूप कानुन निर्माण र सम्पादन गर्ने गरिन्थ्यो । तर जातअनुरूप कम सजाय र कठोर सजाय दिने व्यवस्था भएकाले न्यायिक असमानता देखिन्छ । गोरखाका राजा रामशाहले त्यो चलनलाई अन्त्य गरे । अभियुक्तहरूलाई देवी देवताहरू भकाई सफाइसमेत दिने प्रचलन थियो । स्थानीय स्तरका झैझगडाहरू "पञ्चसमुच्चय" बाट हेरिन्थ्यो । विकेन्द्रित न्याय प्रणाली अनुरूप गाउँको झैझगडा हेर्न द्वारे, टोल हेर्ने प्रधान र देशभरिको भ्रमण गरी न्याय दिनेलाई खरदार भनिन्थ्यो ।

ममता : धेरै धेरै धन्यवाद डा. साहेब । यति धेरै मात्रामा हाम्रा पूर्वजका बारेमा जानकारी प्राप्त गरेँ । म यहाँप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साँच्ची नै हामीले हाम्रा पूर्वजमा गर्व गर्नुपर्दछ ।

देवीप्रसाद : ल धन्यवाद ममता म्याडम । छुटौँ ल ।

**क्रियाकलाप**

१. हाम्रा पूर्वजले मनाउने चाडपर्व र विधिबारे खोजी गरी लेख्नुहोस् ।

२. हाम्रा पूर्वजका बारेमा विविध पक्षको जानकारी लिने उद्देश्यले कुनै नजिकको सङ्ग्रहालय वा धार्मिक स्थलहरूको भ्रमण गर्नुहोस् । प्राप्त जानकारीका आधारमा एक पूर्ण प्रतिवेदन तयार पार्नुहोस् ।

३. वर्तमान हाम्रा रीति रिवाज चाल चलन र संस्कृति पूर्वजहरूबाट हस्तान्तरित हुन् । यस कथनलाई आधार मानी भाषणको नमुना तयार पार्नुहोस् ।

**अभ्यास**

१. हाम्रा पूर्वज को हुन् ?

२. हाम्रा पूर्वजबाट हामी के के कुरा सिक्न सक्छौ ?

३. हाम्रा पूर्वज वर्तमानका मार्ग दर्शक हुन्, पुष्टि गर्नुहोस् ।

## एकाइ : आठ आर्थिक क्रियाकलाप

पाठ १

# कृषि

### १. परिचय

कृषिकार्य भन्नाले खाद्य बाली, नगदे बाली, फलफुल खेती र पशु, माछा, किरा एवम् पक्षी पालन जस्ता कार्यलाई जनाउँछ । नेपाल कृषि प्रधान देश हो । यहाँका झन्डै ६६ प्रतिशत व्यक्तिहरू कृषि व्यवसायमा संलग्न छन् । कुल ग्राहस्थ उत्पादनको ३६ प्रतिशत हिस्सा कृषि क्षेत्रले ओगटेको छ । देशको आर्थिक विकासमा कृषिक्षेत्रको महत्त्वपूर्ण भूमिका हुन्छ । कृषिक्षेत्रबाट उत्पादित वस्तुहरूबाट दैनिक जीवनमा उपयोग गरिने खाद्यान्न प्राप्त हुन्छ । कृषिबाट उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ पनि प्राप्त हुन्छ । देशमा आधुनिक वैज्ञानिक कृषि प्रणालीको विकास गरी कृषिको व्यावसायीकरण गर्न सकेमा आर्थिक क्रियाकलाप बढ्न गई गरिबी उन्मूलन गर्न सकिन्छ ।

### २. कृषिको महत्त्व

(क) खाद्यान्नको आपूर्ति

(ख) राष्ट्रिय आयको प्रमुख स्रोत

(ग) औद्योगिक कच्चा पदार्थको आपूर्ति

(घ) वैदेशिक मुद्रा आर्जन

(ङ) रोजगारी प्राप्त

(च) अर्थतन्त्रको मेरुदण्ड

### ३. परम्परागत कृषि प्रणाली

पुरानो ढङ्गबाट कृषिकार्य गर्ने प्रचलनलाई परम्परागत कृषि प्रणाली भनिन्छ । नेपालको कृषिबाट सन्तोषजनक उपलब्धि हुन नसक्नुको एउटा प्रमुख कारण हाम्रो पुरानो कृषि प्रणाली नै हो । एक्काइसौँ शताब्दीमा आएर पनि हाम्रो कृषि परम्परागत ढाँचाको छ । पुराना कृषि औजार, जस्तै : हलो, कुटो, कोदालो मात्र प्रयोग गर्नु र कीटनाशक औषधीको प्रयोग नगर्नु परम्परागत कृषिका विशेषताहरू हुन् । साथै आवश्यकताअनुसार कम्पोस्ट मल र रासायनिक मल प्रयोग नगर्नु र उन्नत बिउबिजन प्रयोग नगर्नु नै परम्परागत खेतीको मौलिकता हो । बाबुबाजेले जसरी कृषिकार्य चलाएका थिए, त्यसरी नै कृषिलाई निरन्तरता दिनाले अपेक्षित उपलब्धि हासिल हुन सकिरहेको छैन । त्यसैले विकसित देशको जस्तै नेपालमा पनि कृषिको विकास गर्न आधुनिक कृषि प्रणाली अपनाउनु नितान्त आवश्यक हुन्छ ।

## ४. नेपालमा कृषिको समस्या

(क) निर्वाहमुखी खेती

(ख) खेती गर्ने पुरानो ढाँचा

(ग) सिँचाइको असुविधा

(घ) किसानको गरिबी

(ङ) कृषि सामग्रीको अभाव

(च) गोदाम घरको अभाव

(छ) पुँजीको अभाव

### क्रियाकलाप

१. नेपाली कृषकहरूको गुनासो छ, "जति दुःख गर्दा पनि वर्षभरि खानै पुग्दैन।" उनीहरूले यसो भन्नुको कारण के होला ?

२. नेपाली कृषकहरूको जीवन स्तर न्यून हुनुको कारण के हो ?

३. नेपालको निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक रूपमा लैजान के के गर्नुपर्ला, सुझाव दिनुहोस् ।

४. नेपाल कृषि प्रधान देश भएर पनि यहाँका कृषकहरूले कृषिक्षेत्रमा धेरै किसिमका समस्याहरू भोग्नु परिरहेको छ। उक्त समस्याहरू पत्ता लगाउनुहोस् र ती समस्याहरू समाधान गर्ने उपायहरूको सूची तयार पार्नुहोस् ।

### अभ्यास

१. कृषि कार्य भन्नाले कस्तो कार्यलाई जनाउँछ ?

२. कृषिको महत्त्व लेखी कुनै दुईको व्याख्या गर्नुहोस् ।

३. नेपालमा कृषिका समस्याहरू उल्लेख गर्नुहोस् ।

### सामुदायिक कार्य

तपाईँको समुदायमा रहेका कृषकहरूसँग भेटघाट गर्नुहोस् । उनीहरूसँग भएको कुराकानीका आधारमा उनीहरू कृषि पेसामा लागेको कति भयो ? के कस्ता कृषि कार्यमा संलग्न रहेछन् ? उत्पादित वस्तुको उपयोग कसरी गर्दा रहेछन् भन्ने जस्ता प्रश्नमा आधारित भई एक प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

**पाठ ३**

# कृषिको व्यवसायीकरण

नेपालमा परम्परागत निर्वाहमुखी खेतीले प्रश्रय पाउँदै आएको छ । अधिकांश नेपालीले कृषिकार्य दैनिक जीवन निर्वाहका लागि मात्र गर्छन् । यस्तो अवस्थाबाट माथि उठ्न उनीहरूमा कृषिमा व्यावसायिकताको भावनाको विकास हुनुपर्छ । कृषिकार्यमा नयाँपन ल्याउन बाली विविधीकरण गर्ने, बहुबाली लगाउने, उन्नत मल, बिउ र कीटनाशक औषधीको प्रयोग गर्ने तथा आधुनिक कृषि औजार प्रयोग गर्ने जस्ता अभ्यासमा जोड दिन जरुरी छ । अशिक्षा र गरिबीका कारण त्यस्तो सोचाइको विकास नभएको हुन सक्छ । दैनिक पन्ध्र सयभन्दा बढी नेपालीहरू वैदेशिक रोजगारीको खोजीमा विदेश पलायन भइरहेका छन् । बसेकाहरूमध्ये पनि अध्ययनपछि अधिकांशमा जागिरे मनस्थिति छ । आफ्नै देशमा बसेर कुनै तालिम लिएर सिप सिकी स्वरोजगार बन्ने र अरूलाई पनि रोजगारी दिने कुरामा धेरैको सोचाइ भएको पाइँदैन । त्यसैले अब जीवन धान्ने मनसायले मात्र कृषि कार्य गर्ने होइन, कृषि व्यवसाय गरी आम्दानी गर्ने सोचको साथ अगाडि बढ्नुपर्छ ।

वैदेशिक रोजगारबाट फर्किएर आएका युवाहरूले आफूले सिकेर आएका सिप र अनुभवलाई उपयोग गरेर आधुनिक तथा व्यवसायिक ढङ्गले कृषिको कार्यलाई अगाडि बढाइरहेका छन् । नेपाल सरकारले वैदेशिक रोजगारबाट फर्किएका युवा युवतीलाई आफ्नो सिप स्वदेशमा प्रयोग गर्न चाहेमा आर्थिक अनुदान नीति पनि बनाएको छ ।

**कृषि व्यवसायीकरणका उपायहरू**

(क) भण्डार गृहको निर्माण

(ख) सिँचाइको उचित प्रबन्ध

(ग) व्यावसायिक खेतीलाई प्रोत्साहन

(घ) आधुनिक कृषि प्रणालीको अनुसरण

(ङ) सहुलियत ऋण सुविधा

(च) कृषि शिक्षा र किसान तालिम

(छ) नपढेकाले मात्र होइन, पढेकाहरूले काम गर्नुपर्छ भन्ने भावना विकास

(ज) भूमि सुधार कार्यक्रम र सहकारी खेतीको सुरुआत

## क्रियाकलाप

१. दिइएको खाद्य बाली र नगदे बालीको तथ्याङ्कका आधारमा स्तम्भचित्र बनाउनुहोस् :

| खाद्य बाली | | नगदे बाली | |
|---|---|---|---|
| कृषि उत्पादन | उत्पादन मे ट (सन् २०१३/१४) | नाम | उत्पादन मे ट (सन् २०१३/१४) |
| धान | ५०४७००० | उखु | ३०२०००० |
| मकै | २२८३००० | जुट | १५००० |
| गहुँ | १८८३००० | तेलहन | १८५००० |
| जौ | ३५००० | आलु | २७३८००० |

*Source: Nepal in figure 2014, CBS*

२. 'कृषिको व्यवसायीकरण गर्न सकेमा कृषकको आम्दानीमा वृद्धि गर्न सकिन्छ।' यस भनाइलाई प्रस्ट पार्नुहोस् ।

## अभ्यास

१. कृषिको व्यवसायीकरण भनेको के हो ? के नेपालमा कृषिको व्यवसायीकरण भएको छ ?

२. कृषिमा व्यवसायीकरणका उपायहरू उल्लेख गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईँको समुदायमा रहेका कृषकहरूले कृषिमा व्यवसायीकरण नगरेका भए यसको महत्त्व दर्साइदिनुहोस् र गरेको भए कुन ढङ्गबाट गरिएको रहेछ ? कसरी सिकिएको रहेछ ? कसको सहयोग लिइएको रहेछ ? सोधेर विवरण तयार पार्नुहोस् ।

पाठ ४

# उद्योग

## १. उद्योगको परिचय

व्यक्तिले आफ्नो ज्ञान, पुँजी एवम् सिप र साधनको उपयोग गरी वस्तु तथा सेवाको उत्पादन गर्नुलाई उद्योग भनिन्छ । उद्योगको विकास गर्न सके देशको आर्थिक विकासमा मदत मिल्छ । उद्योगको विकास हुन कृषिको पनि विकास हुन आवश्यक छ । देशको प्राकृतिक स्रोत र साधनलाई उपयोग गरी आज विश्वका कतिपय राष्ट्रले आर्थिक फड्को मारिसकेका छन् । अहिले पनि हाम्रो देशलाई चाहिने अधिकांश औद्योगिक वस्तु हामीले विदेशबाट आयात गर्नुपरेको छ । यसबाट नेपालको मुद्रा बाहिरिएको छ । बर्सेनि अरबौँको वैदेशिक घाटा सहन हामी बाध्य छौँ । यदि आफ्नै देशमा उद्योगको विकास गर्न सकेमा हामीलाई आवश्यक वस्तु स्वदेशबाटै उपलब्ध हुन्छ । हामी औद्योगिक वस्तुमा आत्म निर्भर बन्न सक्छौँ । निर्यात गर्ने लक्ष्यका साथ देशमा उद्योगको विकास गर्न सकेमा विदेशी मुद्रा आर्जन गर्न सकिन्छ र देशको राष्ट्रिय आयमा वृद्धि हुन्छ । विकसित देशहरूमा उद्योगले राष्ट्रिय आयको ५० देखि ८५ प्रतिशतसम्म हिस्सा ओगटेको हुन्छ । तर नेपालमा कुल गार्हस्थ उत्पादनमा उद्योगका योगदान १० प्रतिशत मात्र रहेको छ ।

## २. उद्योगको किसिम

लगानीका हिसाबले उद्योगलाई दुई किसिमबाट छुट्याउन सकिन्छ :

(क) घरेलु तथा साना उद्योग

(ख) मझौला तथा ठुलो उद्योग

### घरेलु तथा साना उद्योग

आफ्नै घरमा बसी आफ्नै परिवारका सदस्य मिलेर वा कम पुँजीमा स्थानीय सामग्री प्रयोग गरी चलाउन सकिने उद्योगलाई घरेलु उद्योग अर्थात् कुटीर उद्योग भनिन्छ । औद्योगिक ऐन, २०५४ अनुसार अधिकतम तिन करोड रुपैँयासम्म स्थिर जेथा भएको उद्योगलाई साना उद्योग भनिन्छ । स्थिर जेथा भन्नाले जग्गा, भवन, मेसिन, फर्निचर आदिलाई बुझिन्छ । नेपालमा प्राचीन कालदेखि नै घरेलु तथा साना उद्योगको महत्त्वपूर्ण स्थान रहँदै आएको छ ।

घरेलु तथा साना उद्योगको महत्त्व : देश विकासमा घरेलु तथा साना उद्योगको महत्त्व ठुलो छ । यस उद्योगको विकास भएमा स्थानीय स्रोत र सामग्रीको सदुपयोग हुन्छ । यसले रोजगार वृद्धि गरी राष्ट्रिय आम्दानी बढाउन सहयोग पुऱ्याउँछ । नेपालमा घरेलु तथा साना उद्योगको महत्त्वलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

**स्थानीय कच्चा पदार्थको सदुपयोग :** घरेलु तथा साना उद्योगमा स्थानीय स्रोत र सामग्रीको प्रयोग हुन्छ । बचेका कच्चा पदार्थबाट अन्य उपयोगी वस्तु उत्पादन गर्न सकिन्छ, जस्तै : पराल, छ्वाली, ढुङ्गा, माटो काठ, छाला, वेत, बाँस आदि । यस्ता कच्चा पदार्थको प्रयोगबाट दैनिक जीवनका लागि उपयोगी वस्तु निर्माण गर्न सकिन्छ ।

**रोजगारीको सिर्जना :** नेपालमा बढिरहेको बेरोजगारी समस्यालाई समाधान गर्न घरेलु तथा साना उद्योगले ठुलो मदत पुऱ्याउन सक्छ । त्यतिमात्र होइन यसले कृषिमाथि रहेको जनभार (अदृश्य बेरोजगारी) लाई हटाई उत्पादनशील कार्यमा लगाउन पनि सहयोग गर्दछ । उद्योग विभागले आ. व. २०६९/७० मा लिएको औद्योगिक तथ्याङ्कअनुसार उक्त वर्ष २३४ ओटा साना उद्योग स्थापना भएका थिए । यस्ता उद्योगमा ९,३८३ जना व्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेका थिए ।

**स्थानीय सिप र प्रविधिको उपयोग :** नेपालमा परम्परादेखि नै आफ्नै मौलिक सिप तथा कला भएका व्यक्तिहरूले आफ्नो कलाकारिता देखाउँदै आएको पाइन्छ । यस उद्योगको विकास भएमा कलात्मक वस्तु बनाउने, ढाकाका कपडा बनाउने, फलामका हातहतियार एवम् औजार बनाउने आदि कार्यलाई उद्योगका रूपमा विकास गर्न सकिन्छ । साथै माटाका भाँडाकुँडा बनाउने, घरेलु कपडा बनाउने आदि कार्यमा पनि स्थानीय सिप र प्रविधिको उपयोग गर्न सकिन्छ ।

**विदेशी मुद्रा आर्जन :** नेपाल घुम्न आउने विदेशी पर्यटकहरूले नेपाली हस्तकलाका सामान धेरै नै मन पराउने गरेका छन् । घरेलु तथा साना उद्योगमार्फत बन्ने यस्ता कलात्मक वस्तुको बिक्रीबाट नेपाललाई उनीहरूबाट विदेशी मुद्रा प्राप्त हुन्छ । जुन विदेशी मुद्रा हामीलाई विदेशबाट मेसिन, यन्त्र, उपकरणलगायतका वस्तु आयात गर्न अत्यावश्यक हुन्छ ।

**व्यापार घाटा कम गर्न :** हाम्रो देश नेपालको व्यापार घाटा प्रत्येक वर्ष बढिरहेको छ । देशमा आवश्यक वस्तुको उत्पादन नहुनाले विदेशबाट आयात गर्नु परेको छ । यसले गर्दा नेपालको मुद्रा देशबाहिर गइरहेको छ । निर्यात अत्यन्त कम मात्र भएको तर आयात बढी भएकाले भुक्तानी सन्तुलनमा समस्या परिरहेको छ । यस्तो अवस्थामा देशमा घरेलु तथा साना उद्योगको विकास गर्न सकेमा देशमै बनेका वस्तुको उपभोग बढ्न गई व्यापार घाटा कम गर्न सघाउ पुग्छ ।

**नेपाली कला र संस्कृतिको संरक्षण गर्न :** नेपालमा घरेलु तथा साना उद्योगबाट प्राय:जसो हस्तकलाका वस्तुहरूको निर्माण गरिन्छन् । अत: यस उद्योगलाई प्रवर्धन गर्न सकिएमा नेपाली कला र संस्कृतिको संरक्षणमा मदत मिल्छ । त्यसैले घरेलु तथा साना उद्योगको विकास गर्नु अनिवार्य देखिन्छ ।

**प्रादेशिक असन्तुलन कम गर्न :** हाम्रो देशमा भौतिक पूर्वाधारहरूको अभावले र भौगोलिक विकटताले गर्दा सबै क्षेत्रमा ठुला उद्योगको विकास गर्न सकिएको छैन । त्यसैले देशका विभिन्न भागहरूमा रहेको स्थानीय स्रोत र सिपको उपयोग गरी धेरै सङ्ख्यामा घरेलु तथा साना उद्योग सञ्चालन गर्न सकेमा विकासमा प्रादेशिक असन्तुलन कम गर्न सकिन्छ । त्यसैले नेपालमा यस उद्योगको ठुलो महत्त्व छ ।

## ३. घरेलु तथा साना उद्योगको समस्या र समाधानका उपायहरू

नेपालमा स्थानीय स्रोत र सामग्री पर्याप्त रहेको, स्थानीय सिप र क्षमता भएका व्यक्ति पर्याप्त भएकाले घरेलु तथा साना उद्योगको पर्याप्त सम्भावना छ । तर पनि यसका आफ्ना विविध समस्याहरू छन् । यसर्थ घरेलु तथा साना उद्योग सञ्चालनमा लोकप्रियता र प्रभावकारिता ल्याउन सकिएको छैन । घरेलु तथा साना उद्योगका समस्या र त्यसलाई प्रवर्धन गर्नका लागि समाधानका उपायहरू यस प्रकार छन् :

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| १. बजारको अभाव | गुणस्तरीय वस्तु उत्पादन गर्ने, विज्ञापन गर्ने, स्थानीय र अन्तर्राष्ट्रिय बजारको खोजी गर्ने, स्वदेशी उत्पादन प्रयोग गर्न प्रोत्साहित गर्ने । |
| २. ठुला उद्योगहरूसँग प्रतिस्पर्धा गर्न नसक्नु | ठुला उद्योगबाट उत्पादन नहुने खालका वस्तुको उत्पादन गर्ने, वस्तुको कलात्मकतामा जोड दिने, घरेलु तथा साना उद्योगका लागि संरक्षण नीति तथा कर छुटको नीति ल्याउने । |
| ३. परम्परागत प्रविधि | समयानुकूल आधुनिक यन्त्र उपकरण र प्रविधिको प्रयोग गर्ने । |
| ४. गरिबी | अधिकांश ग्रामीण जनता गरिब भएका कारण दैनिक गुजारा गर्न कठिन भएकाले रोजगारी उपलब्ध गराउने नीति कार्यक्रम ल्याउने । |
| ५. पुँजीको अभाव | बचतलाई प्रात्साहन गर्ने, सहुलित ब्याजदरमा सरल ऋणको व्यवस्था गर्ने, सरकारी अनुदान उपलब्ध गराउने |
| ६. औद्योगिक नीति बारम्बार परिवर्तन भइरहनु | सरकारले स्थायी प्रकृतिको ठोस औद्योगिक नीति बनाई कार्यान्वयन गर्ने र अनुकूल वातावरण बनाउने । |
| ७. दक्ष/सिपमूलक श्रमिकको अभाव | परम्परागत सिप र अनुभवले मात्र उद्योग सञ्चालन हुँदा समस्या आएकाले शिक्षा र तालिमको व्यवस्था गर्ने । |

## ४. नेपालमा साना तथा घरेलु उद्योगको सम्भावना

नेपालमा परम्परागत मौलिक सिप र कलाको विकास हुँदै आएको छ । यहाँ उपलब्ध स्रोत र साधनको उपयोग हुन बाँकी छ । कृषिजन्य वस्तुहरू पनि उपलब्ध छन् । ठुलो धनराशी विप्रेषणको रूपमा भित्रिएको छ । कृषिमा आवश्यकभन्दा बढी जनचाप छ । प्रत्येक वर्ष झन्डै चार लाख श्रमशक्ति उपलब्ध हुने वातावरण छ । विदेश गएर सिप सिकेर आएर स्वदेशमा केही गरौँ भन्ने ठुलो जमात अवसरको पर्खाइमा छ । त्यसैले नेपालमा थोरै पुँजी, स्थानीय सिप र प्रविधि प्रयोग गरी आफ्नै स्थानमा बसेर सञ्चालन गर्न सकिने घरेलु तथा साना उद्योगको सम्भावना प्रचुर मात्रामा रहेको छ ।

**क्रियाकलाप**

तपाईँको समुदायमा सञ्चालन भएका कुनै दुई ओटा घरेलु तथा साना उद्योगको अवस्था अवलोकन गरी सोसँग सम्बन्धित तथ्यलाई तालिका बनाई प्रस्तुत गर्नुहोस् ।

**अभ्यास**

१. उद्योगलाई तपाइँ कसरी परिभाषित गर्नुहुन्छ ?

२. उद्योग कति किसिमका हुन्छन्, नाम लेख्नुहोस् ।

३. घरेलु तथा साना उद्योगलाई उदाहरणसहित प्रस्ट्याउनुहोस् ।

४. घरेलु तथा साना उद्योग विकास हुँदा राष्ट्रलाई पुग्ने फाइदाहरूको सूची तयार पार्नुहोस् ।

५. नेपालमा घरेलु तथा साना उद्योग फस्टाउन नसक्नुका कारणहरू के के छन् ? यस उद्योगको विकास गर्न के के गर्नुपर्ला ?

६. 'नेपालमा घरेलु तथा साना उद्योगको विकासको सम्भावना प्रचुर छ ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

**सामुदायिक कार्य**

तपाईँको टोल छिमेकमा कुनै घरेलु तथा साना उद्योग सञ्चालन भएको हुनुपर्छ । त्यहाँ जानुहोस् र सञ्चालकसँग कुराकानी गर्नुहोस् । उद्योग सञ्चालनमा भोग्नुपरेका समस्याहरू र समाधानका उपायहरूका बारेमा छलफल गर्नुहोस् । छलफलको निष्कर्षलाई समेटी एउटा रिपोर्ट तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ ५

# मझौला तथा ठुला उद्योग

## १. परिचय

धेरै पुँजी, दक्ष जनशक्ति र आधुनिक यन्त्र उपकरणको प्रयोग गरी ठुलो परिमाणमा गुणस्तरीय वस्तु उत्पादन गर्न सञ्चालन गरिएको व्यवसायलाई मझौला तथा ठुला उद्योग भनिन्छ । औद्योगिक व्यवसाय ऐन, २०५४ का अनुसार तिन करोड रुपियाँदेखि १० करोड रुपियाँसम्म स्थिर जेथा भएको उद्योगलाई मझौला उद्योग भनिन्छ । साथै १० करोड रुपियाँभन्दा बढीको स्थिर जेथा भएको उद्योगलाई ठुला उद्योग भनिन्छ । नेपालमा सञ्चालित उद्योगहरू, जस्तै : चिनी, सिमेन्ट, पेय पदार्थ, फलाम, जस्ता, छाला, जुट, कागज, चुरोट, कपडा, चिया, इँटा टायल, साबुन आदि मझौला तथा ठुला उद्योगका उदाहरण हुन् । यस्ता उद्योगको विकास हुन सकेमा देशमा आर्थिक क्रियाकलापमा वृद्धि हुन्छ । साथै अप्रत्यक्ष रूपमा कृषि खनिजलगायतको पनि विकास हुन्छ ।

## २. मझौला तथा ठुला उद्योगको महत्त्व

देशलाई आर्थिक रूपले सुदृढ बनाउन मझौला तथा ठुला उद्योगको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसले जनतालाई रोजगारी प्रदान गर्नुका साथै राष्ट्रिय आम्दानी बढाउन मदत गर्दछ । यस उद्योगको विकास भएमा देशलाई आत्म निर्भरताको कार्यमा अगाडि बढाउन सकिन्छ । मझौला तथा ठुलो उद्योगको महत्त्वलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

### (क) आर्थिक विकासको आधार

देशमा मझौला तथा ठुला उद्योगको विकास भएमा फलाम, सिमेन्ट, विद्युत्, यन्त्र उपकरण जस्ता आधारभूत उद्योगहरूको विकास हुन्छ । आधारभूत उद्योगको स्थापना भएमा देशमा औद्योगिक विकासका लागि अनुकूल स्थिति सिर्जना हुन्छ ।

### (ख) रोजगारीको अवसर सिर्जना

पर्याप्त आर्थिक क्रियाकलाप नहुनाले हाम्रो देशको ठुलो सङ्ख्यामा युवाशक्ति विदेश पलायन भएको छ । एक तथ्याङ्कअनुसार प्रतिदिन औसत १५०० भन्दा बढीको सङ्ख्यामा नेपालीहरू कामको खोजीमा खाडी मुलुकलगायत अन्य देशमा भौँतारिरहेका छन् । यदि स्वदेशमै मझौला तथा ठुला उद्योगको विकास गर्न सकिएमा हामीले ती युवा शक्तिलाई स्वदेशमा नै रोजगारी दिन सक्ने छौँ । उद्योग विभागले प्रकाशन गरेको औद्योगिक तथ्याङ्कअनुसार २०६९/०७० मा ११२ ठुला उद्योग स्थापना भएको थियो । उक्त उद्योगहरूमा १२,७४३ जनाले रोजगारी पाएका थिए । त्यस्तै सोही वर्ष ९९ ओटा मझौला उद्योग स्थापना भएको थियो जसमा ६,३७९

जनाले रोजगारी पाएका थिए । यस तथ्याङ्कबाट के थाहा पाउन सकिन्छ भने मझौला तथा ठुला उद्योगको विकास गर्ने हो भने देशमा बेरोजगारी समस्या समाधान गर्न सकिन्छ ।

(ग) **जीवन स्तरमा सुधार**

मझौला तथा ठुला उद्योगको तीव्र विकासले रोजगारीमा वृद्धि भई व्यक्तिहरूको आम्दानीमा वृद्धि हुन्छ । आम्दानी बढेपछि उपभोग्य वस्तुको उपयोग बढी हुन्छ । उपभोग्य वस्तुको आपूर्ति बढेपछि मूल्य पनि घट्छ र सहज रूपमा वस्तु प्राप्त हुन्छ । परिणाम स्वरूप व्यक्तिहरूको जीवन स्तरमा सुधार हुन्छ ।

(घ) **कृषिको विकासमा मदत**

कृषिको आधुनिकीकरण गर्नका लागि कृषि सामग्रीको आवश्यक हुन्छ । कृषि औजार, रासायनिक मल र कीटनाशक औषधी उन्नत बिउ र बृहत् सिँचाइ आयोजनाका लागि देशमा मझौला तथा ठुला उद्योगको विकास हुन आवश्यक छ । औद्योगिक विकास भएमा कृषिमाथि परिरहेको जनचापलाई उद्योगमा स्थानान्तरण गरेर उत्पादन वृद्धि गर्न सकिन्छ ।

(ङ) **आयात घटाई निर्यातमा वृद्धि**

नेपालको वैदेशिक व्यापार घाटा कम गर्न औद्योगिक विकासको महत्त्वपूर्ण भूमिका हुन्छ । आवश्यक वस्तुको उत्पादन स्वदेशमा नै गर्न सकेमा आयात कम गर्न सकिन्छ । अर्कोतिर औद्योगिक वस्तुको उत्पादन बढाउन सकेमा विदेशमा निर्यात गरी विदेशी मुद्रा समेत आर्जन गर्न सकिन्छ ।

(च) **राष्ट्रिय आयमा वृद्धि**

औद्योगिकीकरणको विकासले व्यापक मात्रामा आर्थिक क्रियाकलाप बढाउँछ । रोजगारीका अवसरमा वृद्धि भई प्रतिव्यक्ति आम्दानी बढ्छ । फलस्वरूप देशमा पुँजी निर्माण बढ्न जान्छ । यसरी औद्योगिकीकरणले गर्दा सरकारको आम्दानी बढ्न जान्छ ।

## ३. नेपालमा मझौला तथा ठुला उद्योगको समस्या र समाधानका उपायहरू

नेपालमा औद्योगिकीकरणको प्रयास भइरहेको छ तर पनि यसले आशा गरेअनुसार सफलता पाउन सकेको छैन । यसको विकासका लागि सरकारले उद्यमी, श्रमिक, व्यापारी, व्यवस्थापक आदिलाई प्रोत्साहन गरी औद्योगिक नीति बनाएर अगाडि बढ्ने प्रयत्न गरेको देखिन्छ । यस उद्योगले सामना गर्नुपरेको समस्या र त्यसका समाधानका उपायहरू निम्नअनुसार रहेको छ :

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| १. पुँजीको अभाव : यन्त्र उपकरण, कच्चा पदार्थ, श्रमिक, भवन, गोदाम आदिको व्यवस्था गर्न पर्याप्त पुँजी चाहिन्छ । | ➡ ऋण उपलब्ध गराउने वित्तीय संस्थाको स्थापना गर्ने, सुलभ उद्यमी कर्जाको व्यवस्था गर्ने, वैदेशिक लगानीलाई प्रोत्साहन गर्ने, बचतमा वृद्धि गर्ने, आन्तरिक पुँजी लगानीलाई प्रोत्साहन दिने । |
| २. कच्चा पदार्थको अभाव | ➡ खाद्य तथा नगदे बालीको उत्पादनमा वृद्धि गर्ने, प्राकृतिक स्रोतको उपयोग गर्ने ।<br>➡ विदेशबाट आयात गर्नुपर्ने कच्चा पदार्थको समुचित व्यवस्था गर्ने । |
| ३. बजारको समस्या | ➡ बजारको खोजी गर्ने, वस्तुको गुणस्तरमा वृद्धि गर्ने, जनताको क्रयशक्ति बढाउने । |
| ४. यातायात र सञ्चारको असुविधा | ➡ यातायात र सञ्चारको तीव्र विकास गर्ने । |
| ५. ऊर्जाको समस्या | ➡ जल विद्युत्को उत्पादन बढाउने, ऊर्जाको अन्य वैकल्पिक स्रोत, जस्तै : पेट्रोलियम पदार्थ, कोइला, सौर्यशक्ति र वायुशक्तिको प्रयोग गर्ने । |
| ६. दक्ष उद्यमी र श्रमिकको अभाव | ➡ दक्ष उद्यमी र श्रमिकको उत्पादन, प्राविधिक शिक्षाको विकास तथा तालिमको व्यवस्था गर्ने । |
| ७. आधारभूत उद्योगको अभाव | ➡ सानातिना प्रशोधन सम्बन्धी उद्योगको विकास गर्ने, फलाम, स्पात, स्टिल, सिमेन्ट उद्योगको विकास गर्ने । |
| ८. बन्द, हड्ताल, धर्ना | ➡ उद्यमी र श्रमिकबिच सुमधुर सम्बन्ध कायम गर्ने, असल कार्य वातावरणको सिर्जना गर्ने ।<br>➡ औद्योगिक सुरक्षाको व्यवस्था गर्ने । |
| ९. अन्योलपूर्ण राजनीति | ➡ राजनीतिक अस्थिरता समाप्त गर्ने |
| १०. औद्योगिक नीति परिवर्तन र अव्यावहारिक कर नीति | ➡ ठोस औद्योगिक नीति बनाई कार्यान्वयनमा ल्याउने<br>➡ सरकार परिवर्तनपिच्छे औद्योगिक नीति परिवर्तन गर्ने परम्परा बन्द गर्ने ।<br>➡ स्पष्ट कर नीति अवलम्बन गर्ने । |

## ४. मझौला तथा ठुला उद्योगको विकासको सम्भावना

नेपालमा मझौला तथा ठुला उद्योगको पर्याप्त विकास भएको छैन । यस्ता उद्योगको विकास भएमा अन्य आधारभूत उद्योगहरूका साथै कृषिको विकास हुन्छ । कृषिको विकास हुँदा यस्ता उद्योगलाई चाहिने कच्चा पदार्थको आपूर्ति हुन्छ । नेपालमा खनिज साधनको उपयोग नगन्य छ । वन साधन, खनिज साधन तथा जल साधनको उपयोग गरेर यस्ता उद्योगको विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।

**क्रियाकलाप**

१. दुई समूहमा विभाजित भई एक समूहले मझौला तथा ठुला उद्योगको समस्या भन्ने र अर्को समूहले त्यसका समाधानका उपाय बताउने र यो काम पालैपालो दुवै समूहले गर्नुहोस् ।

**अभ्यास**

१. वर्तमान ऐनमा मझौला तथा ठुला उद्योगलाई कसरी परिभाषित गरिएको छ ?

२. मझौला तथा ठुला उद्योगको महत्त्वलाई बुँदागत रूपमा लेख्नुहोस् ।

३. नेपालमा मझौला तथा ठुला उद्योगको विकास हुन नसक्नुका कारणहरू के के हुन् ?

४. मझौला तथा ठुला उद्योगले भोग्नु परेका समस्याहरूको समाधानका उपायहरू के के हुन सक्छन्, लेख्नुहोस् ।

५. के नेपालमा मझौला तथा ठुला उद्योगको विकासको सम्भावना छ ? छ भने कसरी सम्भव छ, त्यसको पुष्टि गर्नुहोस् ।

**सामुदायिक कार्य**

तपाईँको समुदायमा सञ्चालित मझौला तथा ठुला उद्योगहरूको सूची तयार पार्नुहोस् र कुनै एक उद्योगमा गएर निम्न लिखित प्रश्नको उत्तर खोजी गर्नुहोस् :

(क) उद्योगको नाम के हो ?

(ख) कुन वस्तु उत्पादन हुन्छ ?

(ग) कच्चा पदार्थको आपूर्ति कसरी भएको छ ?

(घ) उत्पादनको मात्रा र वस्तुको बजार कस्तो छ ?

(ङ) कतिले रोजगारी पाएका छन् ?

(च) बाधा व्यवधान के के छन् ?

पाठ ६

# व्यापार

## १. परिचय

सामान्यतया वस्तु तथा सेवाको खरिद बिक्री गर्ने कार्यलाई व्यापार भनिन्छ । देशको एक स्थानमा उत्पादन भएको वस्तु सोही स्थान वा अर्को स्थान र विदेशमा बिक्री गर्नु नै व्यापार हो । उत्पादित वस्तु तथा सेवा बिक्री गरिने स्थानका आधारमा व्यापारलाई दुई भागमा बाँडेर अध्ययन गर्न सकिन्छ :

(क) आन्तरिक व्यापार

(ख) वैदेशिक वा बाह्य व्यापार

## २. आन्तरिक व्यापार

आफ्नो देशको भौगोलिक सिमानाभित्र सीमित भएर गरिने व्यापारलाई आन्तरिक व्यापार भनिन्छ । देशको विभिन्न भागमा उत्पादन हुने विभिन्न किसिमका वस्तु तथा सेवा एक स्थानबाट अर्को स्थानमा बिक्री विवरण गर्नुपर्छ । एक जिल्लाको उत्पादन अर्को जिल्लामा, एक सहरबाट अर्को सहरमा हिमाल र पहाडमा उत्पादन हुने वस्तु तराईमा र तराईमा उत्पादन हुने खाद्यान्न पहाड तथा हिमालमा बिक्री गर्ने गरिन्छ । बिक्री वितरणको प्रमुख उद्देश्य त्यस ठाउँमा बसोबास गर्ने व्यक्तिहरूको आवश्यकता परिपूर्ति गर्नु हो ।

## ३. वैदेशिक वा बाह्य व्यापार

कुनै एक देशमा उत्पादन भएको वस्तु आफ्नो देशका अतिरिक्त अन्य मुलुकमा पनि बिक्री वितरण गर्नुलाई वैदेशिक व्यापार भनिन्छ । नेपालमा उत्पादन हुने चिया, छाला, गलैंचा, जडीबुटी व्यापारिक प्रयोजनका लागि विदेश निर्यात गर्नु वैदेशिक व्यापार हो । औद्योगिक वस्तु, इन्धन, यन्त्र उपकरण लगायतका वस्तुहरू भारत, चीन, जापान, अमेरिका जर्मनीलगायत अन्य धेरै देशबाट आयात गर्नु पनि वैदेशिक व्यापार हो ।

## ४. वैदेशिक व्यापारको महत्त्व

नेपालको आर्थिक विकासमा वैदेशिक व्यापारको महत्त्वपूर्ण स्थान छ । नेपालको कृषि, उद्योग, यातायात क्षेत्र पनि वैदेशिक व्यापारमा निर्भर छ । त्यतिमात्र होइन नेपालको विकास आयोजना र कार्यक्रम समेत वैदेशिक व्यापारबाट प्रभावित हुन्छन् । वैदेशिक व्यापारको विकास र सुधार गर्न सकेमा मात्र हाम्रो जस्तो विकासोन्मुख देशको आर्थिक विकासको सम्भावना बढेर जान्छ ।

वैदेशिक व्यापारको महत्त्वलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

(क) आधारभूत आवश्यकताका वस्तुहरूको परिपूर्ति

हाम्रो देशमा उत्पादन नहुने र स्थानीय उत्पादनले नभ्याउने वस्तुहरू, जस्तै : पेट्रोलियम पदार्थ, कपडा, नुन, फलाम, कागज, औषधी, खाद्य पदार्थ, सिमेन्ट जस्ता आवश्यक वस्तु हामीले वैदेशिक व्यापारबाट प्राप्त गर्छौं ।

(ख) विदेशी मुद्रा आर्जन

देशमा उत्पादन भएका वस्तु विदेशमा निर्यात गर्न सकेमा विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । देशको आर्थिक विकासमा विदेशी मुद्रा अपरिहार्य हुन्छ ।

(ग) रोजगारीको सिर्जना

वैदेशिक व्यापारमा हुने वृद्धिले स्वदेशमा रोजगारीका अवसरहरू सिर्जना गर्छ । उत्पादन बढाउन कच्चा पदार्थ सङ्कलन, उत्पादन र व्यापारमा धेरै श्रमशक्ति आवश्यक पर्छ ।

(घ) औद्योगिक विकास

वैदेशिक व्यापारबाट देशको औद्योगिक विकास हुन्छ । नेपालमा उद्योगका लागि आवश्यक मेसिन, यन्त्र उपकरण, प्रविधि, कच्चा पदार्थ आदि वैदेशिक व्यापारमा नै निर्भर रहनुपरेको छ । आज जे जति औद्योगिक विकास भएको छ, त्यो वैदेशिक व्यापारको देन हो ।

(ङ) उपभोग्य वस्तुको आपूर्ति

हामीले आज वैदेशिक व्यापारका कारणले देशले उत्पादन गर्न नसकेका वस्तुहरूको पनि उपयोग गर्न पाइरहेका छौँ । वैदेशिक व्यापारको सहयोगमा हाम्रो जीवन स्तरमा वृद्धि पनि भएको छ । यसले यातायातका साधन, कम्प्युटर, मोबाइल विद्युतीय सामान, यन्त्र, उपकरण, मेसिनको प्रयोगमा सहजता ल्याई जनजीवन सरल बनाएको छ ।

**क्रियाकलाप**

**तपाईँको समुदायमा उत्पादित वस्तु वा सामानहरू स्थानीय स्तरमा देशका अन्य स्थानमा र अन्तर्राष्ट्रिय स्तरमा बिक्री वितरणको अवस्था पहिचान गर्न स्थानीय व्यापारीलाई सोध्ने प्रश्नावलीको नमुना तयार पार्नुहोस् ।**

**अभ्यास**

१. **आन्तरिक व्यापार र बाह्य व्यापारबिच फरक छुट्याउनुहोस् ।**

२. **नेपालबाट विदेश निर्यात हुने वस्तुहरूको सूची बनाउनुहोस् ।**

३. **वैदेशिक व्यापारबाट नेपाललाई हुने फाइदाहरू के के छन्, बयान गर्नुहोस् ।**

४. **व्यापारको विकास गर्न के गर्नुपर्ला, सुझाव दिनुहोस् ।**

**सामुदायिक कार्य**

**तपाईँका समुदायमा कुनै कृषक वा उद्यमीले उत्पादन गरेको वस्तुको बजार नपाएको स्थिति छ कि, खोजी गर्नुहोस् । कुन कुन वस्तुले बजार नपाएको पत्ता लगाउनुहोस् । त्यस वस्तुको बजार प्रवर्धन गर्न के गर्नुपर्ला, सोधखोज गरी विवरण तयार पार्नुहोस् ।**

पाठ ७

# नेपालमा वैदेशिक व्यापारको ढाँचा

वैदेशिक व्यापारको ढाँचा भन्नाले देशले कस्ता कस्ता वस्तु आयात र निर्यात गर्छ भन्ने बुझिन्छ । अर्थात् हाम्रो देशले विदेशबाट कुन कुन प्रकृतिको वस्तु आयात गर्छ र कुन कुन वस्तु निर्यात गर्छ, त्यो नै वैदेशिक व्यापारको ढाँचा हो । नेपालको आयात तथा निर्यातको ढाँचा यस प्रकार रहेको छ :

## निर्यात ढाँचा

नेपालमा औद्योगिक विकास सन्तोषजनक रूपमा हुन सकिरहेको छैन । नेपालले निर्यात गर्ने वस्तु औद्योगिकभन्दा पनि कृषिजन्य कच्चा पदार्थ तथा अर्ध प्रशोधित वस्तुहरू मात्र पर्छन् । हामीले गलैंचा, जुटका सामान, घिउ, तयारी जडीबुटी, अलैंची, पोसाक, खाद्यान्न, छाला तेलहन, चियाजस्ता वस्तुहरू मात्र निर्यात गर्दै आइरहेका छौँ ।



## आयात ढाँचा

नेपालमा औद्योगिकीकरणको अभावका कारण यहाँ पर्याप्त वस्तुहरू उत्पादन हुन सकेका छैनन् । हामीले दैनिक उपभोगका सामानदेखि ठुला ठुला मेसिन, यन्त्र उपकरणसमेत आयात गर्नुपर्ने बाध्यता छ । नेपालले आयात गर्ने विभिन्न वस्तुमध्ये कृषि उपकरण र पार्टपुर्जा, दुग्ध पदार्थ, कोइला, रासायनिक मल, सिमेन्ट, बिजुलीका सामान, औषधी, मोटर पार्टस र पेट्रोलियम पदार्थ आदि मुख्य रहेका छन् ।



**क्रियाकलाप**

१. सन् २०११/२०१२ को नेपालको आयात निर्यातको एक तथ्याङ्क तल दिइएको छ । यस तालिकाले नेपालको वैदेशिक व्यापारको बारेमा कुन कुन कुराको जानकारी गराउँछ ? वैदेशिक व्यापारमा यस्तो स्थिति राम्रो हो कि होइन ? कारण दिनुहोस् ।ः

| देश | आयात (दस लाखमा) | निर्यात (दस लाखमा) |
|---|---|---|
| भारत | २९,९३८ | ४९,६१६ |
| अन्य देश | १,६२,२७८ | ४,६४४ |

**अभ्यास**

१. वैदेशिक व्यापारको ढाँचा भनेको के हो ?

२. पाठमा दिएको आयात र निर्यातको ढाँचाको विश्लेषण गर्नुहोस् र त्यसको निचोड के पाउनुभयो, लेख्नुहोस् ।

३. नेपालले आयात गर्ने वस्तुहरू र निर्यात गर्ने वस्तुहरूको सूची बनाउनुहोस् ।

**सामुदायिक कार्य**

तपाईँको समुदायमा तपाईँले किनमेल गर्ने पसलमा जानुहोस् र अवलोकन गर्नुहोस् । त्यसपछि पसलेसँग सोधेर त्यो पसलमा बेच्न राखिएका कुन कुन वस्तु नेपालमै बनेका हुन् र कुन कुन विदेशबाट ल्याइएका रहेछन्, सूची तयार गर्नुहोस् । त्यसमध्ये विदेशबाट ल्याइएका तर आफ्नै देशमा उत्पादन गर्न सकिने वस्तुचाहिँ कुन कुन रहेछन्, छुट्याउनुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ ८

# नेपालमा व्यापार विविधीकरण

## १. परिचय

व्यापार विविधीकरण भनेको फरक फरक वस्तु वा सामानहरू कुनै स्थान वा देशमा मात्र सीमित नभएर विभिन्न ठाउँ र देशमा व्यापार बढाउनु हो । व्यापारको क्षेत्र जति फराकिलो पार्न सक्यो त्यति व्यापारमा वृद्धि हुन गई देशको आर्थिक विकासको गति बढ्छ । त्यस्तै गरी सीमित प्रकारका वस्तुहरूमा केन्द्रित नभई नयाँ नयाँ वस्तु तथा सेवाहरूको उत्पादन गरी व्यापारलाई अगाडि बढाउन सके नेपाललाई व्यापारको प्रवर्धनमा ठुलो सहयोग पुग्छ ।

व्यापार विविधीकरण दुई किसिमबाट गर्न सकिन्छ :

(क) क्षेत्र/देशगत विविधीकरण

(ख) वस्तुगत विविधीकरण

## २. क्षेत्र/देशगत विविधीकरण

कुनै पनि देशको कुनै एक क्षेत्रमा उत्पादित वस्तु आन्तरिक तथा बाह्य रूपमा बिक्री वितरण गर्नु नै क्षेत्र/देशगत विविधीकरण हो । यसरी व्यापारमा जति बढी विविधीकरण गर्न सक्यो त्यति व्यापारले फस्टाउने अवसर पाउँछ । ऐतिहासिक कालदेखि नै नेपालको वैदेशिक व्यापार भारतसँग सीमित थियो । नेपालका काजी भीम मल्लका पालामा नेपाल तिब्बत वाणिज्य सम्झौता भएपछि नेपाल र तिब्बतबिच पनि वस्तुको किनबेच हुन थाल्यो । त्यतिबेला तिब्बतबाट नेपालमा भेडा च्याङ्ग्रा, सुन, ऊन, नुनजस्ता वस्तु आयात गरिन्थ्यो भने नेपालबाट चामल, पिठो, खुर्सानी, चिनी जस्ता वस्तु निर्यात गरिन्थ्यो । वि. सं. २०२० सालसम्म नेपालको वैदेशिक व्यापार भारत र चीनको तिब्बतसँग मात्र सीमित रहेको थियो । वि. सं. २०२०/२१ सालदेखि नेपालले समुद्रपारका देशहरूसँग पनि आफ्नो वैदेशिक व्यापार बढायो । त्यस बेला समुद्रपारका मुलुकहरूमा नेपालले २५.२ करोड बराबरको वस्तु निर्यात गरेको थियो भने रु. ०.५० करोडका वस्तुहरू आयात गरेको थियो ।

नेपालले चौथो पञ्चवर्षीय योजना (२०२७-२०३२) देखि व्यापार विविधीकरणको सिद्धान्त अवलम्बन गऱ्यो । हाल नेपालले विश्वका धेरै मुलुकहरूमा निर्यात योग्य वस्तुहरू उत्पादन गरी विदेशी मुद्रा आर्जन गरिरहेको छ । बढ्दो वैदेशिक घाटालाई कम गर्न व्यापार विविधीकरणले ठुलो मदत गर्छ ।

## विभिन्न देशहरूसँग नेपालको वैदेशिक व्यापार

| क्र. सं. | क्षेत्र | निर्यात (प्रतिशत) | | आयात (प्रतिशत) | |
|---|---|---|---|---|---|
| | | २०११/०१२ | २०१२/०१३ | २०११/०१२ | २०१२/०१३ |
| १. | एसिया | ७८.२ | ७८.८ | ९७.७ | ९२.६ |
| २. | अफ्रिका | ०.५ | ०.२ | ०.५ | ०.४ |
| ३. | अमेरिका | ८.९ | ८.५ | ३.४ | ३.१ |
| ४. | युरोपियन युनियन | १०.७ | १०.० | २.३ | २.२ |
| ५. | युरोप | १.३ | १.९ | १.५ | १.२ |

*Source: Trade and Export Promotion Centre, CBS 2013*

### ३. वस्तुगत विविधीकरण

कुनै देशले आफ्नो व्यापारलाई सुदृढ पार्ने हो भने वस्तुगत विविधतामा ध्यान दिनु आवश्यक हुन्छ । सीमित वस्तुको उत्पादन र बिक्री नगरेर समयअनुसार नयाँ नयाँ वस्तुको उत्पादन र बिक्री वितरण बढाउनुपर्ने हुन्छ । हाल नेपालको वैदेशिक व्यापारको प्रवृत्ति हेर्दा पहिलेको तुलनामा वस्तुगत विविधता बढेर गएको छ । वि. सं. २०४१/०४२ सम्म नेपालले भारततर्फ दाल, चामल, मकै, काठ, पिना, खयर जस्ता वस्तुको निर्यात गर्दै आएको थियो । हाल दाल, ठुलो अलैंची, जडीबुटी, उनी कपडा, नेपाली कागज, खयर, छाला, तयारी कपडा, गलैंचा, जीवित जनावर, चिया, चाँदीका गहना, छालाका तयारी सामान, पस्मिना, हस्तकलाका सामान आदि विविध वस्तुको निर्यात हुन थालेको छ । यसबाट नेपालको व्यापारमा सुधार देखा परेको छ । अप्रशोधित र अर्ध प्रशोधित कच्चा वस्तु मात्र निर्यात गर्नुभन्दा प्रशोधित तयारी वस्तुको रूपमा निर्यात गर्न सकेमा वैदेशिक मुद्रा आर्जनमा ठुलो योगदान पुग्छ ।

**क्रियाकलाप**

१. तपाईँको आफन्त वा परिवारका सदस्यहरूसँग सोधखोज गरी नेपालमा कस्ता कस्ता किसिमका नयाँ नयाँ वस्तु (कृषि र औद्योगिक) उत्पादन हुन थालेका छन्, त्यसको सूची तयार पार्नुहोस् ।

२. पाठमा दिइएको आयात निर्यातको तालिकाको अध्ययन गर्नुहोस् र तालिकाको विश्लेषण गरी एउटा आर्थिक लेख तयार पार्नुहोस् ।

**अभ्यास**

१. व्यापार विविधीकरण भनेको के हो ?

२. व्यापार प्रवर्धनका लागि व्यापार विविधीकरणको किन आवश्यक्ता पर्छ ?

३. नेपालमा क्षेत्र/देशगत व्यापार विविधीकरणको विकास कसरी भएको पाइन्छ, व्याख्या गर्नुहोस् ।

४. नेपालमा वैदेशिक व्यापारमा वस्तुगत विविधीकरणको छोटकरीमा बयान गर्नुहोस् ।

पाठ ९

# व्यापार प्रवर्धन र बजारीकरण

देशमा व्यापारको विकास गर्न व्यापार विविधिकरणमा जोड दिनुपर्दछ भन्ने कुरा यस अगाडि नै चर्चा गरिसकिएको छ । तर नेपालको व्यापारलाई प्रवर्धन गर्नका लागि त्यसमा देखिएका समस्यालाई समाधान गरेर अगाडि बढ्नु आवश्यक हुन्छ । उत्पादित वस्तुहरूलाई बजारसम्म पुऱ्याउनु आवश्यक हुन्छ । त्यसका लागि नेपालको व्यापार प्रवर्धन र बजारीकरणका लागि निम्न लिखित उपायहरू अपनाउनु आवश्यक हुन्छ :

१. गुणस्तरीय वस्तुको उत्पादन गर्ने ।

२. परम्परागत सिपमा आधारित कलात्मक वस्तु उत्पादनमा जोड दिने ।

३. श्रमिक तालिम र शिक्षाको व्यवस्था गर्ने ।

४. सीमा व्यवस्थापनमा सरकारले ध्यान दिने ।

५. विश्व बजारको माग अध्ययन गरी वस्तुको उत्पादन गर्ने र नयाँ गन्तव्यको खोजी गर्ने ।

६. भूपरिवेष्ठित राष्ट्रले प्राप्त गर्ने सुविधा र सहुलियतका लागि पहल गर्ने ।

७. क्षेत्रगत र वस्तुगत व्यापार विविधीकरणमा जोड दिने ।

८. सरकारले सरल कर नीति र व्यापार प्रवर्द्धन एवम् बजारीकरणका रणनीति निर्माण गर्ने ।

**नेपाल सरकारले व्यापार प्रवर्धन र बजारीकरण गर्न आ. व. २०७१/०७२ मा सञ्चालन गरेका कार्यहरू :**

१. नेपाली प्रस्तर मूर्तिकला उत्पादन वृद्धिका लागि योसँग सम्बन्धित दक्ष कालिगढ उत्पादन गर्न ललितपुर हस्तकला सङ्घको लागत सहभागितामा मकवानपुर जिल्लामा दुई महिने तालिम सञ्चालन

२. दक्ष जनशक्ति उत्पादनका लागि गलैँचा उद्योग सङ्घ तथा सरोकारवाला संस्थाको समन्वयमा नेपालको पाँचै विकास क्षेत्रमा ५०/५० जना प्रशिक्षार्थीहरूलाई गलैँचा बुनाइ सम्बन्धी तालिम प्रदान

३. नेपाली तयारी पोसाक उद्योगमा श्रमिकहरूको श्रम शक्ति उत्पादन गर्न नेपाल तयारी पोसाक उद्योगमा सङ्घसँग लागत सहभागितामा तयारी पोसाक उत्पादनको तालिम सञ्चालन

४. गोरखामा लोक्ता तथा अल्लो प्रशोधन तथा नेपाली हाते कागज उत्पादन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन

५. केन्द्र र तेरथुम उद्योग वाणिज्य सङ्घको लागत सहभागितामा तेरथुम जिल्लामा अल्लाको धागो उत्पादन, विकास तथा कपडा बुनाइ गर्न महिला, दलित, जनजाति, आदिवासी र बेरोजगा युवाहरूलाई सहभागी गराई एक महिने तालिम सञ्चालन

६. ट्रेड बुलेटिन (Trade Bulletin) प्रकाशनको सुरुआत

७. नेपालको वैदेशिक व्यापार तथ्याङ्क सङ्कलन कार्यको सुरुआत

८. नेपालबाट निकासी कार्य गर्दै आइरहेका निकासी कर्ताहरूको विस्तृत विवरण सङ्कलन गरी 'नेपाल एक्सपोर्ट ट्रेड डाइरेक्टोरी' (Nepal Export Trade Directory) प्रकाशन

९. नेपालसँग दुई पक्षीय व्यापार सम्झौता भएका १७ राष्ट्रसँगको व्यापार सम्झौताहरू, टिफा, विमिस्टेक, साफ्टा, आफ्टासहितको नेपाल 'नेपाल बाइल्याटरल ट्रेड एन्ड ट्रान्जिट एग्रिमेन्टस्' (Nepal's Bilateral Trade and Transit Agreements) सँगालो पुस्तिका प्रकाशन

१०. 'नेपाल ट्रेड स्ट्याटिक्स' (Nepal Trade Statistics) प्रकाशन

११. सन् २०१५ मा संयुक्त राज्य अमेरिकाको लास भेगासमा आयोजित 'सरफेस २०१५' (Surface 2015) मा केन्द्रको संयोजकत्वमा नेपाली फर्म/कम्पनीलाई सहभागिता गराउने कार्य सम्पन्न

*(व्यापार तथा निकासी प्रवर्धन केन्द्र पुल्चोक, ललितपुर)*

**क्रियाकलाप**

१. एकछिन तपाइँ एक उद्यमी हुनुहुन्छ भनेर सोच्नुहोस् । तपाइँले उत्पादन गर्नुभएको वस्तु बिक्रीका लागि बजारको व्यवस्था कसरी मिलाउनुहुन्छ, जोडीमा छलफल गरी लेख्नुहोस् ।

२. तपाइँको समुदायमा उत्पादित सामानहरूले राम्रो बजार पाएका छन् कि छैनन् ? यदि छैन भने राम्रो बजार पाउन के के गर्नुपर्ला, समुदायका व्यक्तिहरूसँग छलफल गरी आफ्नो निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**अभ्यास**

१. 'नेपालमा व्यापार प्रवर्धन र बजारीकरणको आवश्यकता छ ।' यस भनाइको औचित्य पुष्टि गर्नुहोस् ।

२. व्यापार प्रवर्धन र बजारीकरणको महत्त्व प्रस्ट्याउनुहोस् ।

३. तपाइँको विचारमा नेपालमा कसरी व्यापार प्रवर्धन गर्न सकिन्छ, उपायहरूको खोजी गर्नुहोस् ।

४. व्यापार प्रवर्धनका लागि सरकारले चालेका कदमहरूको छोटकारीमा बयान गर्नुहोस् ।

पाठ १०

# कृषि, उद्योग र व्यापारमा आपसी सम्बन्ध




कृषि, उद्योग र व्यापारका बिचमा घनिष्ठ अन्तरसम्बन्ध हुन्छ । कृषिबाट उत्पादित वस्तु उद्योगमा कच्चा पदार्थका रूपमा प्रयोग हुन्छ । उद्योगबाट उत्पादन भएको वस्तु बजारमा बिक्री वितरण गरिन्छ । त्यसैगरी कृषिका लागि आवश्यक वस्तु, जस्तै : कृषि औजार, रासायनिक मल, उन्नत बिउ, कीटनाशक औषधी बजारबाटै किन्नुपर्ने हुन्छ । त्यसैले यी तिनका बिचमा अन्योन्याश्रित सम्बन्ध रहेको कुरा पुष्टि हुन्छ । समग्रमा कृषि, उद्योग र व्यापार तिनै कुराको विकास भएमा मात्र देशको आर्थिक विकास दरिलो बन्छ ।

कृषकले उद्योगबाट उत्पादित कृषि सामग्री बजारबाट किनेर ल्याउँछ र कृषि कार्य गर्छ । कृषिबाट उत्पादन भएका वस्तु, जस्तै : सनपाट, जुट, उद्योगले कच्चा पदार्थका रूपमा प्रयोग गर्छ । उद्योगले त्यसबाट बोरा, डोरी, झोला, दरी आदि जस्ता वस्तु उत्पादन गर्छ । यी वस्तु बिक्रीका लागि फेरि बजारमा लगिन्छ । यसरी कृषि, उद्योग र व्यापारको निकट सम्बन्ध हुन्छ ।

मनाङका स्याउ उत्पादक किसान आफ्नो स्याउले बजार नपाएकाले हैरान भए । देशमा अरू देशबाट भारतीय बजारबाट आयात गरिएको स्याउ महँगोमा बिक्री भइरहेको थियो । यातायातको असुविधाले आफ्नै देशमा उत्पादित स्याउ बिक्री गर्न नपाएर कुहिएर खेर जाने तथा वस्तुभाउलाई ख्वाउनुपर्ने अवस्था भयो । त्यसैले केही स्थानीय कृषकले घरेलु तथा साना उद्योगको स्थापना गरी स्याउको चाना काटेर सुकुटी बनाउन र स्याउको जुस उत्पादन गर्ने कार्य सञ्चालन गरे । यस कार्यले केही हदसम्म भए पनि त्यस क्षेत्रका किसानलाई राहत प्रदान गऱ्यो । उनीहरूको आम्दानीमा पनि वृद्धि भयो ।

कृषिको विकास हुनका लागि उद्योगको विकास हुन जरुरी छ । त्यसैगरी उद्योगको विकास हुन व्यापारको पनि विकास हुनु जरुरी छ । उद्योगबाट उत्पादित वस्तु बिक्री भएन भने उद्योग बन्द हुन्छ । उद्योग भएन भने कृषि पैदावारबाट उत्पादित वस्तुबाट उपयोगी वस्तु बन्न सक्दैन । त्यसैले कृषि, उद्योग र व्यापारबिच अन्योन्याश्रित सम्बन्ध छ । एकअर्काको विकासका लागि यी तिनै ओटा पक्षको विकास हुनु उत्तिकै आवश्यक हुन्छ ।

**क्रियाकलाप**

१. तपाईँको बसोबास क्षेत्रमा कृषिबाट उत्पादित वस्तु प्रयोग गरेर कुनै उद्योग सञ्चालन भएका छन् भने त्यसको छोटकरीमा परिचय दिनुहोस् ।

२. तपाईँको समुदायमा उद्योगका लागि के कस्ता कृषिजन्य कच्चा पदार्थ छन्, जोडीमा छलफल गरी सूची तयार गर्नुहोस् ।

**अभ्यास**

१. कृषि र उद्योगबिचको आपसी सम्बन्ध छोटकरीमा बयान गर्नुहोस् ।

२. देशमा कृषि र उद्योगको विकासले कसरी व्यापार फस्टाउन सहयोग गर्छ ?

३. 'कृषि खाद्यान्नको मुख्य स्रोत मात्र होइन, उद्योगका लागि आवश्यक कच्चा पदार्थको स्रोत पनि हो ।' यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

४. उद्योगको विकासले कसरी कृषिको विकासमा मदत पुऱ्याउँछ, आफ्नो विचार लेख्नुहोस् ।

**सामुदायिक कार्य**

तपाईँको समुदायमा कृषिबाट उत्पादन भएका वस्तुहरू सबै कृषक आफैँले उपभोग गर्दछन् कि बजारमा बिक्री पनि गर्दछन् ? यदि बजारमा बिक्री गर्दछन् भने बजारबाट ती वस्तु कुन कुन प्रयोजनका लागि प्रयोग भएको पाउनुभयो ? एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ ११

# आर्थिक योजना

## १. परिचय

साधारणतया कुनै समयमा निश्चित उद्देश्यहरू पुरा गर्नका लागि अनुमानित समय सीमा, लगानी, जनशक्ति र प्रतिफलको हिसाबसमेत गरी बनाइने कार्यक्रमलाई योजना भनिन्छ । कुनै पनि सचेत व्यक्तिले आफ्नो उद्देश्य सफल बनाउनका लागि योजना बनाउँछ । त्यसैगरी सरकारले पनि आफ्नो निश्चित उद्देश्य पुरा गर्न उपलब्ध स्रोत र साधनलाई ध्यानमा राखी प्राथमिकता निर्धारण गरी खर्च गर्ने गराउने योजना बनाउँछ । अर्थशास्त्रको भाषामा यसलाई आर्थिक योजना भनिन्छ । आर्थिक योजनाको सुरुआत तत्कालीन सोभियत सङ्घले सन् १९२८ मा गरेको थियो । सोभियत रुसमा योजनाको सफल कार्यान्वयन भएपछि विश्वका धेरै देशहरूले आर्थिक योजना बनाई विकासका कार्यक्रम बनाउन थाले । हाल विश्वका अधिकांश देशहरूले आर्थिक योजना बनाई लागु गर्ने गरेका छन् । सामान्यतया आर्थिक योजना पाँच वर्षको बनाइने भएकाले नेपालमा यस्तो योजनालाई पञ्चवर्षीय योजना पनि भन्ने गरिन्छ । नेपालमा तिन बर्से योजनाहरूसमेत बनाई लागु भइसकेका छन् ।

## २. नेपालमा योजनाको सुरुआत

नेपालमा योजनाबद्ध आर्थिक योजनाको थालनी वि. सं. २०१३ सालबाट भएको हो । यसभन्दा अगाडि पनि योजना सम्बन्धी केही प्रयोग भएको पाइन्छ । नेपालमा हालसम्म तेर ओटा योजना कार्यान्वयन भइसकेका छन् ।

**वि. सं. २०१३ साल अघि भएका आर्थिक योजनाको प्रयासहरू**

- राणा प्रधानमन्त्री जुद्ध शम्शेरले नेपालको लागि २० बर्से योजना तयार गर्ने घोषणा भए पनि त्यस सम्बन्धी कुनै ठोस कार्य भएको पाइएन ।
- वि. सं १९९२ सालमा नेपालमा सर्वप्रथम कम्पनी ऐन लागु भयो । त्यसै वर्ष उद्योग परिषद्को स्थापना भयो ।
- वि. सं. २००५ सालमा राणा प्रधानमन्त्री मोहन शमशेरको पालामा राष्ट्रिय योजना समिति गठन भयो । यस समितिले यातायात, कृषि, उद्योग तथा अन्य आर्थिक क्षेत्रको सुनियोजित ढङ्गले विकास गर्न एक १५ वर्षीय रूपरेखा तयार गऱ्यो ।
- वि. सं. २००७ सालमा योजना समिति गठन भयो । यसले पनि १५ वर्षे योजना बनाएको थियो तर सार्वजनिक भएन ।
- वि. सं. २०१२ मा तत्कालीन राजा श्री ५ महेन्द्रबाट पञ्चवर्षीय योजनाको घोषणा भयो ।

**हालसम्म कार्यान्वयन भएका आर्थिक योजनाहरू**

१. प्रथम योजना (वि. सं. २०१३-२०१८)
   योजनाविहीन वर्ष (वि. सं. २०१८-२०१९)
२. दोस्रो योजना (वि. सं. २०१९-२०२२) - त्रिवर्षीय योजना
३. तेस्रो योजना (वि. सं. २०२२-२०२७)
४. चौथो योजना (वि. सं. २०२७-२०३२)
५. पाँचौँ योजना (वि. सं. २०३२-२०३७)
६. छैटौँ योजना (वि. सं. २०३७-२०४२)
७. सातौँ योजना (वि. सं. २०४२-२०४७)
   योजना विहीन वर्ष (वि. सं. २०४७-२०४९)
८. आठौँ पञ्चवर्षीय योजना (वि. सं. २०४९-२०५४)
९. नवौँ योजना (वि. सं. २०५४-२०५९)
१०. दसौँ योजना (वि. सं. २०५९-२०६४)
११. एघारौँ योजना (वि. सं. २०६४/०६५-२०६६/०६७) - त्रिवर्षीय योजना
१२. बारौँ योजना (वि. सं. २०६७/०६८-२०६९/०७०) - त्रिवर्षीय योजना
१३. तेरौँ योजना (आर्थिक वर्ष २०७०/०७१- २०७२/०७३) - त्रिवर्षीय योजना

**तेरौँ योजना : वि. सं. २०७०/०७१ - २०७२/०७३**

**दीर्घकालीन सोच :** वि. सं. २०७९ साल (सन् २०२२) भित्र नेपाललाई अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने ।

**उद्देश्य :** देशमा व्याप्त आर्थिक तथा मानवीय गरिबी घटाई आमजनताको जीवन स्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने ।

**लक्ष्य :** योजनाको प्रमुख लक्ष्य गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८ प्रतिशतमा झार्ने रहेको छ ।

**रणनीति :**

१. विकास प्रक्रियामा निजी, सरकारी र सहकारी क्षेत्रको योगदान अभिवृद्धि गरी समावेशी, फराकिलो र दिगो आर्थिक वृद्धि गर्ने ।
२. भौतिक पूर्वाधारको विकास गर्ने ।
३. सामाजिक सेवाका क्षेत्रहरूमा पहुँच, उपयोग र गुणस्तर अभिवृद्धि गर्ने ।
४. सार्वजनिक तथा अन्य क्षेत्रहरूमा सुशासन अभिवृद्धि गर्ने ।

५. लक्षित वर्ग, क्षेत्र र समूहको आर्थिक र सामाजिक सशक्तीकरणमा अभिवृद्धि गर्ने ।

६. जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

प्राप्त कार्यक्रम

१. जल विद्युत् तथा ऊर्जा विकास

२. कृषि क्षेत्रको उत्पादकत्व वृद्धि, विविधीकरण र व्यवसायीकरण

३. पर्यटन, उद्योग र व्यापार क्षेत्रको विकास

४. आधारभूत शिक्षा तथा स्वास्थ्य, खानेपानी तथा क्षेत्रको विकास

५. सुशासन प्रवर्धन

६. सडक तथा अन्य भौतिक पूर्वाधार विकास

७. प्राकृतिक स्रोत र वातावरण संरक्षण

## क्रियाकलाप

तपाईँको घरमा पनि आर्थिक योजना बन्ने गरेको हुन सक्छ । बनेको छ भने सो योजना कहिलेदेखि र कसरी बन्दै आएको छ, अभिभावकलाई सोधी सोको विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. आर्थिक योजनाको परिचय दिनुहोस् ।

२. देशको आर्थिक विकासमा योजनाको महत्त्व दर्साउनुहोस् ।

३. वि.सं. २०१३ सालदेखि नेपालमा योजना बद्ध आर्थिक विकासको थालनी भएता पनि आशा गरेअनुसार सफलता प्राप्त हुन नसक्नुका कारण के होलान् ? उल्लेख गर्नुहोस् ।

४. 'बिना योजना कुनै पनि काम सफल हुन सक्दैन' भन्ने कुरालाई पुष्टि गर्नुहोस् ।

५. तेरौँ त्रिवर्षीय योजनाको दीर्घकालीन सोच के रहेको छ ?

६. तेरौँ योजनाले गरिबीको रेखामुनिको जनसङ्ख्या घटाएर १८ प्रतिशतमा झार्नका लागि के के रणनीति व्यवस्था गरेको छ ?

## सामुदायिक कार्य

तपाईँको समुदायको स्थितिमा सुधार गर्न समुदायका सदस्यहरूसँग छलफल गरी आवश्यकताको प्राथमिकीकरण र कार्यक्रमसहित एउटा योजनाको नमुना तयार पार्नुहोस् ।

पाठ १२

# गरिबी निवारण र रोजगार प्रवर्धनमा आर्थिक योजनाको योगदान

योजना बद्ध ढङ्गले थालिएका विकास कार्य मितव्ययी रूपमा तोकिएको समयमा पुरा हुन्छन् । यसबाट स्रोत र साधनको सही सदुपयोग हुन्छ । आर्थिक योजना बनाएर आर्थिक क्रियाकलाप सञ्चालन गर्दा देशमा विद्यमान गरिबी निवारण गर्न सहयोग पुग्दछ । नयाँ नयाँ रोजगारीका अवसरहरू राम्रो आर्थिक योजनाकै कारणले सिर्जना हुन्छन् । हाम्रो जस्तो विकासोन्मुख देशमा प्रभावकारी आर्थिक योजना कार्यान्वयन भएमा मात्र देशको आर्थिक विकास द्रुत गतिमा अगाडि बढ्ने छ । आर्थिक योजनाले गरिबी निवारण र रोजगार प्रवर्धनमा योगदान पुऱ्याउने कुराको चर्चा निम्नानुसार गरिएको छ ।

### १. आर्थिक वृद्धि दर बढाउन

आर्थिक योजना बनाएर अगाडि बढ्दा देशको स्रोत र साधनको समुचित प्रयोग हुन्छ । सीमित स्रोत र साधनबाट अधिकतम लाभ लिन सकिन्छ । हाम्रो देशमा आम गरिबीको अवस्था व्याप्त छ । जताततै बेरोजगारी छ । यस्तो अवस्थामा सही योजनाले मात्र आर्थिक क्रियाकलापमा वृद्धि भई रोजगारी, बचत एवम् पुँजीको सिर्जना गराउँछ र देशलाई सम्पन्नतातिर डोऱ्याउँछ ।

### २. क्षेत्रीय असन्तुलन हटाउन

हाम्रो देशमा विकासका दृष्टिले क्षेत्रीय असन्तुलन व्यापक रूपमा रहेको छ । यातायात तथा सञ्चारलगायत विकासका पूर्वाधार सहरी क्षेत्रमा मात्रै केन्द्रित भएकाले ग्रामीण क्षेत्र विकासमा पिछडिएको छ । त्यस्तै हिमाली क्षेत्रको तुलनामा पहाडमा बढी र पहाडमा भन्दा तराईमा बढी आर्थिक क्रियाकलाप भएको पाइन्छ । यसरी विकासमा देखिएको यस्तो क्षेत्रीय असन्तुलनलाई कम गर्न आर्थिक योजनाको महत्त्वपूर्ण स्थान हुन्छ ।

### ३. गरिबी र असमानता घटाउन

आर्थिक योजनामा देशको गरिबी र आय असमानतामा कम गर्ने विभिन्न कार्यक्रमहरू समावेश गर्न सकिन्छ । यसबाट विकासोन्मुख र गरिब राष्ट्रमा व्याप्त गरिबीलाई कम गर्न सकिन्छ । योजनामा शिक्षा, तालिम, रोजगारी, स्वरोजगार कार्यक्रम समावेश गरेर यो समस्यालाई समाधान गर्न सकिन्छ, जस्तै : तेरौँ त्रिवर्षीय योजनाले गरिबीको रेखामुनि रहेको जनसङ्ख्यालाई २३.८ बाट १८ प्रतिशतमा झार्ने प्रमुख लक्ष्य लिएको छ ।

### ४. रोजगारीको सिर्जना

विकासोन्मुख देशमा स्रोत र साधनको उचित प्रयोग भएको हुँदैन । पुँजीको अभावका कारण औद्योगिकीकरण कम हुन्छ । फलस्वरूप देशमा बेरोजगारी व्याप्त हुन्छ । यस्तो अवस्थामा आर्थिक योजनामा रोजगारीका अवसर सिर्जना गर्ने रणनीति कृषि र उद्योग विकास एवम् प्राकृतिक स्रोत र साधनको परिचालन तथा रोजगारीमूलक आयोजनाको छनोट गरी कार्यान्वयन गर्न सकेमा योजनाले व्यापक रोजगारीको अवसर सिर्जना गर्न सक्छ ।

### ५. पुँजी निर्माणमा वृद्धि गर्ने

सफल आर्थिक योजनाले देशमा जनताको सिप र रोजगारी, क्षमता बढाउँछ । फलस्वरूप आर्थिक क्रियाकलापमा आम्दानी वृद्धि भई नयाँ नयाँ रोजगारीका अवसर सिर्जना हुन्छन् र जनताको बचत गर्ने क्षमता बढ्दै जान्छ । फलस्वरूप देशमा पुँजी निर्माणमा वृद्धि हुन्छ । अन्ततः थप पुँजी निर्माणले लगानीको वातावरण सिर्जना हुन जान्छ र थप रोजगारीको वातावरण सिर्जना हुन्छ ।

### ६. कृषि र औद्योगिक क्षेत्रको विकास गर्न

हाम्रो देशको अर्थतन्त्रको मेरुदण्ड कृषि हो । तर दक्ष जनशक्ति, भौतिक पूर्वाधारको कमी, पुँजीको अभाव जस्ता कारणले न त यहाँ कृषिको विकास हुन सकेको छ न त उद्योगको विकास हुन सकेको छ । त्यसैले योजनामा कृषि र उद्योगलाई विकास गर्ने कार्यक्रम ठोस रूपमा समावेश गर्नु आवश्यक हुन्छ ।

### ७. वैदेशिक व्यापारको विस्तार

हाम्रो देशले बर्सेनि वैदेशिक व्यापारमा घाटा सहनु परिरहेको छ । औद्योगिक विकासको अभावका कारण निर्यातभन्दा आयात बढी भएर यो स्थिति देखापरेको हो । यस्तो अवस्थामा सरकारले योजना बनाउँदा निर्यातमुखी क्षेत्रमा लगानीको वातावरण बनाउनुपर्छ । शिक्षा र तालिम दिने, कर नीति अनुकूल बनाउने प्रयास गरेमा योजनाले वैदेशिक व्यापारको विस्तार गर्न थप मदत प्रदान गर्छ ।

**क्रियाकलाप**

१. योजनाले देशमा कसरी रोजगारीको सिर्जना गर्न सक्छ, प्रस्ट पार्नुहोस् ।

२. योजनाको अवधि सामान्यतया पाँच वर्षको हुने भएता पनि लगातार एघारौँ योजनादेखि तेरौँ योजनासम्म तिन बर्से योजना बनाइनुको कारण के होला ?

**अभ्यास**

१. आर्थिक योजनाको महत्त्व छोटकरीमा वर्णन गर्नुहोस् ।

२. क्षेत्रीय असन्तुलन घटाउन आर्थिक योजनाले के भूमिका खेल्छ ?

४. तेरौँ योजनाले पहिलो, दोस्रो र तेस्रो प्राथमिकतामा कुन कुन कुरालाई राखेको छ ?

५. रोजगारीका अवसरहरू बढाउन आर्थिक योजनामा कस्तो रणनीति बनाउनुपर्ला, योजना आयोगलाई सुझाव दिनुहोस् ।

६. 'गरिबी निवारणको प्रमुख माध्यम रोजगारी हो ।' यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

७. नेपालको गरिबी घटाउन योजनाले कसरी सहयोग पुऱ्याउँछ ?

**सामुदायिक कार्य**

तपाईँको इलाकाको गाउँ विकास समिति वा नगरपालिकामा जानुहोस् र त्यहाँको प्रमुखलाई भेटेर निम्न लिखित प्रश्नको उत्तर खोजी गर्नुहोस् :

(क) रोजगार प्रवर्धनका लागि के कस्ता योजना निर्माण भएका रहेछन् ?

(ख) ती योजनाहरू कति समययमा पुरा हुने रहेछन् ?

(ग) ती योजनाको कार्यान्वयन भएपछि त्यसबाट के के फाइदा पुग्ने रहेछ ?

पाठ १३

# उद्यमशीलता

उद्यमशीलता शब्दको विकास उद्यमीबाट भएको हो । त्यसैले उद्यमशीलताका बारेमा थाहा पाउन उद्यमीका सम्बन्धमा स्पष्ट हुनु जरुरी हुन्छ ।

## १. उद्यमी

कोलिन बरो (Collin Barrow) का अनुसार 'एक जना उद्यमी त्यस्तो व्यक्ति हो, जसले मुनाफा गर्न व्यापारिक कारोबार गर्छ ।'

यस परिभाषाका आधारमा त्यस्तो व्यक्तिलाई उद्यमी भन्न सकिन्छ, जसले नाफाका लागि लगानीसँग सम्बन्धित सबै किसिमका जोखिम स्वीकार गर्छ, नयाँ अवसरहरूको खोजी गर्छ, स्रोतको पहिचान गरी लगानी गर्छ । यस आधारमा उद्यमीले गर्ने मुख्य कार्य निम्नानुसार छन् :

(क) नयाँ नयाँ वस्तुको पहिचान गर्ने ।

(ख) उत्पादनका नयाँ तरिका अपनाउने ।

(ग) नयाँ बजारको खोजी गर्ने ।

(घ) कच्चा पदार्थको नयाँ स्रोत पहिचान गर्ने ।

(ङ) सङ्गठन र व्यवस्थापनमा फरक तथा नयाँ ढङ्गले परिवर्तन ल्याउने ।

## २. एउटा सफल उद्यमीका लागि आवश्यक गुणहरू

(क) नयाँ ढङ्गले सोच्ने (कार्य गर्ने) क्षमता हुनुपर्छ ।

(ख) खोज्ने, बुझ्ने र विश्लेषण गर्ने क्षमता हुनुपर्छ ।

(ग) पैतृक सम्पत्तिका भरमा मात्र उद्यमी हुन सकिँदैन भन्ने सोच हुनुपर्छ ।

(घ) उद्यमी बन्नका लागि जातीय बन्देज हुँदैन भन्ने भावनाको विकास हुनुपर्छ ।

(ङ) व्यवसायमा आइपर्न सक्ने जोखिम बहन गर्ने आँट हुनुपर्छ ।

(च) कल्पना मात्र गर्ने होइन, त्यसलाई साकार पार्ने हौसला र कार्य व्यवहार हुनुपर्छ ।

## ३. उद्यमशीलता

एउटा उद्यमीले गरेको उद्यम सम्बन्धी सम्पूर्ण कार्यलाई उद्यमशीलता भनिन्छ । उद्यमशीलतालाई कसै कसैले जोखिम वहन भनेका छन् भने कसैले खोजमूलक कार्य पनि भन्ने गरेका छन् । सङ्क्षेपमा उद्यमी हुनका लागि गरिने सबै किसिमका प्रयास र कार्य नै उद्यमशीलता हो ।

## ४. उद्यमशीलताका फाइदा

(क) उत्पादनमा वृद्धि : उद्यमशीलताको विकास भएमा समाजमा छरिएर रहेको बचत सङ्कलन भई अभावग्रस्त क्षेत्रमा समेत परिचालन हुन्छ । यसले गर्दा मानवीय स्रोत तथा साधनको विकास हुन्छ र आर्थिक क्रियाकलापमा वृद्धि हुन्छ ।

(ख) उत्पादनको गुणस्तरमा वृद्धि : उद्यमीले नयाँ सोच र ढङ्गका साथ वस्तुको उत्पादन गर्छ । बजारमा दीर्घकालसम्म आफ्नो वस्तुको बजार टिकाई राख्न गुणस्तरमा वृद्धि गर्न जरुरी हुन्छ ।

३. परिवर्तनको वाहक : समाजमा एज जना मात्र उद्यमीले आफ्नो व्यवसाय स्थापना गर्दा पनि केही नयाँ कुरा अवश्य दिन्छ । नयाँ ढङ्गले नयाँ वस्तु उत्पादन गरी भिन्न बजारको सोच राख्दा समाजमा आवश्यक परिवर्तन ल्याउँछ ।

४. पुँजीको वृद्धि : उद्यमशीलताको विकासले आर्थिक क्रियाकलाप बढ्दै जाँदा आम्दानीमा वृद्धि हुन्छ । फलस्वरूप पुँजी बढ्न गई पुन: लगानी हुँदै जाँदा पुँजी निर्माणको दर पनि बढ्दै जान्छ ।

**क्रियाकलाप**

**दिइएको समाचार राम्रोसँग पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

### बोधिचित्त

बनेपा, २३ फागुन - काभ्रेपलाञ्चोक जिल्लामा लाखौँ मूल्यमा खरिद बिक्री हुने बोधिचित्तको बिरुवाको माग दोब्बर बढेको छ । विश्वभरमा नै यस जिल्लाको तिमाल क्षेत्रमा पाइने बोधिचित्तको रुखको मूल्य पाँच लाखदेखि ३२ लाखसम्म पर्न थालेको छ । यसबाट आकर्षित भएका कृषकले व्यावसायिक रूपमा यसको खेती गर्न बिरुवाको खोजी गरेपछि यसको मागअनुसार आपूर्ति हुन सकेको छैन । एक कृषकले भने, "मैले दुई हजार बिरुवाको नर्सरी राखेको थिएँ, सबै सकियो र अब पाँच हजार बिरुवाको नर्सरी राख्ने तयारीमा छु ।" प्रति बिरुवा पाँच सय रुपियाँमा बिक्री भएको र जति बोधिचित्तको मालाको मूल्य बढी भयो त्यति नै यसको बिरुवाको खोजी हुन थालेको उनले बताए । साथै भक्तपुर जिल्लाको कटुञ्जेमा बोधिचित्तको ठुलो रुख ३२ लाखमा र रामेछापको भजुवामा ३६ लाखमा बिक्री भएको उनले बताए । बिरुवा बेचेर आफूले झन्डै १० लाख रुपियाँ आम्दानी गरेको पनि त्यस कृषकले बताए ।

जिल्लाको उग्रचण्डी नाला, कुशादेवी, काठमाडौँ, भक्तपुर, ललितपुर, पाँचथर, धनकुटा, पोखरा, तनहुँ, बाग्लुङ, गोरखा लगायतका जिल्लाबाट कृषकहरूले बोधीचित्तको बिरुवा खरिद गर्ने गरेका छन् । बोधीचित्तको माला चीन, थाइल्यान्ड, भुटान, भारत, कोरिया लगायतका देशमा निर्यात हुने गर्छ । एउटा रुखबाट झन्डै ५० किलोग्राम माला उत्पादन हुने बताइन्छ ।

**१. तपाईँले कहिल्यै बोधीचित्तको नाम सुन्नुभएको थियो ? तपाईँको परिवारका अन्य सदस्यले सुन्नुभएको वा देख्नुभएको थियो कि ?**

२. किन यस पाठमा यो समाचार राखिएको होला, अनुमान गरेर लेख्नुहोस् ।

३. बोधीचित्तको उपयोगिता के रहेछ ?

४. बोधीचित्त जस्तै समाजमा अर्को कुनै नौलो तर अधिक रूपले महत्त्वपूर्ण वस्तुका बारेमा तपाईंलाई जानकारी छ भने त्यसको नाम र महत्त्व लेख्नुहोस् ।

५. बोधीचित्तको माला बनाएर व्यापार गर्ने व्यवसायको सूत्रपात गर्ने कार्य उद्यमशीलता भित्र पर्छ कि पर्दैन, आफ्नो तर्क लेख्नुहोस् ।

### अभ्यास

१. उद्यमशीलताका गुणहरू के के हुन् ?

२. उद्यमशीलताको फाइदाहरूको छोटकरीमा वर्णन गर्नुहोस् ।

### सामुदायिक कार्य

१. तपाईँको समुदायमा बेरोजगार युवा युवतीहरू हुन सक्छन् । काम नपाएर भौतारिरहेका तिनीहरू कुलतमा फस्ने, घरपसल चाहर्ने, जुवातास खेल्ने, नराम्रा कार्यमा लाग्ने गर्न सक्छन् । स्वरोजगार मुखी तालिम दिएर एउटा सफल उद्यमी बनाउन के गर्नुपर्ला, एउटा योजना तयार पार्नुहोस् ।

२. उद्यमशीलता दुई प्रकारका हुन्छन् : सामाजिक र आर्थिक उद्यमशीलता । सामाजिक चेतना जगाउने, बाल क्लबमा आबद्ध रही क्रियाशील रहनु सामाजिक उद्यमशीलता हो भने सानातिना आर्थिक गतिविधिमा संलग्न भई आर्थिक आर्जन गर्नु, बचत गर्नु आदिलाई आर्थिक उद्यमशीलता भनिन्छ । तपाईँको विद्यालयमा तपाईँ कुन प्रकारको उद्यमशीलतामा संलग्न हुनुहुन्छ ? आफूलाई दुवै प्रकारका उद्यमशीलतामा संलग्न रहन साथी, शिक्षक र अभिभावकसँग सल्लाह गरी योजना बनाउनुहोस् र कार्यान्वयन गर्नुहोस् ।

पाठ १४

# कामको सिर्जना र व्यवस्थापन

विशालपुर गाउँको सडक छेउमै एउटा चिया पसल थियो । गाउँले तथा बटुवाहरू त्यहाँ चिया खाजा खाने गर्थे । पसलेले पसलमा आउनेहरूले मनोरञ्जन गरून् भनेर क्यारेम बोर्ड र नागपासको पनि व्यवस्था गरिदिएका थिए । गाउँका बेरोजगार युवाहरू सधैँ क्यारेम बोर्डमा र वयस्कहरू लुडोमा झुम्मिने गर्थे । पछि गएर नागपास मनोरञ्जनका लगि नभएर जुवाका रूपमा परिणत भएको थियो । उनीहरू पैसा बाजी राखेर खेल्थे भने खेल सकिएपछि पसलेलाई निश्चित रकम बहाल स्वरूप तिर्थे । कोही चिया पसलभित्र तास खेलेर समय बिताउँथे भने कोही जाँड रक्सी खाएर बस्थे । त्यस कार्यमा बेरोजगार मात्र होइन, कृषक र जागिरेहरू पनि फुर्सदको समयमा त्यहाँ भेला हुन्थे । पसले मख्ख थिए । उनको व्यापार राम्रो चलेको थियो । पसल भित्र र बाहिर सधैँ भिडभाड हुन्थ्यो ।

बिस्तारै गाउँमा झैझगडा, लुटपाट, चोरी, घर कलह बढ्न थाल्यो । यसले गर्दा वरपर त्यस गाउँको नाम बदनाम हुन थाल्यो । त्यहाँ बसोबास गर्नेहरूलाई आफ्नो गाउँको नाम भन्न पनि लाज लाग्न थाल्यो । गाउँमा बरालिने समूहमा केही शिक्षित युवाहरू पनि थिए । उनीहरू आफ्नो गाउँका बेरोजगारहरूलाई रोजगारीको अवसर खोजी गर्ने बारेमा चिन्तन गर्न थाले । उनीहरूले आफ्नै गाउँमा रहेको सहकारी संस्थाका अध्यक्षलाई भेटेर आफ्ना प्रस्ताव राखे । सहकारीले पनि गाउँ विकास समितिमा कुरा राख्यो । सहकारी र गाउँ विकास समितिले संयुक्त रूपमा गाउँलेको चाहनाअनुसार त्यसरी बरालिएर बसेका युवाहरूलाई सिपमूलक तालिम दिने निर्णय गर्‍यो । तालिमपछि व्यवसाय गर्न चाहनेलाई सहकारी संस्थाले सहुलियत ब्याजमा ऋण उपलब्ध गराउने निर्णय गर्‍यो ।

गाउँका सबै बेरोजगार युवाहरूलाई मागअनुसारको तालिम दिइयो । हस्तकला, कम्प्युटर, पशु पालन, नगदे बाली, घरेलु उद्योग, सिकर्मी, डकर्मी, इलेक्ट्रिसियन, प्लम्बिङ आदि विषयमा तालिम सञ्चालन भयो । तालिममा युवाहरूको सक्रिय सहभागिता भयो । तालिमपछि उनीहरूले सहकारीसँग ऋण लिएर व्यवसाय सञ्चालन गर्न थाले । कसैले च्याउ खेती, कसैले बेमौसमी तरकारी, कसैले क्युबी खेती, कसैले पसल, कसैले फर्निचर उद्योग, कसैले गोलभैँडा खेती, कसैले अचार उद्योग, कसैले बङ्गुर पालन, कसैले साइबर र बेतबाँसका व्यवसाय सञ्चालन गरे ।

सबैले आआफ्नो व्यवसाय सञ्चालनका लागि योजना बनाए । भूमि, पुँजी र श्रमिकको व्यवस्था गरे । बजारको खोजी र प्रबन्ध मिलाउने कार्य गरे । अहिले उनीहरूलाई व्यवसाय सञ्चालनमा भ्याई नभ्याई भएको छ । हिजोका ती बेरोजगार युवा आज स्वरोजगार भएका छन् । आफैँ काम खोज्दै हिँड्ने उनीहरूले आज आफ्नो व्यवसायमा अरूलाई पनि रोजगारी दिन सफल भएका छन् । उनीहरूको आर्थिक स्थिति सुध्रिँदै आएको छ । उनीहरूले सहकारीको साँवा ब्याज नियमित रूपमा बुझाउँदै आएका छन् ।

अहिले विशालपुर गाउँमा शान्ति छाएको छ । यो गाउँले पुनर्जीवन पाएको छ । हिजोका दिनमा जस्तो विकृति आज त्यस गाउँमा छैन । सबै आआफ्नै काममा व्यस्त छन् । अलमलिएर बस्ने फुर्सद कसैलाई छैन । वरपरका गाउँलेहरूले पनि आफ्नो गाउँलाई विशालपुर जस्तो नमुना गाउँ बनाउने प्रयासमा लागेका छन् ।

**क्रियाकलाप**

तपाईंको समुदायमा युवाहरू काम नगरेर बरालिने अवस्था छ वा छैन ? छ भने त्यसलाई निराकरण गर्न कसले के के गर्नुपर्ला, समूहगत निचोड निकाली कक्षामा प्रस्तुत गर्नुहोस् ।

**अभ्यास**

१. विशालपुर गाउँ सुरुमा किन बदनाम थियो ?

२. विशालपुर गाउँको मुख्य समस्या के थियो ?

३. शिक्षित र सचेत युवाहरूले समस्या समाधानको कस्तो उपाय खोजे ?

४. त्यस गाउँमा रोजगारीको सिर्जना कसरी भयो ?

५. विशालपुरको समस्याको समाधान कसरी भयो ?

६. गाउँको समस्या समाधानको श्रेय कसलाई दिन चाहनुहुन्छ ?

७. उनीहरूले आआफ्नो व्यवसायको व्यवस्थापन कसरी गरे, बुँदागत रूपमा लेख्नुहोस् ।

**सामुदायिक कार्य**

तपाईँको समुदायमा पनि बेरोजगार युवा युवतीहरू हुन सक्छन् । छन् भने उनीहरूको तथ्याङ्क लिई उनीहरूलाई स्वरोजगार बनाउनका लागि योजना बनाउनुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ १५

# श्रम



## १. परिचय

सामान्य बोलीचालीको भाषामा शारीरिक मिहिनेत वा परिश्रमलाई श्रम भन्ने गरिन्छ । भारी बोक्नु, खेत खन्नु, घर बनाउनु, कारखानामा काम गर्नु, मजदुरी गर्नु आदिलाई श्रम भनिन्छ । तर अर्थशास्त्रीहरूले भने कडा परिश्रम गर्दैमा त्यसलाई श्रम मान्दैनन् । उनीहरूका अनुसार शारीरिक तथा मानसिक मिहिनेत गरेबापत ज्याला प्राप्त हुन्छ भने मात्र त्यस्तो मिहिनेतलाई श्रम भनिन्छ ।

'व्यक्तिले आफ्नो हात अथवा टाउकोद्वारा कुनै वस्तु प्राप्त गर्ने उद्देश्यले सम्पन्न गर्ने प्रयत्नलाई श्रम भनिन्छ ।' - मार्सल

'बाँच्नका निमित्त धन कमाउन गरिएका सबै क्रियाकलापहरू श्रममा समावेश गरिन्छ ।' - ए. एच. स्मिथ

श्रमिक वा कामदारसँग सम्बन्धित हुनाले श्रम ऐन, २०४८ मा कामदारको परिभाषा यसरी दिएको पाइन्छ :

'कामदार' भन्नाले प्रतिष्ठानको उत्पादन कार्य वा सेवा प्रदान गर्ने कार्य वा सो कार्यको निमित्त प्रयोग भएको घरजग्गा वा मेसिनरी वा त्यसको कुनै भागमा कार्य गर्ने व्यक्तिलाई जनाउँछ । साथै श्रमिक भन्नाले त्यस्तो कार्यसँग सम्बन्धित काम वा अरू कुनै आकस्मिक काम गरेबापत पारिश्रमिक दिई काम लगाइएको व्यक्ति हुनुपर्छ । श्रमिक शब्दले पिसरेट, ठेक्का वा करारअन्तर्गत काम गर्ने कामदार समेतलाई जनाउँछ ।

## २. श्रमको प्रकार

श्रमलाई मुख्यतया तिन भागमा विभाजन गरिएको पाइन्छ :

(क) उत्पादक तथा अनुत्पादक श्रम

समाजलाई फाइदा पुग्ने गरी गरिएको वैधानिक कामलाई उत्पादक श्रम भनिन्छ । समाजलाई हानि पुग्ने गरी गरिने गैरकानुनी काम, जस्तै : चोरी, तस्करीलाई अनुत्पादक श्रम भनिन्छ ।

(ख) निपुण तथा अनिपुण श्रम

कुनै पनि काम सम्पन्न गर्नका लागि चाहिने विशेष ज्ञान, सिप, तालिम र शिक्षासँग सम्बद्ध श्रमलाई निपुण श्रम भनिन्छ, जस्तै : डाक्टर, वकिल, शिक्षक, इन्जिनियर आदि । जुन काम सम्पन्न गर्न विशेष शिक्षा र तालिमको आवश्यकता पर्दैन त्यस्तो श्रमलाई अनिपुण श्रम भनिन्छ ।

(ग) शारीरिक श्रम तथा मानसिक श्रम

जुन काम गर्न मानिसको शारीरिक अङ्ग बढी प्रयोग हुन्छ, त्यस्तो श्रमलाई शारीरिक श्रम भनिन्छ, जस्तै : मजदुर, किसान आदिको श्रम । जुन काम गर्न शारीरिक श्रमभन्दा बढी मानसिक शक्तिको आवश्यकता पर्छ, त्यस्तो श्रमलाई मानसिक श्रम भनिन्छ, जस्तै : डाक्टर, वकिल, इन्जिनियर, शिक्षकलगायतको श्रम ।

**(ख) श्रमको महत्व**

देशको आर्थिक विकासमा श्रमको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । श्रमविना वस्तु तथा सेवाको उत्पादन सम्भव हुँदैन । निष्क्रिय रहेको पुँजी र साधनको परिचालन गर्ने सक्रिय साधन नै श्रम हो । त्यसैले हरेक श्रमिकलाई शिक्षा र तालिम दिन सकेमा उसको काममा गुणात्मक वृद्धि हुन्छ र एउटा निपुण एवम् योग्य श्रमिक बन्छ । श्रमको अधिकतम प्रयोग गर्न सकेमा आवश्यक वस्तुको उत्पादन हुन्छ । बढी भएका वस्तु निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । देशमा आर्थिक क्रियाकलाप वृद्धि भई जनताको आम्दानीमा वृद्धि हुनका साथसाथै राष्ट्रिय आम्दानीमा समेत बढोत्तरी हुन्छ ।

नेपालको श्रम बजारमा प्रतिवर्ष चार लाखभन्दा बढी श्रमिक कामका लागि तयार हुन्छन् । यो श्रमको सदुपयोग गरेर स्वदेशमै त्यसको उपयोग हुने वातावरण सिर्जना गर्न सकेमा त्यसबाट नेपाल र नेपालीका लागि अत्यन्त लाभदायक हुने थियो । तर नेपालबाट त्यो श्रम शक्ति पलायत भई विदेशी भूमिलाई सिञ्चित गरिरहेको छ ।

**(ग) कामको सम्मान**

हाम्रो देशमा प्राकृतिक स्रोत र साधन पर्याप्त मात्रामा भएता पनि पुँजीको अभाव र दक्ष जनशक्तिको अभावका कारण त्यसको सही सदुपयोग हुन सकेको छैन । दिन प्रतिदिन बेरोजगारीको सङ्ख्या बढ्दो छ । अधिकांश व्यक्ति रोजागारीको खोजीमा भौँतारिएका हुन्छन् । उनीहरू जस्तोसुकै काम गर्न हिच्किचाउँछन् । बरु उनीहरू बेरोजगार नै बस्न रुचाउँछन् । यो राम्रो संस्कार होइन । कुनै पनि काम साने वा ठुलो भन्ने हुँदैन । हामीले कामको सम्मान गर्न जान्नुपर्छ । राजा जयस्थिति मल्लले कामको आधारमा जात विभाजन गरेका थिए । त्यही संस्कारको छाप आधुनिक नेपालमा अझैसम्म परेको छ भन्दा अन्यथा हुने छैन । जुन काम गर्न स्वेदशमा हिचकिचाहट हुन्छ त्योभन्दा पनि निम्न दर्जाको काम वैदेशिक रोजगारीमा गएर गर्ने गरेको हामीले सुन्दै आएका छौँ । आखिर त्यही काम विदेशमा गर्न हुन्छ भने नेपालमा बसेर गर्न किन

नहुने ? हाम्रो देश विश्वको अति कम विकसित मुलुकमा पर्नुको एउटा प्रमुख कारण पनि यही हो । जबसम्म कामको सम्मान गर्ने संस्कृतिको विकास नेपालमा हुन सक्दैन तबसम्म हामी पछाडि पर्ने छौँ । त्यसैले हामीले हाम्रो कामलाई माया गर्नुपर्छ भने अरूले गरेको कामको सम्मान गर्नुपर्छ । आफूले पनि नगर्ने र अर्कोले गरेको कामको टिका टिप्पणी गर्ने बानी राम्रो होइन ।

सिपमूलक तालिमहरू सिकेर स्वदेशमै स्वरोजगारको पर्याप्त अवसर प्राप्त गर्न सक्छौँ । लाखौँ रुपियाँ दलाललाई बुझाएर स्वदेशमा नगरेको काम विदेशमा गर्नुभन्दा आफ्नै जन्मभूमिमा पसिना बगाउनु राम्रो हुन्छ । हाल दैनिक १५०० भन्दा बढी नेपाली युवा कामको खोजीमा विदेश पलायन भइहेका छन् । यो श्रम शक्तिलाई आफ्नै देशमा उपयोग गर्न सकेमा सबैको आर्थिक स्थितिमा सुधार आउने छ । त्यसका लागि सानो होस् ठुलो होस् मेरो काम महान् हो भन्ने प्रवृत्तिको विकास हुनुपर्छ ।

### क्रियाकलाप

१. श्रम ऐनमा श्रम वा कामदारको परिभाषा कसरी दिइएको छ, खोज गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. हरेक दिन विदेश पलायन भइरहेको श्रमशक्तिलाई रोकेर स्वदेशमै त्यो सिप उपयोग गर्ने वातावरण तयार पार्न श्रम मन्त्रीलाई एउटा पत्र लेख्नुहोस् ।

३. सानोतिनो काम गर्न नचाहने, 'अरू जस्तो हो र यस्तो काम गर्छु' भन्ने व्यक्तिलाई कुनै पनि काम सानो हुँदैन, कामको सम्मान गर्नुपर्छ भनेर कसरी सम्झाउनुहुन्छ ? सम्झाउने बुँदाहरूको एउटा सूची तयार पार्नुहोस् ।

४. तपाईंको समुदायमा कम मन पराइने पेसाहरूको सूची समूहगत रूपमा तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

### अभ्यास

१. श्रमका प्रकारहरूको उदाहरणसहित छोटकरीमा बयान गर्नुहोस् ।

२. 'श्रम बिना उत्पादन सम्भव छैन ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

३. 'श्रमले रोजगारको सिर्जना गर्छ ।' यस भनाइसँग तपाईँ कतिको सहमत हुनुहुन्छ, प्रस्ट पार्नुहोस् ।

४. उत्पादन वृद्धिका लागि श्रमको आवश्यक्ता पर्छ भन्ने कुरा उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

५. 'कामको सम्मान हुन सकेमा धेरै हदसम्म बेरोजगारीको समस्या समाधान हुन सक्छ ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

### सामुदायिक कार्य

तपाईँको छिमेकमा रहेका कम्तीमा पाँच ओटा घरमा पुगी ती घरका व्यक्तिहरू कुन कुन पेसासँग संलग्न भएका छन्, सोधपुछ र कुराकानीका आधारमा त्यसको सूची तयार पार्नुहोस् । साथै समाजमा कस्ता कामलाई बढी र कम सम्मान दिइँदोरहेछ, पत्ता लगाउनुहोस् ।

**एकाइ : नौ** हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग

पाठ १

# नेपालका दातृ राष्ट्र तथा संस्थाहरू



सन् १८१६ मा संयुक्त अधिराज्य (बेलायत) सँग भएको कुटनीतिक सम्बन्धबाट नेपालको औपचारिक रूपमा अन्तर्राष्ट्रिय समुदायसँगको सम्बन्ध सुरु भएको हो । यसपछि आधुनिक विश्वसँग नेपालको नियमित सम्पर्क भइरहेको छ । वि. सं. २००७ सालअघि नेपालको कुटनीतिक सम्बन्ध भएका मुलुकहरू बेलायत, भारत, अमेरिका र फ्रान्स हुन् । सन् २०१३ अप्रिल १२ तारिखमा पपुवा न्युगिनीसँग नेपाल कुटनीतिक सम्बन्ध स्थापना भएपछि यस्ता मुलुकहरूको सङ्ख्या १३८ पुगेको छ । यसैबिच नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको औपचारिक सुरुआत भएको २०० वर्ष पुरा भएको अवसरमा राजधानीमा एक बृहत् प्रदर्शनी आयोजना गरिएको थियो । उक्त प्रदर्शनीमा, नेपालको परराष्ट्र नीति तथा अन्तर्राष्ट्रिय सम्बन्धका आधारहरू सम्बन्धी बुलेटिन प्रकाशित भएको थियो । उक्त अवसरमा विभिन्न मित्र राष्ट्रहरूबाट भएका सहयोग कार्यक्रमका नमुनाहरू प्रदर्शन गरिएका थिए । विभिन्न वित्तीय तथा बहुपक्षीय संस्थाबाट भएका विकास आयोजनाहरूका नमुना पनि प्रस्तुत गरिएका थिए ।

धनीलाल पासवान् शान्ति माध्यमिक विद्यालयमा कार्यरत शिक्षक हुनुहुन्छ । उहाँले कक्षा ९ का विद्यार्थीलाई उक्त प्रदर्शनी स्थलमा भ्रमण गराउनुअघि अन्तर्राष्ट्रिय सम्बन्धका विषयमा विद्यालय प्राङ्गणमा यसरी प्रस्ट्याउनुभयो :

भाइबहिनीहरू, जसरी मानिस समाजमा एक्लो भएर बाँच्न सक्दैन, त्यसरी नै संसारको कुनै देश एक्लै रहन सक्दैन । संसारको कुनै पनि देश पूर्णरूपले आत्म निर्भर हुन सक्दैन । आजको युगमा विभिन्न देशहरूले आफ्नो उद्योग, व्यापार बढाउन एकअर्कामा सम्बन्ध कायम गर्न अनिवार्य भएको छ । त्यसैले एक अर्काको देशका मानिसहरूबिच सांस्कृतिक आदन प्रदान, खेलकुद, शिक्षा, पर्यटन र रोजगार प्रवर्धन गर्नसमेत आपसी मेलमिलाप र सहयोग बढाउनु आजको आवश्यकता हो ।

नेपालको औपचारिक अन्तर्राष्ट्रिय सम्बन्ध सुगौली सन्धिपश्चात् बेलायतबाट सुरु भएको हो । नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध सुरुआत भएको यो वर्ष २०० वर्ष पुरा हुँदै छ । यस अवसरमा हामी एक प्रदर्शनी स्थलमा जाँदै छौँ । उक्त प्रदर्शनी स्थलमा विभिन्न प्रदर्शनी कक्ष (स्टलहरू) राखिएका छन् । त्यहाँ तपाईंहरूले नेपालको परराष्ट्र नीति, विभिन्न राष्ट्रहरूबाट भएका सहयोगका क्षेत्रहरू तथा अन्य संस्थाहरूबाट भएका सहयोग कार्यक्रमबारे जानकारी पाउनुहुने छ ।

विद्यार्थीहरू प्रदर्शनी स्थलमा पुग्छन् र विभिन्न स्टलहरूमा यस्ता सूचना वा जानकारी प्राप्त गर्छन् :

स्टल नं. १ : वि. सं. २००७ सालमा प्रजातन्त्रको उदय भएपछि नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध अर्थात् परराष्ट्र नीतिका आधारहरू

- असंलग्नता
- पञ्चशीलप्रति आस्था
- संयुक्त राष्ट्र सङ्घको बडापत्रप्रति प्रतिबद्धता
- नि:शस्त्रीकरण
- भूपरिवेष्टित मुलुकहरूको हकहित सुरक्षा
- अन्तर्राष्ट्रिय कानुन, मूल्य र मान्यता



स्टल नं. २ : नेपाल र संयुक्त अधिराज्य

दौत्य सम्बन्ध स्थापना : सन् १८१६

संयुक्त अधिराज्यबाट नेपालमा भएका सहयोग

- नारायणगढ-बुटवल, धरान-धनकुटा सडक खण्ड
- कृषि अनुसन्धान केन्द्र, पाखीबास (धनकुटा) र लुम्ले (कास्की)
- बुढानीलकण्ठ स्कुल, काठमाडौँ
- ब्रिटिस लाइब्रेरी
- ब्रिटिस सेनामा भर्ती



स्टल नं. ३ : नेपाल र भारत

दौत्य सम्बन्ध स्थापना : सन् १९४७, जुन १३



भारतबाट नेपालमा भएका सहयोग

- विं. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान
- राष्ट्रिय ट्रमा सेन्टर र वीर अस्पताल, काठमाडौँ
- पूर्व-पश्चिम राजमार्गका केही भाग
- त्रिशूली र देवीघाट जल विद्युत् केन्द्र, नुवाकोट
- मनमोहन मेमोरियल पोलिटेक्निक, मोरङ
- महेन्द्रनगर-टनकपुर लिङ्क रोड
- फारबिसगञ्ज-विराटनगर रेल्वे लिङ्क
- विभिन्न अस्पताल र सङ्घ संस्थालाई एम्बुलेन्स वितरण
- विद्यालयहरूलाई बस वितरण
- भारतमा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान

स्टल नं. ४ :नेपाल र चीन

दौत्य सम्बन्ध स्थापना : सन् १९५५, अगस्ट १



चीनबाट नेपाललाई भएका सहयोग

- पृथ्वी राजमार्ग, अरनिको राजमार्ग, काठमाडौँ चक्रपथलगायतका राजमार्ग निर्माण तथा तिनको स्तरोन्नति
- त्रिपुरेश्वर-सूर्यविनायक ट्रलिबस सेवा
- सुनकोसी जल विद्युत् परियोजना
- हेटौँडा कपडा उद्योग, भृकुटी कागज कारखाना, भक्तपुर इँटा कारखाना, हरिसिद्धि इँटा टायल कारखाना, बाँसबारी छाला जुत्ता कारखाना
- निजामती अस्पताल, बि. पि. कोइराला क्यान्सर अस्पताल
- वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र
- चीनमा उच्च शिक्षा अध्ययनका लागि विभिन्न छात्रवृत्ति

उल्लिखित राष्ट्रहरूका अतिरिक्त संयुक्त राज्य अमेरिका, जापान, युरोपियन युनियनलगायतका द्विपक्षीय सम्बन्ध तथा सहयोगका अङ्हरूका विषयमा विद्यार्थीले जानकारी एवम् अवलोकन गर्न पाए । यस बाहेक विद्यार्थीहरूले विभिन्न संस्था तथा नियोगको सहयोग सम्बन्धमा यसरी जानकारी लिए ।

**स्टल नं. १० : नेपाल र विश्व बैङ्क**

नेपालले सदस्यता लिएको मिति : सन् १९६१, सेप्टेम्बर ६

विश्व बैङ्कको सहयोगमा सम्पन्न भएका आयोजना

- विभिन्न राजमार्ग, सिँचाइ, खानेपानी तथा ढल निकाससँग सम्बन्धित परियोजनाहरू
- नेपाल औद्योगिक विकास निगम
- कुलेखानी जल विद्युत् आयोजना
- कृषि जनशक्ति विकास
- भूकम्प पिडित क्षेत्र विद्यालय पुन:निर्माण
- आधारभूत तथा प्राथमिक शिक्षा

**स्टल नं. ११ : नेपाल र एसियाली विकास बैङ्क**

नेपालले सदस्यता लिएको मिति : सन् १९६६

एसियाली विकास बैङ्कबाट भएका सहयोग क्षेत्रहरू

- सार्वजनिक क्षेत्रको लेखा परीक्षण स्तर सुधार
- सामुदायिक खानेपानी तथा सरसफाइ आयोजना
- काठमाडौँ उपत्यका खानेपानी प्रयोगमा क्षमता वृद्धि
- शिक्षण प्रशिक्षण कार्यक्रम
- विद्युत् क्षेत्रको संस्थागत सहयोग

उल्लिखित संस्थाहरू बाहेक अन्तर्राष्ट्रिय मुद्रा कोष, नेपाल विकास सहायता समूह, ओपेक (OPEC), विश्व व्यापार सङ्गठन, साफ्टा, बिम्सटेक (BIMSTEC) लगायतका संस्थाले नेपालमा पुऱ्याएको सहयोग सम्बन्धमा समेत विद्यार्थीहरूले अवलोकन गरी जानकारी लिए ।

**क्रियाकलाप**

१. अन्तर्राष्ट्रिय सम्बन्ध, समन्वय र सहयोगको आवश्यकतामाथि चर्चा गर्नुहोस् ।

२. तलको तालिका पुरा गर्नुहोस् :

| नेपालमा सहयोग पुऱ्याउने राष्ट्र तथा संस्थाहरूको नाम | सहयोगका क्षेत्रहरू |
|---|---|
| १. | |
| २. | |

**अभ्यास**

१. अन्तर्राष्ट्रिय सम्बन्ध र समन्वयको परिचय दिनुहोस् ।

२. नेपालको परराष्ट्र नीतिका आधारहरू उल्लेख गर्नुहोस् ।

३. नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको विकास क्रमलाई बुँदागत रूपमा लेख्नुहोस् ।

४. नेपालमा अन्तर्राष्ट्रिय सहयोग मूलतः कुन क्षेत्रमा बढी भएको पाइन्छ ? किन ? कारणसहित लेख्नुहोस् ।

**सामुदायिक कार्य**

पाठमा उल्लेख भएका संस्थाहरू बाहेक नेपाललाई सहयोग पुऱ्याउने अन्य चार ओटा संस्थाहरूले पुऱ्याएको सहयोगका क्षेत्रहरू खोजी गरी कक्षामा छलफल गर्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

पाठ २

# संयुक्त राष्ट्र सङ्घमा नेपाल



जनता माध्यामिक विद्यालयको कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूले नेपालले संयुक्त राष्ट्र सङ्घको सदस्यता लिएको ६० वर्ष पुरा भएको अवसरमा वक्तृत्व कला कार्यक्रम आयोजना गरेका थिए । उक्त कार्यक्रममा विभिन्न वक्ताहरूमध्ये सोही कक्षाकी छात्रा सुनिता चौधरीले आफ्ना भनाइ यसरी व्यक्त गरिन् :

आदरणीय सभाध्यक्षज्यू, गुरुवर्ग तथा विद्यार्थी साथीहरू, संयुक्त राष्ट्र सङ्घ सन् १९४५ अक्टोबर २४ मा स्थापित अन्तर्राष्ट्रिय संस्था हो । विश्वमा शान्ति, समझदारी र आपसी सहयोग अभिवृद्धि गर्ने उद्देश्यले यो संस्था स्थापना भएको हो । नेपालले सन् १९५५, डिसेम्बर १४ मा संयुक्त राष्ट्र सङ्घको सदस्यता लिएको हो । हाल १९३ राष्ट्रहरू यसका सदस्य छन् ।

उपस्थित महानुभावहरू, नेपालको परराष्ट्र नीतिका आधारहरूमध्ये राष्ट्र सङ्घको बडापत्र (charter) पनि एक हो । नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य भएदेखि नै यसले शान्ति स्थापना गर्ने कार्यमा अनवरत रूपमा सक्रिय सहभागिता जनाउँदै आइरहेको छ । नेपालले संयुक्त राष्ट्र सङ्घको शान्ति सेनामा सन् १९५८ मा पर्यवेक्षकका रूपमा पहिलो पटक सहभागिता जनाएको थियो । नेपाल सन् १९७८ मा लेबनानको शान्ति सेना मिसनमा सहभागी भएदेखि राष्ट्र सङ्घ शान्ति सेनामा नियमित सहभागी भइरहेको छ । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल हाल ब्रुरुन्डी, सुडान, चाड, लाइबेरिया र हाइटी लगायतका देशमा राष्ट्र सङ्घीय शान्ति मिसनमा कार्यरत छन् । सैन्य क्षेत्रका बाहेक अन्य पेसागत, सामाजिक तथा आर्थिक क्षेत्रका विज्ञहरू पनि राष्ट्र सङ्घ र यसका निकाय अन्तर्गतका कार्यदलमा सहभागी भएका छन् ।

नेपालले सन् १९६६ मा रङ्गभेद विरुद्धको विशेष प्रतिवेदन पारित गर्न प्रमुख भूमिका खेलेको थियो । सन् १९६८/६९ मा नेपाल सुरक्षा परिषद्का अस्थायी सदस्य राष्ट्रको रूपमा रहँदा नि:शस्त्रीकरण तथा आणविक हतियारको प्रतिबन्ध सम्बन्धी प्रतिवेदन पारित गर्न उल्लेखनीय भूमिका खेलेको थियो । संयुक्त राष्ट्र सङ्घमा क्षेत्रीय शक्ति सन्तुलन कायम गर्न चीनको स्थायी सदस्यता तथा महासङ्घमा भूपरिवेष्टित राष्ट्रको हक अधिकारका सम्बन्धमा नेपालको भूमिका अविष्मरणीय रहेको छ ।

आदरणीय सभाध्यक्ष ज्यू, वर्तमान सन्दर्भमा जलवायु परिवर्तन तथा समसामयिक चुनौती समाधान गर्न संयुक्त राष्ट्र सङ्घले चालेका कदमहरूप्रति नेपाललगायत अन्य देशको सक्रिय चासो र सहभागिता रहेको छ । यस कार्यबाट राष्ट्र सङ्घ शान्ति सेना प्रमुख अपरेसन हेडका रूपमा नेपाली सेनाका अधिकृत पवनजङ्ग थापाको नियुक्ति भएको छ । नेपाल अति कम विकसित राष्ट्रहरू (LDC) को समूहका प्रमुख पनि भएको छ । यसबाट राष्ट्र सङ्घको शान्ति एवम् सुव्यवस्था कायम गर्ने प्रमुख उद्देश्यमा नेपालको भूमिका महत्त्वपूर्ण रहेको पुष्टि हुन्छ ।

उपस्थित महानुभावहरू, नेपालको विकास, लोकतन्त्र एवम् शान्ति सुव्यवस्थामा संयुक्त राष्ट्र सङ्घले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । नेपालमा महिलाहरूको सशक्तीकरण, बाल कल्याण, मानव अधिकारको संरक्षण र संवर्धनमा संयुक्त राष्ट्र सङ्घको भूमिका महत्त्वपूर्ण रहेको छ । दस बर्से सशस्त्र विद्रोहपश्चात् हतियार व्यवस्थापन, संविधान सभाको निर्वाचन, माओवादी लडाकुको समायोजनजस्ता कार्यमा राष्ट्र सङ्घको भूमिका सराहनीय छ । आगामी दिनहरूमा पनि संयुक्त राष्ट्र सङ्घ र यसका निकायको महत्त्वपूर्ण भूमिकाको अपेक्षा हामी सबै नेपालीको रहेको छ । अन्त्यमा, राष्ट्र सङ्घ तथा यसका निकायहरूमा नेपालको भूमिका अझ सशक्त हुँदै जाओस् । साथै नेपालले राष्ट्र सङ्घको सदस्यता प्राप्त गरेको ६० वर्षको अवसरमा आयाजित यो कार्यक्रम सफल रहोस् भन्ने कामना व्यक्त गर्छु ।

धन्यवाद !

### क्रियाकलाप

१. तपाईँको समुदायमा राष्ट्र सङ्घको शान्ति सेनामा सहभागी भई फर्कनुभएका कोही व्यक्ति हुन सक्नुहुन्छ । यदि भएमा उहाँले त्यहाँ कार्यरत रहँदा द्वन्द्वग्रस्त क्षेत्रमा शान्ति सुव्यवस्था कायम गर्न के कस्ता कार्य गर्नुभयो भन्ने प्रश्न सोध्नुहोस् । उहाँले दिनुभएको जवाफका आधारमा त्यस्ता कार्यहरूको सूची तयार गर्नुहोस् ।

२. सञ्चार माध्यममा आएका समाचारबाट नेपाली सेना वा नेपाल प्रहरीले राष्ट्र सङ्घको शान्ति सेना मिसनमा गरेका विभिन्न गतिविधिहरू सङ्कलन गरी चार्ट बनाई कक्षामा प्रदर्शन गर्नुहोस् ।

३. तपाईँका समुदायमा शान्ति स्थापनार्थ के कस्ता क्रियाकलापहरू भएका छन्, समुदायका जाने बुझेका व्यक्तिहरूलाई सोधी प्राप्त जानकारीलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

### अभ्यास

१. शान्ति सेना मिसनको परिचय दिनुहोस् ।

२. शान्ति सेना मिसनको आवश्यकता एक अनुच्छेदमा लेख्नुहोस् ।

३. संयुक्त राष्ट्र सङ्घको उद्देश्य प्राप्तिमा नेपालको भूमिका बुँदागत रूपमा तयार पार्नुहोस् ।

४. राष्ट्र सङ्घका गतिविधिमा नेपालको भूमिका अझ प्रभावकारी बनाउन के गर्नुपर्ला, आफ्नो विचार उल्लेख गर्नुहोस् ।

५. के तपाईँ राष्ट्र सङ्घको शान्ति मिसनमा संलग्न हुन चाहनुहुन्छ ? यदि चाहनुहुन्छ भने मिसनअन्तर्गत कुन क्षेत्रमा कार्य गर्नुहुन्छ ? किन ? उल्लेख गर्नुहोस् ।

पाठ ३

# अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान



माथि दिइएको तस्बिर राष्ट्र सङ्घीय शान्ति मिसनमा कार्यरत नेपाली सेनाको हो। सन् १९५८ देखि नेपाली सेना राष्ट्र सङ्घले सञ्चालन गरेको शान्ति मिसनमा संलग्न भई हालसम्म कार्यरत छ। नेपाली सेनाले शान्ति मिसनअन्तर्गत कार्यरत रहँदा राष्ट्र सङ्घको डिपार्टमेन्ट अफ पिस किपिङ अपरेसन (Department of Peace Keeping Operation) ले दिएको निर्देशनअनुसार कार्य गर्छ। कार्यरत क्षेत्रमा द्वन्द्वको पहिचान, समाधान, लोक कल्याणकारी कार्य, आवधिक निर्वाचन, आपत्कालीन सहयोगका कार्यक्रमहरू सञ्चालन गर्छ। यस्ता कार्यले द्वन्द्वग्रस्त राष्ट्रमा शान्ति स्थापनामा सहयोग पुगेको छ।

उल्लिखित कार्यबाहेक विश्वमा शान्ति स्थापना गर्न जातिभेद, रङभेद तथा उपनिवेशवादको अन्त्य गर्ने कुरामा नेपालले आवाज उठाउँदै आएको छ। त्यस्तै एक राष्ट्रले अर्को राष्ट्रलाई शोषण, दमन र थिचोमिचो गरेको, हैकम चलाएको, युद्ध गरेको र अमानवीय व्यवहार गरेको विरुद्धमा आवाज उठाउने गरेको छ। नेपालको यस्तै निष्पक्षता र निर्भिकतापूर्ण कार्यले गर्दा नेपाललाई राष्ट्र सङ्घका विभिन्न अङ्गहरूका महत्त्वपूर्ण पदमा रही कार्य गर्ने अवसर मिलेको छ। नेपालले यस्ता महत्त्वपूर्ण योगदानबाट अन्तर्राष्ट्रिय सम्मान र प्रतिष्ठा कायम राख्न सफल भएको छ।

## अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान

- सन् १९५८ मा नेपाललाई संयुक्त राष्ट्र सङ्घको महासभामा उपाध्यक्ष पदमा चुनिएर काम गर्ने मौका प्राप्त भएको थियो ।
- सन् १९६६ मा रङभेद सम्बन्धी विशेष समितिको प्रतिवेदन तयार गर्दा नेपालको महत्त्वपूर्ण योगदान रहेको थियो ।
- सन् १९६८ मा नेपाल सुरक्षा परिषद्को अस्थायी सदस्यमा निर्वाचित भई काम गर्ने मौका पाएको थियो ।
- आणविक हतियारको प्रसारण रोक्ने र त्यसको परीक्षण बन्द गर्ने सन्धिहरूमा नेपालले हस्ताक्षर गरेको छ ।
- विश्व नि:शस्त्रीकरण सम्मेलनका लागि समेत आह्वान गरेर आफू विश्वमा शान्तिप्रिय रहेको प्रमाणित गरेको छ ।
- संयुक्त राष्ट्र विशेष कोषको व्यवस्थापन परिषद् र दक्षिण अफ्रिकाको पार्थक्यवाद (अलग अलग विचार भएको) अध्ययन समितिमा नेपाल सम्मिलित भएर अन्तर्राष्ट्रिय शान्ति स्थापनामा योगदान दिएको थियो । यसले शान्ति स्थापनामा नेपालको भूमिका थप प्रस्ट हुँदै गएको छ ।
- भूपरिवेष्टित राष्ट्रहरूको पारवहन हकको न्यायोचित माग र सामुद्रिक मार्गका लागि संयुक्त राष्ट्र सङ्घमा आवाज उठाउनु जस्ता कार्यले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको योगदान स्पष्ट हुन्छ ।

### क्रियाकलाप

१. विश्व शान्ति मिसनमा नेपाली सेनाले गरेका गतिविधि समेटी समाचारको नमुना तयार पार्नुहोस् ।

२. अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान तल दिइएको तालिकाबमोजिम पुरा गर्नुहोस् :

| क्र.सं. | नेपालका गतिविधि | त्यसबाट अन्तर्राष्ट्रिय समुदायमा परेको प्रभाव |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

३. अन्तर्राष्ट्रिय द्वन्द्वका कारणहरू कक्षामा छलफल गरी पहिचान गर्नुहोस् ।

### सामुदायिक कार्य

तपाईंको समुदायमा राष्ट्र सङ्घीय शान्ति मिसनमा कार्य गरी फर्कनुभएको नेपाली सेना वा प्रहरीमा कार्यरत वा निवृत्त व्यक्तित्व हुन सक्नुहुन्छ । उहाँसित सोधेर वा पत्र पत्रिकामा अध्ययन गरेर वा रेडियो सुनेर द्वन्द्वग्रस्त देशमा द्वन्द्वका कारण, शान्ति सेनाको भूमिका र उहाँको अनुभव तथा तपाईंको निष्कर्षसहित एक लेखको नमुना तयार पार्नुहोस् ।

पाठ ४

# कुटनीतिक नियोग

संसारका सबै मुलुकहरूले एक अर्कासित सम्बन्ध विस्तार गर्न एक अर्काको देशमा कुटनीतिज्ञहरू पठाउँछन् । दौत्य सम्बन्ध कायम भएका देशले एक अर्काको देशमा कार्यालयहरू स्थापना गरेका छन् जसलाई राजदुतावास वा काउन्सिल भनिन्छ । तिनै कार्यालयहरूलाई कुटनीतिक नियोग पनि भनिन्छ ।

नेपालले दौत्य सम्बन्ध भएका मुलुकहरू १३८ मध्ये २६ राष्ट्रहरूमा राजदुतावास स्थापना गरेको छ । अन्य राष्ट्रहरूमा आवश्यकताअनुसार काउन्सिल खोलेको छ । त्यस्तै २९ विदेशी राष्ट्रहरूले नेपालमा राजदुतावास खोलेका छन् । राजदुतावास स्थापना गर्न राष्ट्रहरूको व्यापार सम्बन्ध, नागरिकको भ्रमण, शक्ति सन्तुलन आदि जस्ता कुराको प्रभाव रहन्छ । त्यसैले सबै कुटनीतिक सम्बन्ध भएका सबै राष्ट्रहरूमा राजदुतावास स्थापना भएका हुँदैनन् । कतिपय राष्ट्रहरूमा महावाणिज्य दुतावास, काउन्सिल स्थापना गरिएका हुन्छन् । त्यसैगरी मित्रराष्ट्रहरूबाट पनि एक देशमा खोलिएको राजदुतावासले अन्य छिमेकी राष्ट्रसितको सम्बन्धमा समेत कायम गर्ने गरी जिम्मेवारी दिइएको हुन्छ ।

यी राजदुतावासमा सम्बन्धित देशका राजदुत तथा अन्य कर्मचारीहरू हुन्छन् । नेपाली राजदुतको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्र प्रमुखबाट हुन्छ । कुनै पनि देशको विदेशी मुलुकहरूसँग सूचना आदान प्रदान राजदुतावासमार्फत गरिन्छ । सरकार वा राष्ट्र प्रमुख वा अन्य उच्च पदस्थ व्यक्तिको भ्रमणमा समेत राजदुतावासको महत्त्वपूर्ण भूमिका हुन्छ । एक देशका नागरिक अर्को देशमा भ्रमण गर्दा लिनुपर्ने अनुमति एवम् प्रवेशाज्ञा (visa) दिने कार्य राजदुतावासबाट हुन्छ ।

विभिन्न देशका रहेका कुटनीतिक नियोग त्यस देशमा रहेका आफ्ना नागरिकहरूको सुरक्षा, उनीहरूको गुनासो व्यवस्थापन र समस्याको समाधानका लागि सक्रिय रहन्छन् । उनीहरूलाई स्वदेश फर्कनु परेमा आवश्यकताअनुसार सहयोग पुऱ्याउँछन् । विभिन्न देशहरूमा आयोजना हुने व्यापारिक मेला, समारोह, महोत्सव तथा सामाजिक सांस्कृतिक कार्यक्रमहरूको आदान प्रदानमा कुटनीतिक नियोगको भूमिका महत्त्वपूर्ण हुन्छ । दुई देशबिचमा हुने सन्धि र सम्झौतामा पनि कुटनीतिक नियोगले देशको प्रतिनिधित्व गर्छन् । एक देश वा नागरिक विषयमा अर्को देशबाट असमझदारी वा गुनासो आएमा सम्बन्धित देशका तर्फबाट आधिकारिक धारणा प्रस्तुत गर्ने दायित्व राजदुतावास वा कुटनीतिक नियोगको हुन्छ । यसरी कुटनीतिक नियोगहरूले अर्को देशमा कार्य गर्दा कुटनीतिक मूल्य, मान्यता र मर्यादाभित्र रहेर देशको प्रतिनिधित्व गर्नुपर्छ । अन्यथा अर्को देशको स्वाभिमान, सार्वभौम सत्ता आँच पुग्न सक्छ र दुई देशबिचको सम्बन्ध बिग्रन सक्छ ।

## विदेशस्थित नेपाली राजदुतावासहरू

भारत, श्रीलङ्का, चीन, जापान, मलेसिया, म्यान्मार, इजिप्ट, कतार, ब्राजिल, क्यानाडा लगायत २६ राष्ट्रहरू

### विदेशस्थित नेपाली महावाणिज्य दुतावासहरू

हङकङ, ल्हासा (चीन), कलकत्ता (भारत), न्युयोर्क (अमेरिका)

### नेपालमा रहेका आवासीय राजदुतावासहरू

अस्ट्रेलिया, बङ्गलादेश, चीन, डेनमार्क, फ्रान्स, जर्मनी, भारत, जापान, रसिया, संयुक्त अधिराज्य (बेलायत), नर्वे, मलेसिया, संयुक्त राज्य अमेरिका लगायत २९ राष्ट्रहरू

**क्रियाकलाप**

१. नेपालस्थित विदेशी कुटनीतिक नियोगबाट नेपालको सामाजिक तथा सांस्कृतिक विकासमा पुऱ्याएको सहयोगहरू खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. दुई देशहरूको सम्बन्ध अभिवृद्धि गर्न कुटनीतिक नियोगहरूको भूमिका महत्त्वपूर्ण हुन्छ, कसरी ? बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

३. विदेशस्थित नेपाली कुटनीतिक नियोगले देशको प्रतिष्ठा अभिवृद्धि गर्न गरेका गतिविधिलाई समेटी एक समाचारको नमुना तयार गर्नुहोस् ।

**अभ्यास**

१. नेपालमा कुन कुन देशको आवासीय राजदुतावास छ ? दस ओटा देशको नाम लेख्नुहोस् ।

२. एउटा राजदुतले गर्ने कार्यको सूची बनाउनुहोस् ।

३. 'एउटा राजदुतको कार्य व्यवहारले देशको सम्बन्ध सुमधुर हुने वा बिग्रने हुन सक्छ ।' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

**सामुदायिक कार्य**

तपाईंको समुदायमा नेपाली कुटनीतिक सेवामा कार्य अनुभव भएका व्यक्तित्व हुन सक्नुहुन्छ । उहाँसँग तपाईंले कुटनीतिक नियोगबाट पुऱ्याइएका सुविधा सम्बन्धमा कुराकानी गर्नुहोस् । उहाँबाट प्राप्त जानकारी र तपाईंको निष्कर्षसहित एउटा लेखको नमुना तयार पार्नुहोस् ।

**पाठ ५**

# समसामयिक घटना

तलका घटना वा समाचारहरू पढ्नुहोस् :

## जलवायु परिवर्तन सम्बन्धी कोप २० सम्मेलन

सन् २०१४ डिसेम्बर १-१४ मा संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तन सम्बन्धी २० औँ सम्मेलन 'कोप २०' (Countries of Parties) आयोजना गरिएको थियो। दक्षिण अमेरिकी राष्ट्र पेरुको राजधानी लिमामा यो सम्मेलन भएको थियो। उक्त सम्मेलनमा विश्वका १९४ देशका ११ हजार प्रतिनिधि र पर्यवेक्षक सहभागी थिए। सम्मेलनले विश्वव्यापी जलवायु परिवर्तन सम्बन्धी सन्धिको प्रारूप तयार पारेको थियो। सम्मेलनमा अमेरिका, युरोपका विकसित राष्ट्रहरू तथा विकासशील राष्ट्रहरूबिच हरित गृह ग्यास उत्सर्जन कटौती, परिणाम र प्रतिबद्धता सम्बन्धमा केही असमझदारी भएको थियो।

धनी र विकसित राष्ट्रहरू जलवायु परिवर्तनका पाटाहरूको वर्गीकरण र परिभाषा बदल्न माग गर्छन्। विकासशील राष्ट्रहरूको धनी देशका कारण उत्पन्न हरित ग्यास (कार्बन) उत्सर्जनका आफूहरूको प्राकृतिक सम्पदा र वातावरणमा क्षति पुगेको निष्कर्ष प्रस्तुत गर्छन्। यसर्थ धनी देशले विकासशील राष्ट्रहरूलाई सहयोग राशी बढाउनुपर्ने माग गर्छन्। विकासशील राष्ट्रले धनी राष्ट्रले दिँदै आएका गरिबी न्यूनीकरण र खाद्यान्न उत्पादनलगायत शीर्षक बाहेक क्षतिपूर्ति वापत सहयोग बढाउनुपर्ने माग गरेका छन्।

लिमाको कोप २० सम्मेलनको महत्त्वपूर्ण सफलता भनेको अमेरिका र अस्ट्रेलिया जस्ता विकसित राष्ट्रहरूले हरित ग्यास उत्सर्जन कटौती गर्न देखाएको प्रतिबद्धता हो। सम्मेलनमा नर्वे, अस्ट्रेलिया, बेल्जियम आदि देश मिलेर १०.२ बिलियन डलरको 'ग्रिन क्लाइमेट फन्ड' (Green Climate Fund) स्थापना गर्ने प्रतिबद्धता जनाएका छन्। कार्बन उत्सर्जनमा युरोप ११%, अमेरिका १६% र चीन २९% जिम्मेवार छन्। विश्वमा नेपाल जलवायु परिवर्तनका लागि चौथो सङ्कटापन्न मुलुक हो।

## मृत व्यक्तिको मुटुको सफल प्रत्यारोपण

अष्ट्रेलियाका चिकित्सकहरूको एक टोलीले चिकित्सा विज्ञानको क्षेत्रमा मृत्यु भइसकेका तिन जनाको मुटु बिरामीमा प्रत्यारोपण गरेका छन्। यो मुटुरोगको उपचारमा ठुलो उपलब्धि ठानिएको छ। यस अघि ब्रेन डेथ अर्थात् दिमाग मरिसकेको तर मुटु चलिरहेको अवस्थाका मुटुमात्र प्रत्यारोपण गर्न सकिन्थ्यो। सिड्नीमा रहेको सेन्ट भिसेन्ट अस्पतालमा नेपाली चिकित्सक डा. कुमुद धितालको संलग्नतामा रहेको टोलीले आधा घण्टा अगाडि चल्न बन्द भइसकेको मुटुलाई प्रत्यारोपण गरेका थिए। यस कार्यले दुर्घटनाबाट मृत्यु हुने व्यक्तिको मुटु बिरामीमा प्रत्यारोपण गर्न सकिने बाटो खुल्न गएको छ।

**अन्तर्राष्ट्रिय स्वास्थ्य सङ्कट - इबोला**

सन् २०१४ लाई इबोला भाइरसको प्रकोपको वर्षका रूपमा पनि लिइएको छ । सन् २०१३ डिसेम्बरसम्म इबोला भाइरसबाट ७ हजार ५ सयभन्दा बढी व्यक्तिको मृत्यु भएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । सुरुमा यो सङ्क्रमण सन् २०१३, डिसेम्बर ६ तारिखका दिन अफ्रिकी राष्ट्र गिनीको गुचेकको गाउँमा देखा परेको थियो । इबोला भाइरसपछि सियरालियोन, लाइबेरिया र नाइजेरियासम्म फैलियो । इबोला भाइरस मुख्य रूपले इबोला हेमोरेजिक फिभर हो । यो भाइरस अन्य भाइरस जस्तै पानी वा हावाको माध्यमबाट नभएर सङ्क्रमित व्यक्तिको सम्पर्कबाट फैलिने गर्छ । यस रोगका लक्षणहरू उच्च ज्वरो, घाँटीमा खसखस, मांसपेशी र टाउको दुख्ने गर्छ । रक्तस्राव र केन्द्रीय स्नायु प्रणाली निष्क्रिय हुन्छ । तिन सातासम्म यस रोगका लक्षण देखिन्छन् । झाडा र बान्ताका कारणले शरीरमा पानीको अभाव भएकालाई सहायक उपचार दिएर बचाउन सकिन्छ । पहिलो पटक सन् १९७६ मा कङ्गोको इबोला नदी छेउको गाउँमा यो रोग देखा परेकाले यस रोगको सङ्क्रमण गर्ने भाइरसलाई इबोला भाइरस नामकरण गरिएको हो । यो चमेरोको एक विशेष प्रजातिबाट मानवसम्म फैलिएको हो ।

**क्रियाकलाप**

१. जलवायु परिवर्तनका लक्षणहरू र त्यसको प्रभावहरू तालिका बनाई प्रस्तुत गर्नुहोस् ।

२. विश्वमा विभिन्न किसिमका महामारी तथा प्राकृतिक प्रकोप किन भइरहेका होलान् ? त्यसबाट मानव समुदायमा परेका प्रभावहरू सम्बन्धमा कक्षामा समूह बनाई अन्तरक्रिया गर्नुहोस् ।

३. नेपाललगायत विश्व परिवेशमा घटेका समसामयिक आर्थिक, राजनीतिक, सामाजिक र प्राकृतिक घटनाहरूको चित्र वा समाचार सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्नुहोस् ।

४. गत हप्ता घटेका विभिन्न घटनाहरूमा आधारित भई हाजिरी जवाफ प्रतियोगिता आयोजना गर्नुहोस् ।

**अभ्यास**

१. यो हप्ता तपाईँको गाउँ वरपर के घटना घटेको छ ? एउटा समाचार बनाउनुहोस् ।

२. समाचार सुन्नुहोस् र पाँच ओटा नयाँ सूचना वा जानकारीको टिप्पणी लेख्नुहोस् ।